न वेदयज्ञाध्ययनैः (न वेदानां यज्ञानाञ्च अध्ययनैः) = न वेद, न त यज्ञहरूको अध्ययनद्वारा
न दानैः = न दानहरूले
न क्रियाभिः = न कर्महरूको अनुष्ठानबाट
च = र
न उग्रैः = न उग्र वा कठोर
तपोभिः = तपस्याहरूले
एवंरूपः (एवम् यथादर्शितं रूपम् विश्वरूपम् यस्य सः- शा.भा.) = जस्तो रूप तिमीलाई देखाएँ, त्यस्तो विश्वरूपवाला
द्रष्टुम् = देखिन, देख्न
शक्यः = शक्य छु

भावार्थ

हे कुरुवंशीहरूमा ज्यादै शूरवीर अर्जुन ! मनुष्यलोकमा तिमीबाहेक अरू कसैद्वारा पनि म न वेद तथा यज्ञहरूको अध्ययनले, न दानहरूले, न कर्महरूको अनुष्ठानले न त उग्रतपस्याहरूले नै यस्तो विराट्स्वरूपमा देखिन सक्तछु। अर्थात् तिमीबाहेक अरू कसैले पनि मलाई यस्तो रूप (विश्वरूप) मा देख्न सकेका छैनन्।

भावबोधिनी व्याख्या

अर्जुन कुरुवंशीहरूमा सर्वश्रेष्ठ धनुर्धर तथा महान् शूरवीर योद्धा थिए। साथै उनी भगवान् श्रीकृष्णका परमभक्त र परममित्र पनि थिए। त्यसैले उनी बाहेक यस अघि कसैले पनि यस भौतिक संसारमा परमेश्वरका विराट्स्वरूपको दर्शन पाएको थिएन। यस रूपको दर्शन पाउन न साङ्गोपाङ्ग वेद अध्ययन गर्ने वेदवेत्ताहरूका लागि सुलभ छ, न विधिपूर्वक यज्ञादि कर्मको अनुष्ठान गर्ने याज्ञिक पुरुषहरूका लागि नै सुलभ छ, न आफ्नो धनसम्पत्तिहरू दान गर्ने दानवीर पुरुषहरूका लागि नै सुलभ छ, न कर्मानुष्ठान गर्नेहरूका लागि सुलभ छ, न त शारीरिक एवम् मानसिक क्लेश, दुःख, कष्ट र पीडाहरू सहेर कठिन एवं उग्र तपस्या गर्ने तपस्वीहरूका लागि नै सुलभ छ। यी कुनै पनि कुरा विश्वरूप भगवान्को दर्शनका कारण होइनन्। त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- हे कुरुप्रवीर ! हे अर्जुन ! यो मेरो तिमीप्रतिको असीम अनुग्रह र अनुकम्पाले नै मैले तिमीलाई यस किसिमको विराट्स्वरूपको दर्शन गराएको हुँ। तिमीबाहेक अरू कसैले पनि यस्तो रूपको साक्षात्कार गर्न पाएका थिएनन्। देवताहरू पनि मेरो यस रूपको दर्शनार्थ सदा लालायित हुन्छन्। मप्रति दर्शाइने अगाध भक्ति र अनन्य प्रेमभावले मात्र म यसरूपमा प्रकट हुन सक्तछु।

भगवान् श्रीकृष्णको चतुर्भुज देवरूप

**मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम्।**
**व्यपेतभीः प्रीतमनाः पुनस्त्वं तदेव मे रूपमिदं प्रपश्य ॥४९॥**

## पदार्थ

मम = मेरो
ईदृक् = यस प्रकारको
घोरम् = घोर, भयानक, विकराल
इदम् = यो
रूपम् = रूपलाई
दृष्ट्वा = देखेर
ते = तिम्रो, तिमीलाई
व्यथा = भय, व्याकुलता, व्यग्रता
मा = नहोस्
च = र
विमूढभावः
= मूढभाव, किङ्कर्तव्यविमूढ अवस्था, अलमल्ल पर्ने अवस्था
मा = नहोस्
व्यपेतभीः (व्यपेता भीर्यस्य सः)
= भय जसको हटिसकेको (छ), भयरहित भई, डर नमानी
प्रीतमनाः (प्रीतं मनः यस्य सः)
= जसको मन प्रसन्न छ, प्रसन्न-मनले
त्वम् = तिमी
तत् = त्यो, त्यही
एव = नै
मे = मेरो
इदम् = यो
रूपम् = चतुर्भुजरूप
पुनः = फेरि
प्रपश्य = हेर, दर्शन गर

## भावार्थ

मेरो यस प्रकारको भयानक रूपलाई देखेर तिमीलाई भय वा व्याकुलता नहोस् र किङ्कर्तव्यविमूढ भई अलमलिने अवस्था पनि नहोस् । तिमी भयरहित भई प्रसन्न-मनले त्यही नै मेरो यो चतुर्भुज रूपको फेरि दर्शन गर ।

## भावबोधिनी व्याख्या

भगवान् श्रीकृष्णको विकराल एवम् घोर उग्र विराट्स्वरूपलाई देखेर अर्जुन भयभीत हुन्छन् । उनको अन्तरात्मा डरले काँप्दछ । उनी आत्तिन्छन्, हडबढाउँछन र विचलित भई किङ्कर्तव्यविमूढ हुन पुग्दछन् । अनि उनी भगवान्का चतुर्भुज देवस्वरूपको दर्शनका लागि प्रार्थना गर्दछन् । अर्जुनको यस किसिमको व्यग्र एवम व्यथित अवस्था र आर्त पुकारलाई सुनेर भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- हे कुरुश्रेष्ठ ! म तिमीदेखि प्रसन्न भएर नै तिमीलाई विश्वरूपको दर्शन गराएको हुँ । तिमीले मेरो घोररूपलाई देखेर व्यग्र, व्याकुल र विमूढ हुनुपर्ने अवस्था छैन । तिमी मोहरहित भई निर्भय र निडर बन । अब म तिम्रो प्रार्थनालाई स्वीकार गर्दै मेरो शान्त एवम् सौम्य शङ्ख, चक्र, गदा र पद्मधारी चतुर्भुज देवस्वरूपको दर्शन गराउँछु । तिमी भयरहित भई प्रसन्न मनले मेरो त्यो सौम्य चतुर्भुज विग्रहको साक्षात्कार गर ।

यसपछि अर्जुनले परब्रह्म परमेश्वरको परम ज्ञानमय प्रकाशस्वरूप चतुर्भुज विग्रहको पुनः दर्शन गर्ने अवसर पाए र उनी कृत्यकृत्य हुनपुगे । यस अभिलषित रूपको दर्शनबाट उनी धन्य बन्दछन् र कृतार्थ हुन्छन् ।

## सञ्जय उवाच

**इत्यर्जुनं वासुदेवस्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ।**
**आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥**

### शब्दार्थ

| | | | |
|---|---|---|---|
| **सञ्जय** | = सञ्जयले | **च** | = र |
| **उवाच** | = बिन्ती गरे | **महात्मा** | = महान् आत्मा भएका भगवान् श्रीकृष्णले |
| **वासुदेवः** | = वासुदेव श्रीकृष्णले | **पुनः** | = फेरि |
| **अर्जुनम्** | = अर्जुनलाई | **सौम्यवपुः** | = सुन्दर र सौम्यमूर्ति, शान्तविग्रह, द्विभूज कृष्णरूप |
| **इति** | = यस्तो, यसप्रकार | **भूत्वा** | = भएर |
| **उक्त्वा** | = बताएर, आज्ञा गरेर | **भीतम्** | = डराएका, भयभीत भएका |
| **तथा** | = त्यसरी नै | **एनम्** | = यी अर्जुनलाई |
| **भूयः** | = फेरि | **आश्वासयामास** | = सान्त्वना दिनुभयो, फुल्याउनुभयो |
| **स्वकम्** | = आफ्नो | | |
| **रूपम्** | = चतुर्भुज रूपको | | |
| **दर्शयामास** | = दर्शन दिनुभयो, देखाउनुभयो | | |

### भावार्थ

वासुदेव भगवानले अर्जुनलाई यस प्रकार आज्ञा गर्नुभयो र फेरि त्यसरी नै आफ्नो चतुर्भुज रूपको दर्शन गराउनुभयो । अनि फेरि महान् आत्मा भएका भगवान् श्रीकृष्णले सुन्दर, शान्त एवम् सौम्य विग्रह भएको द्विभुज (श्रीकृष्ण)रूप धारण गरेर भयभीत अर्जुनलाई सान्त्वना दिनुभयो ।

### भावबोधिनी व्याख्या

अर्जुनको पूर्वोक्त प्रार्थनालाई स्विकारेर भगवान् श्रीकृष्णले आफ्नो चतुर्भुज स्वरूपको दर्शन गराउनुभयो । यसपछि पुनः भगवान् श्रीकृष्णले अर्जुनको प्रसन्नताका लागि आफ्नो सुन्दर, शान्त एवम् सौम्य दुईवटा भुजा भएको पूर्ववर्ती श्रीकृष्णरूपको मानवीय स्वरूप नै देखाएर अर्जुनलाई सान्त्वना दिनुभयो र धैर्यधारण गर्न आग्रह गर्नुभयो । भगवान् श्रीकृष्णको यस मानवीयरूपलाई देखेर अर्जुन अत्यन्त प्रसन्न हुन्छन् र उनी पूर्ण होसमा आउँछन् ।

## अर्जुन उवाच

**दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।**
**इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| अर्जुन | = अर्जुनले | दृष्ट्वा | = देखेर |
| उवाच | = बिन्ती गरे | इदानीम् | = अहिले, अब |
| जनार्दन | = हे जनार्दन ! | सचेताः | = चित्त ठीक अवस्थामा स्थित |
| तव | = हजुरको | संवृत्तः | = भएको छु |
| सौम्यम् | = सौम्य, शान्त | प्रकृतिम् | = स्वाभाविक स्थितिमा |
| इदम् | = यो | गतः | = पुगेको, प्राप्त भएको |
| मानुषम् | = मनुष्य, मानवी | अस्मि | = छु |
| रूपम् | = रूप | | |

### भावार्थ

अर्जुनले भने- हे जनार्दन ! हजुरको सौम्य एवं शान्त मनुष्यरूप देखेर अब म चित्त ठीक अवस्थामा भएको र आफ्नो स्वाभाविक स्थितिमा पुगेको छु ।

### भावबोधिनी व्याख्या

भगवान् श्रीकृष्णको अत्यन्त सुन्दर, सौम्य एवं शान्त द्विभुज (दुई हात) भएको सुपरिचित आफ्नो जस्तै साधारण मनुष्यरूपलाई देखेर अर्जुनको चित्त स्थिर हुन्छ । उनको मनस्थिति ठीक अवस्थामा पुग्दछ । उनी स्वाभाविक स्थितिमा प्राप्त हुन्छन् र उनको गुमिसकेको होस ठीक ठाउँमा आउँछ । भगवान्को विकराल एवम् उग्र विराट्स्वरूपलाई देखेर भयभीत भएका अर्जुन भगवान्को चर्तुभुजस्वरूपलाई देखेर निकै प्रसन्न भए । यसपछि भगवान् श्रीकृष्णको मनुष्यरूपलाई देखेर उनी झन् प्रसन्न र खुसी हुन्छन् अनि उनी आफ्नो बास्तविक प्रकृतिलाई प्राप्त गर्दछन् । मनुष्यरूपमा उहाँलाई देखेपछि उनी अब निर्भय हुन्छन् र उनको कम्पन बन्द हुन्छ ।

यस एघारौं अध्यायमा अर्जुनले भगवान् श्रीकृष्णका तीनवटा स्वरूपको दर्शन पाउँछन्, पहिलेका मनुष्यरूपधारी श्रीकृष्णलाई विराट्स्वरूपमा, विराट्स्वरूपलाई शङ्ख, चक्र गदा र पद्म हातमा लिनुभएका चतुर्भुजस्वरूपमा र चतुर्भुज स्वरूपलाई सौम्य, शान्त र सुन्दर द्विभुज मनुष्यरूपधारी पुनः श्रीकृष्ण स्वरूपमा नै ।

## श्रीभगवानुवाच

**सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।**
**देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| श्रीभगवान् | = श्रीभगवान्बाट | मम | = मेरो |
| उवाच | = आज्ञा भयो | इदम् | = यही नै |
| यत् | = जुन रूप | रूपम् | = रूप |
| सुदुर्दर्शम् | = दर्शन पाउन अत्यन्त दुर्लभ (छ) | दृष्टवान् | = देखेका |
| | | असि | = छौ |

| | | |
|---|---|---|
| देवाः | = | देवताहरू |
| अपि | = | पनि |
| अस्य | = | यस |
| रूपस्य | = | रूपको |
| नित्यम् | = | नित्य, सदा, सधैं |
| दर्शनकाङ्क्षिणः (दर्शनं काङ्क्षन्तीति) | = | दर्शन पाउने इच्छा गर्दछन्, दर्शनप्रति लालायित हुन्छन् |

भावार्थ

भगवान् श्रीकृष्णबाट आज्ञा भयो- जुन रूपको दर्शन पाउन अत्यन्त दुर्लभ छ, मेरो त्यही नै रूप तिमीले देखेका छौ । देवताहरू पनि यस रूपको सधैं दर्शन पाउने इच्छा गरिरहन्छन् ।

भावबोधिनी व्याख्या

यहाँ उल्लिखित "सुदुर्दर्शमिदं रूपम्" पदहरूबाट भगवान् श्रीकृष्णको विराट्रूप, चतुर्भुजरूप वा द्विभुजरूपहरूमध्ये कुन रूपको दर्शन पाउन दुर्लभ छ भन्ने प्रश्न खडा हुन सक्तछ । गीताका विभिन्न टीका तथा भाष्यकारहरूमध्ये कसैले विराट्रूप, कसैले चतुर्भुज र कसैले द्विभुज भगवान्को दर्शन नै दुर्लभ मानेका छन् । गीता प्रेस गोरखपुरको साधक संजीवनी, तत्त्वविवेचनी टीकाकारले देवताहरूले नित्य दर्शनको इच्छा राख्ने चतुर्भुज रूप नै हो भन्ने उल्लेख गर्नुभएको छ । वस्तुतः देवताहरूले पनि सधैं दर्शनको अपेक्षा गर्ने रूप विराट्रूप वा मनुष्यरूपभन्दा शङ्ख, चक्र, गदा, पद्म हातमा लिने किरीटधारी चतुर्भुज भगवान् विष्णुकै देवरूप हो भन्न उपयुक्त देखिन्छ । अर्कोतर्फ द्विभुज मानुष श्रीकृष्णरूप अर्जुनको दर्शनका लागि त्यति दुर्लभ पनि होइन । उनी सधैंजसो द्विभुज भगवान् श्रीकृष्णकै साथ रहने गर्दथे । विकराल एवं उग्र विराट्रूपबाट अत्यन्त भयभीत भएर नै चतुर्भुज भगवान्को दर्शनार्थ अर्जुनले प्रार्थना गरेबाट पनि उपयुक्त कुरा नै युक्तिसङ्गत हुन आउँछ । तर पनि "यन्मे त्वदन्येन न दृष्टपूर्वम्"- तिमीबाहेक अरू कसैले यस विश्वरूपको दर्शन पाएका छैनन् भन्ने भगवान् श्रीकृष्णको अभिव्यक्तिले विश्वरूप भगवान्को दर्शन पाउन दुर्लभ छ भन्ने कुरालाई भने नकार्न सकिन्न ।

**नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।**
**शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥**

पदार्थ

| | | |
|---|---|---|
| (त्वम्) | = | तिमीले |
| माम् | = | मलाई |
| यथा | = | जस्तो (रूपमा) |
| दृष्टवान् | = | देखेका |
| असि | = | छौ |
| एवंविधः | = | यस प्रकारको रूपवाला |
| अहम् | = | म |
| न वेदैः | = | न वेदहरूद्वारा, न वेदाध्ययनद्वारा |
| न तपसा | = | न तपस्याद्वारा |
| न दानेन | = | न दानबाट |
| च | = | र |
| न इज्यया | = | न यज्ञबाट |
| द्रष्टुम् | = | देख्न, दर्शन पाउन, देखिन |
| शक्यः | = | शक्य छ, सकिन्छ |

### भावार्थ

तिमीले मलाई जस्तो रूपमा देख्यौ, यस प्रकारको रूप भएको म न वेदहरूको अध्ययनद्वारा, न तपस्याहरूद्वारा, न दानबाट र न त यज्ञबाट नै देखिन वा दर्शन पाउन शक्य छु ।

### भावबोधिनी व्याख्या

अर्जुनले आफ्नो जुन दिव्यनेत्रले विश्वरूप भगवान्को दर्शन पाए अनि त्यसबाट आत्तिएका अर्जुनलाई भगवान् श्रीकृष्णले जुन चतुर्भुजरूपको दर्शन गराउनुभयो । यस प्रकारका रूपवाला भगवान्को दर्शन पाउन न साङ्गोपाङ्ग चारै वेदहरूको अध्ययनबाट सम्भव छ, न कठिन व्रत तथा कठोर तपस्या आदिबाट सम्भव छ, न ठूला ठूला गो, भूमि, सुवर्णदानादिबाट सम्भव छ, न यज्ञानुष्ठानादि क्रियाबाट सम्भव छ, न त गाढा भक्तिभाव विनाको पूजाविधानबाट नै सम्भव छ, उहाँलाई प्राप्त गर्ने सबभन्दा सरल उपाय हो, उहाँ प्रतिको दृढ विश्वास, दृढ आस्था र अनन्य भक्तिभाव ।

परमेश्वर वासुदेवलाई न धेरै मूल्य तिरेर पाइन्छ, न कठोर तपस्या गरेर मात्र पाइन्छ, न ठूला ठूला ग्रन्थहरूको अध्ययनबाट मात्र नै पाइन्छ । त्यसो भए भगवत्प्राप्तिको उपाय के हो र कसरी प्राप्त गर्न सकिन्छ ? यस जिज्ञासाको प्रत्युत्तर यस प्रकार दिइएको छ ।

### भगवान् वासुदेवको दर्शन पाउन सजिलो उपाय

**भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।**
**ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ॥५४॥**

### पदार्थ

परन्तप (परं तपतीति)
= हे शत्रुलाई ताप गराउने ! हे शत्रुतापन !
अर्जुन = हे अर्जुन !
अनन्यया = अनन्य, अन्यत्र कतै चित्त नगएको
भक्त्या = भक्तिले
तु = ता, त, नै
एवंविधः = यस प्रकारको रूपवाला
अहम् = मलाई, म
तत्त्वेन = तत्त्वले, तत्त्वपूर्वक
ज्ञातुम् = जान्न
द्रष्टुम् = देख्न
च = र
प्रवेष्टुम् = प्रवेश गर्न
च = पनि
शक्यः = सकिन्छ, शक्य छु

### भावार्थ

हे शत्रुतापन ! हे अर्जुन ! अन्यत्र चित्त नलागेको अनन्य भक्तिबाट नै यस प्रकारको रूप भएको मलाई तत्त्वपूर्वक जान्न, देख्न र प्रवेश गर्न पनि सकिन्छ ।

## भावबोधिनी व्याख्या

भगवद्प्राप्तिको सबभन्दा सरल उपाय हो- भगवान् वासुदेवप्रति अनन्य भक्तिभाव। जसको चित्तवृत्ति भगवान् वासुदेव बाहेक अन्यत्र कतै लाग्दैन, जो एकाग्रभावले उहाँकै चिन्तन, मनन र उहाँकै आश्रय ग्रहण गर्दछ, जसको मन, बुद्धि र सबै इन्द्रियहरू उहाँमै समर्पित रहन्छन् र उहाँकै सेवाभावमा लागेका हुन्छन्, जो परमेश्वर वासुदेवप्रति नै ठूलो श्रद्धा, विश्वास, आस्था र ममता राख्तछ, यस किसिमको उहाँप्रति समर्पित भक्तिभाव नै अनन्य-भक्ति हो।

भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- हे शत्रुतापन ! हे अर्जुन ! यस किसिमको केवल अनन्य भक्तिभावले नै मलाई तत्त्वपूर्वक जान्न सकिन्छ, देख्न सकिन्छ, मलाई प्राप्त गर्न सकिन्छ र ममा प्रविष्ट भई लीन हुन सकिन्छ। अनन्य-भक्तिभावले नै भगवद्भक्त व्यक्ति भगवान् श्रीकृष्णको सान्निध्यमा पुग्न सक्तछ। भगवान् श्रीकृष्णको महिमा दर्शाउँदै ब्रह्मसंहिता ५–४८मा लेखिएको छ-: भगवान् श्रीकृष्ण पूर्णब्रह्मस्वरूप हुनुहुन्छ। उहाँका श्वास-प्रश्वासमा अनन्तकोटि ब्रह्माण्डहरू पस्ने र निस्कने गर्दछन्। चतुर्भुज महाविष्णु उहाँकै कला विशेषको अंश हो। यस्ता मूल कारणरूप गोविन्दको भजन गर्दछु।

## अनन्यभक्तिको उपाय र प्रतिफल

**मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः।**
**निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे**
**श्रीकृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगोनामैकादशोऽध्यायः।**

## पदार्थ

**मत्कर्मकृत्** (मदर्थं कर्म करोतीति) = म वासुदेवका लागि कर्मगर्ने

**मत्परमः** (अहं परमः परा गतिर्यस्य सः- शा. भा.) = जसको परम गति नै म छु, म नै परम गति भएको

**मद्भक्तः** = मेरो भक्ति गर्ने

**सङ्गवर्जितः** (सङ्गः धनपुत्रकलत्रादिषु स्नेहः आसक्तिः तद्वर्जितः) = धनपुत्रादिमा स्नेह तथा आसक्ति नभएको

**सर्वभूतेषु** = सबै भूतसमुदायमा

**निर्वैरः** (निर्गतं वैरं वैरभावं यस्मिन् सः) = वैरभावरहित, वैरभाव नभएको

**यः** = जो पुरुष छ, जो हुन्छ

**पाण्डव** = हे पाण्डुपुत्र अर्जुन !

**सः** = त्यसैले, त्यसै पुरुषले

**माम्** = मलाई

**एति** = पाउँछ

## भावार्थ

जो पुरुष म वासुदेवका लागि कर्म गर्छ, जसको परम गति नै म छु, जो मेरो भक्ति गर्छ, जसको धन, पुत्र, कलत्रादिमा स्नेह तथा आसक्ति छैन, जो समग्र भूतसमुदायमा वैरभाव गर्दैन, हे पाण्डुपुत्र अर्जुन ! त्यस्तो पुरुषले अवश्य नै मलाई पाउँछ ।

## भावबोधिनी व्याख्या

यहाँ भगवद्भक्तिको पूर्णसार खिचिएको छ । भगवान् वासुदेवप्रति अनन्य-भक्तिभाव दर्शाउने पाँचवटा उपायहरू बताइएका छन्- तिनमध्ये प्रथम तीनवटा **"मत्कर्मकृत्, मत्परमः, मद्भक्तः** अर्थात् भगवान् वासुदेवकै लागि कर्म गर्ने, भगवत् परायण हुने र भगवद्भक्त बन्ने यी तीनवटा उपायहरूले भगवान् वासुदेवप्रतिको आस्था, निष्ठा, विश्वास, प्रगाढ-सम्बन्ध र भक्तिभाव दर्शाउँछन् । अवशिष्ट पछिल्ला दुईवटा **'सङ्गवर्जितः, सर्वभूतेषु निर्वैरः'**- पदहरूले धन, स्त्री, पुत्रादिको सांसारिक आसक्तिलाई परित्याग गर्ने र सबै प्राणीहरूलाई भगवत्स्वरूप सम्झेर रिस, राग, द्वेषादि, वैरभाव नगरी समानताको दृष्टिकोण अपनाउने कुराको बोध गराउँछन् ।

यसरी यहाँ भगवत्प्रेम र भगवद्भक्तिलाई सर्वोच्च प्राथमिकता दिइएको छ । समस्त कर्महरू निष्कामभावले सम्पन्न गर्नु र सबै कर्म परमेश्वरमा समर्पण गर्नु; भगवत्परायण बनेर उहाँकै शरणागत भई उहाँकै आश्रयमा रहनु; अनन्य भक्तिभावले उहाँकै चिन्तन, मनन, ध्यान गर्नु; उहाँकै कीर्तन र लीला चरित्रको श्रवण गर्नु; आफ्नो व्यक्तिगत स्त्री, पुत्र, बन्धु-बान्धव, धन-सम्पत्ति आदिमा आसक्त नहुनु, यिनीहरूप्रतिको मोह, प्रेम र ममता त्याग्नु र प्राणीहरूलाई मात्र दया गर्नु, कसैप्रति द्वेष, ईर्ष्या, रिस, क्रोध, वैरभाव केही नगर्नु र यी सबैमा मैत्रीभाव राख्नु अनन्य भक्तिभावका साधन वा उपायहरू हुन् । जुन भक्तमा यी लक्षणहरू पाइन्छन्, त्यो भगवान्को सच्चा भक्त हो, त्यस्तो भक्तपुरुषले अवश्य नै परमेश्वरलाई प्राप्त गर्छ ।

**श्रीमद्भगवद्गीताको विश्वरूपदर्शनयोगनामको एघारौं अध्याय समाप्त ।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ द्वादशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (भक्तियोगनामको अध्याय)

### अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

### पदार्थ

| | | | |
|---|---|---|---|
| अर्जुन | = अर्जुनले | च | = र |
| उवाच | = बिन्ती गरे | ये | = जो, जुन |
| एवम् | = यसप्रकार | अक्षरम् | = अविनाशी, अक्षरब्रह्म |
| सततयुक्ताः | = निरन्तर भगवत्कर्म र ध्यानमा लागिपरेका | अव्यक्तम् | = अव्यक्त, इन्द्रियगोचर नहुने |
| | | अपि | = पनि |
| ये | = जो, जुन | (पर्युपासते) | = उपासना गर्दछन् |
| भक्ताः | = भक्तहरू | तेषाम् | = तिनीहरूमध्ये |
| त्वाम् | = हजुरको | के | = कुनचाहिँ प्रकारका भक्तहरू |
| पर्युपासते | = राम्ररी उपासना गर्दछन् | योगवित्तमाः | = अत्युत्तम योगवेत्ता हुन् |

### भावार्थ

अर्जुनले बिन्ती गरे- यसप्रकार निरन्तर भगवत्कर्म र ध्यानमा लागिपरेका जुन भक्तहरू राम्रोसँग हजुरको उपासना गर्दछन् र जुन भक्तहरू इन्द्रियहरूले ठम्याउन नसकिने अव्यक्त एवं अविनाशी अक्षरब्रह्मको उपासना गर्दछन्, यी दुवैथरीका भक्तहरूमध्ये कुनचाहिँ प्रकारका भक्तहरू अत्युत्तम योगवेत्ता हुन् ?

### भावबोधिनी व्याख्या

कतिपय भक्तहरू व्यक्त, सगुण एवम् साकार परमेश्वरको उपासना गर्दछन् भने कतिपय भक्तहरू अव्यक्त एवं निर्गुण तथा निराकार परब्रह्मको उपासना गर्दछन्, यी दुईथरी भक्तहरूमध्ये कुनचाँहि प्रकारको भक्त अत्युत्तम हो भन्ने अर्जुनको जिज्ञासा रहेको छ ।

जो नित्य-निरन्तर साकार परमेश्वरको पूजा, अर्चना र भजन कीर्तन एवम् ध्यानमा संलग्न रहन्छन्, भगवत्कर्ममा नै आफूलाई समर्पित गर्दछन् र भगवत्परायण बन्दछन् । यसैगरी तिनीहरू नै अटल श्रद्धा, भक्ति र विश्वास राखेर अनन्यभावले उहाँको उपासना गर्दछन् । यस किसिमका भक्तहरू र जो मन, वचन र अन्य इन्द्रियहरूको विषयभन्दा परका निर्गुण तथा निराकार अव्यक्त एवं अविनाशी, दिव्य परमात्मस्वरूप अक्षरब्रह्मको उपासना गर्दछन् । यी दुवै प्रकारका भक्तहरूमध्ये सर्वश्रेष्ठ कुनचाहिँ हुन् ? र अत्युत्तम योगवेत्ता कुनचाँहि ठहर्छन् ? ।

साकार परमेश्वरको उपासना सर्वोत्तम छ

## श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

### पदार्थ

| | | | |
|---|---|---|---|
| श्रीभगवान् | = श्रीभगवान्बाट | नित्ययुक्ताः | = नित्य ममा नै लागिरहेर |
| उवाच | = आज्ञा भयो | ये | = जो भक्तहरू |
| मयि | = ममा, म परमेश्वर वासुदेवमा | माम् | = मलाई |
| | | उपासते | = उपासना गर्छन् |
| मनः | = मनलाई, चित्तलाई | ते | = ती भक्तहरू |
| आवेश्य | = राखेर, लगाएर, एकाग्र पारेर | मे | = मेरा, (मेरो विचारमा) |
| | | युक्ततमाः (अतिशयेन युक्ताः) | |
| परया | = परम | | = ज्यादै युक्त अर्थात् अतिउत्तम भक्त |
| श्रद्धया | = श्रद्धाले | | |
| उपेताः | = युक्त भई | मताः | = मानिन्छन् |

### भावार्थ

श्रीकृष्ण भगवान्बाट आज्ञा भयो- म (परमेश्वर वासुदेव)मा मन वा चित्त एकाग्र पारेर परमश्रद्धाले युक्त भई नित्य ममा नै लागिरहेर जो भक्तहरू मेरो उपासना गर्दछन्, ती भक्तहरू नै मेरो विचारमा ज्यादै युक्त अर्थात् मेरा अतिउत्तम भक्त मानिन्छन् ।

### भावबोधिनी व्याख्या

जसको मन, बुद्धि सदा साकार-परमेश्वर वासुदेवमा एकाग्र भएर लागिरहन्छ, जो परमश्रद्धा, भक्तिभाव र निष्ठाले युक्त भई नित्य-निरन्तर परमेश्वरकै उपासना गर्दछन्, जुनसुकै सांसारिक कर्ममा संलग्न रहे पनि जसको चित्त रातदिन परमेश्वरकै स्मरण एवम् चिन्तनमा लागिरहन्छ र जो भगवत्परायण भई भगवत्कर्ममा दत्तचित्त रहन्छ, त्यस्तो भक्त नै अत्युत्तम ठहर्छ ।

यसरी यहाँ परमेश्वरका सगुण, साकार र व्यक्तरूपको पूजा, अर्चना र उपासना गर्नु नै अत्युत्तम ठहर्छ भन्ने कुराको निश्चय गरिएको छ ।

निराकार ब्रह्मको उपासना

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

**पदार्थ**

**तु** = तर
**ये** = जो, जुन भक्त वा पुरुषहरू
**अनिर्देश्यम्** (निर्देष्टुं न शक्यते इति) = बताउन नसकिने, अकथनीय
**अचिन्त्यम्** = चिन्तन गर्न नसकिने, अचिन्तनीय
**सर्वत्रगम्** (सर्वत्र गच्छतीति तत् ) = सबैतिर जाने, सर्वव्यापक
**च** = र
**कूटस्थम्** = सधैं उही रूपमा रहिरहने
**ध्रुवम्** = नित्य, स्थिर रहिरहने
**अचलम्** = निश्चल, अचल
**अव्यक्तम्** = अव्यक्त, निराकार, निर्गुण
**अक्षरम्** = अक्षर, अविनाशी, अनश्वर (ब्रह्मको)
**पर्युपासते** = उपासना तथा ध्यान गर्दछन्

॥४॥

**ते** = ती पुरुषहरू (पनि)
**इन्द्रियग्रामम्** (इन्द्रियाणां ग्रामं समूहम्) = इन्द्रियहरूको समूहलाई
**संनियम्य** = राम्ररी नियन्त्रण गरेर वा वशमा राखेर
**सर्वत्र** = सबैमा, सबै स्थान तथा समयमा
**समबुद्धयः** (समा तुल्या बुद्धिर्येषां ते) = जसको समानबुद्धि छ, समबुद्धि भएका
**सर्वभूतहिते** (सर्वेषां भूतानां हितम् तस्मिन्) = सबै प्राणीहरूको हितमा
**रताः** = रत, संलग्न रहेका, लागिपरेका
**माम्** = म (परमेश्वर वासुदेव) लाई
**एव** = नै
**प्राप्नुवन्ति** = प्राप्त गर्दछन्

**भावार्थ**

तर जुन पुरुष अकथनीय एवम् अनिर्वचनीय बताउनै नसकिने र अचिन्तनीय (मन तथा बुद्धिले ठम्याउन नसकिने) सर्वव्यापक एवं कूटस्थ (सदा उही रूपमा रहिरहने) नित्य, निश्चल वा स्थिर तथा अचल, अव्यक्त एवं निर्गुण निराकार अविनाशी अक्षरब्रह्मको उपासना गर्दछन् ।

ती पुरुषहरू पनि इन्द्रियहरूको समूहलाई वशमा राखेर सबै स्थान र समयमा सबैमा समबुद्धि राखी सबै प्राणीहरूको हित र भलाइमा रत रहँदै म (परमेश्वर वासुदेव)लाई नै प्राप्त गर्दछन् ।

**भावबोधिनी व्याख्या**

अर्जुनले भगवान् श्रीकृष्णसमक्ष व्यक्त तथा सगुण एवम् साकार परमेश्वरको उपासना गर्ने र निर्गुण तथा निराकार अव्यक्त परब्रह्मको उपासना गर्ने यी दुईथरी भक्तहरूमध्ये कुन श्रेष्ठ हो भन्ने प्रश्न राखेका थिए । यहाँ दोस्रो प्रश्नसित सम्बन्धित निर्गुण तथा निराकार परब्रह्मका उपासकहरूको स्थितिलाई दर्शाइएको छ । माथिका दुईवटा श्लोकहरूमध्ये पहिलोले विश्व-ब्रह्माण्डका स्रष्टा जगत्का मूलकारणरूप सर्वोच्च परब्रह्मको समीक्षा गर्दछ र दोस्रोले उहाँका उपासक र उनीहरूले प्राप्त गर्ने गतिलाई देखाउँछ । यहाँ प्रयोग गरिएका अक्षर, अनिर्देश्य,

अव्यक्त, सर्वत्रग, अचिन्त्य, कूटस्थ, अचल र ध्रुव विशेषणपदहरूले अव्यक्त एवम् निर्गुण तथा निराकार परब्रह्मको विशेषता र उहाँका स्वरूपको महत्ता एवम् गरिमाको बोध गराउँदछन्।

- **अक्षरम् :** यस पदबाट कहिल्यै नाश नहुने, अविनाशी एवं अनश्वर ब्रह्मको बोध हुन्छ।
- **अनिर्देश्यम् :** 'अनिर्देश्य' भन्नाले ब्रह्मको स्वरूप यस्तो रूपरङ्ग र आकृतिको हुन्छ भनेर निर्देशन गर्न वा बताउन नसकिने हुन्छ, त्यसैले ब्रह्मको स्वरूप अकथनीय एवं अनिर्वचनीय छ।
- **अव्यक्तम् :** 'अव्यक्त' भनेको व्यक्त वा प्रकाशरूपमा न आउनु हो, ब्रह्मको स्वरूप निर्गुण तथा निराकार हुने र इन्द्रियग्राह्य नहुने हुँदा अव्यक्त छ।
- **सर्वत्रगम् :** यस पदले सबैतिर जान सक्ने, सबै देश, काल र समयमा सर्वव्यापक भएर रहने पूर्णब्रह्मको बोध गराउँछ।
- **अचिन्त्यम्-** कुनै विषयवस्तु वा पदार्थको चिन्तन मन र बुद्धिले गर्दछ, जसको स्वरूप वा आकृति हुन्छ। तर परब्रह्म अतीन्द्रिय र गुणातीत भएकोले उहाँको निर्गुण तथा निराकार रूप सदा अचिन्त्य छ। मन र बुद्धिले ठम्याउन नसकिनेछ।
- **कूटस्थम् :** 'कूट' भनेको स्थाणु वा ठूटो हो, स्थाणुझैं सदा उही रूपमा रहिरहनुलाई कूटस्थ भनिन्छ। परब्रह्म पनि सदा उही रूपमा रहिरहने र अपरिवर्तनशील भएकोले उहाँलाई पनि कूटस्थ भनिएको हो। माया वा प्रकृतिलाई पनि 'कूट' भनिन्छ, परब्रह्म प्रकृतिको अधिष्ठाता भएर रहने हुँदा उहाँलाई 'कूटस्थ' भनिएको हो।
- **अचलम् :** यस पदले चलायमान नहुने निश्चल भन्ने बुझाउँछ। भौतिक पदार्थहरू चल हुन्छन्, तर परब्रह्म भने कूटस्थ भएकोले उहाँलाई अचल भनिन्छ।
- **ध्रुवम् :** 'ध्रुव' पदले स्थिरताको बोध हुन्छ। परब्रह्म, नित्य, स्थिर एवं सदा रहिरहने हुँदा उहाँलाई 'ध्रुव' भनिन्छ।

भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- जुन पुरुषले उपर्युक्त प्रकारका ब्रह्मको उपासना गर्दछन्, त्यस्ता पुरुषहरू पनि इन्द्रियहरूको समुदायलाई वश गरेर सर्वत्र समबुद्धि राखेर सबै प्राणीहरूको कल्याणमा रत रहँदै म (परमेश्वर वासुदेव)लाई नै प्राप्त गर्दछन्।

यहाँ निर्गुण तथा निराकार ब्रह्मको प्राप्ति पनि साकार परमेश्वर मेरै (म वासुदेवकै) प्राप्ति हो भनी दुवैमा तादात्म्य-सम्बन्ध देखाइएको छ।

### अव्यक्तब्रह्मको उपासना कष्टसाध्य छ

**क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम्।**
**अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥**

### पदार्थ

अव्यक्तासक्तचेतसाम् (अव्यक्ते आसक्तं चेतो येषां तेषाम्) = अव्यक्त अर्थात् निर्गुण तथा निराकार-ब्रह्ममा आसक्त चित्त भएका
तेषाम् = ती पुरुषहरूको (साधना)
क्लेशः = क्लेश, परिश्रम
अधिकतरः = ज्यादै कठोर हुन्छ
हि = निश्चय नै
देहवद्भिः = देहधारी प्राणीहरूद्वारा
अव्यक्ता = अव्यक्त तथा निर्गुण विषयक
गतिः = गति, स्थिति
दुःखम् = दुःखपूर्वक, बडो कष्टले
अवाप्यते = प्राप्त गरिन्छ, पाउन सकिन्छ

### भावार्थ

निर्गुण तथा निराकार अव्यक्त-ब्रह्ममा आसक्त चित्त भएका ती पुरुषहरूको परिश्रम वा साधना ज्यादा कठोर हुन्छ, निश्चय नै देहधारी प्राणीहरूद्वारा अव्यक्त एवं निर्गुण ब्रह्मविषयक स्थिति वा गति बडो कष्टले प्राप्त गर्न सकिन्छ ।

### भावबोधिनी व्याख्या

निर्गुण तथा निराकार अव्यक्त ब्रह्मको उपासना मार्ग अत्यन्त कठिन छ । उपास्यतत्त्व नै निर्गुण एवम् निराकार हुनाले यसमा पूजा, अर्चना र उपासनाको कुनै आधार हुँदैन । निर्गुण ब्रह्मको न रूप छ, न रङ्ग छ, न आदि, न अन्त, न कुनै आकृति छ, न त मन लगेर राख्ने वा अड्याउने आश्रय नै हुन्छ । न त मनले विचार गर्ने र कल्पना गरेर ठम्याउने कुनै आधार नै हुन्छ । प्रथमतः निर्गुण ब्रह्मतत्त्वलाई बुझ्न र सम्झन नै अत्यन्त कठिन छ अनि एकाग्रचित्तले कूटस्थ अव्यक्तमा ध्यान केन्द्रित गरेर अक्षरब्रह्मको ध्यान र उपासना गर्नु झन् क्लेशकर र कठोर छ ।

रूप नभएको, आकार नभएको, गुणरहित, निष्क्रिय एवम् निर्विकारतत्त्वमा एकाग्रमनले ध्यान गर्नु पनि त कठिन हुन्छ ।

हरेक देहधारी प्राणीहरूमा अहङ्कार हुन्छ, अभिमान हुन्छ र माया, मोह एवं अज्ञानताले उनीहरूलाई पिरोलिरहेको हुन्छ । यस अवस्थामा यी सबै कुरा त्यागेर अव्यक्तमा ध्यान केन्द्रित नगरी ब्रह्मलाई प्राप्त गर्न सकिँदैन, त्यसैले अव्यक्त ब्रह्मको उपासना मार्ग ज्यादै कष्टसाध्य छ, दुःखदायी छ, क्लेशकर छ र अव्यक्तको गति प्राप्त गर्न पनि कठोर छ ।

### सगुण परमेश्वरको उपासना

**ये तु सर्वाणि कर्माणि मयि सन्न्यस्य मत्पराः ।**
**अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥**

### पदार्थ

तु = तर, परन्तु
ये = जो
सर्वाणि = समग्र, सारा
कर्माणि = कर्महरू
मयि = ममा, म परमेश्वर वासुदेवमा
सन्यस्य= समर्पण गरेर
मत्पराः (अहं परो येषां ते)
= म नै परम गति छु जसको, ममा नै चित्त लगाउँदै
अनन्येन = अनन्य, अन्यत्र न लागेको
योगेन = योगले, भक्तियोगले
माम् = मलाई, मेरै
एव = नै
ध्यायन्तः = ध्यान गर्दै
उपासते = उपासना गर्दछन्

### भावार्थ

परन्तु जो सारा कर्महरू म (परमेश्वर वासुदेव)मा समर्पण गरेर ममा नै चित्त लगाउँदै अनन्य भक्तियोगले मेरो ध्यान गर्दै मेरै उपासना गर्दछन्, तिनीहरूको म उद्धार गर्दछु।

### भावबोधिनी व्याख्या

यहाँ सगुण एवम् साकार परमेश्वरका उपासना-विधिको व्याख्या गरिएको छ। आफूले गरेका सबै कर्महरू परमेश्वरमा समर्पण गरी उहाँकै ध्यान र उपासना गर्ने व्यक्तिलाई परमेश्वरले मृत्युरूप संसारबाट उद्धार गर्नुहुनेछ भन्ने कुरा प्रस्तुत ६ र ७ श्लोकमा व्यक्त गरिएको छ।

जो व्यक्ति निःस्वार्थभावले आसक्तिरहित भई कर्महरू गर्दछ र आफूले गरेका समस्त कर्महरू र क्रियाकलापहरू परमेश्वर वासुदेवमा समर्पण गर्दछ। जो जगत्का कर्ता, भर्ता र हर्ता परमेश्वरमै आश्रित र निर्भर भई उहाँकै ध्यानमा निमग्न रहन्छ, जो भक्त उहाँकै शरणागत बन्दछ र आफ्नो चित्तवृत्ति अन्यत्र नलगाई शरीरका आन्तरिक एवम् बाह्य इन्द्रियजन्य सबै क्रियाकलापहरू रोकेर मनलाई आफ्नो वशमा राखेर अनन्य-भक्तिभावले निश्चिन्त भई परमेश्वरकै उपासना गर्दछ, उहाँकै ध्यान गर्दछ र उहाँकै पूजा-अर्चना गर्दछ। भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- "तेषामहं समुद्धर्ता"- त्यस्ता पुरुषहरूलाई म यथाशीघ्र उद्धार गर्नेछु।

**तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्।**
**भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥**

### पदार्थ

पार्थ = हे पृथापुत्र अर्जुन!
मयि = म (परमेश्वर वासुदेव) मा
आवेशितचेतसाम् (आवेशितं चेतः येषां तेषाम्) = जसको चित्त समाहित छ, चित्त लगाएका
तेषाम् = तिनीहरूलाई

अहम् = म
नचिरात् = चाँडै नै, अतिशीघ्र
मृत्युसंसारसागरात् (मृत्युयुक्तः संसारः स एव सागरस्तस्मात्) = मृत्युरूपी संसारसागरबाट
समुद्धर्ता = उद्धार गर्ने, पार लगाउनेवाला
भवामि = हुनेछु

**भावार्थ**

हे पृथापुत्र अर्जुन ! म (परमेश्वर वासुदेव)मा जसको चित्त समाहित छ, यसरी ममा चित्त लगाएका ती भक्तहरूलाई म चाँडै नै मृत्युरूप संसारसागरबाट उद्धार गर्नेवाला हुनेछु ।

**भावबोधिनी व्याख्या**

यो भौतिक संसार अनित्य छ, क्षणिक र नाशवान् छ । यहाँ सर्वत्र मृत्यु नै मृत्यु छ, कुनै पनि वस्तु मृत्यु वा विनाशबाट जोगिएर रहन सक्तैन । मृत्युबाट जोगाउने र उद्धार गर्ने एउटै परब्रह्म परमेश्वर हुनुहुन्छ ।

जसको चित्त परमेश्वर वासुदेवमा समाहित छ, जसले आफ्नो मन र बुद्धिलाई निरन्तर उहाँमा लगाउँछ र उहाँकै पूजा, अर्चना एवम् उपासना गर्दछ, भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- त्यस किसिमको भगवत् चित्तवृत्ति भएको भक्तलाई म चाँडै नै यस मृत्युरूप भवसागरबाट पार लगाउनेछु ।

वास्तवमा भगवत् चित्तवृत्ति प्राप्त गर्न अरू सबै कुरा बिर्सेर परमेश्वरमा आफ्नो समर्पणभाव रहेको हुनुपर्दछ । उहाँमात्र यस संसारका अनन्त दुःख, कठिनाइ र आपत्-विपत्हरूलाई हटाएर जन्ममृत्युरूप-पासबाट उद्धार गर्न समर्थ हुनुहुन्छ । यसैले दुःख, क्लेश र दीनताले परिपूर्ण जन्ममृत्युरूप भवसागरबाट पार हुन एकाग्र भएर परमेश्वरकै उपासना गर्नुपर्दछ, उहाँको अनुग्रहबाट नै परमगति प्राप्त गर्न सकिन्छ ।

**मन, बुद्धि परमेश्वरमा स्थिर गरी उहाँलाई प्राप्त गर्ने- प्रथम साधना**

**मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।**
**निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥**

**पदार्थ**

मयि = म (परमेश्वर वासुदेव)मा
एव = नै
मनः = मन, चित्त
आधत्स्व = लगाऊ, स्थिर राख
मयि = ममा नै
बुद्धिम् = बुद्धि
निवेशय = राख, लगाऊ, स्थापित गर
अतः = यसभन्दा
ऊर्ध्वम् = पर, पछि
मयि = ममा
एव = नै
निवसिष्यसि = बस्नेछौ, प्रवेश गर्नेछौ, निवास गर्नेछौ
न संशयः = सन्देह छैन, शङ्का छैन

## भावार्थ

तिमी म (परमेश्वर वासुदेव) मा नै आफ्नो मन लगाऊ, ममा नै आफ्नो बुद्धि पनि स्थापित गर र चित्त ममा नै केन्द्रित गर, यसपछि तिमी ममा नै निवास गर्नेछौ, यसमा केही पनि सन्देह छैन ।

## भावबोधिनी व्याख्या

सर्वप्रथम त परमेश्वर वासुदेवमा प्रगाढ स्नेह या प्रेमभाव हुनुपर्छ, जहाँ प्रेम भयो अनि मनलाई त्यही स्थिर गर्न सकिन्छ, चित्तलाई त्यहीँ लगेर अडयाउन सकिन्छ र बुद्धिलाई पनि त्यहीँ स्थापित गर्न सकिन्छ । यसरी तन, मन र बुद्धि परमेश्वरमा नै समर्पण गरेपछि दुःखै दुःख र असन्तुष्टिले परिपूर्ण सांसारिक मोह,माया र आसक्ति स्वतः हटेर जान्छ । मन र बुद्धि दुवै इन्द्रियको दासत्वभावबाट मुक्त भई परमेश्वरमा स्थिर हुन पुग्दछ । त्यसपछि साधकको परमेश्वरप्रति प्रगाढ- स्नेह र भक्ति बढेर जान्छ । अनि साधक सच्चा भगवद्भक्त बन्न पुग्दछ, यस्तो भक्तको परमेश्वरसित नित्यसम्बन्ध स्थापित हुन्छ र अन्ततः परमेश्वरमा नै एकात्मभावले निवास गर्दछ ।

यसरी परमेश्वरको अनन्यभक्त भएपछि उसको जीवन वासुदेवमय बन्न पुग्दछ । मन, बुद्धि सदा परमेश्वर वासुदेवमा नै स्थिर रहन्छ र सांसारिक आसक्तिलाई परित्याग गरेर ऊ ऐक्यभावले परमेश्वरमा नै निवास गर्दछ । निर्गुण तथा निराकार परब्रह्म मन, बुद्धि र इन्द्रियहरूका अगोचर तथा अविषय भएकाले उहाँको उपासना अत्यन्त कठोर छ तर सगुण एवम् साकार परमेश्वरको उपासना सरल छ र सुगम छ, आफ्नो मन र बुद्धि दुवै परमेश्वर वासुदेवमा स्थिर गरेपछि भगवद्भक्त उहाँमा नै एकात्मभावले निवास गर्न पाउँछ । भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- "अत ऊर्ध्वं न संशयः" यसमा कुनै सन्देह छैन र कुनै शङ्का छैन ।

## अभ्यासयोगद्वारा परमेश्वर प्राप्त गर्ने- दोस्रो साधना

**अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।**
**अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥**

## पदार्थ

| | | |
|---|---|---|
| अथ | = | यदि |
| चित्तम् | = | चित्तलाई |
| मयि | = | ममा, म परमेश्वरमा |
| स्थिरम् | = | निश्चल, स्थिरसँग |
| समाधातुम् | = | राख्न, स्थापना गर्न |
| न शक्नोषि | = | सक्तैनौ भने, समर्थ हुँदैनौ भने |
| ततः | = | त्यसपछि, त |
| धनञ्जय | = | हे अर्जुन ! हे धन विजेता अर्जुन ! |
| अभ्यासयोगेन | = | अभ्यासयोगद्वारा, चित्त एकाग्र पार्ने साधनाद्वारा |
| माम् | = | मलाई |
| आप्तुम् | = | पाउन, प्राप्त गर्न |
| इच्छ | = | इच्छा गर, अभिलाषा राख, प्रयत्न गर |

**भावार्थ**

**यदि** तिमी आफ्नो चित्तलाई ममा स्थिर गरेर राख्न सक्तैनौ भने त हे धनञ्जय ! **चित्त** एकाग्र पार्ने अभ्यासयोगद्वारा मलाई पाउने प्रयत्न गर ।

**भावबोधिनी व्याख्या**

भगवान् श्रीकृष्णले अर्जुनलाई आफ्ना इष्टदेव परमेश्वरको उपासना र आराधनाका निमित्त धेरै तरिका र उपायहरू बताउनुभएको छ । ती उपाय अत्यन्त उपयुक्त र फलदायी छन्, तिनमध्ये अभ्यासयोग पनि भगवद्-साधनाको निमित्त एउटा मुख्य उपाय हो ।

अन्यविषयतिर लागिरहेको चित्तलाई बारम्बार खिचेर आफ्नो लक्ष्य वा ध्येयवस्तुमा स्थिर गर्नु वा आफ्ना इष्टदेवमा मन र बुद्धि स्थिर गरेर राख्ने प्रयत्न वा अभ्यास गर्नु नै अभ्यासयोग हो ।

यदि परमेश्वरको उपासक भक्तजन यसभन्दा अघिल्लो श्लोकमा बताए अनुसार आफ्नो मन र बुद्धिलाई परमेश्वर वासुदेवमा निश्चल तथा स्थिर गरेर राख्न सक्तैन भने अभ्यासयोगद्वारा परमेश्वरलाई प्राप्त गर्ने साधना गर्नुपर्छ र अन्यत्रतिर लागेको चित्तलाई बिस्तारै बिस्तारै खिचेर परमेश्वरमा नै स्थापना गर्ने प्रयत्न गर्नुपर्छ । अभ्यासयोग मन र बुद्धिलाई क्रमशः एकाग्र पार्दै लाने एक वैज्ञानिक साधना-पद्धति हो । आत्मसाक्षात्कारको साधनामा जुटेको योगी होस्, निर्गुण तथा निराकार परब्रह्मको साधनामा निरत साधु-महात्मा होस् अथवा सगुण एवम् साकार परमेश्वरको उपासनामा प्रयत्नरत भगवद्भक्त होस्- यी सबैका लागि आफ्नो मन र बुद्धिलाई एक ठाउँमा स्थिर राख्नका लागि अभ्यासयोगको साधना अत्यन्त उपयोगी हुन्छ ।

**भगवत्परायण बनी सिद्धि प्राप्त गर्ने- तेस्रो साधना (भक्तियोग)**

**अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।**
**मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **(यदि)** | = यदि | **भव** | = होऊ, बन |
| **अभ्यासे** | = अभ्यासयोगमा | **मदर्थम्** | = मेरा निमित्त |
| **अपि** | = पनि | **कर्माणि** | = कर्महरू |
| **असमर्थः** | = असमर्थ | **कुर्वन्** | = गर्दागर्दै, गरिरहँदा |
| **असि** | = छौ भने | **अपि** | = पनि |
| **मत्कर्मपरमः** (मदर्थं कर्म मत्कर्म तस्मिन् **परमः**) | = मेरो निमित्त कर्म गर्ने, **मेरा** लागि कर्म गर्न नै मुख्य ठान्ने | **सिद्धिम्** | = सिद्धि, उच्चतमसिद्धि, परिपूर्णावस्था |
| | | **अवाप्स्यसि** | = प्राप्त गर्नेछौ |

### भावार्थ

यदि तिमी अभ्यासयोगद्वारा पनि मलाई प्राप्त गर्न असमर्थ छौ भने मेरा लागि कर्म गर्ने वाला होऊ अर्थात् भगवत्कर्म परायण बन, मेरा लागि कर्म गरिरहँदा पनि तिमी उच्चतमसिद्धि प्राप्त गर्नेछौ ।

### भावबोधिनी व्याख्या

प्रस्तुत श्लोकमा अभ्यासयोगमा सफलता प्राप्त गर्न नसक्ने व्यक्तिले ईश्वरार्पण भावले कर्महरू गर्ने र भगवत्परायण भई सबै कर्महरू उहाँमा नै समर्पण गर्नुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ ।

भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- हे अर्जुन ! यदि आफ्नो मन र बुद्धिलाई खिचेर परमेश्वर वासुदेवमा स्थिर राख्ने अभ्यास गर्न पनि शारीरिक, मानसिक र बौद्धिक सबै दृष्टिले तिमी असमर्थ वा असक्षम छौ र बहिर्मुखी प्रवृतिले गर्दा तिम्रो चित्त एकाग्रभावले ममा लाग्न सक्तैन भने तिमी मेरा लागि कर्म गर्नेवाला होऊ अर्थात आफूले गरेका सबै कर्म म परमेश्वर वासुदेवमा अर्पण गर । ममा सबै कर्महरू अर्पण गर्ने अभ्यास भएपछि भगवत्-प्राप्तिका लागि तिम्रो श्रद्धा र भक्ति बढ्दै जान्छ र मेरो निमित्त कर्महरू गर्ने प्रवृत्ति पनि बढ्दै जान्छ । यसरी मेरा लागि कर्महरू समर्पण गर्नेगर्‍यौ भने यसबाट तिमी परम-सिद्धि (भगवत्प्राप्तिरूप सिद्धि) प्राप्त गर्नेछौ ।

यसरी भगवत्परायण बनेर सबै कर्महरू परमेश्वरमै अर्पण गर्ने र उहाँकै लागि कर्महरू गर्ने बानी बसेमा भगवत्प्राप्तिको लक्ष्य लिई कर्महरू गर्दागर्दै भगवत्प्राप्तिरूप उच्चतमसिद्धि प्राप्त गर्न सकिन्छ ।

### सबै कर्मको फल त्याग गर्ने- चौथो साधना (निष्काम-कर्मयोग)

**अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।**
**सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥**

### पदार्थ

अथ = यदि
एतत् = यो, यस्तो
अपि = पनि
मद्योगम् = मेरो योगमा, मेरो अनुभूति हुने योगमा
आश्रितः = आश्रित वा शरणागत भई
कर्तुम् = गर्न
असक्तः = असमर्थ
असि = छौ भने

ततः = तब, त, त्यसो भने
यतात्मवान् (यतः संयतः आत्मा यस्य, स अस्यास्तीति यतात्मवान्) = संयमित चित्तवाला भएर
सर्वकर्मफलत्यागम् (सर्वेषां कर्मणां फलानां त्यागम्) = समस्तकर्मका फलको त्याग
कुरु = गर

### भावार्थ

यदि मेरो अनुभूति हुने योगमा आश्रित भई यस्तो गर्न (मेरा लागि कर्म गर्न) पनि तिमी असमर्थ छौ भने त्यसो भए संयमित चित्तवाला भई समस्तकर्मका फलको परित्याग गर अर्थात् निष्काम या फलेच्छारहित कर्म गर ।

### भावबोधिनी व्याख्या

यसभन्दा अगाडि भगवत्प्राप्तिका लागि भक्तिभावले भगवत्परायण बनेर समस्त कर्महरू परमेश्वरकै लागि अर्पण गर्नुपर्ने कुरामा जोड दिइएको छ । यो मार्ग भगवत्प्राप्तिका लागि अतिसुगम र सुलभ भए पनि यदि साधक परमेश्वर वासुदेवको शरणागत बनेर उहाँको अनुभूति हुने योगमा आश्रित भई यस्तो कर्म गर्न पनि असमर्थ छ भने यस्तो पुरुषले आफ्नो मन, बुद्धि र समस्त इन्द्रियहरूलाई संयममा राखेर यतात्मा भई परमेश्वरमा अगाध स्नेह र भक्ति राखी निष्काम बनेर समस्त कर्मका फलको परित्याग गर्नुपर्दछ । यसरी फलेच्छारहितको निष्कामकर्म मार्ग पनि भगवद्गीताले बताएको भगवत् प्राप्तिको एउटा प्रमुख-साधन हो ।

यसरी जय-पराजय, सिद्धि-असिद्धि सबैमा सम भएर परिणामको आशा नराखी फलेच्छाप्रतिको स्वार्थ र आसक्तिरहित भई निष्काम कर्म गर्नाले कदापि कर्मबन्धनमा पर्नु पर्दैन र सांसारिक बन्धनबाट छुटकारा पाइन्छ ।

### कर्मफलका त्यागको विशेषता

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

### पदार्थ

अभ्यासात् = अभ्यासभन्दा, एकाग्र हुने अभ्यासभन्दा
ज्ञानम् = ज्ञान, शास्त्रको अनुशीलनबाट प्राप्त ज्ञान
श्रेयः = अधिक श्रेष्ठ छ
हि = निश्चय नै
ज्ञानात् = ज्ञानभन्दा, अनुशीलनबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानभन्दा
ध्यानम् = ध्यान, ईश्वरको उपासनारूप ध्यान
विशिष्यते = विशिष्ट छ, श्रेष्ठ छ
ध्यानात् = ध्यानभन्दा
कर्मफलत्यागः (कर्मणः फलम्, तस्य त्यागः) = कर्मका फलको त्याग
(श्रेयस्करः) = श्रेयस्कर छ, श्रेष्ठ छ
त्यागात् = त्यागबाट त
अनन्तरम् (न अन्तरम्) = तुरुन्त नै, अविलम्ब, तत्काले
शान्तिः = शान्ति प्राप्त हुन्छ

### भावार्थ

एकाग्रताका लागि गरिने अभ्यासभन्दा शास्त्रको अनुशीलनरूप ज्ञान अधिक श्रेष्ठ छ, ज्ञानभन्दा ईश्वरको उपासनारूप ध्यान विशिष्ट छ, कर्मका फलको त्याग ध्यानभन्दा पनि बढी श्रेयस्कर छ, यस्तो त्यागबाट त तुरुन्त नै शान्ति प्राप्त हुन्छ ।

## भावबोधिनी व्याख्या

पातञ्जल योगदर्शनमा- "तत्र स्थितौ यत्नोऽभ्यासः"- १।१३, कुनै लक्ष्य वा ध्येयविषयमा चित्तवृत्ति स्थिर गर्नका लागि बारम्बार गरिने प्रयत्नलाई अभ्यास भनिएको छ।

बारम्बार गरिने ज्ञान बिनाको शारीरिक एवम् मानसिक अभ्यासभन्दा शास्त्रको अनुशीलन, मनन, चिन्तन र अध्ययन आदिबाट प्राप्त हुने बौद्धिक ज्ञान धेरै श्रेष्ठ छ र सत्सङ्गबाट पनि ज्ञान प्राप्त हुन्छ। ज्ञानभन्दा पनि आफ्नो मन र बुद्धि परमेश्वरमा स्थिर राखेर गरिने ध्यानविधि अझ बढी विशिष्ट छ र कर्मका फलको त्याग ध्यानभन्दा पनि बढी विशिष्ट एवम् श्रेयस्कर छ। कर्मफलको त्यागबाट भगवद्भक्तले शान्तिको अनुभूति प्राप्त गर्दछ। त्यागबाट सांसारिक भोगप्रतिको आसक्ति र आकाङ्क्षाहरूबाट छुटकारा मिल्ने हुँदा उपासकलाई तत्कालै शान्ति प्राप्त हुन्छ।

### भगवद्भक्त पुरुषका लक्षणहरू- पहिलो बाइवटा लक्षणहरू

**अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च।**
**निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ॥१३॥**
**सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः।**
**मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥**

### पदार्थ

(यः) = जो
सर्वभूतानाम् = सबै भूतसमुदायमा
अद्वेष्टा = द्वेष नगर्ने, द्वेषभाव नराख्ने
मैत्रः = मित्रभाव राख्ने
करुणः = करुणाले परिपूर्ण, दयालु
एव = नै, पनि
निर्ममः (निर्गतः मम ममता यस्य सः) = जसको ममता छैन, ममता नभएको
निरहङ्कारः (निर्गतः अहङ्कारः यस्य सः) = जसको अहङ्कार हटिसकेको छ
समदुःखसुखः (समे दुःखसुखे यस्य सः) = जो दुःख-सुखमा समान रहन्छ
च = र
क्षमी = क्षमावान् छ, सहनशील छ

॥१३॥

यः = जो
योगी = योगी
सततम् = सधैँ
सन्तुष्टः = सन्तुष्ट रहन्छ
यतात्मा (यतः आत्मा यस्य सः) = जसको आत्मा संयमित छ, जसका इन्द्रियहरू वशमा छन्, जो आत्मसंयमी छ
दृढनिश्चयः (दृढः स्थिरः निश्चयः यस्य सः) = जसको दृढनिश्चय छ, दृढनिश्चय भएको
मयि = ममा
अर्पितमनोबुद्धिः (अर्पिते स्थापिते मनोबुद्धी यस्य सः) = जसको मन र बुद्धि ममा अर्पित छन्
(यः) = जो
मद्भक्तः = मेरो भक्त छ

| | | | |
|---|---|---|---|
| स: | = त्यो | प्रियः | = प्रिय, प्यारो छ |
| मे | = मेरो | | |

### भावार्थ

जो पुरुष सबै भूतसमुदायमा द्वेष गर्दैन, जो सबैमा मित्रभाव राख्तछ, जो दया एवं करुणाले पनि परिपूर्ण छ, जो ममतारहित छ, जसको अहङ्कार हटिसकेको छ, जो दुःख तथा सुखको प्राप्तिमा समान रहन्छ र जो सहनशील एवम् क्षमावान् पनि छ ।

जो योगी सधैं सन्तुष्ट एवम् नित्यतृप्त रहन्छ, जसको आत्मा संयमित छ अर्थात् जो आत्मसंयमी छ, जो दृढनिश्चयवाला छ, जसले मन र बुद्धि म (परमेश्वर)मा अर्पित गरेको छ, जो यस्तो मेरो भक्त छ, त्यो मेरा लागि अतिप्रिय छ ।

### भावबोधिनी व्याख्या

यस १२ औं अध्यायको १३ औं श्लोकदेखि १९ औं श्लोकसम्म भगवद्भक्त पुरुषका ३९वटा लक्षणहरू बताइएका छन् । तिनमध्ये यस १३ औं र १४ औं श्लोकमा पहिले १२वटा लक्षणहरू उल्लेख गरिएका छन् । जो वास्तविक भगवद्भक्त छ, ऊ कहिल्यै उद्विग्न हुँदैन, जस्तोसुकै आपत् र विपत्तिमा पनि विचलित हुँदैन र अधैर्य भएर पन्दैन ।

भगवद्भक्त पुरुषका प्रथम बाह्रवटा लक्षणहरू र तिनको अर्थ–

१. **अद्वेष्टा सर्वभूतानाम्**- सबै प्राणीहरूमा द्वेष नगर्नु- चाहे आफ्नो भलाइ गर्ने मानिस होस्, चाहे कुभलो गर्ने । कसैप्रति पनि ईर्ष्या, द्वेष र घृणा गर्नु हुँदैन ।

२. **मैत्रः**- दोस्रो लक्षण सबै प्राणीहरूमा मित्रभाव राख्नु हो । **'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति'**- भ.गी. १८/६१ सबै प्राणीको हृदयमा परमेश्वर निवास गर्ने हुँदा शत्रु नै भए पनि मित्रवत् व्यवहार गर्नुपर्दछ ।

३. **करुणः**- तेस्रो लक्षण हो करुणा । सबैलाई कृपा गर्नु, दुःखीहरूप्रति दया गर्नु, प्रेमको भाव राख्नु र उपेक्षाको दृष्टिकोण कसैप्रति नलिनु भगवद्भक्त पुरुषका उच्चलक्षण हुन् ।

४-५. **निर्ममः, निरहङ्कारः**- चौथो र पाँचौं लक्षण छन्- ममता र अहङ्काररहित हुनु- म र मेरो भन्ने भावले आसक्ति बढाउँछ र प्राणीलाई सांसारिक बन्धनमा पार्दछ । अहङ्कारले अभिमान बढाउँछ, बुद्धिभ्रष्ट गर्दछ । त्यसैले भगवद्भक्त पुरुष निर्मम तथा निरहङ्कार हुनुपर्दछ ।

६. **समदुःखसुखः**- छैटौं लक्षण हो, दुःख-सुखमा समभाव राख्नु- मानिसलाई कहिले सुख-सन्तोप प्राप्त हुन्छ त कहिले दुःख र आपत्ति । जसको चित्तमा यी दुवैखाले सांसारिक भौतिक पदार्थको प्राप्तिबाट विकृति पैदा हुँदैन, हर्ष र शोकजन्य विकृत भावनाहरू मनमा उब्जदैनन् र अनुकूल वा प्रतिकूल अवस्थामा पनि समान रहन्छ, त्यो सच्चा भक्त हो ।

७. **क्षमी**- सातौं लक्षण हो क्षमावान् हुनु- आफ्नो कुभलो गर्नेप्रति प्रतिशोधको भावना नलिनु नै क्षमा हो र सहनशीलता पनि हो ।

८. सततं सन्तुष्टः-भगवद्भक्तयोगीको आठौं लक्षण हो- सदा सन्तुष्ट रहनु असन्तोष दुःखको कारण हो । यसले कामना, तृष्णा र आसक्ति बढाउँछ र मानिसलाई सांसारिक बन्धनमा पार्दछ । तर सन्तोषबाट परम आनन्द प्राप्त हुन्छ, दुःखको अनुभूति हुँदैन र अधैर्य एवम् असन्तुष्टि हराउँछन् ।

९. योगी- नवौं लक्षण हो- योगी बन्नु- भगवद्भक्तिको साधनामा लागेका सबै भक्त योगी हुन्, जुन योगीको मन सदा प्रसन्न रहन्छ र परमेश्वरको उपासनामा संलग्न रहन्छ, त्यो योगी विशिष्ट भगवद्भक्त बन्दछ ।

१०. यतात्मा- भगवद्भक्त पुरुषको दसौं लक्षण हो- यतात्मा- जो आत्मसंयमी छ, जसले आफूले आफैंलाई वशमा राखेको छ, जसका मन, बुद्धि र सबै इन्द्रियहरू स्वाधीन छन्, राग, द्वेषादिमा प्रवृत्त छैनन् र जो जितेन्द्रिय छ, त्यही यतात्मा पुरुष हो ।

११. दृढनिश्चयः- भगवद्भक्त पुरुषको एघारौं लक्षण हो- दृढ निश्चयी बन्नु, परब्रह्म परमेश्वरको प्राप्तिका लागि सन्देह, शङ्का वा संशय नलिई साधनामा निरत रहनु नै दृढ निश्चयी हुनु हो ।

१२. मयि-अर्पित-मनोबुद्धिः- यो भगवद्भक्त पुरुषको बाह्रौं लक्षण हो- मन र बुद्धि परमेश्वरमा समर्पण गर्नु । परमेश्वरको उपासना र प्राप्तिमा निरत रहने भगवद्भक्तको मन र बुद्धि सदा परमेश्वरमा लागिरहन्छ । ऊ आफ्नो मन र बुद्धिलाई विचलित हुन दिँदैन र परमेश्वरबाट मन र बुद्धिलाई अलग गराएर राख्न पनि सक्तैन । ऊ सदा परमेश्वरकै स्वरूपमा विलीन भएर रहिरहन चाहन्छ, जो यस किसिमको अटल भक्तिभाव भएको भक्त छ, त्यही नै भगवत्प्रिय हुन्छ ।

## दोस्रो- छवटा लक्षण

**यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।**
**हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥**

## पदार्थ

यस्मात् = जसबाट, जुन भक्तबाट
लोकः = लोक, प्राणी, दुनियाँ
न उद्विजते = उद्विग्न हुँदैन, दिक्क हुँदैन, झर्किंदैन
च = र
यः = जो
लोकात् = लोकबाट, दुनियाँबाट, प्राणीसमुदायबाट
न उद्विजते = दिक्क हुँदैन, झर्किंदैन
यः = जो भक्त

हर्षामर्षभयोद्वेगैः (हर्षश्च अमर्षश्च भयञ्च उद्वेगश्च तैः) = हर्ष, अमर्ष (डाह), भय र उद्वेग (विषाद, खिन्नता र क्षोभबाट)
मुक्तः = मुक्त छ, रहित छ
सः = त्यो
च = नै
मे = मेरो
प्रियः = प्रिय छ, प्यारो हो

## भावार्थ

जसबाट कुनै प्राणी वा दुनियाँ दिक्क हुँदैन अर्थात् जो अरूलाई दुःख दिँदैन, जो प्राणीसमुदायबाट पनि दिग्दारिदैन वा उद्विग्न हुँदैन अर्थात् अरूले उसलाई दुःख दिए पनि दुःख मान्दैन, जो भक्त हर्ष, अमर्ष (डाह), भय, उद्वेग (विषाद) र चिन्ताबाट मुक्त छ, त्यो भक्त नै मेरो प्रिय हो ।

## भावबोधिनी व्याख्या

भगवद्भक्त पुरुषका दोस्रो प्रकारका लक्षणहरूको वर्णनका क्रममा यहाँ अरू छवटा लक्षणहरू बताइएका छन्, ती हुन् :

१. **लोकः यस्मात् न उद्विजते**- जसबाट प्राणीसमुदाय उद्विग्न हुँदैन, अर्थात् जो योगी अरूका लागि दुःखदायी वा कष्टकारक बन्दैन, यस्तो योगीले अरूलाई कुनै दुःख, पीडा वा कष्ट दिदैन ।
२. **यः लोकात् न उद्विजते**- जो दुनियाँबाट दिक्क हुँदैन र कसैले दुःखदिए पनि ऊ विचलित हुँदैन, दिक्दार हुँदैन र कसैले उसलाई पीडा वा कष्टको अनुभूति नै गराउन सक्तैन, कसैले दुःख नै दिए पनि उसमा समभाव रहने हुँदा दुःखलाई दुःख नै मान्दैन ।
३. **हर्षमुक्तः**- हर्ष मनको एउटा विकार हो । जो सुख, प्रसन्नता, उन्नति, आनन्द आदिबाट प्राप्त हुन्छ । सिद्धभक्तमा यी कुराको अनुभूति नहुने हुँदा ऊ सदा हर्षमुक्त रहन्छ । ऊ ईश्वरीय आनन्दमा निमग्न रहने हुँदा भौतिक प्रसन्नताका वस्तुले कुनै प्रभाव पार्दैन ।
४. **अमर्षमुक्तः**- डाह, ईर्ष्या आदि कुरा अमर्ष हो । कसैको धन, सम्पत्ति, विद्या, मान, सुयशप्रतिको उत्कर्षताबाट अर्को व्यक्तिमा पैदा हुने छटपटी, डाह, ईर्ष्या आदि नै अमर्ष हो । तर सिद्ध योगी भक्त कसैको समुन्नतिप्रति ईर्ष्या नगर्ने हुँदा ऊ अमर्षमुक्त रहन्छ ।
५. **भयमुक्तः**- भय पनि एउटा मानसिक विकार हो, मानिस मृत्युबाट सदा भयभीत रहन्छ, त्यस्तै अन्य डरलाग्दा जीवजन्तु र अन्य दुःखदायी घटनाको आशंकाले पनि भयभीत भइरहन्छ तर भगवद्भक्त पुरुषमा भयजन्य विकृति पैदा नहुने हुँदा ऊ भयमुक्त रहन्छ ।
६. **उद्वेगमुक्तः**- हर्ष, शोक, विषाद आदिबाट मनमा पैदा हुने क्षोभ वा हलचल नै उद्वेग हो । भगवद्भक्त योगी त्यस्तो विकृतिबाट मुक्त रहने हुँदा ऊ उद्वेगमुक्त हुन्छ ।

उपर्युक्त लक्षणहरूले युक्त भक्त नै परमेश्वर वासुदेवको प्रियभक्त हो । जो परमेश्वरको प्रियभक्त छ, उसले ईश्वरलाई प्रेम र आनन्दको स्वरूप ठान्दछ । ऊ अन्तःकरण वा इन्द्रियहरूबाट पैदा हुने विकृतिहरूबाट उत्तेजित हुँदैन र हर्ष, शोक, भय, चिन्ता, डाह, मानसिक उद्वेग आदिबाट ऊ सदा मुक्त रहन्छ । सामान्य व्यक्तिलाई यी मानसिक विकृतिहरूले उसका जीवनमा ठूलो क्षोभ वा हलचल पैदा गरिदिन्छन् तर सिद्धहस्त योगी यी विकृतिहरूबाट विचलित हुँदैन ।

तेस्रो- छवटा लक्षण

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

पदार्थ

यः = जो
अनपेक्षः (न विद्यमाना अपेक्षा यस्य सः)
= जसको कुनै अपेक्षा छैन, जो इच्छारहित छ, निःस्पृह छ
शुचिः = शुद्ध, पवित्र
दक्षः = दक्ष, चतुर, पटु, कर्मकुशल
उदासीनः = पक्षपातरहित, निष्पक्ष
गतव्यथः (गता व्यथा यस्य सः)
= जसको दुःखकष्ट छुटेको छ
सर्वारम्भपरित्यागी (सर्वे च ते आरम्भाः सर्वारम्भास्तान् परित्यक्तुं शीलं यस्य, सः)
= जसले कामना पैदा हुने सबै कर्मको आरम्भ परित्याग गरेको (छ)
सः = त्यो
मद्भक्तः = मेरो भक्त
मे = मेरो
प्रियः = प्रिय छ

भावार्थ

जसको सांसारिक विषय वा वस्तुहरूप्रति कुनै इच्छा वा अपेक्षा छैन, जो भौतिक पदार्थहरूको प्राप्तिमा अभिरुचि राख्दैन र इन्द्रियहरूका विषयको उपभोगमा त्यति खुसी हुँदैन, जो शारीरिक एवं मानसिकरूपले शुद्ध र पवित्र छ, जो कर्मकुशल छ, जो निष्पक्ष छ र कसैप्रति पक्षपात गर्दैन, जसका सारा दुःख र कष्टहरू छुटिसकेका छन्, जसले कामनाबाट पैदा हुने सबै कर्मको आरम्भ परित्याग गरेको छ, त्यो मेरो भक्त मेरो प्रिय छ ।

भावबोधिनी व्याख्या

भगवद् भक्तपुरुषका लक्षणहरू बताउने तेस्रो क्रममा अरू छवटा लक्षणहरू थपिएका छन्, ती हुन्-

१. अनपेक्षः- कुनै कुराको अपेक्षा नगर्नु आकाङ्क्षा नगर्नु, सांसारिक विषयवासनाप्रति उदासीन रहनु वा असम्बद्ध हुनु, जति पाइन्छ, त्यतिमा मात्र सन्तोष मान्नु र निःस्पृह रहनु नै अनपेक्ष हो ।
२. शुचिः- 'शुचि'को अर्थ हुन्छ- पवित्र वा शुद्ध रहनु । शरीरको शुद्धता, मनको पवित्रता, आत्माको पवित्रता, वचनको पवित्रता र अन्तःकरणको शुद्धता एवम् पवित्रता हुनु नै शुचि हो । जसको अहङ्कार, अभिमान, राग, द्वेष हटिसकेका छन् र चित्त शुद्धीकरण भएको छ, त्यो नै शुद्ध र पवित्र मानिन्छ ।
३. दक्षः- 'दक्ष'को शाब्दिक अर्थ हो- निपुण, चतुर, पटु । जो कर्मकुशल छ, सदा परमेश्वरको सेवा र उपासनामा तत्पर रहन्छ, त्यो दक्ष हो ।

४. **उदासीनः-** 'उदासीन'को शाब्दिक अर्थ हो, कतै पनि नलागी तटस्थ रहनु र पक्षपातरहित हुनु । सांसारिक विषयवासनाप्रति निर्लिप्त रहनु र कुनै कुराप्रति सरोकार नहुनु पनि उदासीन रहनु नै हो । यदि कसैको अन्तरात्मा परमेश्वरमा आबद्ध छ भने लौकिक दृष्टिकोणले ऊ उदासीन नै देखिन्छ ।

५. **गतव्यथः-** 'गतव्यथ' भनेको मनमा कुनै किसिमको दुःख, पीडा, व्यथा वा चिन्ता नहुनु हो । मानसिक चिन्ता र कुतर्कहरूबाट पनि मानिस व्यथित हुन्छ । यदि मनलाई परमेश्वरमा लगाइयो भने दुःखमुक्त भई गतव्यथ हुन सकिन्छ ।

६. **सर्वारम्भपरित्यागी-** जसले अभिमान, अहङ्कार, आकाङ्क्षा र तृष्णाबाट अभिप्रेरित सबै कर्महरूका आरम्भको परित्याग गर्दछ, त्यो उच्चकोटिको भक्त हो । यस्ता भक्तका सबै कर्महरू निष्काम र फलेच्छारहित हुन्छन् ।

माथि उल्लिखित गुणहरूले परिपूर्ण जो भगवद्भक्त छ, त्यही नै परमेश्वरको प्रिय हुन्छ । जसले आफू र अरूको भलाइ र उपकारका लागि निःस्वार्थ कर्महरू गर्दछ, उसले नै ईश्वरको सेवा गरिरहेको हुन्छ र ईश्वरको इच्छालाई नै पूरा गरिरहेको हुन्छ ।

**चौथो- पाँचवटा लक्षण**

> **यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।**
> **शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥**

**पदार्थ**

**यः** = जो
**न हृष्यति** = न कहिल्यै हर्षको अनुभूति गर्दछ, न खुसी हुन्छ
**न द्वेष्टि** = न द्वेष गर्छ, न रिसाउँछ
**न शोचति** = न शोक गर्छ, न दुःख मान्छ
**न काङ्क्षति** = न आकाङ्क्षा गर्छ
**शुभाशुभपरित्यागी** (शुभञ्च अशुभञ्च शुभाशुभे ते कर्मणी परित्यक्तुं शीलं यस्य सः) = शुभ तथा अशुभ र राम्रो नराम्रो दुवैथरी कर्मका फलको परित्याग गर्ने
**यः** = जो
**भक्तिमान्** = भक्तिभावले परिपूर्ण भक्त छ
**सः** = त्यो
**मे** = मेरो
**प्रियः** = प्रिय हुन्छ

**भावार्थ**

जो न कहिल्यै प्रसन्न हुन्छ वा हर्षको अनुभूति गर्दछ, न द्वेष गर्छ, न शोक गर्छ, न दुःख मान्छ, न आकाङ्क्षा नै गर्छ, त्यसरी नै शुभ एवम् अशुभ, राम्रो एवं नराम्रो दुवैथरी कर्मका फलको परित्याग गर्ने जो भक्तिभावले परिपूर्ण भक्त छ, त्यो मेरो प्रिय हुन्छ ।

## भावबोधिनी व्याख्या

भगवद्भक्त व्यक्तिका लक्षणहरू बताउने चौथो क्रममा अरू पाचँवटा लक्षणहरू देखाइएका छन्, ती लक्षणहरू हुन्-

१. **यो न हृष्यति** – जो हर्षित हुँदैन ।
२. **यो न द्वेष्टि** – जो द्वेष गर्दैन ।
३. **यो न शोचति** – जो शोक तथा चिन्ता गर्दैन ।
४. **यो न काङ्क्षति** – जो आकाङ्क्षा वा चाहना गर्दैन ।
५. **यः शुभाशुभपरित्यागी** – जो शुभाशुभ कर्मफलको त्याग गर्छ ।

हर्ष अन्तःकरणको विकृति हो, द्वेष पनि अन्तःकरणकै विकार हो, शोक र चिन्ता पनि मानसिक विकृति हुन्, आकाङ्क्षा वा चाहना र राग पनि अहङ्कारजन्य अन्तःकरणकै विकृति हुन् ।

माथिका अन्तःकरणजन्य यी विकृतिहरू भगवद्भक्त महात्माहरूमा पाइदैनन् । त्यसैले भगवद्भक्त योगी न कुनै कुराबाट हर्षित हुन्छ, न कसैको द्वेष गर्छ, न कसैदेखि रिसाउँछ, न कुनै कुराको शोक गर्छ, न त दुःख नै मान्छ, न उसको कुनै सांसारिक पदार्थहरूप्रति आसक्ति वा चाहना हुन्छ, न त्यो पाउने रहर नै हुन्छ, कुनै किसिमका भौतिक लाभबाट न खुसी हुन्छ, न त त्यसको हानिबाट दुःखी नै हुन्छ । त्यसैले ऊ सदा नित्यतृप्त र निराश्रय भएर पूर्णकाम भइरहन्छ । मानसिक विकारहरूले उसलाई प्रभावित पार्न सक्तैनन् ।

यसैगरी उसले राम्रो-नराम्रो, शुभ-अशुभ सबै प्रकारका कर्मफलको परित्याग गरेको हुन्छ । यस्तो भक्त कर्मफलप्रति आसक्त हुँदैन र ऊ फलेच्छा विनाका निष्काम कर्महरू मात्र गरिरहेको हुन्छ । त्यसैले कर्म गरेपनि कर्मबन्धनमा पर्दैन । भगवद्भक्त योगी जताततै परमेश्वरकै उपस्थिति पाउँदछ र ऊ परमेश्वरकै लागि कर्म गरिरहेको हुन्छ र राम्रो वा नराम्रो कुनै भौतिक वस्तुहरूको चाहना र आकाङ्क्षाबाट ऊ पूर्णतः मुक्त रहन्छ, त्यसैले ऊ हर्ष, शोक, रिस, राग आदि विकृतिहरूबाट मुक्त रहन्छ ।

### पाचौं- दशवटा लक्षणहरू

> **समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।**
> **शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥**
> **तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।**
> **अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥**

### पदार्थ

| | |
|---|---|
| (यः) = जो | समः = सम रहन्छ, समान व्यवहार गर्छ |
| शत्रौ = शत्रुमा | च = र |
| मित्रे = मित्रमा | |

| | |
|---|---|
| मानापमानयोः (मानञ्च अपमानञ्च तयोः) = मान र अपमानमा | = जाडो-गर्मी, सुख-दु:खादि द्वन्द्वहरूमा |
| समः = सम रहन्छ, समान दृष्टि राख्तछ | समः = समभाव राख्तछ, उस्तै रहन्छ |
| च = र | |
| शीतोष्णसुखदुःखेषु (शीतञ्च उष्णञ्च सुखञ्च दु:खञ्च, तेषु) | तथा = तथा, र |
| | सङ्गविवर्जितः = आसक्तिरहित छ |

॥१८॥

| | |
|---|---|
| तुल्यनिन्दास्तुतिः (निन्दा च स्तुतिश्च ते तुल्ये यस्मै) = जो निन्दा एवं स्तुति प्रशंसालाई समान ठान्दछ | छैन, घरवार विहीन, विना घरपरिवारको |
| | स्थिरमतिः (स्थिरा मतिर्यस्य सः) = जसको स्थिरबुद्धि छ, स्थिरबुद्धि भएको |
| मौनी (मुनेर्भावः मौनं तदस्ति अस्य सः) = मौनधारण गर्ने मननशील, चिन्तनशील | भक्तिमान् = भक्तिमान्, भक्तिभावमा निरत रहने |
| येन केनचित् = जे पाइन्छ, त्यसैबाट | नरः = मानिस, पुरुष |
| सन्तुष्टः = सन्तुष्ट हुन्छ | मे = मेरो |
| अनिकेतः = जसको निवास ठेगान | प्रियः = प्यारो हुन्छ |

॥१९॥

**भावार्थ**

जो शत्रुमा र मित्रमा सम रहन्छ र समान व्यवहार गर्दछ, जो मान तथा अपमानमा सम रहन्छ, जो जाडो, गर्मी तथा सुख-दु:खादि द्वन्द्वहरूमा समभाव राख्तछ र आसक्तिरहित छ ।

जो निन्दा एवं स्तुति (प्रशंसा) लाई समान ठान्दछ, जो मौन रहन्छ र जुन बेला जे पाइन्छ, त्यसैबाट सन्तुष्ट हुन्छ । जसको निश्चित निवासस्थल छैन र जसको स्थिरबुद्धि छ, यस किसिमको भक्तिमा सलग्न भगवद्भक्त पुरुष मेरो प्यारो हुन्छ ।

**भावबोधिनी व्याख्या**

भगवद्भक्त महात्माका लक्षणहरू बताउने पाचौं क्रममा दशवटा अरू थप लक्षणहरू देखाइएका छन्, ती लक्षणहरू यसप्रकार छन् :

१. **शत्रौ मित्रे च समः**- शत्रु र मित्रमा समभाव राख्ने 'शत्रु' भन्नाले विरोधी, प्रतिपक्षी वा आफूसित वैमनस्यता गर्ने व्यक्ति सम्झनुपर्छ र 'मित्र' भन्नाले आफूलाई सहयोग गर्ने वा सहारा दिने हितैषी व्यक्ति सम्झनुपर्छ । जो भगवद्भक्त व्यक्ति शत्रु र मित्र दुवैलाई समान देख्तछ र दुवैमा एक खालको व्यवहार गर्छ । उसको न मित्रप्रति बढी अनुराग वा स्नेह हुन्छ, न त शत्रुप्रति घृणा वा द्वेषको भाव नै रहन्छ । उसको अन्तरात्मामा राग-द्वेषादि भाव पैदा नहुने हुंदा ऊ शत्रु तथा मित्र दुवैमा सम रहन्छ ।

२. **मानापमानयोः समः-** मान र अपमानमा समभाव राख्ने । कसैको आदर सत्कार गर्नु, प्रतिष्ठा बढ्नु र समृद्धि हुनु मान हो । कसैको अनादर वा तिरस्कार गर्नु, निन्दा गर्नु र अपकीर्ति फैलाउनु अपमान हो । परमेश्वरको सद्भक्त व्यक्ति मान तथा अपमान दुवैमा समभाव राख्दछ, ऊ मान-अपमान आदिबाट पैदा हुने हर्ष-शोकादि विकृतिबाट मुक्त रहन्छ ।

३. **शीतोष्णयोः समः-** शीत तथा उष्णमा समरहने । जाडो, ठण्डी र सर्दीलाई शीत भनिन्छ, तातो र गर्मीलाई उष्ण भनिन्छ । क्रोध, उद्वेग आदि मानसिक विकार पनि उष्ण नै हुन् र भगवद्- भक्त व्यक्ति यी शीतोष्णादि द्वन्द्वहरूमा पनि सम नै रहन्छ । उसमा कुनै विकार पैदा हुँदैन ।

४. **सुखदुःखयोः समः-** सुख र दुःखमा समभावराख्ने । सुख र दुःख, राग-द्वेष र हर्ष-शोकादिबाट पैदा हुने भाव द्वन्द्व हुन् । भगवद्भक्त योगी यी दुवैमा सम रहन्छ । उसको चित्तवृत्तिलाई न सुखदायी अनुकूल कुराले प्रभावित पार्दछ, न त दुःखदायी प्रतिकूल कुराले नै ।

५. **सङ्गवर्जितः-** आसक्तिरहित हुनु । सांसारिक पदार्थ र विषयवासनाप्रतिको आसक्ति नै सङ्ग हो । भगवद्भक्त व्यक्तिमा भौतिक पदार्थप्रति कुनै प्रलोभन नहुने र त्यसप्रति कुनै सम्बन्ध नरहने हुँदा ऊ आसक्तिरहित हुन्छ ।

६. **निन्दास्तुत्योः स्तुल्यः-** निन्दा र स्तुतिमा बराबर भाव राख्ने । कसैलाई दोष दिनु, कलङ्क लगाउनु, गाली गर्नु, घृणा गर्नु- यी सबै निन्दा हुन् । कसैको प्रशंसा गर्नु, गुणगान गर्नु, महत्त्व दर्शाउनु, महिमा गाउनु आदि कुरा स्तुति हुन् । भगवद्भक्त व्यक्तिलाई उसप्रति गरिने स्तुति र निन्दा दुवैले प्रभाव पार्न सक्दैनन्, यी दुवैमा ऊ सम तथा तुल्य (बराबर) नै रहन्छ ।

७. **मौनी-** मननशील हुने । 'मौनी' शब्द मुनेर्भावः मुनिको भाव वा अवस्था भन्ने यस अर्थमा (मुनि+अण्) प्रत्यय लागेर मौन बन्दछ । मौनं यस्यास्तीति मौनभाव छ जसको भन्ने अर्थमा मौनमा 'इनि' प्रत्यय लागेर मौनी बन्दछ । मुनिको भाव भनेको मननशीलता, विचारशीलता र चिन्तन हो, यी कुराहरू जसमा छ, त्यो मौन हुन्छ, त्यसैले मौनीको अर्थ हुन्छ, शान्त रहनु, धेरै नबोल्नु, सुख-दुःख, गुण-दोष आदिमा तटस्थ रहनु । भगवद्भक्त व्यक्तिमा यी गुणहरू पाइने हुँदा ऊ मौनी हो । उसका वाणीमा संयम हुन्छ, शुद्धता हुन्छ ।

८. **येन केनचित् सन्तुष्टः-** जे पाइन्छ, त्यसैमा सन्तुष्ट हुनु । भगवद्भक्त व्यक्ति असन्तुष्ट हुँदैन, जुन बेला जे पाइन्छ, त्यसैमा सन्तुष्ट हुन्छ । प्रारब्धवश दैवले जे जुराउँछ, त्यसबाट जीवन निर्वाह गर्छ र त्यसैमा सन्तुष्ट भई परमेश्वरको सेवामा संलग्न रहन्छ ।

९. **अनिकेतः-** घरपरिवारविहीन हुनु । 'निकेत' भनेको घर वा गृह वा वासस्थान हो । **"न विद्यते निकेतः निवासः यस्य सः"** (जसको वासस्थान छैन) । यस विग्रहबाट अनिकेत शब्द बन्दछ, जसको अर्थ हुन्छ, वासस्थान नहुनु, घरबार-विहीन हुनु । भगवद्भक्त व्यक्तिमा आफ्नो निवासस्थानप्रति मोह र ममता नपाइने हुँदा ऊ 'अनिकेत' हुन्छ र घरको बन्धनबाट मुक्त रहन्छ ।

१०. स्थिरमतिः- स्थिर बुद्धि हुनु नै स्थिरमति हो । भगवद्भक्त व्यक्तिमा कुनै सन्देह वा शङ्का हुँदैन । उसको बुद्धि भौतिक-द्वन्द्वहरूबाट प्रभावित नभई स्थिर रहन्छ । मनमा उठ्ने आकाङ्क्षा, कामना, दुःख-सुखका भावहरूबाट उसको बुद्धि विचलित नहुने हुँदा भक्तिमान् पुरुष स्थिरमति भएको हुन्छ ।

भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- उपर्युक्त लक्षणहरू भएको भक्त नै मेरो प्रिय हुन्छ । वास्तवमा भन्ने हो भने जो भगवद्भक्त छ, जो सदा परमेश्वरको सेवा र उपासनामा निरत रहन्छ, ऊ शत्रु, मित्र, मान, अपमान, सुख-दुःख आदि द्वन्द्वहरूमा सदा समान भाव राख्तछ । ऊ कुनै विषयप्रति आसक्त हुँदैन र सदा मननशील भइरहन्छ । उसलाई घरबारको पनि वास्ता हुँदैन र कुनै पनि प्रभावकारी तत्त्वले उसको बुद्धि विचलित पार्दैन । यस्ता शान्त प्रकृतिका योगी भक्तका मन, बुद्धि, इन्द्रियहरू सबै परमेश्वरमा नै विलीन हुन्छन् । न उनीहरू प्रशंसाले प्रभावित हुन्छन्, न त निन्दाले नै । त्यसैले उनीहरू नित्य स्थिरमति भएका हुन्छन् ।

**परमभक्त पुरुष**

**ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।**
**श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगो नाम द्वादशोऽध्यायः ।**

**पदार्थ**

| | |
|---|---|
| **तु** = परन्तु | **इदम्** = यो, अमर ज्ञानको कुरा |
| **ये** = जो | **यथोक्तम्** = जस्ताको तस्तै, मैले भनेबमोजिम |
| **श्रद्दधानाः** = श्रद्धायुक्त, श्रद्धा गर्ने | |
| **मत्परमाः** (अहं परमा गतिर्येषां ते) = म नै परमगति छु जसको, मेरै परायण बनेर | **पर्युपासते** = सेवा गर्छन्, पालना गर्छन् |
| | **ते** = तिनीहरू |
| | **मे** = मेरा |
| **भक्ताः** = भक्तहरू | **अतीव** = ज्यादै |
| **धर्म्यामृतम्** (धर्मादनपेतं धर्म्यम्, तच्च अमृतञ्च) = धर्ममय अमृत-तत्त्वले पूर्ण | **प्रियाः** = प्रिय छन् |

**भावार्थ**

परन्तु ठूलो आदरपूर्वक मेरै परायण बनेर श्रद्धाभक्तियुक्त जो भक्त धर्ममय अमृत-तत्त्वले परिपूर्ण यो अमर ज्ञानको कुरा मैले भनेबमोजिम जस्ताकोतस्तै रूपमा परिपालना गर्दछन्, तिनीहरू मेरा ज्यादै प्रिय छन् ।

**भावबोधिनी व्याख्या**

जसको आत्मामा श्रद्धा र भक्ति रहन्छ, तिनीहरू नै परमेश्वरप्रति श्रद्धा विश्वास गर्दछन् । जसले आफ्नो आत्मालाई परमेश्वरमा पूर्णतः समर्पित गर्दछ परमेश्वरकै ध्यान, तप, पूजा, अर्चना र उपासना गर्दछन्, तिनीहरू श्रद्धाले यु भई भगवत्परायण बनेका हुन्छन्-**'मत्परमाः'** शब्दले यसै शाश्वत तथ्यला व्यक्त गर्दछ ।

यस बाह्रौं अध्यायको तेह्रौं श्लोकदेखि उन्नाईसौं श्लोकसम्म व्यक्त गरिए भगवद्भक्त व्यक्तिका उनन्चालीसवटा लक्षणहरू सबै धर्ममय छन्, अमृत-तत्त्व परिपूर्ण छन् र यी सबै मानवीय धर्मका मूलस्वरूप पनि हुन् । जसले अमर एव शाश्वत ईश्वरीय यी सिद्धान्तहरूको यथोक्त अर्थात् जस्ताको तस्तै रूप परिपालना गर्दछन्, त्यस्ता योगीहरू परमेश्वरका अत्यन्तै प्रियभक्त हुन् र उनीह सदा अजर र अमर बनेर परमेश्वरमा ऐक्यभावले स्थित हुन्छन् ।

**श्रीमद्भगवद्गीताको भक्तियोगनामको बाह्रौं अध्याय समाप्त ।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ त्रयोदशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (क्षेत्रक्षेत्रज्ञ-विभागयोगनामको अध्याय)

**अर्जुन उवाच**

प्रकृतिं पुरुषं चैव क्षेत्रं क्षेत्रज्ञमेव च ।
एतद्वेदितुमिच्छामि ज्ञानं ज्ञेयं च केशव ॥

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **अर्जुन** | = अर्जुनले | **क्षेत्रज्ञम्** (क्षेत्रं जानातीति) | = क्षेत्रलाई जान्ने, आत्मा |
| **उवाच** | = बिन्ती गरे | **एव** | = नै |
| **केशव** | = हे कृष्ण ! हे केशव ! | **ज्ञानम्** | = ज्ञान |
| **प्रकृतिम्** | = प्रकृति | **च** | = र |
| **च** | = र | **ज्ञेयम्** | = ज्ञेय (जान्न योग्य) |
| **पुरुषम्** | = पुरुष | **एतत्** | = यो |
| **एव** | = नै | **वेदितुम्** | = जान्न |
| **क्षेत्रम्** | = क्षेत्र, शरीर | **इच्छामि** | = चाहन्छु |
| **च** | = र | | |

**भावार्थ**

अर्जुनले बिन्ती गरे- हे केशव प्रकृति के हो ? पुरुष के हो ? क्षेत्र र क्षेत्रज्ञ के के हुन् ? ज्ञान र ज्ञेय कस-कसलाई भनिन्छ ? यी विषयहरूमा म जान्न चाहन्छु ।

**भावबोधिनी व्याख्या**

**यहाँ** अर्जुनले प्रकृति र पुरुष, क्षेत्र र क्षेत्रज्ञ, ज्ञान र ज्ञेय यी ६वटा तत्त्वहरू के के हुन्- यिनीहरूका बारेमा जान्ने इच्छा प्रकट गरेका छन् ।

**प्रकृति** जड छ र उसमा चेतना छैन, पुरुष चेतन छ तर ऊ निष्क्रिय छ, क्षेत्र भनेको शरीर हो, क्षेत्र (शरीर) को बारेमा जो जान्दछ, त्यो क्षेत्रज्ञ हो, त्यसैले **'क्षेत्रज्ञ'** पद जीवात्मा स्वरूप परमेश्वरको वाचक हो । क्षेत्र र क्षेत्रज्ञको यथार्थरहस्य वा तत्त्व जान्नु नै ज्ञान हो ।

**ज्ञेय** भनेको जान्न योग्य कुरा हो । अनादि एवम् अनन्त परम ज्योतिस्वरूप परब्रह्म हामी सबैका ज्ञेयतत्त्व हुनुहुन्छ ।

**द्रष्टव्य:-** भगवद्गीताका कयौँ भाष्य एवम् टीका ग्रन्थहरूको मूलपाठमा यस श्लोकको उल्लेख गरिएको देखिँदैन । जगद्गुरु शङ्कराचार्यले पनि यस श्लोकको

उल्लेख गरेको देखिंदैन तर भगवद्गीताका कतिपय व्याख्याकारहरूले भने उल्लेख गरेको देखिन्छ, भगवद्गीता ७०० श्लोकहरूको ग्रन्थ हो, यसलाई समावेश गर्दा ७०१ हुनजान्छ । त्यसैले परम्परागत मान्यतालाई स्विकार्दै यस व्याख्याग्रन्थको मूलपाठमा पनि प्रस्तुत श्लोकमा सङ्ख्यात्मक अङ्क दिने धृष्टता लिइएको छैन ।

**क्षेत्र र क्षेत्रज्ञ**

## श्रीभगवानुवाच

**इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।**
**एतद्यो वेत्ति तं प्राहु: क्षेत्रज्ञ इति तद्विद: ॥१॥**

### पदार्थ

श्रीभगवान् = श्रीभगवान्बाट
उवाच = आज्ञा भयो
कौन्तेय = हे कुन्तीपुत्र अर्जुन !
इदम् = यो, यस
शरीरम् = शरीरलाई
क्षेत्रम् = क्षेत्र, खेत (राम्रो नराम्रो कर्मरूप बीज रोप्ने स्थल) हो
इति = यस्तो (भनी)
अभिधीयते = बताइन्छ, भनिन्छ
एतत् = यसलाई, यस शरीररूप क्षेत्रलाई
य: = जो
वेत्ति = जान्दछ, प्रत्यक्ष अनुभूति गर्दछ
तम् = त्यस्तो जान्नेलाई
क्षेत्रज्ञ: (क्षेत्रं जानातीति) = क्षेत्रज्ञ, शरीररूप क्षेत्रलाई जान्ने, (हो)
इति = यस्तो (भनी)
तद्विद: (तौ क्षेत्र-क्षेत्रज्ञौ ये विदन्ति ते) = ती क्षेत्र र क्षेत्रज्ञसम्बन्धी तत्त्वजान्ने विद्वान्हरू
प्राहु: = भन्दछन्

### भावार्थ

श्रीभगवान्बाट आज्ञा भयो- हे कुन्तीपुत्र अर्जुन ! यो शरीर क्षेत्र हो भनी भनिन्छ, यस शरीररूप क्षेत्रलाई जो जान्दछ, त्यस्तो जान्नेलाई क्षेत्रज्ञ हो भनी क्षेत्र र क्षेत्रज्ञसम्बन्धी तत्त्वजान्ने विद्वान्हरू भन्दछन् ।

### भावबोधिनी व्याख्या

क्षेत्रको सामान्य अर्थ हो- खेत, जहाँ बीज छर्ने र रोप्ने गरिन्छ । यो शरीर पनि एउटा क्षेत्र नै हो । यसमा आफूले गरेका कर्महरूको बीज रोपिन्छ । त्यसैले कर्मरूप बीजको उत्पत्ति स्थान क्षेत्र हो । **"क्षतत्राणात् क्षयात् क्षरणात् क्षत्रवद् वा अस्मिन् कर्मफलनिवृत्ते: क्षेत्रमिति."**- (शा.भा.) क्षतत्राणात्- शरीरलाई चोटपटक आदिबाट रक्षा गर्ने, क्षयात् क्षरणात् क्षय हुन र नाश हुनबाट जोगाउने खेतकै समान यसमा कर्मफल प्राप्त हुने हुँदा यस शरीरलाई 'क्षेत्र' भनिएको हो ।

पञ्चमहाभूत, दश इन्द्रिय, मन, बुद्धि, अहङ्कार, पाँच सूक्ष्मविषय र अचेतन तथा अव्यक्त प्रकृतिको समष्टिगतरूप नै यो क्षेत्र या शरीर हो । रज र वीर्यको संयोगबाट उत्पन्न रगत, हाड, छाला, मासु आदिले परिपूर्ण स्थूल शरीर र दश इन्द्रिय, तीन अन्त:करण र पञ्च प्राणादिको संयोगले बनेको सूक्ष्म शरीरको संयुक्त रूप नै क्षेत्र हो । त्यसैले यो नाशवान् छ, परिवर्तनशील छ र यसलाई क्षर भनिन्छ । यसमा बाल्य, युवा र वृद्धावस्थाहरू आइरहन्छन्, जन्म, वृद्धि, ह्रास र मृत्यु पनि शरीर या क्षेत्रको परिवर्तनकै अवस्था हुन्, त्यसैले क्षेत्र मरण धर्म भएको हुन्छ र प्रकृति पनि क्षेत्रमै पर्दछ ।

यस शरीररूप क्षेत्रलाई जसले जान्दछ, त्यसलाई क्षेत्रज्ञ भनिन्छ र यही नै जीवात्मा हो । भगवान् शङ्कराचार्यले असंसारी परमेश्वरलाई नै 'क्षेत्रज्ञ' भनी बताउनुभएको छ । श्रुति भन्दछ- **"साक्षी चेता: केवलो निर्गुणश्च"** यही साक्षी छ, चेतनस्वरूप छ, निर्गुण पनि छ । क्षेत्रज्ञ नित्य छ, अमर छ, अपरिवर्तनशील छ र अक्षर एवं गुणातीत पनि छ । जीवात्मा तथा चेतन आत्मा क्षेत्रज्ञ हो, यो चेतनकै प्रस्फुरण हो र प्रकाशन पनि हो । क्षेत्रज्ञ अनासक्त, निर्विकार, नित्यतृप्त र अगोचर हुन्छ । तत्त्ववेत्ता विद्वान्हरूले क्षेत्र र क्षेत्रज्ञसम्बन्धी विषयलाई राम्ररी जान्दछन् ।

सङ्क्षिप्तमा भन्नुपर्दा शरीर क्षेत्र हो, यसलाई जान्ने क्षेत्रज्ञ (जीवात्मा) हो, क्षेत्र र क्षेत्रज्ञको जुन ज्ञान छ, त्यही वास्तविक तथा यथार्थ ज्ञान हो ।

**परमात्मा र क्षेत्रज्ञको ऐक्यता**

**क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।**
**क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥**

**पदार्थ**

**भारत** = हे भरतवंशी अर्जुन !
**सर्वक्षेत्रेषु** = सबै क्षेत्रहरूमा
**माम्** = मलाई, म परमात्मालाई
**क्षेत्रज्ञम्** = क्षेत्रज्ञ, जीवात्मा
**च अपि** = पनि
**विद्धि** = जान, सम्झ
**क्षेत्रक्षेत्रज्ञयो:** (क्षेत्रं च क्षेत्रज्ञं च तयो:) = क्षेत्र र क्षेत्रज्ञ (प्रकृति र पुरुष) को, क्षेत्र र क्षेत्रज्ञलाई जान्नेको
**यत्** = जुन
**ज्ञानम्** = ज्ञान (छ)
**तत्** = त्यो, त्यही नै
**ज्ञानम्** = ज्ञान (हो)
**मम** = मेरो
**इति** = यस्तो (भन्ने)
**मतम्** = मत छ, विचार छ

**भावार्थ**

हे भरतवंशी अर्जुन ! सबै क्षेत्रमा म परमात्मालाई नै क्षेत्रज्ञ जीवात्मा पनि जान, क्षेत्र र क्षेत्रज्ञ अर्थात् प्रकृति र पुरुषको जुन ज्ञान हो, त्यही नै ज्ञान हो भन्ने मेरो विचार छ ।

## भावबोधिनी व्याख्या

परमात्माको सर्वव्यापक अस्तित्व छ । उहाँ एक्लै नै अनगिन्ती क्षेत्र (शरीर)हरूमा आत्मरूपले विराजमान हुनुहुन्छ । यहाँ 'क्षेत्रज्ञ' भन्नाले सबै क्षेत्रमा रहने जीवात्मा सम्झनुपर्दछ । भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- सबै क्षेत्रमा रहने क्षेत्रज्ञ (जीवात्मा) भन्नु नै म (परमात्मा) हुँ ।

यसरी **"क्षेत्रज्ञं चापि मां विद्धि"** भनेर क्षेत्रज्ञ (जीवात्मा) र परमात्माको ऐक्य सम्बन्ध स्थापित गरिएको छ । यसरी नै यहाँ प्रयुक्त क्षेत्र शब्दले शरीरको बोध हुन्छ, जो प्रकृतिको द्योतक हो र "क्षेत्रज्ञ" शब्दले परमपुरुष परमात्माको बोध हुन्छ । त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- क्षेत्र र क्षेत्रज्ञको जुन ज्ञान छ, त्यही नै वास्तविक ज्ञान हो भन्ने मेरो धारणा छ ।

शरीर (क्षेत्र) प्रकृतिको अंश हो, यो प्राकृतिक जडतत्त्वले बनेको छ तर क्षेत्रज्ञ (जीवात्मा) चेतनतत्त्व हो, जसलाई परमात्माकै स्वरूप वा अंश भनिन्छ ।

शरीर (क्षेत्र) अचेतन छ, अचेतन शरीरमा प्रकाश वा ज्योतिको प्रस्फुरण प्रदान गर्ने क्षेत्रज्ञ हो । क्षेत्रहरू असङ्ख्य छन्, उपाधिभेदले प्रत्येक क्षेत्रमा रहने क्षेत्रज्ञ (जीवात्मा) पनि अनगिन्ती प्रतीत हुन्छ, वस्तुतः यसरी असङ्ख्यरूपमा प्रतीत हुने क्षेत्रज्ञ (जीवात्मा) नै परमात्मा हो । दुवैमा तादात्म्य- सम्बन्ध छ र ऐक्यभाव छ ।

## क्षेत्र र क्षेत्रज्ञको स्वरूप

**तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।**
**स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥**

## पदार्थ

| | |
|---|---|
| तत् = त्यो | यत् = जे हुन्छ |
| क्षेत्रम् = क्षेत्र, शरीर | च = र |
| यत् = जे हो | सः = त्यो, क्षेत्रज्ञ |
| च = र | यः = जे हो |
| यादृक् = जस्तो हो, छ | यत्प्रभावः (ये प्रभावाः शक्तयो यस्य सः) = जे प्रभाव वा सामर्थ्यवाला छ |
| च = र | तत् = त्यो कुरा |
| यद्विकारि (यः विकारः अस्यास्तीति तत्) = जे विकारवाला छ, परिवर्तनवाला छ | समासेन = सङ्क्षिप्तमा, छोटकरीमा, सङ्क्षेपले |
| च = र | मे = मबाट |
| यतः = जसबाट, जे कारणबाट | श्रृणु = सुन |

## भावार्थ

त्यो क्षेत्र जे हो, जस्तो हो, जे विचार वा परिवर्तनवाला छ, जसबाट जे हुन्छ, त्यो कुरा र त्यो क्षेत्रज्ञ जे हो, जे प्रभाव वा सामर्थ्यवाला छ, त्यो कुरा सङ्क्षेपमा मबाट सुन ।

### भावबोधिनी व्याख्या

यहाँ क्षेत्रको बारेमा चारवटा, क्षेत्रज्ञका बारेमा दुईवटा महत्त्वपूर्ण पक्ष छन्, जो यस प्रकार छ ।

क्षेत्र के हो वा त्यसको स्वरूप कस्तो छ ? त्यो कुन प्रकारको छ ? त्यसमा के विकार वा परिवर्तन हुन्छ ? त्यो कहाँबाट आएको हो ? अर्थात् मूलकारण के हो ? त्यसैगरी क्षेत्रलाई जान्ने क्षेत्रज्ञ के हो र स्वरूप कस्तो छ ? उसको कस्तो शक्ति, सामर्थ्य वा प्रभाव छ ? भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ, यी सबै कुरा म सङ्क्षेपमा बताउँछु, तिमी ध्यानपूर्वक सुन ।

अर्थो शब्दमा भन्नुपर्दा 'क्षेत्र' भनेको शरीर हो, त्यो कसरी बनेको छ र त्यसको स्वरूप कस्तो छ ? त्यसमा कुन प्रकारको परिवर्तन हुन्छ ? त्यो कहाँबाट आउँछ ? र त्यसैगरी 'क्षेत्रज्ञ' भनेको जीवात्मा हो र त्यसको स्वरूप कस्तो छ ? त्यो कस्तो शक्तिवाला छ ? यी सबै कुराका बारेमा भगवान् श्रीकृष्ण अर्जुनलाई राम्ररी सुन्न, बुझ्न र ग्रहण गर्न आज्ञा हुन्छ । यहाँ क्षेत्रका बारेमा चारवटा प्रश्नहरू छन् र क्षेत्रज्ञका बारेमा दुईवटा ।

क्षेत्रको स्वरूप यसै अध्यायको ५ र ६ श्लोकमा दिइएको छ र क्षेत्रज्ञको स्वरूप यसै अध्यायको २२, ३१ र ३३ श्लोकमा दिइएको छ ।

### क्षेत्र र क्षेत्रज्ञका महत्त्वको प्रतिपादन गर्नेहरू

**ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।**
**ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **ऋषिभिः** | = ऋषिहरूद्वारा | (गीतम्) | = गान गरिएको, वर्णन गरिएको |
| **बहुधा** | = धेरै प्रकारले | च | = र |
| **गीतम्** | = गान गरिएको, वर्णन गरिएको, तथ्य प्रकट गरिएको | विनिश्चितैः | = सुनिश्चित |
| **विविधैः** | = विविध, अनेक प्रकारका | हेतुमद्भिः | = युक्तियुक्त |
| **छन्दोभिः** | = श्रुतिवाक्यहरूद्वारा, वेदमन्त्रहरूद्वारा | ब्रह्मसूत्रपदैः | = ब्रह्मसूत्रका पदहरूद्वारा |
| | | एव | = पनि |
| **पृथक्** | = बेग्ला बेग्लै वा अलग अलगरूपमा | (गीतम्) | = क्षेत्र र क्षेत्रज्ञका तत्त्वको बयान गरिएको छ |

### भावार्थ

क्षेत्र र क्षेत्रज्ञका तत्त्वको विषयमा ऋषिहरूद्वारा धेरै प्रकारले गान गरिएको छ, अनेक प्रकारका श्रुतिवाक्यहरूद्वारा पनि अलग अलगरूपमा वर्णन गरिएको छ र ब्रह्मतत्त्वको बोध गराउने सुनिश्चित एवं युक्तियुक्त ब्रह्मसूत्रका पदहरूद्वारा पनि बयान गरिएको छ ।

## भावबोधिनी व्याख्या

क्षेत्र र क्षेत्रज्ञ एवम् अनात्म-आत्माको ज्ञान परम्परागत र पूर्वकथित एवं पूर्वनिर्धारित छ । क्षेत्र र क्षेत्रज्ञको रहस्य यी दुवैको वास्तविक तत्त्व र स्वरूपका बारेमा अनेकौं मन्त्रद्रष्टा ऋषिमुनिहरूले स्मृतिशास्त्र र अन्य पुराणादिग्रन्थहरूमा सविस्तार वर्णन गरेका छन्, यसैगरी चारै वेदहरू र उपनिषद् आदि श्रुतिग्रन्थहरू र यिनका अनेकौं वैदिक मन्त्रहरूले पनि अलग अलगरूपमा क्षेत्र र क्षेत्रज्ञको विशेष वर्णन गरेका छन् ।

ब्रह्मसूत्रका महावाक्यहरूद्वारा ब्रह्मतत्त्व के हो ? यसको स्वरूप कस्तो छ ? परब्रह्म परमात्माको साक्षात्कार कसरी गर्न सकिन्छ ? इत्यादि विषयमा सविस्तार वर्णन गरिएको छ ।

ब्रह्मसूत्रका पदहरू सन्देह, शङ्का र संशयरहित छन् र राम्ररी निर्णय गरेर युक्तियुक्त तर्क र विचार विमर्शद्वारा सुनिश्चित गरिएका छन् । यस किसिमका वेदान्तदर्शनसँग सम्बन्धित ब्रह्मसूत्रका पदहरूद्वारा पनि क्षेत्र र क्षेत्रज्ञको विषयमा विशद वर्णन गरिएको पाइन्छ । त्यसैले क्षेत्र र क्षेत्रज्ञको ज्ञान अतिउत्तम र परमश्रेष्ठ छ, यी दुवैको ज्ञानबाट मानिस आत्मवान् बन्न सक्तछ र मन्त्रद्रष्टा ऋषिमुनिहरू जस्तै परब्रह्मको साक्षात्कार गर्न सक्ने महात्मा बन्न सक्तछ ।

## चौबीस तत्त्वले युक्त क्षेत्रको स्वरूप

**महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।**
**इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥**

### पदार्थ

अव्यक्तम् (न व्यक्तम्)
= व्यक्त नहुने, मूलप्रकृति, केवल प्रकृतिकै रूपमा रहने
बुद्धिः = बुद्धि, समष्टि बुद्धि या महत्तत्त्व
अहङ्कारः = अहङ्कार
च = र
महाभूतानि (महान्ति च भूतानि)
= पञ्चमहाभूत (पृथिवी, जल, तेज, वायु, आकाश)
एव = नै, पनि
च = र
दश = दशवटा
इन्द्रियाणि = इन्द्रियहरू (पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय)
एकम् = एउटा मन
च = र
पञ्च = पाँचवटा
इन्द्रियगोचराः (इन्द्रियाणां गोचरा विषयाः)
= इन्द्रियका विषयहरू (रूप, रस, गन्ध, स्पर्श र शब्द)
(क्षेत्रम्) = यी चौबीस तत्त्वले युक्त क्षेत्र (छ)

### भावार्थ

मूलप्रकृति (अव्यक्त), बुद्धि (महत्तत्त्व), अहङ्कार, पञ्चमहाभूतहरू र दश इन्द्रियहरू, एउटा मन र पाँचवटा इन्द्रियका विषयहरू समेत गरी यो क्षेत्र जम्मा चौबीसवटा तत्त्वले युक्त छ ।

## भावबोधिनी व्याख्या

यहाँ प्रयुक्त अव्यक्त, बुद्धि, अहङ्कार, महाभूत, इन्द्रिय र इन्द्रियगोचर पदहरूले क्रमका कुरा बुझाउँछन्-

- **अव्यक्त-** जो व्यक्त वा प्रकट हुँदैन, त्यो अव्यक्त हुन्छ । साङ्ख्यदर्शनले मूलप्रकृतिलाई अव्यक्त मानेको छ, जो कसैको विकृति वा विकार नभई मूलप्रकृतिकै रूपमा रहन्छ ।
- **बुद्धि-** बुद्धिलाई महत्तत्त्व भनिन्छ । यो प्रकृति र विकृति दुवै अवस्थामा रहन्छ । यसबाट अहङ्कार पैदा हुन्छ । यो मूलप्रकृतिको विकृति भए पनि यो अर्को तत्त्वको उत्पादक भएकोले प्रकृति पनि हो ।
- **अहङ्कार-** अहङ्कार बुद्धि या महत्तत्त्वको विकृति हो । यो पञ्चमहाभूतको उत्पादक भएकोले प्रकृति पनि हो । अहङ्कार पनि सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ । अभिमान पनि अहङ्कार नै हो ।
- **महाभूत-** महाभूत भन्नाले पृथ्वी, जल, तेज, वायु, आकाश यी पाँचतत्त्वलाई जनाउँछ । यो पनि प्रकृति र विकृति दुवै हुन्छ । पाँचवटा शब्दादि विषय र मनसहित एघार इन्द्रियहरूको कारण या उत्पादक भएकोले यो प्रकृति हो, अहङ्कारबाट पैदा हुने हुँदा विकृति हो ।
- **एघार इन्द्रिय-** एउटा मन, पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियको समुदाय नै एकादश इन्द्रिय हुन्, आँखा, कान, नाक, जिब्रो र छाला यी पाँच ज्ञानेन्द्रिय हुन् र वाणी, हात, पाउ, उपस्थ, पायु (गुदद्वार) यी पाँच कर्मेन्द्रिय हुन् । मन अन्तःकरण हो । यी एघारवटै इन्द्रियगण विकृति मात्र हुन् ।
- **इन्द्रियगोचर**- भन्नाले इन्द्रियका विषयहरू हुन्- पाँचवटा ज्ञानेन्द्रियका पाँचै विषयहरू छन्, ती हुन्- रूप, शब्द, गन्ध, रस र स्पर्श यी पाँचवटै विषयहरू विकृति मात्र हुन् ।

**क्षेत्र** (शरीर) यी २४ वटै तत्त्वहरूको समष्टिरूप हो । पच्चीसौँ तत्त्व 'पुरुष' **क्षेत्रलाई** जान्ने हुँदा 'क्षेत्रज्ञ' हो । साङ्ख्यदर्शनमा मन, बुद्धि र अहङ्कार जस्ता **अन्तःकरणजन्य** तत्त्वहरूको र पञ्चमहाभूत दश इन्द्रिय र पाँच विषयहरूको **उत्पादक** तत्त्व पनि यही अव्यक्त प्रकृति नै हो । यही अव्यक्त नै व्यक्त तत्त्वहरूको **मूलकारण** पनि हो ।

## क्षेत्रका विकारहरू

**इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।**
**एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| **इच्छा** | = इच्छा, कामना | **सुखम्** | = सुख |
| **द्वेषः** | = द्वेष | **दुःखम्** | = दुःख |

| | |
|---|---|
| सङ्घातः = देहेन्द्रियको समूह (शरीर) | एतत् = यो |
| चेतना = चेतना, चेतनशक्ति | सविकारम् = विकारसहित |
| धृतिः (ध्रियते अनया इति) | क्षेत्रम् = क्षेत्र हो |
| = धृति, देहेन्द्रियादि जसबाट | समासेन = सङ्क्षेपले, सङ्क्षिप्तमा |
| धारण गरिन्छ, त्यो धृति हो | उदाहृतम् = कहियो, बताइयो |

## भावार्थ

इच्छा, द्वेष, सुख, दुःख, देहेन्द्रियको समूहरूप शरीर, चेतना, धृति यी सबै क्षेत्रका विकार हुन्, यसरी विकारसहित क्षेत्रका बारेमा सङ्क्षेपमा बताइयो ।

## भावबोधिनी व्याख्या

इच्छा, द्वेष, सुख, दुःख, सङ्घात, चेतना र धृति यी सबै अन्तःकरणका वृत्ति हुन् । यिनीहरू क्षेत्रका विकार मानिन्छन् । यिनीहरूको क्षेत्रसँग अतिघनिष्ठ या तादात्म्य-सम्बन्ध रहने हुँदा क्षेत्रका विकार हुन् ।

- **इच्छा-** मानिस आफूलाई सुखको अनुभूति हुने वस्तुको प्राप्तिका लागि सधैं कामना गरिरहन्छ, उसको यही आकाङ्क्षा, कामना, चाहना र लालसा नै इच्छा हो ।
- **द्वेषः-** जुन वस्तुबाट दुःखको अनुभूति हुन्छ, त्यस्तो वस्तु प्राप्तिप्रति घृणा र क्रोध पैदा हुन्छ । त्यसैले यस्ता वस्तुहरू द्वेष पैदा गर्ने खालका हुन्छन् ।
- **सुखम्, दुःखम्-** सुख अनुकूल परिस्थितिको द्योतक हो भने दुःख प्रतिकूल परिस्थितिको । सुखबाट मानिस प्रसन्न रहन्छ र आनन्दको अनुभूति गर्दछ तर दुःखबाट भने मनमा खिन्नता पैदा हुन्छ र दुःखको अनुभूति हुन्छ । शोक-करुणा आदि मानसिक विक्षोभ दुःखकै कारणबाट पैदा हुन्छन् ।
- **सङ्घातः-** शरीर र इन्द्रियहरूको समूहरूप स्थूल देह नै सङ्घात हो । यो पृथिवी, जल, तेज, वायु र आकाशको संयुक्त उत्पादन हो । यसैलाई सङ्घात भनिन्छ ।
- **चेतना-** चेतना पनि अन्तःकरणकै वृत्ति हो । क्षेत्रमा यसले प्राण भरिदिन्छ र सुखदुःखादिको अनुभूतिरूप ज्ञान पैदा गर्दछ ।
- **धृतिः-** ध्रियते इति धृतिः । जसले इन्द्रिय आदि २४ तत्त्वयुक्त क्षेत्र धारण गर्दछ । त्यो धारणा शक्ति नै धृति हो । यसले क्षेत्रका सुखदुःखादि सबै अवस्था र परिस्थितिको धारण गर्नुपर्ने हुँदा यो पनि क्षेत्रकै विकार मानिन्छ ।

## ज्ञानप्राप्तिका साधनहरू

### प्रथम- नौवटा ज्ञानप्राप्तिका साधनहरू

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

**शब्दार्थ**

**अमानित्वम्** = बढप्पनको अभिमान नहुनु, आफ्नो बढप्पन देखाउने मानित्व हो, त्यो नहुनु अमानित्व हो

**अदम्भित्वम्** = छलकपट र ढोंगीभाव नहुनु

**अहिंसा** = अहिंसा, हिंसाको अभाव, हानि नगर्नु

**क्षान्तिः** = क्षमा, सहनशीलता

**आर्जवम्** = सरलता, कुटिलभाव नहुनु

**आचार्योपासनम्** (आचार्यस्योपासनम्) = आचार्य वा गुरुको सेवा शुश्रूषा

**शौचम्** = शुद्धता, पवित्रता, शरीर तथा मन र वचनमा शुद्धता

**स्थैर्यम्** = स्थिरता

**आत्मविनिग्रहः** (आत्मनो विनिग्रहः) = इन्द्रियसहित शरीरको निग्रह, आत्मनियन्त्रण

**भावार्थ**

बढप्पनको अभिमान नहुनु, छलकपट र ढोंगी भाव नहुनु, कसैको हिंसा नगर्नु र कसैलाई नसताउनु, क्षमाशील बन्नु, कुटिलभाव नलिनु र सरल बन्नु, गुरुको सेवा-शुश्रूषा गर्नु, शुद्धता, अन्तःकरणको स्थिरता र इन्द्रियसहित शरीरको निग्रह- यी सबै ज्ञानका साधनरूप ज्ञान नै हुन् ।

**भावबोधिनी व्याख्या**

भगवद्गीताले यस १३ औं अध्यायको सातौं श्लोकदेखि एघारौं श्लोकसम्म ज्ञान प्राप्तिका जम्मा २० वटा साधनहरू बताएका छन्, यी ज्ञानका साधनहरूलाई पनि ज्ञान नै मानिएको छ, तीनमध्ये प्रथम नौवटा साधनहरू यस प्रकार छन्–

१. **अमानित्वम्- मानमस्यास्तीति मानी, तस्य भावो मानित्वम्, तस्याभावः अमानित्वम्** । मान, प्रतिष्ठा जसको छ, त्यो मानी हो, मानीको सम्मान, प्रतिष्ठा आदि बडप्पन देखाउनु मानित्व हुन्छ र बडप्पनको अभिमान नहुनु अमानित्व हुन्छ । अमानित्वले मानिस अभिमान र अहङ्काररहित भई शुद्ध र स्वच्छ बन्दछ ।

२. **अदम्भित्वम्- दम्भःअस्यास्तीति दम्भी, दम्भिनः भावः दम्भित्वम्, तस्याभावः अदम्भित्वम्** । छलकपट, ढोंगीभाव र देखावटीपन आदि दम्भ जसको छ, त्यो दम्भी हो, दम्भीको छलकपट, देखावटीपन र ढोंगीभावको पूर्ण व्यवहार देखाउनु दम्भित्व हुन्छ । त्यस्तो दम्भित्वको अभाव हुनु, अदम्भित्व हो, दम्भित्वले मानिसमा देखावटी कृत्रिम प्रवृत्तिको विकास हुन्छ र अदम्भित्वबाट यस किसिमका देखावटी ढोंग सबै हटेर मानिसको अन्तरात्मा सफा र निर्मल बन्दछ ।

३. **अहिंसा**- कुनै पनि प्राणीको हिंसा नगर्नु, दुःखकष्ट र पीडा नदिनु र कसैलाई नसताउनु नै अहिंसा हो, हिंसा गर्नु, गराउनु र अरूले गरेको हिंसाप्रति समर्थन जनाउनु पापकर्म हो ।

४. **क्षान्तिः**- क्षम्यते इति क्षान्तिः । क्षान्ति भनेको क्षमाभाव हो, अरूले आफूप्रति कुनै नराम्रो काम वा व्यवहार गरेमा उसप्रति वैरभाव नगर्नु, बदलाको भाव नलिनु, क्रोध वा रिस राग नलिनु नै क्षान्ति हो ।

५. **आर्जवम्- ऋजोर्भावः आर्जवम्** । ऋजु वा सरल हुनाको भाव नै आर्जव हो । मानिसले आफ्नो मनमा छलकपट वा कुटिल भाव नलिई सरलता अवलम्बन गर्नुपर्दछ । सौम्य र सरल बन्नु नै आर्जव हो ।

६. **आचार्योपासनम्-** गुरुविना ज्ञान प्राप्ति सम्भव नहुने हुँदा र आफ्ना गुरुले परमात्मतत्त्वको साक्षात्कार गराउने हुँदा आफ्ना गुरु वा आचार्यको सेवाटहल गर्नु, आफ्ना गुरु वा आचार्यको स्वागत-सत्कार गर्नु, गुरुको प्रणाम गर्नु, आफ्ना गुरुप्रति श्रद्धा र भक्तिभाव राख्नु, गुरुको आज्ञा पालना गर्नु र गुरुको अनुकूल हुने आचरण गर्नु आचार्योपासन हो ।

७. **शौचम्- शुचेर्भावः शौचम्** । शुद्ध वा पवित्र हुनुको भाव नै शौच हो । शारीरिक शुद्धीकरण महत्त्वपूर्ण पक्ष हो । सबै मानिसको मन, वचन, कर्म र व्यवहार सबै शुद्ध र स्वच्छ हुनुपर्दछ । बाहिरी देह र अन्तःकरण दुवैको शुद्धि नै शौच हो ।

८. **स्थैर्यम्- स्थिरस्य भावः स्थैर्यम्** । स्थिर हुनुको भाव नै स्थैर्य हो । जस्तोसुकै दुःख-कष्ट र आपत्ति आइपर्दा पनि धैर्य नछाड्नु, विचलित नहुनु र बुद्धिमा चञ्चलता न आउनु नै स्थैर्य हो ।

९. **आत्मविनिग्रहः- आत्मनो विनिग्रहः** । यहाँ 'आत्मा' भन्नाले शरीर, इन्द्रिय, मन र बुद्धि सबैलाई बुझाउँछ । यी सबैको निग्रह वा नियन्त्रण नै आत्मविनिग्रह हो । यसैलाई आत्मसंयम पनि भनिन्छ । मनमा उत्पन्न सङ्कल्प-विकल्पात्मक प्रवृत्तिहरूको नियन्त्रण वा आफूले आफैँलाई वशमा राख्नु नै आत्मविनिग्रह हो । माथिका यी सबै ज्ञानका साधन हुनाले ज्ञान नै हुन् ।

## दोस्रो- तीनवटा साधनहरू

**इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।**
**जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥**

## पदार्थ

**इन्द्रियार्थेषु** (इन्द्रियाणामर्थेषु शब्दादिविषयेषु) = इन्द्रियका शब्दादि विषयहरूमा
**वैराग्यम्** = वैराग्य, आसक्ति हुनु, अनासक्ति
**च** = र
**अनहङ्कारः** (न अहङ्कारः)= अहङ्कार नहुनु
**जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम्** (जन्म च मृत्युश्च जरा च व्याधयश्च दुःखानि च तेषु दोषाणामनुदर्शनम्) = जन्म, मृत्यु, बुढ्याइँ, रोग र दुःखादि प्रत्येकमा दोषहरूको विचार गर्नु वा दोषहरू देख्नु

## भावार्थ

इन्द्रियका शब्दादि विषयहरूमा वैराग्य हुनु अर्थात् सांसारिक भोगवासनामा आसक्ति नहुनु, अहङ्कार नहुनु र जन्म, मृत्यु, बुढ्याइँ, रोग र दुःखादि प्रत्येकमा दोषहरूको विचार गर्नु वा दोषहरू देख्नु- यी सबै ज्ञानका साधनरूप ज्ञान नै हुन् ।

## भावबोधिनी व्याख्या

ज्ञानका साधन र स्वरूपहरू देखाउने क्रममा यहाँ थप तीनवटा साधनहरू उल्लेख गरिएका छन्, ती हुन्-

**१०. इन्द्रियार्थेषु वैराग्यम्**- इन्द्रियका विषयहरूमा वैराग्य, रूप, रस, गन्ध, शब्द र स्पर्श यी इन्द्रियका विषहरू हुन् । यिनीहरूले नै सांसारिक भोग र वासनामा मानिसलाई निर्लिप्त गराउँछन्, यी सबै दुःख, पीडा र कष्टका कारण हुन् । यी विषयहरूप्रतिको अनुराग र आसक्तिको परित्याग नै वैराग्य हो । परमेश्वरप्रतिको अनुराग र सेवाभावबाट विषयासक्ति हट्दछ ।

**११. अनहङ्कारः**- अहङ्कारको अभाव । म र मेरो भन्ने भावप्रति अहङ्कार नहुनु र देहाभिमान नगर्नु नै अनहङ्कार हो । आफ्नो उच्चताप्रति घमण्ड गर्नु, मान, प्रतिष्ठा, विद्या र बुद्धिप्रति अभिमान गर्नु अहङ्कार हो । अहङ्कारले मानिसलाई पतन गराउँछ ।

**१२. जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम्**- जन्म, मृत्यु, वृद्धत्व, रोग व्याधि आदिप्रतिको दुःख र तिनका दोषहरूलाई सम्झनु र विचार गर्नु । यसप्रकारको विचार पनि ज्ञानको साधन हो । कुनै पनि व्यक्तिले आमाको गर्भमा रहँदा र जन्मने समयमा ठूलो कष्ट सहनुपर्छ । मृत्यु त्यो भन्दा पनि बढी पीडादायी र कष्टकर छ । वृद्धावस्था पनि दुःखकै कारण हो । जीवनमा नानाथरीका रोगव्याधहरू लाग्दछन्, तिनीहरू पनि दुःखकै घर हुन् । त्यसैले यी सबै दोषपूर्ण छन्, दुःख र पीडाले भरिएका छन् । यी सबै कुराको विचार गरी तिनप्रति अनासक्त भई वैराग्य हुनु पनि ज्ञान हो । यस ज्ञानबाट बन्धनमुक्त भई परमात्मालाई प्राप्त गर्न सकिन्छ ।

**तेस्रो- तीनवटा साधनहरू**

**असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।**
**नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥**

### पदार्थ

**पुत्रदारगृहादिषु** (पुत्राश्च दाराश्च गृहादयश्च तेषु) = पुत्र, स्त्री, घरपरिवार र अन्य प्रियजनहरूमा

**असक्तिः** = आसक्त नहुनु

**अनभिष्वङ्गः** (न अभिष्वङ्गः) = लिप्त वा लम्पट नहुनु, ममत्व भाव नराख्नु

**इष्टानिष्टोपपत्तिषु** (इष्टानामनिष्टानां च उपपत्तिषु प्राप्तिषु) = इष्ट तथा अनिष्ट अर्थात् प्रिय एवं अप्रिय कुराको प्राप्तिमा

**नित्यम्** = सधैं, निरन्तर, सदासर्वदा

**समचित्तत्वम्** = समचित्त रहनु, चित्तको समभाव हुनु

### भावार्थ

पुत्र, स्त्री, घर परिवार एवम् धनसम्पत्ति र अन्य प्रियजनहरूमा आसक्त नहुनु, ममत्वभाव राखेर तिनमा नै लम्पट वा लिप्त नहुनु, इष्ट (प्रिय) एवं अनिष्ट (अप्रिय) कुराको प्राप्तिमा निरन्तर चित्तको समभाव हुनु- यी सबै ज्ञान हुन्।

### भावबोधिनी व्याख्या

ज्ञानका साधनहरूमध्ये यहाँ थप तीनवटा साधनहरू बताइएका छन्–

१३. **पुत्रदारगृहादिषु असक्तिः-** पुत्र, स्त्री, गृहादिमा आसक्तिरहित हुनु । मानिस आफ्ना छोराछोरी, पत्नी, घर, आफ्ना बन्धुबान्धव, इष्टमित्र र धनदौलत आदि हरेक कुरामा अनासक्त हुनुपर्छ । यी कुराहरूप्रति आसक्ति वा स्नेह वा प्रेम बढ्दै गयो भने ऊ सांसारिक बन्धनमा पर्दछ । त्यसैले यी सबै कुरामा अनासक्त नै रहनुपर्दछ ।

१४. **अनभिष्वङ्गः-** अनुराग वा ज्यादा गाढा सम्बन्धरहित हुने काम । अभिष्वङ्ग भनेको स्नेह हो, अनुराग हो, प्रियता हो, गाढा सम्बन्ध हो र लम्पट भएर रहने काम हो । अर्काको सुख-दुःखमा सुखी वा दुःखी बन्नु पनि अभिष्वङ्ग नै हो । त्यसैले स्त्री, पुत्र, धनदौलत, घरपरिवार आदिमा ममताको भाव नराखेर अनभिष्वङ्ग अर्थात् ज्यादा अनुराग र गाढा सम्बन्धरहित हुनुपर्छ । यी कुराहरूप्रतिको तादात्म्य-सम्बन्धले ज्यादा विषयासक्त भई सांसारिक बन्धनमा पर्नु पर्ने हुँदा यिनीहरूप्रति लिप्त वा लम्पट नबनी अनभिष्वङ्ग नै रहनुपर्दछ ।

१५. **इष्टानिष्टोपपत्तिषु नित्यं समचित्तत्वम्-** प्रिय वा अप्रिय वस्तुको प्राप्तिमा चित्तको नित्य समभाव हुनु । मानिसलाई इष्ट वा अनुकूल कुराको प्राप्तिले सुखको अनुभूति हुन्छ र अनिष्ट वा हानिकारक वा प्रतिकूल कुराको प्राप्तिले दुःखको अनुभूति हुन्छ । त्यसैले मानिसको मनमा हर्ष शोकादिको कारणबाट विक्षोभ वा हलचल पैदा हुनुहुँदैन । प्रिय वा अप्रिय वाञ्छित वा अवाञ्छित, हितकर वा अहितकर, अनुकूल वा प्रतिकूल जस्तोसुकै समय, परिस्थिति र पदार्थहरूको प्राप्तिमा पनि नित्य समचित्त भएर रहन सक्नुपर्दछ ।

### चौथो- तीनवटा साधनहरू

**मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।**
**विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥**

### पदार्थ

**मयि** = म (परमेश्वर वासुदेव) मा
**अनन्ययोगेन** (न अन्यो भगवतो वासुदेवात्परो योगोऽस्ति तेन- शा.भा.) = म (वासुदेव) बाहेक अन्त कतै नलागेको अनन्ययोगद्वारा

**अव्यभिचारिणी** (न व्यभिचरितुं शीलमस्ति अस्याः अव्यभिचारिणी)
= कहिल्यै विचलित नै नभई निरन्तर लागिरहने
**भक्तिः** = भक्ति गर्नु
**च** = र

**विविक्तदेशसेवित्वम्** (विविक्तः शुद्धो देशस्तं सेवितुं शीलमस्तिअस्य, तस्य भावः)
= शुद्ध एवम् एकान्त स्थानमा बस्नु
**जनसंसदि** (जनानां संसदि)
= मानिसहरूको समुदायमा
**अरतिः** = प्रेम नहुनु, रुचि नहुनु

**भावार्थ**

मम (परमेश्वर वासुदेव) मा बाहेक अन्त कतै नलागेको अनन्ययोगद्वारा कहिल्यै विचलित नभई निरन्तर भक्ति गर्नु, शुद्ध एवम् एकान्तस्थानमा निवास गर्नु, मानिसहरूको समुदायमा प्रेम नहुनु- यी सबै ज्ञानका साधन हुनाले ज्ञान नै हुन्।

**भावबोधिनी व्याख्या**

यहाँ पनि ज्ञानका थप अरू तीनवटा साधनहरू बताइएका छन्, ती हुन्–

१६. **अनन्ययोगेन मयि अव्यभिचारिणी भक्ति-** अनन्ययोगद्वारा विचलित नभई ममा निरन्तर भक्ति गर्नु। परमेश्वर वासुदेवलाई नै सर्वश्रेष्ठ र सर्वोत्तम गति ठानेर उहाँमा नै शरणागत भई उहाँकै आश्रयमा रहनु नै अनन्ययोग हो। यसरी अनन्ययोगद्वारा विचलित मनस्थिति नलिई परमेश्वरको निरन्तर भक्ति गर्नु नै ज्ञानको साधन हो। यसैलाई अव्यभिचारिणी भक्ति भनिन्छ।

१७. **विविक्तदेशसेवित्वम्-** एकान्तमा रहने अभ्यास। ज्ञान प्राप्तिको साधनमा संलग्न व्यक्तिले शुद्ध एवं पवित्र स्थान र एकान्तमा बसेर भगवत्तत्त्वको चिन्तन गर्ने अभ्यास गर्नुपर्दछ। यसैलाई विविक्तदेशसेवित्व भनिन्छ। मन, बुद्धि र इन्द्रियहरूलाई रोकेर परमात्मतत्त्वको ज्ञान प्राप्तिमा निमग्न हुनका लागि विविक्त देश (एकान्त स्थल) ज्यादै उपयुक्त साधन हो। तपोवन, नदीतट, शुद्ध एवम् सौम्यस्थल पनि विविक्त देश नै हो। यस्तो ठाउँ आत्मसाक्षात्कारका लागि अतिउपयुक्त हुन्छ।

१८. **जनसंसदि अरतिः-** मानिसहरूको भीड भएको ठाउँमा अभिरुचि नहुनु। ज्ञान प्राप्तिको साधनामा संलग्न व्यक्तिले मानिसहरूको समुदाय र भीड भएको ठाउँमा बस्ने अभिरुचि लिनुहुँदैन। सांसारिक विषयमा आसक्त व्यक्तिहरूको संसर्ग ज्ञानमार्गको बाधक हुन्छ, तर साधु, सन्त र महात्माहरूको सत्सङ्ग भने ज्ञान प्राप्तिमा बाधक हुँदैन र त्यसप्रति रुचि हुनै पर्दछ।

**पाँचौं- अन्तिम दुईवटा साधनहरू**

**अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्।**
**एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा॥११॥**

## पदार्थ

**अध्यात्मज्ञाननित्यत्वम्** (नित्यस्य भाव: नित्यत्वम् अध्यात्मज्ञाने नित्यत्वम्)
= अध्यात्मसम्बन्धी विषयको ज्ञानमा निरन्तर लागिरहनु
**तत्त्वज्ञानार्थदर्शनम्** (तत्त्वज्ञानस्य अर्थस्य दर्शनम्) = तत्त्वज्ञानको अर्थरूप परमात्माको साक्षात्कार गर्नु
**एतत्** = यो मात्र, पूर्वोक्त साधनसमूह मात्र
**ज्ञानम्** = ज्ञान हो
**इति** = यस्तो, भनी
**प्रोक्तम्** = भनिएको छ, बताइएको छ
**यत्** = जो
**अत:** = यसभन्दा
**अन्यथा** = विपरीत छ, भिन्न छ
**(तत्)** = त्यो
**अज्ञानम्** = अज्ञान हो

## भावार्थ

अध्यात्मसम्बन्धी विषयको ज्ञानमा निरन्तर लागिरहनु र तत्त्वज्ञानको अर्थरूप परमात्माको साक्षात्कार गर्नु समेत यही पूर्वोक्त साधनसमूह मात्र ज्ञान हो भनी बताइएको छ, जो यसभन्दा भिन्न वा विपरीत छ, त्यो अज्ञान हो ।

## भावबोधिनी व्याख्या

ज्ञान पदले– आत्माको यथार्थ ज्ञान, चेतनतत्त्वको ज्ञान, प्रकाशको ज्ञान, परमात्मतत्त्वको ज्ञान र क्षेत्र एवं क्षेत्रज्ञको तत्त्वज्ञानलाई जनाउँछ ।

यसभन्दा पूर्व ज्ञानका अठारवटा साधनहरू बताइसकिएका छन् । यहाँ अन्य दुईवटा साधनहरू थप गरिएका छन्, ती हुन्-

१९. **अध्यात्मज्ञाननित्यत्वम्-** अध्यात्मज्ञानमा नित्य लागिरहनु । अध्यात्मज्ञानले आत्मतत्त्वको बोध गराउँछ । श्रुति भन्दछ– **"साक्षी चेता: केवलो निर्गुणश्च"** आत्मा चेतनस्वरूप छ, निर्गुण छ, अनश्वर एवम् निर्विकार छ, ऊ द्रष्टा र साक्षीस्वरूप पनि छ । उपनिषद् र अध्यात्मसम्बन्धी अन्य ग्रन्थहरूको अध्ययन, मनन, चिन्तन र सत्पुरुषहरूको सत्सङ्गले अध्यात्मतत्त्वको बोध गर्न सहयोग मिल्दछ । ज्ञान प्राप्तिमा इच्छा राख्ने साधकले अध्यात्मविषयको ज्ञानप्राप्तिमा निरन्तर लागिरहनुपर्दछ ।

२०. **तत्त्वज्ञानार्थदर्शनम्-** तत्त्वज्ञानको अर्थरूप परमात्माको दर्शन गर्नु । तत्त्वज्ञानको अर्थ वा उद्देश्य नै परब्रह्म परमात्मा हुनुहुन्छ । शाङ्करभाष्यमा तत्त्वज्ञानको अर्थ संसारबाट उपरम (निवृत्ति) रूप मोक्ष मानिएको छ । नित्यनिरन्तर परमात्मतत्त्वको चिन्तन, मनन, ध्यान र उपासनामा लागिरहनु नै तत्त्वज्ञानार्थ-दर्शन हो । यसैबाट सांसारिक विषयबन्धनबाट निवृत्त भई मोक्ष प्राप्त गर्न सकिन्छ । जीवात्मा २४ तत्त्वले बनेको शरीररूप जेलमा बन्दी बनेको छ । यी ज्ञानका साधनबाट ऊ बन्धन मुक्त हुन सक्तछ ।

सातौं श्लोकदेखि एघारौं श्लोकसम्म बताइएका साधनहरू सबै ज्ञान नै हुन्। यसभन्दा भिन्न वा विपरीत कुराले दम्भ, क्रोध, अभिमान आदि पैदा गर्ने यिनीहरू अज्ञान हुन्। राग, द्वेष आदि जति दोषहरू छन्, तिनीहरू पनि अज्ञान नै हुन्।

### ज्ञानद्वारा जानिने ज्ञेय-- परमात्मतत्त्व

**ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते।**
**अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥**

### शब्दार्थ

| | | | |
|---|---|---|---|
| यत् | = जो | अनादिमत् (आदिरस्यास्तीति आदिमत् न आदिमत्) | = आदि नभएको, अनादि |
| ज्ञेयम् | = जान्नुपर्ने वा जान्न लायक छ | परम् | = पर |
| यत् | = जसलाई | ब्रह्म | = ब्रह्म (हो) |
| ज्ञात्वा | = जानेर | न सत् | = त्यो न सत् (भनिन्छ), न त्यसको अस्तित्व (हुन्छ) |
| अमृतम् | = अमृत, अमृतत्व, अमरत्व | न असत् | = न त असत् नै, न त अस्तित्व नै नभएको |
| अश्नुते | = प्राप्त हुन्छ | उच्यते | = भनिन्छ |
| तत् | = त्यो, जान्नलायक तत्त्व | | |
| प्रवक्ष्यामि | = बताउँछु | | |
| तत् | = त्यो तत्त्व | | |

### भावार्थ

अब म तिमीलाई त्यो तत्त्व बताउँछु, जो जान्नुपर्ने वा जान्न योग्य (ज्ञेय) छ, जसलाई जानेपछि अमृतत्व प्राप्त गर्न सकिन्छ, त्यो तत्त्व परब्रह्म हो, जो अनादिमत् छ अर्थात् जसको आदि नै छैन र जो न सत् (अस्तित्ववान्) छ, न त असत् (अस्तित्व नै नभएको) छ भनिन्छ।

### प्रबोधिनी व्याख्या

भगवान् श्रीकृष्ण अर्जुनलाई ज्ञेयतत्त्व बताउन लाग्नुभएको छ। जुन तत्त्व सबैले अवश्य जान्नुपर्ने हुन्छ। जसको वर्णन उपनिषद्, वेदान्त आदि ग्रन्थहरूले विस्तृत रूपमा गरेका छन्। त्यो ज्ञेयतत्त्व हो- परब्रह्म परमात्मा, जसलाई जानेपछि अमृतत्वको अनुभूति हुन्छ र अमरत्व प्राप्त हुन्छ, अर्थात् जन्ममरणरूप सांसारिक बन्धनबाट छुटकारा पाइन्छ र परब्रह्म परमात्मालाई प्राप्त गर्न सकिन्छ।

परब्रह्म परमात्माको कुनै आदि वा अन्त छैन, उहाँ न त सत् हुनुहुन्छ, न त असत् नै। उहाँको न कुनै अस्तित्व हुन्छ न त अनस्थित्व नै हुन्छ। अस्तित्व भएको सत् हुन्छ र अस्तित्व नभएको वस्तुमात्र असत् हुन्छ। त्यसैले परब्रह्म परमात्मा सत् असत् दुवै तत्त्वबाट पर हुनुहुन्छ, उहाँको स्वरूप अकथनीय एवम् अनिर्वचनीय छ, त्यसैले उहाँ ज्ञातव्य एवम् ज्ञेय हुनुहुन्छ।

## ज्ञेय– परब्रह्मतत्त्वको वर्णन

**सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।**
**सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥**

### पदार्थ

**सर्वतः पाणिपादम्** (पाणयश्च पादाश्च पाणिपादम्, सर्वतः पाणिपादमस्य, तत्)
= जसका हातपाउ सबैतिर छन्, सबैतिर हातपाउ भएका

**सर्वतोऽक्षिशिरोमुखम्** (सर्वतः अक्षीणि च शिरांसि च मुखानि यस्य, तत्)
= जसका आँखा, शिर र मुखहरू पनि सबैतिर छन्, सबैतिर आँखा, शिर र मुख भएका

**सर्वतःश्रुतिमत्** (सर्वतः श्रुतयः यस्य सन्ति, तत्) = जसका कान सर्वत्र छन्, सबैतिर श्रवणेन्द्रिय भएका

**तत्** = त्यस्ता ज्ञेय परब्रह्म

**लोके** = लोकमा, संसारमा

**सर्वम्** = सबैलाई

**आवृत्य** = व्याप्त गरेर, ढाकेर

**तिष्ठति** = रहनुहुन्छ, स्थित हुनुहुन्छ

### भावार्थ

जसका हातपाउ सबैतिर फैलिएका छन्, जसका आँखा, शिर र मुखहरू पनि सबैतिर छन्, जसका कान पनि सर्वत्र छन्, त्यस किसिमका ज्ञेय परब्रह्म संसारमा सबैलाई व्याप्त गरेर रहनुभएको छ ।

### भावबोधिनी व्याख्या

परब्रह्म परमात्मा अनन्तकोटि ब्रह्माण्डमा नै व्याप्त हुनुहुन्छ । तुलसीदासजी भन्नुहुन्छ– चारै दिशा रामै रामले ढाकेको छ, राम बाहेक अरू केही छैन– **"चहुँ दिसि राम और नहिं दूजा"** । भगवद्गीता बताउँछ **'वासुदेवः सर्वम्', 'सर्वमावृत्य तिष्ठति'** चराचर अनन्त ब्रह्माण्ड वासुदेवमय छ, उहाँले नै सबै ढाकेर रहनुभएको छ । उहाँका हात र पाउ जल, स्थल र आकाश सर्वत्र फैलिएका छन् । उहाँका आँखा, शिर र मुखले न ढाकेको कुनै पनि ठाउँ छैन । उहाँका कानहरू पनि सर्वत्र छन् । त्यसैले उहाँ आफ्ना प्यारा उपासकहरूले भक्तिपूर्वक समर्पण गरेका पत्रपुष्पादिहरू जहाँ भए पनि देख्नुहुन्छ अनि ग्रहण गर्नुहुन्छ र भक्तका स्तुति प्रार्थनाहरू, मन्त्रजापहरू र आर्तनादहरू टड्कारो रूपमा सुन्नुहुन्छ ।

त्यसैले ज्ञेयस्वरूप परब्रह्म परमात्मा सर्वव्यापक हुनुहन्छ, सर्वात्मस्वरूप हुनुहन्छ । उहाँको एकांशले यो सबै जगत् ढाकिएको छ । जगत्को मूल आधार र मूल प्रतिष्ठान पनि उहाँ नै हुनुहुन्छ । श्रुति भन्दछ- उहाँको नाभि नै अन्तरिक्ष हो, शिर नै स्वर्ग र आकाश हो, समग्र भू-भाग र दिशाहरू उहाँका पाउ हुन्, वायु प्राण हो, सूर्य र चन्द्रमा नेत्र हुन् र मुख नै अग्नि हो ।

## परब्रह्म परमेश्वरको अनिर्वचनीय सगुण तथा निर्गुणस्वरूप

**सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।**
**असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥**

### पदार्थ

| | |
|---|---|
| (तत्) = त्यो ज्ञेय परब्रह्मतत्त्व | असक्तम् = आसक्ति एवं सम्पर्करहित |
| सर्वेन्द्रियगुणाभासम् (सर्वाणि च इन्द्रियाणि तेषां गुणानामाभासः यस्मिन्, तत्, अथवा सर्वाणि च इन्द्रियाणि तेषां गुणैराभासते इति) = सबै इन्द्रियका गुणहरूबाट प्रतिभासित (प्रतीत) हुने | सर्वभृत् (सर्वं बिभर्तीति) = सबैलाई धारण र पोषण गर्ने |
| सर्वेन्द्रियविवर्जितम् (सर्वाणि च इन्द्रियाणि-विवर्जितम्)= सबै इन्द्रियहरूले रहित | च = र |
| | निर्गुणम् = गुणहरूले रहित, निर्गुण |
| | एव = पनि |
| | च = र |
| | गुणभोक्तृ = गुणभोक्ता पनि |
| | (अस्ति) = छ |

### भावार्थ

त्यो ज्ञेय परब्रह्मतत्त्व सबै इन्द्रियका गुणहरूबाट प्रतिभासित वा प्रतीत हुन्छ र सबै इन्द्रियहरूले रहित छ, आसक्ति एवं सम्बन्धरहित भएर पनि सबैलाई धारणपोषण गर्नेवाला छ र निर्गुण भएर पनि गुणभोक्ता छ।

### भावबोधिनी व्याख्या

ज्ञेय परब्रह्म परमात्मा आँखा, कान, नाक आदि ज्ञानेन्द्रिय र वाणी, हात, पाउ आदि कर्मेन्द्रियहरूबाट पनि रहित अर्थात् सर्वेन्द्रिय विवर्जित हुनुहुन्छ, तरपनि उहाँ इन्द्रियका विषयहरू ग्रहण गर्न समर्थ हुनुहुन्छ र इन्द्रियकै गुणहरूले प्रतिभासित हुनुहुन्छ। इन्द्रियका सबै गुणहरू परब्रह्ममै व्याप्त छन् तरपनि उहाँ स्वयं गुणातीत हुनुहुन्छ। श्रुतिमा बताइएको छ- **"अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः स शृणोत्यकर्णः"**- श्वेता. उप. ३/१९

उसको हात र खुट्टा छैनन्, ऊ ग्रहण गर्न र दगुर्न सक्तछ, आँखा र कान नभएपनि हेर्न र सुन्न समर्थ छ। वास्तवमा परब्रह्म सबै इन्द्रियहरूको आधार हुनुहुन्छ तर पनि इन्द्रियरहित हुनुहन्छ। परब्रह्मको कुनै पदार्थ वा प्राणीहरूमा न आसक्ति छ, न त सम्बन्ध नै। उहाँ स्वयं अनासक्त हुनुहुन्छ तर पनि उहाँ सबै प्राणीहरूको भरणपोषण कर्ता हुनुहुन्छ। परब्रह्म परमात्मा सत्त्व, रज र तम तीनै गुणहरूबाट सर्वथा अतीत हुनुहुन्छ। निर्गुण एवं गुणहरूबाट निर्लिप्त भएर पनि समस्त गुणहरूको भोक्ता हुनुहुन्छ अर्थात् गुणरहित भएर पनि गुणको उपभोक्ता हुनुहुन्छ।

### परमात्माको सर्वव्यापकता

**बहिरन्तश्च भूतानामचरं चरमेव च।**
**सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| (तत्) | = ज्ञेय परब्रह्म | तत् | = उहाँलाई |
| भूतानाम् | = सबै भूतहरूको | सूक्ष्मत्वात् | = सूक्ष्महुनाले |
| बहिः | = बाहिर पनि | अविज्ञेयम् | = जान्न नसकिने र जान्न कठिन (हुनुहुन्छ) |
| अन्तः | = भित्र पनि (स्थित हुनुहुन्छ) | | |
| च | = र | च | = र |
| चरम् | = चर पनि | तत् | = उहाँ |
| अचरम् | = अचर, अचल (हुनुहुन्छ) | दूरस्थम् | = ज्यादा टाढा रहेर |
| एव | = पनि | च | = पनि |
| च | = तथा | अन्तिके | = अतिनजिकै (हुनुहुन्छ) |

## भावार्थ

ज्ञेय परब्रह्म परमात्मा सबै भूतहरूको बाहिर पनि भित्र पनि स्थित हुनुहुन्छ र उहाँ चर पनि हुनुहुन्छ र अचर पनि । ज्यादै सूक्ष्म हुनाले उहाँ जान्न नसकिने हुनुहुन्छ र ज्यादा टाढा रहेर पनि उहाँ अतिनजिकै हुनुहुन्छ ।

## भावबोधिनी व्याख्या

सम्पूर्ण चराचर जगत् परब्रह्म परमात्माले व्याप्त छ । 'वासुदेवः सर्वम्' यो जगत सबै वासुदेवमय छ । परमेश्वर वासुदेवले व्याप्त नभएको सत् वा असत् कुनै पनि वस्तु छैन । ज्ञेयस्वरूप परमात्मा समग्र भूतहरूको बाहिर पनि हुनुहुन्छ र भित्र पनि हुनुहुन्छ । उहाँ चर जगत्मा पनि हुनुहुन्छ र अचरमा पनि । उहाँ चेतनमा हुनुहन्छ र अचेतनमा पनि । त्यसैले चराचर जगत् परब्रह्म परमात्मामय छ र उहाँको स्वरूपभन्दा भिन्न कुनै पनि कुरा छैन ।

परब्रह्म परमात्मा अणु, परमाणुभन्दा पनि सूक्ष्म हुनाले उहाँ अविज्ञेय (जान्न नसकिने), अकथनीय (बताउन नसकिने) र अनिर्वचनीय निरूपण गर्न नसकिने हुनुहुन्छ । त्यसैले उहाँलाई हाम्रा इन्द्रिय र अन्तःकरणहरूले ठम्याउन सक्तैनन् । उहाँ अगोचर एवम् अतीन्द्रिय हुनुहुन्छ । उहाँ स्थान एवम् काल दुवै दृष्टिले नजिकभन्दा ज्यादै नजिक अर्थात् भक्तहरूकै समीपमै हुनुहुन्छ र अझ हृदयमै निवास गर्नुहुन्छ । त्यसरी नै उहाँ टाढाभन्दा पनि टाढा दूरस्थ हुनुहुन्छ । उहाँ सृष्टिभन्दा पहिले पनि हुनुहुन्थ्यो, अहिले पनि हुनुहुन्छ र भविष्यमा पनि उहाँ नै रहिरहनुहुनेछ । त्यसैले उहाँ सर्वत्र परिपूर्ण हुनुहुन्छ, उहाँभन्दा बाहिर सानो कण पनि छैन, त्यसैले उहाँ सर्वव्यापक, सार्वकालिक र सार्वभौम हुनुहुन्छ ।

## परब्रह्मको अविभक्त-स्वरूप

**अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।**
**भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥**

### शब्दार्थ

| | | | |
|---|---|---|---|
| (तत्) | = ज्ञेय परब्रह्म परमात्मा | तत् | = ती |
| अविभक्तम् | = विभक्त नभएर, अलग-अलग नभएर | ज्ञेयम् | = ज्ञेय परब्रह्म परमात्मा |
| च | = पनि | प्रभविष्णु | = सबैलाई उत्पन्न गर्ने सृष्टिकर्ता (हुनुहुन्छ) |
| भूतेषु | = सबै भूतहरूमा, समग्र प्राणीहरूमा | च | = र |
| विभक्तम् | = विभक्त, भिन्न भिन्न | भूतभर्तृ (भूतानि बिभर्तीति) | = भूतहरूलाई धारण गर्ने र भरणपोषण गर्ने (हुनुहुन्छ) |
| इव | = जस्ताभैँ भएर | | |
| स्थितम् | = स्थित, आभासित या प्रतीत (हुनुहुन्छ) | च | = र |
| च (तथा) | = त्यसरी नै | ग्रसिष्णु | = सबै संहार गर्ने पनि (हुनुहुन्छ) |

### भावार्थ

ज्ञेयस्वरूप परब्रह्म परमात्मा विभक्त या अलग अलग नभएर पनि समग्र प्राणीहरूमा विभक्त अर्थात् भिन्न भिन्न भए जस्ताभैँ भएर आभासित हुनुहुन्छ, त्यसरी नै ज्ञेय परब्रह्म परमात्मा सबैलाई उत्पन्न गर्ने सृष्टिकर्ता हुनुहुन्छ, सबैलाई धारण गर्ने, भरण पोषण गर्ने र सबैलाई संहार गर्ने पनि हुनुहुन्छ, अर्थात् उहाँ एक्लै ब्रह्मा, विष्णु र रुद्र तीनै रूपमा रहनुहुन्छ।

### साधकबोधिनी व्याख्या

यद्यपि परब्रह्म परमात्मा विभागरहित, अखण्ड, अविभक्त र स्वयं पूर्ण हुनुहुन्छ तर पनि जसरी एउटै बृहत् एवम् व्यापक आकाश प्रत्येक घडामा हेर्दा विभक्त र [illegible] जस्तै देखिन्छ, त्यसरी नै अखण्ड एवं अविभक्त परमात्मा पनि भिन्न भिन्न प्राणीहरूको उपाधि भेदले अलग अलग जस्तैभैँ भएर स्थित हुनुभएको प्रतीत हुन्छ।

त्यसरी नै परब्रह्म परमात्मा वस्तुतः एउटै अविभाज्य र अखण्डित हुनुहुन्छ, तर पनि उहाँ उत्पत्ति, स्थिति र लयको दृष्टिले सृष्टिकर्ता ब्रह्मा, पालन पोषणकर्ता विष्णु र संहारकर्ता शिव तीनै रूपमा आभासित हुनुहुन्छ।

यहाँ प्रयुक्त "प्रभविष्णु" पदले उत्पत्ति गर्ने ब्रह्मालाई जनाउँछ। "भूतभर्तृ" पदले स्थितिको समयमा भूतहरूको भरणपोषण गर्ने विष्णुलाई र "ग्रसिष्णु" पदले प्रलयकालमा सबै ग्रस्त वा संहार गर्ने शिवलाई जनाउँछन्।

### ज्योतिस्वरूप परब्रह्म परमात्मा

**ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते।**
**ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥**

## पदार्थ

| | |
|---|---|
| तत् | = ज्ञेयस्वरूप परब्रह्म |
| ज्योतिषाम् | = ज्योतिहरूको (सूर्यादिको) |
| अपि | = पनि |
| ज्योतिः | = ज्योतिरूप हुनुहुन्छ |
| तमसः | = अज्ञानता वा मायाबाट, अन्धकारबाट |
| परम् | = पर, धेरै पर रहेको |
| उच्यते | = बताइन्छ, भनिन्छ |
| ज्ञानम् | = ज्ञानस्वरूप |
| ज्ञेयम् | = जान्नयोग्य |
| ज्ञानगम्यम् | (ज्ञानेन गम्यम्) = ज्ञानबाट प्राप्त गर्न सकिने |
| सर्वस्य | = सबैको |
| हृदि | = हृदयमा |
| विष्ठितम् | = स्थित (हुनुहुन्छ) |

## भावार्थ

ज्ञेयस्वरूप परब्रह्म परमात्मा ज्योतिहरूको पनि ज्योति हुनुहुन्छ । अनि अन्धकारबाट धेरै पर हुनुहुन्छ र अज्ञानता वा मायाबाट पनि पर हुनुहुन्छ । उहाँ ज्ञानस्वरूप हुनुहुन्छ अनि ज्ञेय अर्थात् जान्न योग्य एवम् ज्ञानगम्य अर्थात् ज्ञानबाट प्राप्त गर्न सकिने हुनुहुन्छ र उहाँ सबैको हृदयमा रहनुहुन्छ ।

## भावबोधिनी व्याख्या

परब्रह्म परमात्मा ज्योतिको पनि परमज्योति हुनुहुन्छ र प्रकाशकको पनि परम प्रकाशक हुनुहुन्छ । उहाँकै तेज वा दीप्तिले प्रकाशित भई सूर्य, चन्द्र, अग्नि आदि प्रकाशित हुन्छन्, त्यसैले उहाँ प्रकाशको पनि प्रकाश हुनुहुन्छ । श्रुति भन्दछ **"तस्य भासा सर्वमिदं विभाति"** उहाँकै प्रकाशले सम्पूर्ण दृश्यजगत् र सबै वस्तु प्रकाशित हुन्छन् । त्यसैगरी परब्रह्म परमात्मा अन्धकारबाट पर हुनुहुन्छ र अज्ञानता एवम् मायाबाट पनि पर हुनुहुन्छ । श्रुति भन्दछ- **"आदित्यवर्णं तमसः परस्तात्"**- श्वेता. उप. ३/८ । परब्रह्म परमात्मा स्वयं ज्ञानस्वरूप हुनुहुन्छ र जान्न योग्य ज्ञेय पनि हुनुहुन्छ, मन, बुद्धि र इन्द्रियहरूले जे जान्न खोजिन्छ, ती सबै ज्ञेय (जान्न योग्य) होइनन्, जान्न योग्य र ज्ञानबाट प्राप्त गर्न सकिने ज्ञानगम्य त एउटै परब्रह्म परमात्मा मात्र नै हुनुहुन्छ । समस्त वेदहरूले पनि जान्न योग्य या वेद्य त उहाँ नै हुनुहुन्छ भनी बताएका छन् ।

**"वेदैश्च सर्वैरहमेव वेद्यः"** भ.गी. १५/१५

यसरी नै समग्र प्राणीहरूको हृदयमा परब्रह्म परमात्मा नै रहने हुँदा उहाँ सर्वव्यापक हुनुहुन्छ र सर्वत्र विराजमान हुनुहुन्छ– **"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति"**- भ.गी. १८/६१

**क्षेत्र, ज्ञान र ज्ञेयको स्वरूप जानेपछि परब्रह्म परमात्मालाई प्राप्त गर्न सकिन्छ**

> **इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।**
> **मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥**

| | | | |
|---|---|---|---|
| = यसप्रकार, यसरी | | समासतः | = सङ्क्षेपमा |
| = क्षेत्रको विषयमा | | उक्तम् | = बताएँ |
| = तथा | | मद्भक्तः | = मेरो भक्त |
| = ज्ञानका विषयमा | | एतत् | = यसलाई |
| = ज्ञेयस्वरूप परमात्माका विषयमा | | विज्ञाय | = जानेर, बुझेपछि |
| | | मद्भावाय | = मेरै भाव वा स्वरूपलाई |
| = पनि | | उपपद्यते | = प्राप्त गर्छ |

प्रकार क्षेत्र, ज्ञान र ज्ञेयस्वरूप परमात्माको विषयमा सङ्क्षेपमा बताएँ । मेरो यो जाने बुझे पछि मेरै भाव वा स्वरूपलाई प्राप्त गर्दछ ।

**बोधिनी व्याख्या**

अध्यायमा सबभन्दा पहिले शरीर क्षेत्र हो, त्यो क्षेत्र पञ्च महाभूत, दश इन्द्रिय, इन्द्रियका विषयहरू र मन, बुद्धि, अहङ्कार एवम् मूलप्रकृति (अव्यक्त) समेत २४ र इच्छा द्वेषादि ७ विकारसहितबाट बनेको छ भन्ने कुरा व्यक्त गरिएको छ । पछि अमानित्व आदि ज्ञानका बीस साधनहरू नै ज्ञान हुन् र यसभन्दा भिन्न अज्ञान हुन् भन्ने कुरा दर्शाइयो र ज्ञेयस्वरूप परब्रह्म परमात्मा अनिर्वचनीय, भक्त, सर्वव्यापक एवम् ज्योतिस्वरूप हुनुहुन्छ भन्ने कुरा व्यक्त गरियो ।
भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- हे अर्जुन ! मैले क्षेत्र, ज्ञान र ज्ञेयका बारेमा क्षेपमा बताएँ, मेरो भक्त यसरी क्षेत्र, ज्ञान र ज्ञेयरूप परमात्मतत्त्वलाई पछि मेरै भाव वा स्वरूपलाई प्राप्त गर्छ ।

**ति र पुरुषको अनादित्व**

**प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।**
**विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसम्भवान् ॥१९॥**

| | | | |
|---|---|---|---|
| तिम् | = प्रकृति (अव्यक्त), त्रिगुणात्मिका माया | विकारान् | = विकारहरूलाई, (इच्छा, द्वेष, सुखदुःखादि विकारहरूलाई) |
| | = र | च | = र |
| म् | = पुरुष, जीवात्मा, क्षेत्रज्ञ | गुणान् | = गुणहरूलाई |
| | = दुवैलाई | अपि | = पनि |
| | = नै | प्रकृतिसम्भवान् (प्रकृतेः सम्भवान्) | = प्रकृतिबाट उत्पन्न भएका |
| | = अनादि, (प्रकृति र पुरुष दुवै अनादि भएको) | एव | = नै |
| | = जान | विद्धि | = जान, सम्झ |
| | = र | | |

## भावार्थ

प्रकृति (अव्यक्त) र पुरुष (जीवात्मा) दुवैलाई नै अनादि जान । इच्छा (राग), द्वेष, सुखदुःखादि विकारहरूलाई र गुणहरूलाई पनि प्रकृतिबाट नै उत्पन्न भएका जान ।

## भावबोधिनी व्याख्या

**न आदिः अनादिः**; जसको आदि छैन, त्यो अनादि हुन्छ र प्रकृति र पुरुष दुवै अनादि हुन् । दुवै नित्य छन् । यहाँ 'प्रकृति' भन्नाले जगत्को कारणरूप मूलप्रकृतिलाई जनाउँछ । पृथिवी, जल, तेज, वायु, आकाश यी पञ्चमहाभूत, बुद्धि (महत्तत्त्व) र अहङ्कार यी सातवटा तत्त्व प्रकृति-विकृति हुन्, पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय र रूप, रस, शब्द, स्पर्श, गन्ध यी पाँच विषयहरू र मन समेत यी सो‌ह्र तत्त्व विकृति मात्र हुन् । यसरी सातवटा प्रकृति-विकृति र सोह्रवटा विकृति मात्र गरेर जम्मा तेईसवटा तत्त्व प्रकृतिका कार्य हुन् । यी सबैको मूलकारण प्रकृति हो । यो अनादि छ, यसलाई माया पनि भनिन्छ, यी सबै प्रकृतिकै विकार हुन् । प्रकृतिको शक्तिरूपा मायाविना कुनै पनि भूतसमुदायको अस्तित्व सम्भव छैन । यो सबै जगत् प्रकृतिकै रचना हो र प्रकृतिकै कार्य हो ।

यहाँ 'पुरुष' पदले क्षेत्रज्ञलाई बुझाउँछ, जसलाई जीवात्मा पनि भनिन्छ । यो परब्रह्म परमात्माकै अंश हो, यो शुद्ध चेतनस्वरूप छ र प्रकाशस्वरूप पनि छ । यो अनादि पनि छ ।

प्रकृति र पुरुष दुवै अनादि भएर पनि 'प्रकृति' सत्त्व, रज, तम त्रिगुणात्मिका छ र कार्यकारणभावले परिपूर्ण छ, तर पुरुष भने विकाररहित र गुणातीत पनि छ । प्रकृति अनात्म छ तर पुरुष भने आत्मस्वरूप छ, यहाँ बताइएको पुरुष साङ्ख्यदर्शनको पुरुष होइन, यो उपनिषद्मा वर्णित पुरुष हो, जसलाई क्षेत्रज्ञ पनि भनिन्छ ।

इच्छा, द्वेष, सुख, दुःख, सङ्घात, चेतना र धृति यी सातवटा विकारहरू र सत्त्व, रज र तम यी तीनवटै गुणहरू प्रकृतिबाट नै उत्पन्न भएका हुन् । **"सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः"**- भ.गी. १४/५ परब्रह्म परमात्माकै रेखदेख र अधीनत्वमा रहेर प्रकृतिले चराचर जगत्को संरचना गर्दछ ।

## प्रकृति र पुरुष दुवैको हेतुत्व

**कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।**
**पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥**

## पदार्थ

**कार्यकरणकर्तृत्वे** (कार्यञ्च करणानि च तेषां कर्तृत्वे) = कार्य र करणको उत्पत्तिमा
**हेतुः** = कारण
**प्रकृतिः** = प्रकृति (हो भनी)
**उच्यते** = भनिन्छ
**सुखदुःखानाम्** (सुखानि च दुःखानि च तेषाम्) = सुख र दुःखहरूको
**भोक्तृत्वे** = उपभोगमा, भोक्तापनमा
**हेतुः** = कारण
**पुरुषः** = पुरुष, जीवात्मा
**उच्यते** = भनिन्छ, कहिन्छ

### भावार्थ

कार्य र करणको कर्तृत्व वा उत्पत्तिमा कारण प्रकृति हो भनिन्छ र सुख-दुःखहरूको अनुभव वा उपभोगमा कारण पुरुष या जीवात्मा हो भनिन्छ।

### भावबोधिनी व्याख्या

कार्य र करण दुवै प्रकृतिबाट उत्पन्न भएका हुन् र प्रकृति यी दुवैको मूलकारण हो। कार्यसमुदाय र करणवर्गमा प्रकृतिबाहेक अरू तेईसवटै तत्त्वहरू पर्दछन्।

पृथिवी, जल, तेज, वायु, आकाश यी पञ्चमहाभूतहरू र रूप, रस, गन्ध, स्पर्श शब्द यी पाँच इन्द्रियका विषयहरू कार्य हुन्। पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय र मन, बुद्धि, अहङ्कार यी तेह्र तत्त्वहरू करण हुन्। यी तेईसवटै तत्त्वहरू प्रकृतिबाट उत्पन्न हुने हुँदा कार्य र करणको कर्तृत्वमा मुख्य 'हेतु' प्रकृति मानिन्छ। यिनीहरू प्रकृतिबाटै उत्पन्न हुने र प्रकृतिमै लय हुने हुँदा प्रकृतिकै अवयव र प्रकृतिकै अङ्ग हुन्, त्यसैले मानव शरीर उत्पत्तिको मूलकारण नै प्रकृति हो।

यहाँ 'पुरुष' भन्नाले शुद्ध, चैतन्यस्वरूप आत्मतत्त्वलाई बुझाउँछ, जसलाई क्षेत्रज्ञ या जीवात्मा पनि भनिन्छ। तर परमात्मतत्त्व वा परमपुरुष भने यसभन्दा पनि सर्वोच्च छ। यहाँ उल्लिखित पुरुष या जीवात्मा निर्लिप्त छ, निराश्रय छ, निरासक्त वा असङ्ग छ र अकर्ता पनि छ। यस किसिमको पुरुषबाट भोक्तापनको अनुभूति नहुने भए तापनि प्रकृतिका गुणहरूसँगको सङ्ग वा संसर्गले गर्दा सुख-दुःखको अनुभूति वा भोक्तापनको कारण पुरुष नै मानिन्छ। जड प्रकृतिबाट 'भोक्तृत्व' सम्भव नहुने हुँदा प्रकृतिमा रहेको पुरुष नै सुख-दुःखादिको अनुभूति गर्ने 'हेतु' हो भनिन्छ। पुरुष प्रकृतिजन्य शरीरमा प्रवेश गरेपछि ऊ प्रकृति र उसका गुणहरूको संसर्गमा आउँछ र वैयक्तिक सुख-दुःखादिको कर्तृत्व एवम् भोक्तृत्वको कारण बन्न पुग्दछ र मोह एवम् अज्ञानताको पनि 'हेतु' बन्न पुग्दछ। अहङ्कारसित पुरुषको सम्पर्क स्थापित भएपछि जीवात्मा अहङ्कारले विमोहित हुन्छ र ऊ आफूलाई 'कर्ता' भन्ने ठान्दछ।

### प्रकृतिमा रहेको पुरुष नै प्रकृतिका गुणको भोग गर्दछ

**पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान्।**
**कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥**

### पदार्थ

**प्रकृतिस्थः** (प्रकृतौ स्थः स्थितः)
= प्रकृतिमा स्थित (हुँदा)
**पुरुषः** = पुरुष, भोक्ता, जीवात्मा
**हि** = निश्चय नै

**प्रकृतिजान्** (प्रकृतेः जान् जातान्)
= प्रकृतिबाट उत्पन्न भएका
**गुणान्** = गुणहरूलाई, सुख दुःखादिरूपबाट प्रकट भएका गुणहरूलाई

**भुङ्क्ते** = भोग गर्छ
**गुणसङ्गः** (गुणेषु सङ्गः)
= गुणहरूको सङ्ग नै,
गुणहरूमा भएको आसक्ति वा संसर्ग नै
**अस्य** = यसको, पुरुषको
**सदसद्योनिजन्मसु** (सदसद्योनिषु जन्मानि तेषु) = राम्रो वा नराम्रो जुनिमा जन्म हुनुमा
**कारणम्** = कारण हुन्छ

**भावार्थ**

प्रकृतिमा स्थित पुरुष नै प्रकृतिबाट उत्पन्न भएका गुणहरूलाई भोग गर्दछ । गुणहरूको सङ्ग अर्थात् पुरुषको गुणहरूमा भएको आसक्ति वा संसर्ग नै राम्रो वा नराम्रो योनिमा जन्म हुनुमा कारण हुन्छ ।

**भावबोधिनी व्याख्या**

पुरुष प्रकृतिमा स्थित भएर नै प्रकृतिबाट उत्पन्न गुणहरूको भोग गर्दछ । यसको तात्पर्य हो- पुरुष (जीवात्मा) जब प्रकृतिलाई आफ्नो स्वरूप मानेर प्रकृतिबाट उत्पन्न शरीरमा तद्रूप भएर शरीरलाई नै म र मेरो भन्ने ठान्दछ, अनि ऊ प्रकृतिबाट उत्पन्न गुणहरूको उपभोग गर्दछ । यसरी शरीरसित पुरुष (जीवात्मा) को तादात्म्य-सम्बन्ध स्थापित भएपछि ऊ प्रकृतिजन्य सुख-दुःखादि सांसारिक पदार्थहरूको भोक्ता बन्दछ । प्रकृतिबाट उत्पन्न गुणहरू भन्नाले सत्त्व, रज, तम यी तीन गुण र रूप, रस, गन्ध, स्पर्शादि विषयहरू पर्दछन् ।

'गुणसङ्ग' भन्नाले जीवात्माको गुणहरूप्रतिको सङ्ग वा आसक्ति हो । समस्त सांसारिक पदार्थहरू यी तीन गुणकै उपज भएकोले जीवात्माको गुणहरूप्रतिको संसर्ग वा आसक्ति 'गुणसङ्ग' हुन्छ ।

पुरुष (जीवात्मा)ले सत् योनिमा र असत् योनिमा जन्म लिनुको मुख्य कारण पनि गुणहरू प्रतिको सङ्ग नै हो । सुख, समृद्धि र ऐश्वर्यादि उपभोग गर्ने देवमनुष्यादि योनिहरू सत् योनि हुन् र दुःख, कष्ट, पीडा बढी हुने पशुपक्षी, कीट-पतङ्गादि योनिहरू असत् योनि हुन् । त्यसैले गुणसङ्ग नै सत् तथा असत् योनिको जन्ममा कारण बन्दछ । बन्धनमा बाँधिनुको मूलकारण नै गुणसङ्ग हो । यसले द्वन्द्व उत्पन्न गर्छ, अज्ञानता बढाउँछ, तृष्णा, रागद्वेष, लोभ एवं अशान्ति पैदा गर्छ र विषय उपभोगप्रति अनुराग र आकर्षण बढाउँछ । यही नै कलह एवम् क्लेशको कारण बन्दछ र जन्ममरणको पनि हेतु बन्दछ । यसले नै मानसिक विकारहरू पैदा गर्छ र पुनर्जन्मको कारण पनि यही नै हुन्छ ।

**जीवात्मा र परमात्माको ऐक्यभाव**

> **उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।**
> **परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **अस्मिन्** | = यस | | गरिरहने हुँदा भर्ता |
| **देहे** | = शरीरमा | **भोक्ता** | = सुखदुःखादि भोग गर्ने हुँदा भोक्ता |
| **(स्थितः)** | = आत्मरूपले स्थित | **महेश्वरः** | = सबैका महान् ईश्वर भएकाले महेश्वर |
| **परः** | = परम | **च** | = र |
| **पुरुषः** | = पुरुष नै | **परमात्मा** | = सर्वोत्कृष्ट, परम आत्मा भएकाले परमात्मा |
| **उपद्रष्टा** | = साक्षी भई देखिरहने हुँदा उपद्रष्टा | **इति** | = यस्तो |
| **च** | = र | **उक्तः** | = भनिएको छ |
| **अनुमन्ता** | = सम्मति या अनुमति दिने हुँदा अनुमन्ता | | |
| **भर्ता** | = सबैलाई भरण पोषण | | |

**भावार्थ**

यस शरीरमा आत्मरूपले स्थित परमपुरुष नै साक्षीरूपमा देखिरहने हुँदा 'उपद्रष्टा', सम्मति वा अनुमति दिने हुँदा 'अनुमन्ता', सबैलाई भरणपोषण गरिरहने हुँदा 'भर्ता', सुखदुःखादि भोग गर्ने हुँदा 'भोक्ता', सबैका महान् ईश्वर भएकाले 'महेश्वर' र सर्वोत्कृष्ट परम आत्मा भएकोले 'परमात्मा' भनी कहिएको छ ।

**भावबोधिनी व्याख्या**

यस शरीरमा रहने पुरुषलाई नै क्षेत्रज्ञ वा आत्मा भनिन्छ- जो सर्वगत या व्यापक छ, नित्य छ र स्थिर एवं अचल छ,- **"नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः"**- भ.गी. २/२४ । क्षेत्रज्ञ (आत्मा वा परमात्मा) यसै तत्त्वको नाम हो । यो निर्लिप्त, निर्विकार, निर्द्वन्द्व, अजन्मा अक्षर एवम् गुणातीत छ र निसङ्ग वा आसक्तिरहित छ । यही आत्मा वा परमात्मतत्त्व नै तटस्थ भई सर्वत्र साक्षीरूपले रहिरहने हुँदा यसलाई सबैका शुभाशुभ कर्मको उपद्रष्टा, कर्म गर्ने सल्लाह वा अनुमति दिने हुँदा अनुमन्ता, सबैको भरणपोषण गर्ने हुँदा भर्ता, सुखदुःखादि भोग गर्ने हुँदा भोक्ता, ब्रह्मादि देवताहरूको पनि ईश्वर वा स्वामी भएकाले महेश्वर, समस्त भूतसमुदायको 'परम-आत्मा' भएकाले परमात्मा पनि भन्ने गरिन्छ । यो आत्मरूपले देहमा रहेर पनि यसमा देहाभिमान र देहसित सम्बन्ध पनि नभएकाले स्वप्नद्रष्टा पुरुष जस्तै **'न करोति न लिप्यते'** न स्वयम् आफू केही गर्छ, न त लिप्त वा आसक्त नै हुन्छ ।

**प्रकृति र पुरुषलाई बुझ्नेको पुनर्जन्म हुँदैन**

> य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
> सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

## पदार्थ

| | | | |
|---|---|---|---|
| यः | = जो मानिस, जो पुरुष | सः | = त्यो पुरुष, त्यो मानिस |
| एवम् | = यसप्रकार | सर्वथा | = सबै प्रकारले |
| पुरुषम् | = पुरुषलाई | वर्तमानः | = कर्म र व्यवहार गरिरहेर, देहेन्द्रियादि व्यापार चलिरहेर |
| च | = र | अपि | = पनि |
| गुणैःसह | = गुणहरूसहित | भूयः | = फेरि, पुनः |
| प्रकृतिम् | = प्रकृतिलाई | न अभिजायते | = जन्मदैन, जन्म हुँदैन |
| वेत्ति | = जान्दछ, बुझ्दछ | | |

## भावार्थ

जो मानिस यसप्रकार पुरुष र गुणहरूसहित प्रकृतिलाई बुझ्दछ, त्यो मानिस सबै प्रकारले कार्य गरिरहेर पनि फेरि जन्मदैन अर्थात् पुनर्जन्म लिएर फेरि उसले दुःख भोगिरहनु पर्दैन ।

## भावबोधिनी व्याख्या

सत्त्व, रज र तम यी तीनै गुण प्रकृतिबाट उत्पन्न भएका हुन् । यो चराचर समस्त जगत् प्रकृतिकै खेल हो । यो चराचर जगत् प्रकृतिबाट उत्पन्न भएको हो र अन्ततः प्रकृतिमै लय हुन्छ । तर प्रकृति जड हुनाले पुरुषको सहाराविना केही गर्न सक्तैन । पुरुष नित्य एवं शुद्ध चैतन्य स्वरूप छ, गुणातीत छ र प्रकृतिभन्दा पर छ । प्रकृतिसितको सम्बन्ध नभई पुरुष पनि एक्लै केही गर्न सक्तैन । यसरी गुणहरू सहित प्रकृतिलाई र पुरुषलाई जसले बुझ्दछ र दुवैको तथ्य र रहस्यलाई यथार्थरूपमा जान्दछ, त्यस मानिसले सबै प्रकारले शास्त्रविहित आफ्नो कर्तव्य कर्म गरिरहेर पनि फेरि जन्म लिनुपर्दैन र पुनर्जन्म प्राप्त गरेर सांसारिक दुःख र कष्ट भोगिरहनु पर्दैन । आत्मसाक्षात्कार र यथार्थ तथ्यको अनुभूतिबाट सांसारिक कर्मबन्धनबाट मुक्त हुनुका साथै दुष्कृत कर्मबाट समेत छुटकारा पाउन सकिन्छ ।

## साधनाका प्रकारहरू

**ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।**
**अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| केचित् | = कोही, कतिपय साधकहरू | साङ्ख्येन | = साङ्ख्य, ज्ञान |
| आत्मानम् | = आफ्नो आत्मालाई | योगेन | = योगद्वारा |
| आत्मना | = शुद्धचित्त वा सूक्ष्मबुद्धिले | (पश्यन्ति) | = आत्माको दर्शन गर्दछन् |
| आत्मनि | = आफ्नै हृदयमा, आफैभित्र | च | = र |
| ध्यानेन | = ध्यानद्वारा | अपरे | = अरू कतिपय साधकहरू |
| पश्यन्ति | = देख्तछन्, साक्षात्कार गर्दछन् | कर्मयोगेन | = कर्मयोगद्वारा |
| अन्ये | = अन्य केही साधकहरू | (पश्यन्ति) | = आत्मालाई देख्तछन्, आत्मालाई प्राप्त गर्दछन् |

## भावार्थ

कतिपय साधकहरू आफ्नो आत्मालाई शुद्धचित्तले आफैँभित्र आफ्नै हृदयमा ध्यानद्वारा साक्षात्कार गर्दछन्, अन्य केही साधकहरू साङ्ख्य (ज्ञान) योगद्वारा आत्माको दर्शन गर्दछन् र अरू कतिपय साधकहरू कर्मयोगद्वारा आत्मालाई प्राप्त गर्दछन्।

## भावबोधिनी व्याख्या

कतिपय साधकहरू सबै विषयासक्तिबाट इन्द्रियहरूलाई हटाएर मनलाई समेत वशमा राखेर एकाग्र भई ध्यानमा निमग्न हुन्छन् र ध्यानद्वारा शुद्धीकरण भएको अन्तःकरणले आफैँभित्र हृदयमा आत्माको साक्षात्कार गर्दछन्।

कयौँ योगीहरू साङ्ख्ययोगद्वारा परमात्मतत्त्वको चिन्तन गर्दछन्। साङ्ख्ययोगीहरू आफ्नो विवेक ज्ञानद्वारा सत् र असत् तत्त्वलाई छुट्याउँछन् र आफैँभित्र विराजमान सत्‌रूप परमात्माको अनुभूति गर्दछन्।

अर्काथरी योगीहरू आसक्ति र फलेच्छा त्यागेर नित्यतृप्त एवं निराश्रय भई जगत्‌को हित र कल्याणका लागि मात्र निष्कामभावले कर्महरू गर्दछन् र सबै कर्म परमेश्वर वासुदेवलाई समर्पण गर्दै आफूले आफैँमा परमात्माको साक्षात्कार गर्दछन्।

**अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते।**
**तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः॥२५॥**

## पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| अन्ये | = | अन्य कतिपय, अर्काथरी | श्रुतिपरायणाः (श्रुतिः श्रवणं परमयनं मार्गं येषां ते) | = | जसको श्रवण नै सर्वोच्च मार्ग वा साधन छ, सुन्नमा तल्लीन भएका |
| तु | = | ता, चाहिँ | ते | = | तिनीहरू |
| एवम् | = | यसप्रकार (विभिन्न योगहरू) | अपि | = | पनि |
| अजानन्तः | = | नजान्नेहरू, नजान्दाखेरि | मृत्युम् | = | मृत्युलाई |
| अन्येभ्यः | = | अन्य तत्त्वज्ञानी महात्माहरूबाट | अतितरन्ति | = | तर्दछन्, पार गर्दछन् |
| श्रुत्वा | = | सुनेर | एव | = | निश्चय नै, अवश्य नै |
| उपासते | = | उपासना गर्दछन् | | | |
| च | = | र | | | |

## भावार्थ

अर्काथरी साधकहरूचाहिँ जो यसप्रकार विभिन्न योगहरू जान्दैनन्, अरू तत्त्वज्ञानी महात्माहरूबाट सुनेर पनि उपासना गर्दछन् र सुन्नमा तल्लीन वा परायण भएका तिनीहरू पनि मृत्युलाई अवश्य नै पार गर्दछन् अर्थात् जन्ममृत्युरूप भवसागरबाट मुक्त हुन्छन्।

## भावबोधिनी व्याख्या

अर्काथरी योगीहरू जो ज्ञान, ध्यान, साङ्ख्य तथा कर्मयोगादि उपासना विधि जान्दैनन् र परब्रह्म परमात्माको विषयमा तत्त्ववेत्ता महापुरुषहरूबाट सुनेर नै परमात्मतत्त्वको उपासना गर्दछन् । यसरी सुनेर नै परब्रह्म परमेश्वरप्रति श्रद्धा र विश्वास गर्दछन् र आफ्नो जीवनलाई सदा मर्यादित र अनुशासित बनाएर उहाँप्रति समर्पित हुन्छन् । यस किसिमले अरूबाट सुन्नमा तल्लीन भएका श्रुतिपरायण महात्माहरू पनि सुनेका विषयहरूमा ज्यादै आस्था, विश्वास र श्रद्धा राख्तछन् र गुरुको वाणीलाई ज्यादै ठूलो प्रामाणिक मान्दछन्, यसरी सुनेर परब्रह्म परमात्माको उपासना गर्ने व्यक्तिहरूले पनि राम्ररी आध्यात्मिक ज्ञान प्राप्त गर्दछन् र अन्ततः सुनेर नै मृत्युलाई समेत जितेर भवसागरबाट मुक्त हुन्छन् ।

**यावत्सञ्जायते किञ्चित्सत्त्वं स्थावरजङ्गमम् ।**
**क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥**

## पदार्थ

| | |
|---|---|
| **भरतर्षभ** (भरतेषु ऋषभ) = हे भरवंशीहरूमा श्रेष्ठ अर्जुन | **सञ्जायते** = उत्पन्न हुन्छ |
| **यावत्** = जति मात्रामा | **(त्वम्)** = तिमी |
| **किञ्चित्** = जतिसुकै | **तत्** = त्यो सम्पूर्ण |
| **स्थावरजङ्गमम्** (स्थावरञ्च जङ्गमञ्च) = स्थावर र जङ्गम, अचर तथा चर | **क्षेत्रक्षेत्रज्ञसंयोगात्** (क्षेत्रस्य क्षेत्रज्ञस्य च संयोगात्) = क्षेत्र र क्षेत्रज्ञको संयोगबाट उत्पन्न भएको |
| **सत्त्वम्** = प्राणी वा वस्तु | **विद्धि** = जान, सम्झ, बुझ |

## भावार्थ

हे भरतवंशीहरूमा श्रेष्ठ अर्जुन ! जतिमात्रामा र जतिसुकै परिमाणमा जो कोही वा जुनसुकै स्थावर र जङ्गम प्राणी तथा वस्तु उत्पन्न हुन्छ, तिमी त्यो सम्पूर्ण क्षेत्र र क्षेत्रज्ञको संयोगबाट उत्पन्न भएको जान ।

## भावबोधिनी व्याख्या

यहाँ 'क्षेत्र' शब्दले शरीररूप प्रकृति र 'क्षेत्रज्ञ' शब्दले क्षेत्रलाई जान्ने पुरुष वा परब्रह्म परमात्मा सम्झनुपदर्छ । यी दुवैको संयोगबाट नै चराचर ब्रह्माण्डको उत्पत्ति हुन्छ ।

प्रकृतिमा रहेका पुरुषको क्षेत्र अर्थात् शरीरसितको सम्बन्ध नै क्षेत्र र क्षेत्रज्ञको संयोग हो । यदि क्षेत्रज्ञ वा पुरुष प्रकृतिबाट अलग भयो भने यो चराचर जगत् सबै लोप हुन्छ ।

यहाँ 'स्थावर' भन्नाले स्थिर रहने पहाड, पर्वत एवं लता, वृक्षादि सम्झनुपर्दछ र 'जङ्गम' भन्नाले ब्रह्मदेखि लिएर कीट-पतङ्गसम्मका जल, स्थल र आकाशमा घुमफिर गर्ने समस्त प्राणीहरू सम्झनुपर्दछ। यो सबै स्थावर र जङ्गमरूप विश्व ब्रह्माण्डको सृष्टि, क्षेत्र र क्षेत्रज्ञको संयोगबाट भएको हो।

उत्पत्ति हुने र नाश हुने सबै पदार्थ क्षेत्र हुन्, जो प्रकृतिजन्य हुन्छन्। अक्षर, अविनाशी र सदा एकरस रहिरहने तत्त्व क्षेत्रज्ञ हो। विश्व-ब्रह्माण्ड यी दुवैको संयोग रहेसम्म रहन्छ र यी दुवैको वियोगमा विनाश हुन्छ। यहाँ भगवान् श्रीकृष्णले अर्जुनलाई क्षेत्र र क्षेत्रज्ञको यही तत्त्व वा रहस्यलाई बुझ्न आज्ञा गर्नुभएको छ।

**समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्।**
**विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **यः** | = जो, जो पुरुष | तिष्ठन्तम् | = रहने, स्थित |
| **परमेश्वरम्** | = परमात्मा परमेश्वरलाई | विनश्यत्सु | = नाश भएमा पनि |
| | | अविनश्यन्तम् | = नाश नहुने, ननाशिने |
| **सर्वेषु** | = सबै | पश्यति | = देख्तछ |
| **भूतेषु** | = भूतप्राणीहरूमा | सः | = त्यही नै |
| **समम्** | = समभावले | पश्यति | = देख्तछ |

**भावार्थ**

जो पुरुष परमात्मा परमेश्वरलाई सबै भूतप्राणीहरूमा समभावले रहने र ती सबै भूत-प्राणीहरू नाश हुँदा पनि नाश नहुने देख्तछ, त्यही नै यथार्थ देख्तछ।

**भावबोधिनी व्याख्या**

प्रकृतिका समस्त पदार्थहरू विषम छन्। ती सबै विविध रङ्ग, विविध कर्म र ठूलो सानो आदिको भेदभावले युक्त छन्। तर परमात्मा परमेश्वर सबैप्राणीहरूमा समभावले रहनुहुन्छ। आत्मतत्त्व सदा उस्तै रहन्छ र सबैमा समभावले स्थित छ। समग्र प्राणीहरू र पदार्थ अस्थिर छन्। उनीहरूको उत्पत्ति र विनाश भइरहन्छ। तर परब्रह्म परमेश्वर भने सदा एकरस हुनुहुन्छ। उहाँ नित्य एवम् निर्विकार हुनुहुन्छ र उहाँको कुनै परिवर्तन हुँदैन। समस्त प्राणीहरू विनाश हुँदा पनि उहाँ रहिरहनुहुन्छ र महाप्रलयमा पनि उहाँको विनाश हुँदैन। त्यसैले उहाँ अव्यय एवं अविनाशी हुनुहुन्छ। उहाँ समस्त भूतहरूको हृदयमा आत्मरूपले परिपूर्ण भएर रहनुभएको छ।

"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति" भ.गी. १८/६१। जसले विश्वात्मा परब्रह्म परमेश्वरलाई समग्र भूतप्राणीहरू नाश हुँदा पनि नाश नभई नित्य एकरस रहिरहने देख्तछ, त्यही पुरुष नै यथार्थ देख्तछ र ऊ साँच्चिकै सार्वभौम र सार्वकालिक बन्दछ।

## ईश्वरलाई समभावले रहेको देख्नेले पाउने प्रतिफल

**समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।**
**न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| (यः) | = जो | **आत्मना** | = आफूद्वारा, आफूले |
| **सर्वत्र** | = सर्वत्र, सबैमा | **आत्मानम्** | = आफूलाई, आफ्नो आत्मालाई |
| **समवस्थितम्** | = समभावले स्थित, उहीरूपमा रहनुभएका | **न हिनस्ति** | = नष्ट गर्दैन, बिग्रन दिँदैन |
| **ईश्वरम्** | = परमेश्वरलाई | **ततः** | = त्यसबाट |
| **समम्** | = समान, समरूप | **पराम्** | = परम, श्रेष्ठ |
| **पश्यन्** | = देख्ने पुरुष | **गतिम्** | = गति |
| **हि** | = निश्चय नै, निःसन्देह | **याति** | = प्राप्ति गर्छ |

### भावार्थ

सर्वत्र सबैमा समभावले उहीरूपमा रहनुभएका परमेश्वरलाई समरूप देख्ने पुरुष निःसन्देह आफूले आफ्नो आत्मालाई नष्ट गर्दैन र त्यसैबाट परमगति प्राप्त गर्दछ ।

### भावबोधिनी व्याख्या

परमात्मा परमेश्वर चर-अचर समस्त ब्रह्माण्डमा र समग्र प्राणीहरूमा व्यापकरूपले रहनु भएको छ । उहाँमा समभाव छ । सबैमा उहीरूपले रहनुहुन्छ । मानिसले जब आफ्नो आत्मामा पनि समभावले विराजमान परमेश्वरलाई देख्दछ, अनि निःसन्देह ऊ पनि आत्मवान् बन्दछ र आफूले आफ्नो आत्मालाई हनन गर्दैन र नष्ट हुन पनि दिँदैन । जब ऊ आफ्नो आत्मा वा स्वरूपमा नै स्थित भएर तद्रूप हुन पुग्दछ, तदनन्तर उसले सर्वोच्च परमगति प्राप्त गर्दछ ।

मानिसलाई जबसम्म शरीरको विनाश भएपनि आत्माको विनाश हुँदैन भन्ने ज्ञान प्राप्त हुँदैन, तबसम्म ऊ मोहको जालमा फसिरहन्छ र अहङ्कार, अभिमान, मान एवम् इन्द्रियहरूको वशवर्ती भई आफ्नो शरीरलाई नै 'म हुँ' भन्ने ठान्दछ र आत्मालाई वास्ता पनि गर्दैन । यस अवस्थामा ऊ आफूले आफूलाई उद्धार गर्न सक्तैन र परमगति पनि प्राप्त गर्न सक्तैन ।

## आत्माको अकर्तृत्व

**प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।**
**यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| यः | = जो पुरुष, जो व्यक्ति | आत्मानम् | = आत्मालाई |
| प्रकृत्या | = प्रकृतिबाट | अकर्तारम् | = अकर्ता, अकर्तारूपमा रहेको |
| एव | = नै | च | = पनि |
| कर्माणि | = सबै कर्महरू | पश्यति | = देख्तछ |
| सर्वशः | = सबै प्रकारबाट | सः | = त्यो, त्यसले नै |
| क्रियमाणानि | = गरिएका, सम्पन्न गरिएका | पश्यति | = देख्तछ, यथार्थ जान्दछ |
| तथा | = तथा, र | | |

**भावार्थ**

जो व्यक्ति प्रकृतिबाट नै सबै कर्महरू सबै प्रकारबाट सम्पन्न गरिएका हुन् भन्ने देख्तछ र आत्मालाई अकर्तारूपमा नै रहेको देख्तछ, त्यसले नै यथार्थ कुरा देख्तछ ।

**भावबोधिनी व्याख्या**

आत्मा अकर्ता छ र साक्षी मात्र छ । सबै कर्महरू प्रकृतिका गुणहरूबाट निष्पन्न शरीर र इन्द्रियहरूबाट सम्पन्न भइरहेका हुन्छन् किनभने गुणहरू गुणमा नै रहेका हुन्छन्- "गुणाः गुणेषु वर्तन्त" भ.गी. ३/२८ । त्यसैले सम्पूर्ण कर्म प्रकृतिकै गुणहरूद्वारा सञ्चालित हुन्छन् र सृष्टि, स्थिति र प्रलयकालमा समेत प्रकृतिकै कार्य चलिरहेको हुन्छ । आत्मा सदा अकर्ता छ, नित्य एवम् निर्विकार छ र साक्षी, अनुभन्ता एवम् द्रष्टास्वरूप छ । जसले सबै कर्म प्रकृतिबाट सम्पन्न हुन्छ र आत्मा सदा अकर्ताकै रूपमा रहेको हुन्छ भन्ने देख्तछ, त्यसले नै यथार्थ देख्तछ । प्रकृति सबैको मूल कारण हो, सत्त्व, रज र तम तीनै गुण प्रकृतिका कार्य हुन् र इन्द्रियहरू, मन एवम् बुद्धि प्रकृतिका कार्य विस्तार हुन् । तर आत्मा कर्म गर्ने कर्ता होइन, यो सदा अकर्ता नै रहिरहन्छ ।

**ब्रह्मप्राप्तिको अवस्था**

> **यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।**
> **तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥३०॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| यदा | = जब, जुन समयमा, जुनबेलामा | एकस्थम् | = एकै तत्त्वमा स्थित, एक परमात्मतत्त्वमा समाहित भएको |
| भूतपृथग्भावम् (भूतानां पृथग्भावम्) | = भूतहरूको पृथक् पृथक् स्वरूप वा भावलाई | अनुपश्यति | = देख्तछ |
| | | ततः | = त्यसबाट, त्यही (एक तत्त्वरूप परमात्माबाट) |
| | | एव | = नै |

| | |
|---|---|
| विस्तारम् = चराचर भूतप्रपञ्चहरूको विस्तार | तदा = त्यस समय वा बखतमा |
| च = पनि | ब्रह्म = ब्रह्म |
| (अनुपश्यति)= देख्तछ | सम्पद्यते = प्राप्त गर्छ अर्थात् ब्रह्मरूप हुन्छ |

## भावार्थ

कुनै साधक जुन बेला भूतहरूको भिन्न भिन्न स्वरूप वा भावलाई एकै परमात्मतत्त्वमा समाहित भएको देख्तछ र त्यही एक परमात्मतत्त्वबाट नै चराचर भूतप्रपञ्चहरूको विस्तार पनि देख्तछ, त्यस बखतमा ब्रह्म प्राप्त गर्दछ र ब्रह्मरूप नै हुन्छ ।

## भावबोधिनी व्याख्या

कुनै साधक जुन क्षणमा प्रकृतिका चर-अचर एवं स्थावर-जङ्गम, समग्रभूतहरूको अलग-अलग स्वरूपलाई, पृथक्-पृथक् भावहरूलाई र प्रकृतिका अनेकौं विविधतालाई एकै परमात्मतत्त्वमा केन्द्रित भएको देख्तछ, त्यस क्षणमा उसले सम्पूर्ण सृष्टिमा नै आत्मतत्त्व झल्केको पाउँछ । यसरी जसले अनेकतामा एकता र विभाजनमा अखण्डता झल्केको देख्तछ र एकै परमात्मतत्त्वबाट समग्र भूतप्रपञ्चहरूको विस्तार भएको पाउँछ, त्यस क्षणमा त्यो महापुरुष ब्रह्मलाई प्राप्त गरेर ब्रह्मरूप नै बन्दछ, अनि ब्रह्ममा नै लीन हुन्छ । यही नै उसको परमशान्ति र परमपदको प्राप्ति हो ।

## क्षेत्रज्ञ (परमात्मा) को स्वरूप

**अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।**
**शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥**

## पदार्थ

| | |
|---|---|
| कौन्तेय = हे कुन्तीपुत्र अर्जुन ! | परमात्मा (परमश्चासौ आत्मा) = परमात्मा, परमात्मतत्त्व |
| अनादित्वात् (आदिः कारणं यस्य न अस्ति, तदनादिः, अनादेर्भावस्तस्मात्) = जसको आदि कारण छैन, त्यो अनादि हुन्छ, अनादि भएको हुनाले | शरीरस्थः (शरीरे तिष्ठतीति) = शरीरमा रहेर |
| निर्गुणत्वात् (निर्गुणस्य भावस्तस्मात्) = गुणरहित हुनाले | अपि = पनि |
| अयम् = यो | न करोति = न केही गर्छ, केही पनि गर्दैन |
| अव्ययः = अविनाशी | न लिप्यते = न त लिप्त हुन्छ, लिप्त पनि हुँदैन |

**भावार्थ**

हे कुन्तीपुत्र अर्जुन ! अनादि भएको हुनाले र गुणरहित हुनाले यो अविनाशी परमात्मतत्त्व शरीरमा रहेर पनि न केही गर्छ, न त लिप्त नै हुन्छ ।

**भावबोधिनी व्याख्या**

जसको कुनै आदि कारण छैन, त्यो अनादि हुन्छ । जो सत्त्व, रज, तम यी तीनै गुणबाट रहित छ, त्यो निर्गुण र गुणातीत हुन्छ । अव्यय एवम् अविनाशी परमात्मतत्त्व अनादि एवम् निर्गुण हुनाले शरीरमा रहेर पनि केही गर्दैन र आकाशमा बादल जस्तै लिप्त पनि हुँदैन । यो सदा असङ्ग एवं अनासक्त छ । हुन त यो आत्मा शरीरमा नै रहन्छ तर पनि ऊ स्वतन्त्र छ, कुनै बन्धनमा पर्दैन । ऊ अभिमान र अहङ्कारबाट पनि मुक्त छ र सदा आफैंमा नै रम्छ र रमाउँछ । परमात्मतत्त्व सम्पूर्ण सृष्टिचक्रको सर्वोच्च कारण हो । तर स्वयं आफू अनादि एवम् कारणरहित छ र अक्षर तथा अविनाशी र अपरिर्वतनशील पनि छ ।

सृष्टिको मूलकारण भएर पनि परमात्मतत्त्व सदा नित्य छ, निर्विकार छ, अव्यय छ, निर्गुण एवं निराकार छ र केही नगर्ने अकर्ता पनि छ । न यसको कुनै स्वरूप छ, न आदि छ, न अन्त छ, न त मध्यवर्ती स्थितिमा नै छ । हुन त यो शरीरमा नै रहन्छ, तर पनि केही नगरी नित्य द्रष्टामात्र हुन्छ र अप्रभावित नै रहन्छ ।

यसरी शरीरमा रहने एकै आत्मतत्त्वलाई गीताको यस तेह्रौं अध्यायको पहिलो र दोस्रो श्लोकले- क्षेत्रज्ञ, सत्ताईसौं, अठ्ठाईसौं, उनन्तीसौं, तीसौं र एकतीसौं श्लोकले क्रमशः परमेश्वर, ईश्वर, आत्मा, ब्रह्म र परमात्मा शब्दले व्यक्त गरेको छ । त्यसैले क्षेत्रज्ञ, ईश्वर, परमेश्वर, आत्मा, परमात्मा र ब्रह्म सबै एकै परमात्मतत्त्व हो र यसमा कुनै अन्तर वा भिन्नता पाइँदैन । जीवात्मा परमात्माकै अंश हो । महासागरबाट उठेका छालहरू महासागरमै विलीन भए झैं प्रत्येक शरीरमा परमात्माकै अंशका रूपमा अवस्थित जीवात्मा पनि अन्ततः परमात्मामा नै एकाकार भएर विलीन हुन पुग्दछ ।

## आकाश जस्तै आत्मा निर्लिप्त नै रहन्छ

**यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।**
**सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| यथा | = जसरी, जस्तै | सौक्ष्म्यात् | = सूक्ष्म हुनाले |
| सर्वगतम् | = सर्वव्यापी, सर्वत्र व्याप्त भएको | न उपलिप्यते | = लिप्त हुँदैन |
| | | तथा | = त्यसरी नै, त्यस्तै गरेर |
| आकाशम् | = आकाश | सर्वत्र | = सर्वत्र |

| | | |
|---|---|---|
| देहे | = | शरीरमा |
| अवस्थित: | = | स्थित रहेको |
| आत्मा | = | आत्मा |
| न उपलिप्यते | = | लिप्त हुँदैन, (गुणातीत हुनाले देहमा रहेका गुणहरूबाट निर्लिप्त नै रहन्छ) |

### भावार्थ

जसरी सर्वत्र व्याप्त भएर रहेको आकाश सूक्ष्म हुनाले कुनै वस्तुप्रति लिप्त हुँदैन, त्यसरी नै सर्वत्र शरीरमा व्यापक भएर रहेको आत्मा पनि लिप्त हुँदैन ।

### भावबोधिनी व्याख्या

आकाश सर्वव्यापी छ, असीमित छ र अनन्त पनि छ । पृथिवी, जल, तेज, वायु यी चारै स्थूल भूतहरूमा आकाश व्यापक भएर रहेको हुन्छ । तर पनि आकाश 'सूक्ष्म' हुनाले यिनीहरूमा लिप्त हुँदैन र यिनबाट दूषित पनि बन्दैन । जसरी आकाशमा कहिले बादल लाग्छ, कहिले पानी बर्सन्छ, कहिले यसलाई धूलोले ढाक्छ, कहिले यसमा अँध्यारोले छाउँछ त कहिले सूर्य किरणले प्रकाश छिटिदिन्छ र कहिले लालिमा छाउँछ, तर पनि आकाश निर्लिप्त र निर्विकार नै रहन्छ र आकाश यी पदार्थबाट विकृत पनि हुँदैन र दूषित पनि हुँदैन । आकाश जस्तै आत्मा पनि हरे देहमा सर्वत्र, व्यापक एवम् परिपूर्ण भएर रहेको हुन्छ ।

सम्पूर्ण सृष्टि आत्माले नै छाएको छ, तर पनि आत्मा निर्लिप्त छ । मन, बुद्धि, अहङ्कार र अन्य इन्द्रियहरू र शरीर समेत आत्मामा आउँछन् अनि जान्छन् । यसबाट आत्मालाई कुनै फरक पर्दैन र आत्मा सदा निर्विकार र निर्लिप्त नै रहन्छ । गीताको २/२४ले भन्दछ-" नित्यः सर्वगतः स्थाणु रचलोऽयं सनातनः" अर्थात् आत्मा नित्य छ, सर्वगत वा सर्वव्यापक छ, स्थाणु छ, अचल छ र सनातन छ, अव्यक्त एवम् अचिन्तनीय छ र अविकारी पनि छ । यो सदा अपरिवर्तनशील छ र मानसिक विकृतिबाट विकृत र प्रदूषित पनि हुँदैन ।

### आत्माले नै देहलाई चेतना र प्रकाश प्रदान गर्दछ

**यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।**
**क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥**

### पदार्थ

| | | |
|---|---|---|
| भारत | = | हे भरतवंशी अर्जुन ! |
| यथा | = | जसरी, जुन प्रकारले |
| एकः | = | एउटै |
| रविः | = | सूर्य, आदित्य |
| इमम् | = | यो |
| कृत्स्नम् | = | सम्पूर्ण |
| लोकम् | = | संसार, चराचर ब्रह्माण्डलाई |
| प्रकाशयति | = | प्रकाशित गर्दछन् |
| तथा | = | त्यसरी नै, त्यसैप्रकारले |
| कृत्स्नम् | = | सम्पूर्ण, समग्र |
| क्षेत्रम् | = | क्षेत्रलाई |
| क्षेत्री | = | क्षेत्रज्ञ, क्षेत्रको स्वामी, आत्मा |
| प्रकाशयति | = | प्रकाशित गर्छ |

### भावार्थ

हे भरतवंशी अर्जुन ! जसरी एउटै सूर्यले यो सम्पूर्ण चराचर ब्रह्माण्डलाई प्रकाशित गर्दछन्, त्यसरी नै शरीरभित्र रहने क्षेत्रज्ञरूप आत्माले सम्पूर्ण क्षेत्र (शरीर) लाई नै प्रकाशित गर्दछ ।

### भावबोधिनी व्याख्या

जसरी एक ठाउँमा रहेका एउटै सूर्यले सम्पूर्ण जगत्लाई प्रकाश प्रदान गरेर आलोकित गर्दछन् र सांसारिक क्रियाकलापहरू सूर्यकै प्रकाशमा सम्पन्न हुन्छन् । त्यसरी नै आत्मा पनि शरीरको हृत्केन्द्रमा रहेर आफ्नो चेतना शक्तिद्वारा समग्र क्षेत्ररूप शरीरलाई नै आलोकित पार्दछ । शरीरमा आत्मा रहेसम्म चेतनाको जागरण भइरहन्छ र शरीरलाई आत्माले छोडेपछि चेतना (चेत) पनि हराउँछ ।

जब क्षेत्रज्ञरूप आत्मा शरीरमा रहिरहन्छ, तबसम्म चेतना प्राप्त भइरहन्छ र प्रकाश आइरहन्छ अनि प्राण पनि रहिरहन्छ र कर्ममा प्रवृत्त हुने शक्ति पनि प्राप्त भइरहन्छ । तर क्षेत्रज्ञरूप आत्माले क्षेत्ररूप शरीरलाई परित्याग गरेपछि भने चेतना शक्ति नै हराउँछ, अनि प्रकाश र प्राणले पनि क्षेत्रलाई छाडिदिन्छन्, यस अवस्थामा त्रिगुणात्मक शक्तिविहीन मानव देह अब अचेतन भएर लड्दछ ।

### क्षेत्र र क्षेत्रज्ञका ज्ञानको फल

**क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।**
**भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे क्षेत्रक्षेत्रज्ञविभागयोगो नाम त्रयोदशोऽध्यायः ।**

### पदार्थ

**ये** = जो पुरुष
**ज्ञानचक्षुषा** (ज्ञानमेव चक्षुस्तेन) = ज्ञानरूपी चक्षुद्वारा
**क्षेत्रक्षेत्रज्ञयोः** (क्षेत्रञ्च क्षेत्रज्ञञ्च, तयोः) = क्षेत्र र क्षेत्रज्ञको, शरीर र आत्माको
**एवम्** = यस्तो, यसप्रकारको
**अन्तरम्** = अन्तरलाई, भेदलाई
**च** = र
**भूतप्रकृतिमोक्षम्** (भूतानां प्रकृतिस्तस्याः मोक्षम्) = भूतका प्रकृतिबाट मुक्त हुनुलाई
**विदुः** = जान्दछन्
**ते** = तिनीहरू
**परम्** = परब्रह्म परमात्मालाई
**यान्ति** = प्राप्त गर्दछन्

### भावार्थ

जो पुरुष ज्ञानरूपी चक्षुद्वारा क्षेत्र र क्षेत्रज्ञको अन्तरलाई र भूतहरूका प्रकृतिको बन्धनबाट छुटकारा पाउने उपायलाई तत्त्वतः जान्दछन्, तिनीहरू परब्रह्म परमात्मालाई प्राप्त गर्दछन् ।

### भावबोधिनी व्याख्या

क्षेत्र (शरीर) प्रकृतिको कार्य हो, जो पञ्चमहाभूत, दश इन्द्रिय र पाँच इन्द्रियका विषयहरू र मन, बुद्धि, अहङ्कार- यी अन्तःकरण सहित तेईसतत्त्व र इच्छा, द्वेषादि सातवटा विकारहरू समेतको समष्टिगत रूप हो, जो नाशवान् छ, क्षर छ, अनित्य एवम् परिवर्तनशील छ ।

तर 'क्षेत्रज्ञ' भने क्षेत्रलाई जान्नेवाला छ, नित्य छ, अनश्वर एवम् अविनाशी छ र अविकारी एवम् अपरिवर्तनशील पनि छ, जसलाई यहाँ आत्मा, परमेश्वर, ईश्वर, परब्रह्म, परमात्मा आदि नामहरूले व्यक्त गरिएको छ । जसले क्षेत्र र क्षेत्रज्ञको यस किसिमको अन्तरलाई र अविद्यारूप भूतका प्रकृतिको बन्धनबाट मुक्त हुन पाउने उपायलाई समेत ज्ञानचक्षुद्वारा तत्त्वतः जान्दछन्, तिनीहरू जड-चेतन, आत्म-अनात्म र पुरुष एवम् प्रकृतिको स्वरूपलाई यथार्थरूपमा जान्दछन् र सर्वोच्च परब्रह्म परमात्मालाई प्राप्त गर्दछन् ।

**श्रीमद्भगवद्गीताको क्षेत्रक्षेत्रज्ञविभागयोगनामको तेह्रौँ अध्याय समाप्त ।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ चतुर्दशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (गुणत्रयविभागयोगनामको अध्याय)

**श्रीभगवानुवाच**

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **श्रीभगवान्** | = भगवान् श्रीकृष्णबाट | **यत्** | = जसलाई |
| **उवाच** | = आज्ञा भयो | **ज्ञात्वा** | = जानेर, प्राप्त गरेर |
| **ज्ञानानाम्** | = ज्ञानहरूमा | **सर्वे** | = सबै |
| **उत्तमम्** | = अतिउत्तम, सर्वश्रेष्ठ | **मुनयः** | = मुनिहरूले |
| **परम्** | = परम, परमात्मविषयक | **इतः** | = यस लोकबाट |
| **ज्ञानम्** | = ज्ञान | **पराम्** | = परम |
| **भूयः** | = फेरि | **सिद्धिम्** | = सिद्धि, पूर्णता |
| **प्रवक्ष्यामि** | = बताउनेछु | **गताः** | = प्राप्त गरे |

**भावार्थ**

भगवान् श्रीकृष्णबाट आज्ञा भयो- ज्ञानहरूमा सर्वश्रेष्ठ परमात्मविषयक परम ज्ञान फेरि म तिमीलाई बताउनेछु । जसलाई प्राप्त गरेर सबै मुनिजनहरूले यस लोकबाट परमसिद्धि वा अन्तिम पूर्णता प्राप्त गरे ।

**भावबोधिनी व्याख्या**

तेह्रौं अध्यायमा क्षेत्र र क्षेत्रज्ञका साथै १९ देखि २३ श्लोकसम्म प्रकृति र पुरुषको स्वरूपसम्बन्धी ज्ञानको विवेचना गरिएको छ । यस चौधौं अध्यायमा भगवान् श्रीकृष्ण अर्जुनलाई 'भूयः प्रवक्ष्यामि'- म तिमीलाई फेरि समस्त ज्ञानमा सर्वश्रेष्ठ त्यही ज्ञान बताउनेछु भनी प्रकृति र पुरुषसम्बन्धी ज्ञानका बारेमा नै व्यापक चर्चा गर्ने सङ्केत गर्नुहुन्छ ।

संसारमा जति ज्ञानका साधन छन्, चौसठ्ठी कला-विद्या र अन्य भौतिक तथा पारमार्थिक जति ज्ञानका विषयहरू छन्, तिनमा यो ज्ञान सर्वोत्तम एवम् सर्वोत्कृष्ट छ । यस ज्ञानले साधकलाई भवबन्धनबाट छुटकारा दिलाई परब्रह्म परमेश्वरको सामीप्यमा पुऱ्याएर परमात्माको प्रत्यक्ष साक्षात्कार गराउँछ । जसले मनमा उठ्ने कलुषित एवम् उत्तेजित भावनाहरू हटाइसकेको छ र आफ्ना इच्छा, आकाङ्क्षा र आसक्ति परित्याग गरेको छ, त्यस्तो पुरुषले यो ज्ञान पाए पछि फेरि

पुनर्जन्म र मरणरूप भवबन्धनमा पर्नुपर्दैन र परमसिद्धि प्राप्त गर्दछ । यस ज्ञानलाई प्राप्त गरेका मननशील समग्र ऋषिमुनिहरूले दुःखले परिपूर्ण सांसारिक कष्ट र बन्धनबाट मुक्त भई परमसिद्धि प्राप्त गरेका छन् ।

**इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।**
**सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| इदम् | = यस | न उपजायन्ते | = जन्मदैनन् |
| ज्ञानम् | = ज्ञानलाई, ज्ञानको | च | = र |
| उपाश्रित्य | = आश्रय लिएर, सहारा लिएर | प्रलये | = प्रलयकालमा |
| | | अपि | = पनि |
| मम | = मेरो | न व्यथन्ति | = विनाश हुँदैनन्, विचलित हुँदैनन्, दुःखित हुँदैनन्, मृत्युजन्य दुःख मान्दैनन् |
| साधर्म्यम् | = साधर्म्यस्वरूपलाई | | |
| आगताः | = प्राप्त गरेका महापुरुष | | |
| सर्गे | = सृष्टिको समयमा पनि | | |

### भावार्थ

यस ज्ञानको आश्रय लिएर मेरो स्वरूपलाई प्राप्त गरेका महापुरुषहरू सृष्टिको समयमा पनि जन्मदैनन् र प्रलयकालमा पनि विनाश हुँदैनन् अर्थात् मृत्युजन्य दुःखको अनुभूति गर्दैनन् ।

### भावबोधिनी व्याख्या

अघिल्लो श्लोकमा ज्ञानमध्येको जुन उत्तम वा सर्वश्रेष्ठ ज्ञान छ, त्यही ज्ञान प्राप्त गरेर कयौं ऋषिमुनिहरूले परमसिद्धि प्राप्त गरे भन्ने उल्लेख गरियो ।

प्रस्तुत श्लोकमा त्यही पूर्वोक्त ज्ञानको आश्रय लिएर जसले परमेश्वरको साधर्म्यता वा स्वरूपलाई प्राप्त गर्छ, त्यस्तो पुरुष न सृष्टिको प्रारम्भमा उत्पन्न हुन्छ, न त प्रलयकालमा नै नाश हुन्छ । श्रीधरस्वामीले 'मम साधर्म्यम्' को 'मद्रूपत्वम्' भन्ने व्याख्या गर्नुभएको छ, त्यसैले 'साधर्म्य' भनेको परमेश्वरकै सारूप्यता प्राप्त हुनु हो ।

परमेश्वरको साधर्म्यता प्राप्त गर्ने महापुरुष सांसारिक विषयवासनाप्रति उदासीन रहन्छ । उसमा न कर्तृत्वको अभिमान हुन्छ, न त भोक्तृत्वको अहङ्कार नै । उसमा न इच्छा र कामना हुन्छन्, न त आसक्ति नै । ऊ परमेश्वरकै समान सदा निर्लिप्त, निर्विकार, नित्यतृप्त र निराश्रय भएर रहन्छ, अनि ऊ परमेश्वरमै लीन भई पुरुषहरूमा उत्तम पुरुषोत्तम समान बन्दछ । यस्तो आत्मज्ञानी पुरुष परमेश्वरमै एकाकार भएर लीन भएपछि उसको न महासर्गमा पुनः उत्पत्ति हुन्छ, न त महाप्रलय- जसमा समस्त चराचर जगत् जलमग्न हुन्छ, त्यसमा पनि उसको विनाश नै हुन्छ ।

## प्रकृति र पुरुषबाट जगत्को उत्पत्ति

**मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।**
**सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥**

### शब्दार्थ

| | | | |
|---|---|---|---|
| भारत | = हे भरतवंशी अर्जुन ! | गर्भम् | = गर्भ, चेतनरूप बीज |
| मम | = मेरो | दधामि | = स्थापना गर्दछु, धारण गर्दछु |
| योनिः | = योनि, गर्भाधानको स्थान, उत्पत्तिको कारण | ततः | = त्यस जडचेतनको संयोगबाट |
| महद्ब्रह्म | = महद्ब्रह्मरूप त्रिगुणमयी प्रकृति (माया) हो | सर्वभूतानाम् (सर्वेषां भूतानाम्) | = स्थावर जङ्गमरूप समग्र प्राणीहरूको |
| तस्मिन् | = त्यसैमा, महद्ब्रह्मरूप-योनिमा | सम्भवः | = उत्पत्ति |
| अहम् | = म | भवति | = हुन्छ |

### भावार्थ

हे भरतवंशी अर्जुन ! महद्ब्रह्मरूप त्रिगुणमयी प्रकृति (माया) मेरो योनि गर्भाधानको स्थान हो, म त्यही महद्ब्रह्मरूप योनिमा चेतनरूप बीज स्थापना गर्दछु । त्यसपछि त्यही जडचेतनको संयोगबाट स्थावर जङ्गमरूप समग्र वस्तु र प्राणीहरूको उत्पत्ति हुन्छ ।

### भावबोधिनी व्याख्या

परमेश्वरको सत्त्व, रज र तम यो त्रिगुणमयी जुन माया छ, त्यही नै मूलप्रकृति हो, जसलाई 'महद्ब्रह्म' भनिन्छ । यो ज्यादै ठूलो र व्यापक पनि भएकोले यसलाई 'महद्ब्रह्म' भनिएको हो । यही महद्ब्रह्मरूप मूलप्रकृति नै समस्त चराचर अनन्त ब्रह्माण्डको योनि अर्थात् उत्पत्तिको मूलकारण या गर्भाधानको स्थान हो ।

परब्रह्म परमेश्वरले त्यही महद्ब्रह्मरूप योनिमा चेतनरूप बीज रोपेर जड र चेतनको संयोगबाट गर्भस्थापन गर्नुहुन्छ । त्यसपछि महाप्रलयको अवस्थामा ब्रह्ममा लीन भएका समस्त वस्तु र प्राणीहरूको उत्पत्ति हुन्छ, यसैलाई 'महासर्ग' भनिन्छ । यस महासर्गमा सर्वप्रथम ब्रह्माजी प्रकट हुनुहुन्छ अनि ब्रह्माबाट देव, मनुष्य, कीट, पतङ्गादि अन्य प्राणीहरू र चराचर जगत्को उत्पत्ति हुन्छ । त्यसैले यो सम्पूर्ण जगत् ब्रह्मको अभिव्यक्ति या प्रकटन हो । परब्रह्म परमेश्वर यस जगत्का मूलकारणरूप बीज हुनुहुन्छ । 'योनि' भनेको जगत्को मूलाधार हो, गर्भाशय हो, उत्पत्तिस्थान हो ।

संक्षेपमा भन्नुपर्दा यो चराचर जगत्को बृहत् सृष्टि नै परमेश्वरको संरचना हो । महद्ब्रह्मरूप मूलप्रकृति नै परमेश्वरको योनि या गर्भाधान स्थल हो । यसैमा परमेश्वरले चेतनरूप बीज रोप्नुहुन्छ र त्यसैबाट समस्त वस्तु र प्राणीहरू उत्पन्न हुन्छन् ।

**सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।**
**तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥**

### पदार्थ

कौन्तेय = हे कुन्तीपुत्र अर्जुन !
सर्वयोनिषु (सर्वासु योनिषु)
= समग्र-योनिमा, देवमनुष्य, पशु आदि सबै योनिमा
याः = जति
मूर्तयः = मूर्तिहरू, स्वरूपहरू
सम्भवन्ति = उत्पन्न हुन्छन्, प्रकट हुन्छन्
तासाम् = ती सबैको

महद्ब्रह्म = महद्ब्रह्मस्वरूप प्रकृति (माया)
योनिः = गर्भधारण गर्ने आमा हो
अहम् = म परमेश्वर
बीजप्रदः (बीजं प्रददामीति)
= बीज प्रदान गर्ने, बीज आधान गर्ने
पिता = बाबु
(अस्मि) = हुँ

### भावार्थ

हे कुन्तीपुत्र अर्जुन ! देव-मनुष्यादि समग्र-योनिमा जति स्वरूप या मूर्तिहरू उत्पन्न हुन्छन्, ती सबैको प्रकृति (माया) गर्भधारण गर्ने आमा हुन् र म परमेश्वर बीज स्थापन गर्ने बाबु हुँ ।

### भावबोधिनी व्याख्या

देव, मनुष्य, दानव, राक्षस, कीट, पतङ्ग, पशु, पन्छी आदि विभिन्न किसिमका जति योनिहरू छन्, ती सबैमा भिन्न भिन्न वर्ण र आकृतिका जति मूर्तिहरू, स्वरूपहरू, वर्णहरू र आकृतिहरू उत्पन्न हुन्छन्, ती सबैको गर्भधारण गर्ने महद्ब्रह्म (प्रकृति) आमा हुन् र परमेश्वर बीज आधान गर्ने पिता हुन् ।

समस्त प्राणीहरूको स्थूल शरीर- हाड, छाला, रगत, मासु, बोसो आदि र हात, खुट्टा, छाती, बाहु, पिठ्यूँ, शिर आदिबाट युक्त हुन्छ र सूक्ष्म शरीर- दसै इन्द्रियहरू मन, बुद्धि र अहङ्कार यी अन्तःकरणहरू र प्राण अपानादि वायुतत्त्व र पृथिवी, जल, तेज, आकाश आदि सूक्ष्मतत्त्वहरू मिलेर बनेको छ । स्थूल र सूक्ष्म यी दुबैमा त्रिगुणात्मिका प्रकृतिका शक्तिको अंश पाइने हुँदा प्रकृति माता हुन् र यी सबैमा विराजमान चेतन या आत्मतत्त्व परमेश्वरको अंश भएको हुँदा परमेश्वर यी सबैका पिता हुन् ।

### प्रकृतिका गुणहरू

**सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।**
**निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥**

## पदार्थ

| | |
|---|---|
| **महाबाहो** (महान्तौ बाहू यस्य सः) = हे शक्तिशाली बाहु भएका अर्जुन ! हे महाबाहो ! | **तमः** = तमोगुण |
| **प्रकृतिसम्भवाः** (प्रकृतेः सम्भवाः) = प्रकृतिबाट उत्पन्न भएका | **इति** = यस प्रकारका |
| **सत्त्वम्** = सत्त्वगुण | **गुणाः** = तीनै गुणहरूले |
| **रजः** = रजोगुण | **अव्ययम्** = अविनाशी |
| | **देहिनम्** = जीवात्मालाई |
| | **देहे** = शरीरमा |
| | **निबध्नन्ति** = बाँढ्छन्, बन्धनमा पार्छन् |

## भावार्थ

हे शक्तिशाली बाहुभएका अर्जुन ! प्रकृतिबाट उत्पन्न भएका सत्त्व, रज र तम यी तीनै गुणहरूले अविनाशी जीवात्मालाई शरीरमा नै बाँढ्छन् अर्थात् अव्यय जीव प्रकृतिको संसर्गमा आएपछि तीन गुणहरूबाट बद्ध हुन्छ ।

## भावबोधिनी व्याख्या

प्रकृतिका सत्त्व, रज र तम- यी तीन गुणहरू छन् । यी तीन गुणमध्ये सत्त्वगुणले चेतनाको प्रकाशलाई उद्भासित गर्दछ र ऊ प्रकाशस्वरूप छ । रजोगुणमा बहिर्मुखी प्रवृत्ति पाइन्छ, ऊ रागात्मक छ र कर्मद्वारा जीवात्मालाई आबद्ध गर्दछ । तमको विशेषता जडता हो, अप्रकाश, अप्रवृत्ति, प्रमाद, मोह आदि यसका अन्य विशेषता हुन् र यसैद्वारा जीवात्मालाई बन्धनमा पार्दछ । त्यसैले गुणातीत हुन प्रकृतिका गुणहरूभन्दा माथि उठ्न सक्नुपर्दछ ।

यी तीनवटै गुणहरू 'महद्ब्रह्म' नामक मूल प्रकृतिबाट उत्पन्न भएका हुन् । यिनमध्ये सत्त्व स्वच्छता, पवित्रता र शान्तिको प्रतीक छ । रज तृष्णा, वासना र कर्म प्रवृत्तिको प्रतीक छ र तम अज्ञानता, अहङ्कार र मोहको प्रतीक छ । जीवात्मा प्रकृतिका गुणको असल वा खराब जस्तो संसर्गमा पर्दछ, त्यस्तै बनेको हुन्छ र त्यसैमा बाँधिन्छ । गुण भनेको डोरी पनि हो, जसलाई बन्धनको प्रतीक मानिन्छ ।

यस चराचर जगत्मा समस्त प्राणीहरूका जति प्रकारका स्वरूप, मूर्ति, वर्ण र रङ्गहरू छन्, एक अर्कामा जुन अमिल्दोपना छ, त्यो सबै गुणहरूको भेदकै कारणबाट सम्भव भएको हो । यो समस्त जगत् प्रकृतिका यिनै तीन गुणले बाँधिएको छ ।

जीवात्मा अविनाशी, अव्यय र अनश्वर छ । ऊ स्वयम् बन्धनमा पर्दैन । जीवात्माको सम्बन्धमा गोस्वामी तुलसीदासजी लेख्नुहुन्छ- "**ईश्वर अंस जीव अविनासी । चेतन अमल सहज सुखराशि**" जीव ईश्वरको अंश हो, यो अविनाशी छ, चेतनस्वरूप छ, स्वच्छ, निर्मल, सरल र सहज छ, अनन्त सुख एवम् आनन्दको राशि छ । तर पनि जीव जब गुणहरूको संसर्गमा आउँछ, अनि ऊ सांसारिक विषयभोगको सुखमा आसक्त हुन्छ र उसमा अभिमान, अज्ञान, अविद्या,

अहङ्कार र ममत्वका भावहरू पैदा हुन्छन् । यही नै उसको बन्धन हो । यसरी प्रकृतिका यी तीन गुणहरूले अविनाशी जीवात्मालाई देहमा नै आवद्ध गर्दछन् । वस्तुतः जीवात्मा बन्धनमा पर्दैन तर पनि प्रकृतिका गुणहरूको संसर्गबाट बन्धनमा परेको प्रतीत हुन्छ । यसरी जीवात्मालाई जन्म, मरणको चक्रमा फसेको जस्तो प्रतीत गराउने तत्त्व पनि प्रकृतिका तीन गुणकै शक्ति हो ।

## सत्त्वगुणको स्वरूप र उसको क्रिया

**तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।**
**सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **अनघ** | = हे पापरहित (निष्पाप) अर्जुन ! | **सत्त्वम्** | = सत्त्वगुण |
| **तत्र** | = यी तीनै गुणहरूमध्ये | **सुखसङ्गेन** | = सुख र आनन्दप्रतिको आसक्तिले |
| **निर्मलत्वात्** | = निर्मल वा स्वच्छ हुनाले | **च** | = र |
| **प्रकाशकम्** | = प्रकाश दिने, उज्यालो | **ज्ञानसङ्गेन** | = ज्ञानप्रतिको आसक्तिले |
| **अनामयम्** | = निर्विकार, विकाररहित | **बध्नाति** | = बाँध्छ, बद्ध गर्छ |

### भावार्थ

हे निष्पाप अर्जुन ! यी तीनै गुणहरूमध्ये निर्मल र स्वच्छ हुनाले सत्त्वगुण प्रकाश दिने उज्यालो छ र निर्विकार पनि छ, यस किसिमको सत्त्वगुणले आनन्द वा सुखप्रतिको आसक्ति र ज्ञानप्रतिको आसक्तिद्वारा जीवात्मालाई बाँध्दछ ।

### भावबोधिनी व्याख्या

'अघ' भनेको पाप हो, न+अघ, जसमा पाप छैन, त्यो अनघ हुन्छ । यहाँ अर्जुनलाई पाप नभएको 'अनघ' भनी सम्बोधन गरिएको छ ।

सत्त्व, रज र तम- यी ती गुणहरूमध्ये सत्त्वगुण निर्मल छ, स्वच्छ छ, मलरहित छ, स्फटिकभन्दा पनि कञ्चन छ र शान्तिप्रद छ । यसको स्वभाव प्रकाशक छ, उज्यालो प्रकाश दिने खालको छ र यसले अन्तःकरण र इन्द्रियहरूमा प्रकाश भरिदिन्छ ।

'आमय' भनेको रोग हो । 'न+आमय= अनामय' अर्थात् जो स्वस्थ छ, त्यो अनामय हुन्छ । सत्त्वगुणको स्वभाव पनि अनामय हो, जो निर्विकार वा विकाररहित हुन्छ । त्यसैले सत्त्वगुणको वृद्धि भए पछि मनमा विक्षोभ, चञ्चलता, अस्थिरता आदि हटेर जान्छन् ।

मनमा विक्षोभ वा प्रतिक्रिया पैदा नभए पछि चित्त शान्त हुन्छ, सुख एवम् आनन्द प्राप्त हुन्छ र ज्ञान पनि प्राप्त हुन्छ । अनि सत्त्वगुणी मानिस पनि यही सुख, समृद्धि, आनन्द र ज्ञानको स्थायित्वप्रति सदा लालायित भइरहन्छ र यिनमा निरन्तर आसक्त भइरहन्छ । अन्ततः सात्त्विक व्यक्ति यही सुख र ज्ञानप्रतिको

अभिमान, अहङ्कार र आसक्तिले ऊ सांसारिक बन्धनमा पर्दछ । सत्त्व, रज र तम यी तीन गुणहरूमध्ये सत्त्वगुण सबभन्दा उच्च र श्रेष्ठ पनि छ र यसले पनि जगत्को सृष्टिमा ठूलो प्रभाव पार्दछ । तर सत्त्वगुण पनि माया र मोहकै अंश भएकोले यसले पनि जीवात्मालाई बन्धनमा पार्छ र बन्धनबाट छुटकारा पाउन गुणातीत हुनुपर्दछ ।

## रजोगुणको स्वरूप र उसको क्रिया

> **रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।**
> **तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ॥७॥**

### पदार्थ

**कौन्तेय** = हे कुन्तीपुत्र अर्जुन !
**रजः** = रजोगुण
**रागात्मकम्** = रागमय, रागरूप, अनुरागात्मक प्रकृतिको
**तृष्णासङ्गसमुद्भवम्** (तृष्णा च आसङ्गश्च ताभ्यां समुद्भवम्) = तृष्णा र आसक्तिबाट पैदा भएको । 'तृष्णा' भनेको अप्राप्त वस्तुको चाहना हो, 'आसङ्ग' भनेको- विषयप्रतिको आसक्ति हो ।
**विद्धि** = जान, बुझ
**तत्** = त्यसले, त्यस रजोगुणले
**कर्मसङ्गेन** = कर्म र कर्मफलको आसक्तिद्वारा
**देहिनम्** = जीवात्मालाई
**निबध्नाति** = बाँध्छ, बन्धनमा पार्छ

### भावार्थ

हे कुन्तीपुत्र अर्जुन ! रजोगुण रागमय अर्थात् अनुरागात्मक प्रकृतिको हुन्छ र यसलाई तृष्णा र आसक्तिबाट पैदा भएको जान । त्यसैले रजोगुणले कर्म र कर्मफलप्रतिको आसक्तिद्वारा जीवात्मालाई बाँध्दछ ।

### भावबोधिनी व्याख्या

रजोगुणको स्वरूप राग हो, राग भन्नु नै प्रियता, अनुराग या स्नेह हो । कुनै सांसारिक वस्तु या व्यक्तिप्रति जब ममता हुन्छ, अनुराग हुन्छ, अनि त्यसप्रति आसक्ति र अतृप्तिका कामनाहरू बढ्दै जान्छन् र रागात्मक प्रवृत्तिको उदय हुन्छ । रागात्मक प्रवृत्ति मुख्यतया तृष्णा, वासना, कामना या आकाङ्क्षाहरूबाट पैदा हुन्छ । त्यसैले तृष्णा र आसक्ति रजोगुणको मुख्य उद्गम स्रोत हो । तृष्णाले लोभ पनि बढाउँछ र आसक्तिलाई पनि बढाउँछ । तृष्णा, आसक्ति र रजोगुणको तादात्म्य-सम्बन्ध छ । रजोगुणले एकातिर तृष्णा र आसक्ति बढाउँछ भने अर्कोतिर तृष्णा र आसक्तिले पनि रजोगुणको वृद्धि गर्छ । त्यसैले रजोगुण र आसक्ति दुवै एक अर्काका परिपूरक हुन्छन् ।

रजोगुणले सकाम कर्मप्रतिको आसक्ति बढाउँछ र यही नै कर्मसङ्ग हो । जब एउटा कर्मको परिपूर्ति हुन्छ अनि पुनः अर्को कर्ममा प्रवृत्त हुने आसक्ति पैदा हुन्छ । यही कर्मप्रतिको आसक्तिले नै जीवात्मालाई शरीरमा नै बाँध्दछ । विषयभोग र सांसारिक

पदार्थप्रतिको अनन्त तृष्णा र आकाङ्क्षा नै जीवात्माको पुनर्जन्म र मरणको कारक हुन्छ । 'म कर्म गर्ने कर्ता हुँ' भन्ने जीवात्मामा जुन अहङ्कार पैदा हुन्छ, यही उसको शत्रु हो । यही भावनाबाट ऊ बन्धनमा पर्छ । स्त्री र पुरुषको परस्परमा आकर्षण हुनु, इन्द्रिय तृप्तिको चाहना हुनु, विषयको चिन्तन गर्नु, विषयभोगी बन्नु र अशान्ति, कलह, काम, क्रोध, लोभ, अतृप्ति र मोहको वशीभूत हुनु रजोगुणकै प्रवृत्ति हो । रजोगुणले मनमा विक्षोभ पैदा गर्दछ र दुःख, कष्ट, पीडा र मनोव्यथा बढाउँछ । त्यसैले यी सबै कुराबाट छुटकारा पाउन गुणातीत हुनुपर्दछ ।

## तमोगुणको स्वरूप र उसको क्रिया

**तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।**
**प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ।८॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| भारत | = हे भरतवंशी अर्जुन ! | विद्धि | = जान |
| अज्ञानजम् | = अज्ञानबाट उत्पन्न भएको | तत् | = त्यसले |
| तमः | = तमोगुणलाई | प्रमादालस्यनिद्राभिः (प्रमादश्च आलस्यञ्च निद्रा च ताभिः) | = प्रमाद, आलस्य र निद्राद्वारा |
| तु | = ता, त | | |
| सर्वदेहिनाम् | = समग्र देहधारीहरूलाई | | |
| मोहनम् | = मोहित पार्ने, मोह पैदा गर्ने | निबध्नाति | = बाँध्दछ, जीवात्मालाई बन्धनमा पार्छ |

### भावार्थ

हे भरतवंशी अर्जुन ! अज्ञानबाट उत्पन्न तमोगुणलाई त समग्र देहधारीहरूलाई मोह (भ्रम) पैदा गर्ने जान । त्यसले प्रमाद, आलस्य र निद्राद्वारा जीवात्मालाई बन्धनमा पार्छ ।

### भावबोधिनी व्याख्या

तम, अज्ञता र जडता अन्धकारको प्रतीक हो । तमोगुण अज्ञानता र अविवेकबाट पैदा हुन्छ । अविवेकबाट मानिसमा उचित अनुचित कुराको ज्ञान हुँदैन । अनि समग्र पापीहरू मोह र भ्रममा पर्दछन् । सत्त्व र रजोगुणलाई दबाएर तमोगुण उत्पन्न हुने हुँदा मूढता वा अज्ञानजन्य भावहरू प्राणीमा प्रकट हुन्छन् । तमोगुणको बाहुल्य भएपछि जीवन अन्धकारमय बन्न पुग्दछ, अनि प्रमाद, आलस्य र निद्राले जीवात्मालाई बन्धनमा पार्दछन् र जीवात्मालाई मोक्षको मार्गमा अवरोध पैदा गर्दछन् ।

देहधारीहरूको मतिभ्रष्ट हुनु, दुष्कर्मतिर लाग्नु, अधर्मतिर प्रवृत्त हुनु र ज्यादा देहाभिमानी बन्नु तमोगुणकै कार्यक्षेत्र हुन् । यी सबै आत्म-साक्षात्कार र मुक्तिको मार्गमा बाधक बनेका हुन्छन् ।

त्यसैले तामसी व्यक्तिका मस्तिष्कमा खराब विचारहरू सलबलाइरहेका हुन्छन् । ऊ रजोगुणजन्य साहसपूर्ण कार्यमा पनि लाग्न सक्तैन र सत्त्वगुणजन्य शान्ति र सद्विचारमा पनि लाग्न सक्तैन । ऊ सदा बेहोस जस्तै हुन्छ, उसलाई निद्रा र आलस्यले सताइरहन्छ र बौद्धिक क्रियाकलाप एवम् आत्म-उत्थानको मार्गमा ऊ कहिल्यै अगाडि बढ्न सक्तैन ।

## तीन गुणको कार्यव्यापार

**सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।**
**ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ॥९॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **भारत** | = हे भरतवंशी अर्जुन ! | **तमः** | = तमोगुणले |
| **सत्त्वम्** | = सत्त्वगुणले | **उत** | = पनि |
| **सुखे** | = सुखमा, आनन्दमा | **ज्ञानम्** | = ज्ञानलाई, विवेक-बुद्धिलाई |
| **सञ्जयति** | = लगाउँछ, प्रेरित गर्छ | **आवृत्य** | = ढाकेर, आच्छादन गरेर |
| **रजः** | = रजोगुणले | **प्रमादे** | = प्रमादमा, कर्तव्यकर्म नगर्नेतिर |
| **तु** | = चाहिँ | **सञ्जयति** | = लगाउँछ, अभिप्रेरित गर्छ |
| **कर्मणि** | = सकामकर्ममा | | |
| **(सञ्जयति)** | = लगाउँछ, प्रवृत्त गराउँछ | | |

### भावार्थ

हे भरतवंशी अर्जुन ! सत्त्वगुणले सुख या आनन्दमा लगाउँछ, रजोगुणले चाहिँ सकामकर्ममा प्रवृत्त गराउँछ र तमोगुणले विवेकज्ञान र बुद्धिलाई ढाकेर बेहोस पार्छ र प्रमाद अर्थात् कर्तव्यकर्म नगर्नेतिर अभिप्रेरित गर्छ ।

### भावबोधिनी व्याख्या

तीनै गुणहरूको कार्यक्षेत्र र कार्यव्यापार भिन्नाभिन्नै किसिमको हुन्छ । सत्त्वगुणले शुभकर्म र पुण्यकर्महरू गर्ने प्रेरणा प्रदान गर्छ र सत्त्वगुणीहरूलाई सुख र आनन्दमा आकर्षित गर्दछ । अन्ततः यही सुख प्राप्तिप्रतिको आसक्तिले नै ऊ सांसारिक बन्धनमा पर्दछ ।

रजोगुणको कार्यव्यापार कर्म हो । सांसारिक विषयहरूको उपभोग र चाहनाले मानिस सकामकर्ममा प्रवृत्त हुन्छ । उसमा तृष्णा बढिरहेको हुन्छ र विषयभोगको कामनाबाट कदापि तृप्त हुँदैन । ऊ सदा कामनामा नै प्रभावित भएर कर्ममा लागिरहन्छ र कर्मप्रतिको यही आसक्तिले नै ऊ कर्मबन्धनमा पर्दछ ।

तमोगुण मोह, अज्ञानता र अन्धकारको प्रतीक हो । यसले सद्बुद्धि, सद्विचार, विवेकज्ञान, विवेकशक्ति र चेतनालाई ढाकिदिन्छ र मानिसलाई बेहोस एवम् लट्ठ बनाइराख्तछ । त्यसैकारण मानिस राम्रो-नराम्रो, उचित-अनुचित कुरा छुट्ट्याउन

सक्तैन, अनि कुकर्मतिर अभिप्रेरित हुन्छ र कर्तव्यकर्म बिर्सिदिन्छ । यिनै मोह एवम् अविवेकजन्य दुष्प्रवृत्तिले नै ऊ निद्रा, आलस्य र प्रमादमा लट्ट भई तिनैको वशीभूत भइरहन्छ र तिनै कुराहरूप्रतिको आसक्तिले नै बन्धनमा पर्दछ ।

मानिसको यी तीनै गुणहरूप्रतिको आसक्ति नै बन्धन र पुनर्जन्मको कारक हुन्छ । राम्रो काम गर्ने र असल स्वभाव तथा प्रकृति भएको सत्त्वगुणी व्यक्तिको अन्तरात्मा सुख र सन्तोषले परिपूर्ण भए पनि ऊ सांसारिक बन्धनबाट छुटकारा पाउन सक्तैन । सकामकर्ममा लागिरहने रजोगुणी र मोह एवम् अज्ञानमा लट्टिरहने तमोगुणी त झन् कर्मबन्धनबाट छुटकारा पाउने प्रश्न नै उठ्तैन । आत्मचिन्तन, आत्मसाक्षात्कार र परमपुरुष परमात्माको प्राप्ति नै जीवनको उच्चतम लक्ष्य भएकाले मानिसले गुणातीत बनेर परमात्मा परमेश्वरलाई प्राप्त गर्न सक्नुपर्दछ, यही नै मानव जीवनको सार्थकता हो ।

## दुई गुणलाई दबाएर एकको प्रवर्द्धन हुन्छ

**रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।**
**रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥**

### पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| भारत | = | हे भरतवंशी अर्जुन ! | तमः | = | तमोगुणलाई |
| रजः | = | रजोगुणलाई | एव (अभिभूय) | = | पनि, दबाएर |
| च | = | र | रजः (भवति) | = | रजोगुणको वृद्धि हुन्छ |
| तमः | = | तमोगुणलाई | तथा | = | र, त्यसरी नै |
| अभिभूय | = | दबाएर | सत्त्वम् | = | सत्त्वगुणलाई |
| सत्त्वम् | = | सत्त्वगुण | च | = | र |
| भवति | = | बढ्छ, वृद्धि हुन्छ, विजयी हुन्छ | रजः | = | रजोगुणलाई |
| | | | (अभिभूय) | = | दबाएर |
| सत्त्वम् | = | सत्त्वगुण | तमः (भवति) | = | तमोगुण बढ्दछ, विजयी हुन्छ |
| च | = | र | | | |

### भावार्थ

हे भरतवंशी अर्जुन ! कहिले रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुणको वृद्धि हुन्छ, कहिले सत्त्वगुण र तमोगुणलाई दबाएर रजोगुणको प्रभाव बढ्छ र कहिले सत्त्वगुण र रजोगुणलाई दबाएर तमोगुण बढ्छ अर्थात् तमोगुणले प्रभुत्व जमाउँछ ।

### भावबोधिनी व्याख्या

गुणहरूको परस्परमा प्रतिस्पर्धा चलिरहन्छ । एक गुणले अर्को गुणलाई आफूतिर आकर्षित गर्ने र एकले अर्कोमाथि प्रभुत्व जमाउँने प्रक्रिया निरन्तर चलि नै रहन्छ । कहिले रज र तमलाई दबाएर सत्त्वगुण बढी प्रभावकारी बन्छ, कहिले सत्त्व र तम उपर रजोगुणले प्रभुत्व जमाउँछ भने कहिले सत्त्व र रज दुवैलाई आफ्नो नियन्त्रणमा राखेर तमोगुणले प्रभुत्व जमाउँछ ।

जब सत्त्वगुण प्रभावकारी हुन्छ, त्यसबेला शरीरमा दीप्ति तथा प्रकाश फैलिन्छ, स्वच्छता र पवित्रता बढ्छ, अनि जीवन सुखमय एवम् प्रशान्त बन्दछ र सद्विचार र सद्विवेकको अभ्युदय हुन्छ । त्यसैगरी जब रजोगुणले प्रभुत्व जमाउँछ, त्यसबेला "लोभः प्रवृत्तिरारम्भः" लोभ, सकामकर्ममा प्रवृत्ति र नयाँ नयाँ कर्मको आरम्भ सुरु हुन्छ । असन्तुष्टिहरू बढ्दछन्, इच्छा, कामना र विषयवासनाको लालसामा प्रबलन हुन्छ र मनमा अशान्ति र बेचैनी पनि आउन थाल्दछ । यसैगरी सत्त्व र रजलाई दबाएर तमोगुणको प्रभुत्व बढेपछि " **अप्रकाशो प्रवृत्तिश्च प्रमादो मोह एव च**" प्रकाशको अभाव हुन्छ, निद्रा, आलस्य, प्रमाद र मोह बढ्दै जान्छन्, त्यसबेला मानिस सद्बुद्धि र विवेकशून्य बन्दछ ।

संक्षिप्तमा भन्नुपर्दा शान्ति तथा निःस्वार्थता सात्त्विक प्रवृत्ति हो । अशान्ति, वस्तुहरूप्रति लालसा र कामना राजसी प्रवृत्ति हो र भ्रान्ति, निष्क्रियता मोह र जडता, तामसी प्रवृत्ति हो । यसरी हरेक प्राणी प्रकृतिको वशमा छ र प्रकृतिका तीनै गुणहरूले कुनै न कुनै रूपमा प्रभुत्व जमाइरहेकै हुन्छन् ।

### सत्त्वगुणको प्रवर्द्धन

> **सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।**
> **ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥**

### पदार्थ

अस्मिन् = यस
देहे = शरीरमा
सर्वद्वारेषु (सर्वाणि द्वाराणि अन्तःकरणानि श्रोत्रादीनि इन्द्रियाणि तेषु) = मन, बुद्धि र समग्र श्रोत्रादि इन्द्रियहरूमा
प्रकाशः = प्रकाश र
ज्ञानम् = ज्ञान, बोधशक्ति
यदा = जुन समयमा, जहिले
उपजायते = उत्पन्न हुन्छ
तदा = त्यस बखत, त्यस समयमा
सत्त्वम् = सत्त्वगुण
विवृद्धम् = बढेको
इति, उत = यस्तो पनि
विद्यात् = जान्नुपर्छ, बुझ

### भावार्थ

यस शरीरमा विद्यमान मन, बुद्धि र समग्र श्रोत्रादि इन्द्रियहरूमा प्रकाश तथा ज्ञान वा बोधशक्ति जुन समयमा उत्पन्न हुन्छ, त्यस समयमा सत्त्वगुण बढेको छ भन्ने कुरो जान्नुपर्छ ।

### भावबोधिनी व्याख्या

जुन समयमा "**रजस्तमश्चाभीभूय सत्त्वं भवति**" अर्थात् रजोगुण र तमोगुणलाई दबाएर शरीरमा सत्त्वगुणको अभिवृद्धि हुन्छ, त्यसबखत अन्तःकरण र सबै श्रोत्रादि इन्द्रियहरूमा प्रकाश फैलिन्छ, दीप्ति बढ्छ र शरीर स्वच्छ, निर्मल, सुख र

आनन्दमय बन्न पुग्दछ । अनि शरीरमा चेतना र ज्ञानको अभिवृद्धि हुन्छ र असल, खराब तथा राम्रो नराम्रोलाई छुट्ट्याउन सक्ने सद्विवेक र सद्बुद्धिको प्रस्फुरण हुन्छ । त्यसबेला रजोगुणजन्य लोभ, इच्छा, सकामकर्ममा प्रवृत्ति, भोगविलासप्रतिको कामना र तमोगुणजन्य निद्रा, आलस्य, प्रमाद मोह आदि दुर्गुणहरू सबै हराएर जान्छन् ।

सत्त्वगुणको अभिवृद्धिले अहङ्कार र अभिमानको अभाव हुन्छ र क्रोध ईर्ष्या र वैरभावका भावनाहरू हट्छन्, अनि मानिस साँच्चिकै सत्त्वगुणी बन्दछ ।

## रजोगुणको प्रवर्द्धन

**लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।**
**रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥**

## पदार्थ

| | |
|---|---|
| भरतर्षभ (भरतानाम् ऋषभ) = हे भरतवंशीहरूमा सर्वश्रेष्ठ अर्जुन ! | कर्मणाम् = सकाम-कर्महरूको |
| रजसि = रजोगुण | आरम्भः = आरम्भ |
| विवृद्धे = बढेमा | अशमः = अशान्ति |
| लोभः = लोभ, लालचा | स्पृहा = लालसा, विषयभोगको कामना |
| प्रवृत्तिः = सांसारिक चेष्टा वा गतिविधि | एतानि = यी सबै |
| | जायन्ते = उत्पन्न हुन्छन् |

## भावार्थ

हे भरतवंशीहरूमा सर्वश्रेष्ठ अर्जुन ! रजोगुण बढेमा लोभ, सांसारिक चेष्टा वा गतिविधि, सकाम कर्महरूको आरम्भ, अशान्ति र विषयभोगको कामना वा लालसा यी सबै उत्पन्न हुन्छन् ।

## भावबोधिनी व्याख्या

रजोगुणले लोभ, असन्तुष्टि तथा अतृप्ति बढाउँछ र सांसारिक चेष्टाहरू पनि बढाउँछ । यसबाट सकाम कर्मप्रतिको क्रियाकलापमा वृद्धि हुन्छ, प्रतिष्ठा, यश र सम्मानका लागि नयाँ नयाँ कर्महरू आरम्भ गर्ने आकाङ्क्षाहरू बढ्दछन् र मानसिक अस्थिरता र अशान्ति पैदा हुन्छ । यसैगरी मनमा विषयभोगको लालसा उत्पन्न हुन्छ, अनि धनसञ्चय गर्ने इच्छा बढ्दै जान्छ र सांसारिक भोग्यपदार्थहरूको प्राप्तिको कामनाले उचित अनुचित एवम् कर्तव्य अकर्तव्यलाई छुट्ट्याउन सक्ने सद्बुद्धि र सद्विवेक समेत हराउँछ ।

यसैगरी रजोगुणको वृद्धि भएपछि आसक्ति बढ्न थाल्छ र इच्छा र अभिलाषा अनियन्त्रित रूपमा उत्पन्न हुन्छन् । मानिसको एउटा कामना परिपूर्ति भए पनि उसमा अर्को कामना जागृत हुन्छ र ऊ इन्द्रिय-तृप्तिका लागि सदा प्रयत्नशील

भइरहन्छ । जब रजोगुणी व्यक्तिमा इच्छा र चाहनाहरू बढ्दछन्, त्यसबखत ऊ लाभ-हानि र नाफा-नोक्सानको कुनै वास्ता गर्दैन र ऊ कर्मशील बनिरहन्छ र सुख एवम् आराम सबै बिर्सन्छ । रजोगुणी व्यक्ति बढी स्वार्थी हुन्छ र ऊ आफ्नो र आफ्ना परिवारका लागि बढी लालायित भइरहन्छ ।

## तमोगुणको प्रवर्द्धन

**अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।**
**तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| **कुरुनन्दन** | = हे अर्जुन ! | **प्रमादः** | = प्रमाद, बेहोस, लापर्वाही |
| **तमसि** | = तमोगुण | **च** | = र |
| **विवृद्धे** | = बढेमा | **मोहः** | = मोह, मूढता |
| **अप्रकाशः** | = अप्रकाश, अँध्यारोपना | **एव** | = नै |
| **च** | = र | **एतानि** | = यी सबै लक्षणहरू |
| **अप्रवृत्तिः** | = निष्क्रियता, कर्ममा अप्रवृत्ति | **जायन्ते** | = उत्पन्न हुन्छन् |

## भावार्थ

हे कुरुनन्दन ! तमोगुण बढेमा प्रकाशको अभाव, अँध्यारोपना, निष्क्रियता (कार्यमा अप्रवृत्ति), प्रमाद (बेहोस तथा लापर्वाही) र मोह यी सबै लक्षणहरू उत्पन्न हुन्छन् ।

## भावबोधिनी व्याख्या

तमोगुणको वृद्धि भएपछि अन्तःकरणमा प्रकाशको अभाव हुन्छ र अविवेक बढ्छ । अन्धकार, जडता एवम् मूढता प्रकट हुन्छन्, अनि सत्त्वगुण र रजोगुणका वृत्तिहरू सबै दबिन्छन्, काममा अगाडि बढ्ने प्रवृत्ति हराउँछ र अप्रवृत्ति, प्रमाद र मोहजन्य लक्षणहरू देखिन थाल्दछन् । सत्त्वगुण र रजोगुणलाई दबाएर तमोगुण प्रवर्द्धन हुने हुँदा सुख, आनन्द एवम् ज्ञान र विवेकशक्ति हराउँछ, ज्ञानेन्द्रियहरू दुर्बल हुन्छन् र कर्मेन्द्रियहरू निष्क्रिय बन्छन् । अनि कर्ममा प्रवृत्त हुने र नवीन कर्महरू आरम्भ गर्ने उत्साह र जागर हराउँछ र तमोगुणी व्यक्ति कर्तव्यकर्मबाट विमुख भएर सदा निद्रा, आलस्य, प्रमाद, मोह एवम् बेहोसीपनाले लट्ठिइरहेको हुन्छ ।

तामसी व्यक्ति अकर्मण्य हुन्छ, आफ्नो बुद्धि, विवेक र प्रतिभालाई बढाएर कर्तव्यकर्म पूरा गर्न ऊ कहिल्यै सक्तैन । खराब आचरण गर्ने, दुर्व्यसनी बन्ने, धूम्रपान, सुरापान, परस्त्रीगमन जस्ता कुलतहरूमा लाग्ने प्रवृत्ति र बेहोसीपना एवम् लट्ठिइरहने प्रवृत्तिको प्रवर्द्धनले तामसी व्यक्ति शारीरिक, मानसिक, बौद्धिक किसिमका कुनै पनि आनन्दहरूको अनुभूति गर्न सक्तैन । त्यसैले उसको आत्मा वा हृदय कुनै प्राण वा जीवनतत्त्व नभएको कठपुतलीकै समान प्रतीत हुन्छ । त्यसैले योगानन्द स्वामीजी लेख्नुहुन्छ- He exists like an enert lifeless stone.

## गुणवृद्धि-अनुसार मृत्यु हुनेको गतिनिरूपण

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

### पदार्थ

| | | | |
|---|---|---|---|
| यदा | = जब, जुनबेला | तु | = ता |
| सत्त्वे | = सत्त्वगुण | उत्तमविदाम् (उत्तमं विदन्तीति तेषाम्) | = उत्तमतत्त्व जान्नेहरूको, श्रेष्ठकर्म गर्नेहरूको |
| प्रवृद्धे | = बढेको समयमा | अमलान् | = निर्मल, पवित्र |
| देहभृत् | = देहधारी, जीवात्मा | लोकान् | = स्वर्गादिलोकमा |
| प्रलयम् | = मृत्यु | प्रतिपद्यते | = प्राप्त गर्छ, पुग्छ |
| याति | = प्राप्त गर्छ | | |
| तदा | = त्यसबखत, त्यससमयमा | | |

### भावार्थ

जब सत्त्वगुण बढेको समयमा देहधारी पुरुषको मृत्यु हुन्छ, त्यस बखत त्यो प्राणी उत्तमतत्त्व जान्ने वा श्रेष्ठ कर्मगर्ने ज्ञानीहरूको निर्मल एवम् पवित्र दिव्यलोक प्राप्त गर्छ ।

### भावबोधिनी व्याख्या

सत्त्वगुण स्वच्छ, पवित्र एवम् निर्मल हुन्छ । सत्त्वगुण बढेको बेलामा अन्तःकरण तथा इन्द्रियहरूमा र यस देहमा प्रकाश, तेज वा उज्यालो फैलिन्छ र ज्ञानको वृद्धि हुन्छ, अनि जीवात्माले सुख एवम् आनन्दको अनुभूति गर्दछ । यसरी सत्त्वगुणको वृद्धि भएको समयमा जब देहधारी पुरुषको निधन हुन्छ, त्यसबेला त्यस्तो पुरुष सर्वोत्तम परमात्मा परमेश्वरको रहस्य जान्ने र उत्तम शुभकर्महरू गर्ने श्रेष्ठ एवम् ज्ञानी पुण्यात्मा पुरुषहरूले प्राप्त गर्ने, स्वच्छ एवम् निर्मल तथा ज्ञानपूर्ण उच्चतम दिव्यलोक प्राप्त गर्दछ ।

यस किसिमको दिव्यलोकमा पुग्ने पुण्यात्मा पुरुषले सदा सुख र आनन्दको अनुभूति गर्दछ र ज्ञान पनि प्राप्त गर्दछ । जहाँ रजोगुण र तमोगुणका कुनै पनि प्रभावहरू पर्दैनन् ।

यसरी सत्त्वगुण बढेको समयमा मर्ने पुरुषको ऊर्ध्वगति हुन्छ र ऊ निर्मल एवम् पवित्र उत्तमलोकमा पुगेर देवलोकमा जन्म लिन्छ । सत्त्वगुणी प्राणीहरूका पनि उत्तम, अत्युत्तम र मिश्रित भेदका कारण विभिन्न श्रेणीहरू छन् । अत्युत्तम कोटीका सत्त्वगुणीहरू सदा जीवनको पूर्णतातिर अगाडि बढ्ने गर्दछन् । यस कोटीमा पर्ने पुरुषहरूमा ठूला ठूला ऋषिमुनिहरू र साधुसन्तहरू, सिद्धयोगीहरू, महर्षिहरू तथा देवदूतहरू पर्दछन् । राजसी वृत्तमा प्रायः मानवीय प्राणीहरू नै पर्दछन् र तामसी वृत्तमा अज्ञानतारूपी अन्धकारले रुमलिएका अत्यन्त खराब र नीच प्रकृतिका व्यक्तिहरू पर्दछन् ।

## गुणानुसार जन्मने प्रक्रिया

**रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।**
**तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥**

### शब्दार्थ

| | | | |
|---|---|---|---|
| (सः) | = त्यो देहधारीपुरुष | जायते | = जन्म लिन्छ |
| रजसि | = रजोगुण बढेको बेलामा | तथा | = र, तथा, त्यसरी नै |
| प्रलयम् | = मृत्यु | तमसि | = तमोगुण बढेको बेलामा |
| गत्वा | = प्राप्त भएर | प्रलीनः | = मर्ने पुरुष, मरेको मानिस |
| कर्मसङ्गिषु (कर्मणि सङ्गिषु कर्मासक्तियुक्तेषु-भा.भा.) | = कर्ममा आसक्त भएका मानिसहरूको बीचमा, जुनिमा | मूढयोनिषु | = मूढयोनिमा, पशुपक्षी कीटपतङ्गादि जुनिमा |
| | | जायते | = जन्मन्छ, उत्पन्न हुन्छ |

### भावार्थ

देहधारी पुरुष रजोगुण बढेको बेलामा मृत्यु प्राप्त गर्छ भने ऊ कर्ममा आसक्त मानिसहरूको जुनिमा जन्मन्छ र त्यसरी नै तमोगुण बढेको बेलामा मर्ने पुरुष पशु, पन्छी, कीट-पतङ्गादि मूढयोनिमा जन्मन्छ ।

### भावबोधिनी व्याख्या

रजोगुणको स्वरूप रागात्मक हुन्छ । रजोगुण तृष्णा र आसक्तिबाट पैदा हुने हुँदा यसले लोभ, असन्तुष्टि र सकाम कर्महरूप्रतिको प्रवृत्तिलाई बढाउँछ र मानसिक अशान्ति र अस्थिरता पैदा गरेर सांसारिक विषयभोगप्रति बढी लालसा र आकाङ्क्षा पैदा गरिदिन्छ । देहधारी पुरुषमा जब रजोगुणको वृद्धि हुन्छ, त्यसबखत मृत्यु प्राप्त गर्ने रजोगुणी पुरुष कर्ममा आसक्त भएका मानिसको जुनिमा जन्म लिन्छ ।

त्यसरी नै तमोगुण अज्ञानताबाट पैदा हुन्छ अनि समस्त जीवात्माहरूमा मोह एवम् भ्रम सृजना गरिदिन्छ र प्रमाद, आलस्य र निद्राले जीवात्माहरूलाई सताइरहन्छ । तमोगुण बढेपछि कर्ममा अप्रवृत्ति, अप्रकाश, मोह एवम् भ्रम जस्ता तामसी भावहरू पैदा हुन्छन् र अकर्मण्यता र बेहोसीपना पनि बढ्दै जान्छ । तमोगुणी मानिसहरू स्वयम् आफू पनि मूर्ख हुन्छन् र अरूलाई पनि मूर्ख बनाउने चेष्टा गर्छन् । यसरी तमोगुण बढेको बेलामा जुन पुरुषको मृत्यु हुन्छ, ऊ अधोगतिमा पुग्छ र पशु, पन्छी, कीट-पतङ्गादि मूढयोनिमा उत्पन्न हुन्छ ।

## कर्मानुसार प्राप्त हुने प्रतिफल

**कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।**
**रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| सुकृतस्य | = सात्त्विक, असल, श्रेष्ठ, शुभ | तु | = ता |
| कर्मण: | = कर्मको | फलम् | = फल |
| सात्त्विकम् | = सात्त्विक, सुखसमृद्धिले परिपूर्ण | दु:खम् | = दु:खकष्ट हो |
| | | तमस: | = तामसरूप पापकर्मको |
| निर्मलम् | = निर्मल, स्वच्छ | फलम् | = फल |
| फलम् | = फल | अज्ञानम् | = अज्ञान |
| आहु: | = बताउँछन्, भन्दछन् | (आहु:) | = भन्दछन् |
| रजस: | = राजसकर्मको | | |

### भावार्थ

सात्त्विक शुभकर्मको फल सुखसमृद्धिले परिपूर्ण, स्वच्छ र निर्मल हुन्छ, राजसकर्मको फल दु:खकष्ट हो र तामसरूप पापकर्मको फल अज्ञान हो भन्दछन् ।

### भावबोधिनी व्याख्या

अधिकांश कर्महरू अहङ्कार, अभिमान र आसक्तिले परिपूर्ण हुन्छन् र यस्ता कर्मले दु:ख, पीडा, सन्ताप पैदा गर्दछन्, अनि सद्बुद्धि एवम् सद्ज्ञानलाई नष्ट गर्दछन् । तर सुकृतकर्महरू भने सुख र आनन्दका प्रतीक हुन्छन् । 'सुकृतकर्म' भन्नाले उत्तम तथा श्रेष्ठ शुभकर्म र पुण्यकर्म भन्ने बुझिन्छ । परोपकार, समाजसेवा, निष्कामभावले गरिने स्वार्थरहित सबै कर्म सुकृतकर्म हुन् । सुकृत कर्म सुखदायी हुन्छ र कुनै छलकपट नभएको स्वच्छ पनि हुन्छ । यस्ता सुकृतकर्मको फल निर्मल, स्वच्छ र पवित्र हुने हुँदा यसलाई सुख समृद्धिले परिपूर्ण सात्त्विक फल भन्ने गरिन्छ ।

दु:खकष्ट र परिश्रमपूर्वक गरिने कर्म राजसकर्म हो । यस्तो कर्म दम्भ, अहङ्कार र अभिमानपूर्वक गरिन्छ र यस्तो कर्मको फल दु:खकष्ट हो र यो बन्धनकारक हुन्छ । सम्भ्रम, मूर्खता र बिना सुझबुझ आवेशमा आएर गरिने सबै कर्म तामसकर्म हो । पशुवध, परहिंसादि कर्म पनि तामस नै हो । तामसी प्रवृत्तिको मोहजन्य-भावले गर्दा कर्तव्य, अकर्तव्य तथा उचित, अनुचितलाई छुट्ट्याउन सकिन्न । यस्ता कर्मको फल अज्ञानता हो र यसबाट तिर्यक्योनिमा जन्मनु र मर्नुपर्ने हुन्छ ।

## सत्त्वादिगुणबाट के के पैदा हुन्छन् ?

**सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।**
**प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| सत्त्वात् | = सत्त्वगुणबाट | च | = र |
| ज्ञानम् | = ज्ञान | रजस: | = रजोगुणबाट |
| सञ्जायते | = उत्पन्न हुन्छ | लोभ: | = लोभ |

| | | | |
|---|---|---|---|
| एव (सञ्जायते) = निश्चय नै (उत्पन्न हुन्छ) | | भवतः | = हुन्छन्, उत्पन्न हुन्छन् |
| तमसः | = तमोगुणबाट | च | = र |
| प्रमादमोहौ (प्रमादश्च मोहश्च तौ) = प्रमाद र मोह | | अज्ञानम् | = अज्ञान, मूढता |
| | | एव | = पनि, नै |
| | | (भवति) | = हुन्छ |

**भावार्थ**

सत्त्वगुणबाट ज्ञान उत्पन्न हुन्छ । रजोगुणबाट निश्चय नै लोभ पैदा हुन्छ । तमोगुणबाट प्रमाद र मोह उत्पन्न हुन्छन् र अज्ञान वा मूढता पनि पैदा हुन्छ ।

**भावबोधिनी व्याख्या**

सत्त्वगुणको वृद्धि भएपछि सम्पूर्ण शरीर, अन्तःकरण र इन्द्रियहरूमा प्रकाश फैलिने र दीप्ति एवम् चमक बढ्ने हुँदा सत्त्वगुणबाट ज्ञान उत्पन्न हुन्छ र जीवन सुख एवम् आनन्दमय बन्न पुग्दछ । रजोगुणको प्रवर्द्धनबाट सकामकर्ममा प्रवृत्ति हुन्छ । भोगविलास र सांसारिक विषयवासना एवम् धन ऐश्वर्य र शक्ति तथा अधिकारप्रति आकर्षण एवम् तृष्णा अभिवृद्धि हुने हुँदा यसबाट लोभ, आसक्ति एवम् अशान्ति पैदा हुन्छ र यसको फल दुःख एवम् कष्टदायक हुन्छ ।

यसैगरी तमोगुणको प्रवर्द्धनबाट अप्रकाश, अकर्मण्यता एवम् मोह पैदा हुने हुँदा यसबाट प्रमाद, अज्ञानता र मूढता प्रकट हुन्छन्, जसले गर्दा तामसी व्यक्तिको जीवन निद्रा, आलस्य, दुर्व्यसन, प्रमाद एवम् बेहोसीपनाले लट्ठ भइरहेको हुन्छ । अनि उसको जीवन लक्ष्यरहित बन्छ र उसले आत्मनियन्त्रण गर्न पनि सक्तैन ।

**गुणअनुसार प्राप्त हुने गति**

**ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।**
**जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| सत्त्वस्थाः | = सत्त्वगुणमा स्थित हुने व्यक्तिहरू | जघन्यगुणवृत्तिस्थाः (जघन्यः निन्दनीयः स चासौ गुणस्तमोगुणस्तस्य वृत्तौ स्थिताः) | = नीच तथा निन्दनीय तमोगुणको वृत्तिमा रहेका |
| ऊर्ध्वम् | = माथि, उच्चलोकमा | तामसाः | = तामसजन |
| गच्छन्ति | = जान्छन्, पुग्छन् | अधः | = तल, नारकीय गतिमा |
| राजसाः | = रजोगुणमा स्थित पुरुषहरू | गच्छन्ति | = प्राप्त हुन्छन्, जान्छन्, पुग्दछन् |
| मध्ये | = मध्यवर्ती पृथिवीलोकमा, नरलोकमा | | |
| तिष्ठन्ति | = रहन्छन् | | |

### भावार्थ

सत्त्वगुणमा स्थित हुने व्यक्तिहरू माथि उठ्छन् र उच्चलोकमा पुग्दछन् । रजोगुणमा स्थित पुरुषहरू मध्यवर्ती पृथ्वीलोकमा नै रहन्छन् र निद्रा, आलस्य, परहिंसा आदि नीच गुणवृत्तिमा रहने तामसजन जघन्यकर्ममा संलग्न रहने हुँदा तलतिर खस्छन् ।

### भावबोधिनी व्याख्या

मानव जीवनमा गुणहरूको ठूलो प्रभाव पर्दछ । सत्त्वगुणले मानिसलाई माथि उठाउँछ, रजोगुणले मध्यवर्ती अवस्थामा नै झुलाइराख्तछ र तमोगुणले अधःपतन गराउँछ ।

जो सत्त्वगुणमा स्थित हुन्छन्, जो परोपकार, समाजसेवा, दान, व्रत आदि शुभ एवम् पुण्यकर्महरू गर्दछन्, यस्ता व्यक्तिहरूमा सत्त्वगुणको अभिवृद्धि हुन्छ र उनीहरू सत्त्वगुणी व्यक्तिहरूको शरीर, अन्तःकरण र इन्द्रियहरूमा तेज फैलिन्छ र ज्ञानको अभिवृद्धि हुन्छ । यस्ता व्यक्तिहरू श्रेष्ठ एवम् श्रेयस्कर पथतिर लागेका हुन्छन् र धेरै माथि उठ्तछन् अनि उनीहरू निधन भए पछि उत्तरायण मार्गबाट उच्च स्वर्गादिलोकमा पुग्दछन् ।

रजोगुणी व्यक्तिहरूमा लोभ एवम् आसक्ति ज्यादा हुने, सकाम कर्ममा प्रवृत्ति बढ्ने र विषयभोगप्रति लालायित भइरहने प्रवृत्ति रहने हुँदा उनीहरूको चित्त अशान्त एवम् अस्थिर हुन्छ । रजोगुणीहरू पाप र पुण्ययुक्त मिश्रितकर्ममा प्रवृत्त रहने हुँदा यस्ता व्यक्तिहरू मृत्युपश्चात् यही मध्यवर्ती पृथिवीलोकमा नै रहन्छन् र जन्ममरणको बन्धनमा परिरहन्छन् ।

जब जीवनमा तमोगुणको बाहुल्यता रहन्छ, त्यस अवस्थामा व्यक्तिहरू अज्ञानता र मोहमा पर्दछन् र उनीहरू निकृष्ट एवम् निन्दनीय कर्मतिर प्रवृत्त हुन्छन् । उनीहरूमा अकर्मण्यताको वृद्धि हुन्छ, उनीहरूलाई निद्रा एवम् आलस्यले सताउँछ । यस अवस्थामा उनीहरू निरन्तर छल-कपट, परपीडा, परहिंसा आदि तामसी प्रवृत्तिका निकृष्ट कर्ममा प्रवृत्त भई जघन्यकर्म गर्दछन् र यस्ता नराधम व्यक्तिहरू मृत्युपश्चात् तलतिर खस्छन्, अनि अधोगतिमा पुग्दछन् र नारकीय यातनाहरू भोग गर्दै कीट-पतङ्गादि, नीच एवम् दूषित आसुरी योनिहरूमा जन्मने र मर्ने गर्दछन् ।

यसरी सात्त्विक पुरुषले ऊर्ध्वलोक प्राप्त गर्दछ, राजसी व्यक्ति मध्यलोकमा नै स्थित हुन्छ र तामसी व्यक्तिको अधोगति हुन्छ ।

### गुणातीत भई परमेश्वरलाई प्राप्त गर्ने उपाय

**नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।**
**गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| यदा | = जब, जुन समयमा | च | = र |
| द्रष्टा | = देख्ने, द्रष्टा, साक्षी, जीव | गुणेभ्यः | = गुणहरूभन्दा |
| गुणेभ्यः | = गुणहरूदेखि, गुणहरूबाहेक | परम् | = परको तत्त्वलाई |
| | | वेत्ति | = जान्दछ |
| अन्यम् | = अर्को कसैलाई | सः | = त्यो पुरुष |
| कर्तारम् | = कर्ता | मद्भावम् | = मेरो भाव, मेरो स्वरूपलाई |
| न अनुपश्यति | = देख्तैन | अधिगच्छति | = प्राप्त गर्छ, पाउँछ |

### भावार्थ

जब देख्ने द्रष्टा गुणहरूदेखि बाहेक अर्को कसैलाई कर्ता देख्तैन र गुणहरूभन्दा परको तत्त्वलाई जान्दछ, त्यसबखत त्यस पुरुषले मेरो भाव वा स्वरूपलाई प्राप्त गर्छ ।

### भावबोधिनी व्याख्या

जब देख्नेवाला साधक वा द्रष्टा सत्त्व, रज र तम यी तीन गुणहरूदेखि बाहेक अन्य कुनै कर्ता छैन भन्ने ठान्दछ र यो समस्त जगत् गुणहरूकै साम्राज्य हो, जगत्का समस्त क्रियाहरू र यहाँका परिवर्तनहरू गुणहरूबाटै भएका हुन्छन् भन्ने अनुभूति गर्दछ, अनि आफू स्वयम् गुणातीत भई गुणहरूभन्दा परको परम आत्मतत्त्वलाई राम्ररी जान्दछ, त्यसबखत त्यस साधकले परमात्माको स्वरूप वा भगवद्भावलाई प्राप्त गर्दछ ।

### जीवात्माको गुणातीत अवस्था

जडता, अज्ञानता र निष्क्रियता एवम् अकर्मण्यता तमोगुणको अवस्था हो, यो खुट्किला पार गरेपछि रजोगुणको अवस्थामा पुग्न सकिन्छ, त्यो अवस्था हो- सकाम कर्ममा प्रवृत्ति, विषयभोगको लालसा, लोभ, संग्रह, भौतिक सुख समृद्धि र ऐश्वर्यको कामना एवम् आसक्ति ।

यस अवस्थाबाट जब अगाडि बढिन्छ, अनि सत्त्वगुणमा पदार्पण गर्न सकिन्छ, उच्चआदर्श, नैतिक मान्यता र मूल्यप्रति आस्था, आध्यात्मिक चिन्तन, दान, तीर्थसेवा, परोपकार, समाजसेवा निष्काम कर्म, व्रत, उपवास, ध्यान आदि पुण्यकर्महरूप्रति निष्ठा- यी सत्त्वगुणजन्य प्रवृत्ति हुन् ।

यी सबैबाट माथि उठेपछि गुणातीत बन्न सकिन्छ, जसको लक्षण यसै अध्यायको २२ देखि २५ श्लोकसम्म दिइएको छ । गुणातीत बनेपछि भगवत्स्वरूपको प्राप्ति हुन्छ ।

### गुणातीत व्यक्तिले प्राप्त गर्ने प्रतिफल

**गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।**
**जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥**

### पदार्थ

देही = देहधारी पुरुष
देहसमुद्भवान् (देहानां समुद्भवास्तान्) = शरीरको उत्पत्तिको कारणरूप
एतान् = यी
त्रीन् = तीनवटा
गुणान् = गुणहरूलाई
अतीत्य = नाघेर, पार गरेर, अतिक्रमण गरेर
जन्ममृत्युजरादुःखैः (जन्म च मृत्युश्च जरा च दुःखानि च तैः) = जन्म, मृत्यु, बुढ्याइँ र दुःखहरूबाट
विमुक्तः = मुक्त भई, छुटकारा पाएर
अमृतम् = अमृततत्त्व, मोक्ष
अश्नुते = उपभोग गर्छ, पाउँछ, प्राप्त गर्छ

### भावार्थ

देहधारी पुरुष देहोत्पत्तिका कारणरूप यी तीन गुणहरूलाई अतिक्रमण गरेर जब त्यसभन्दा माथि उठ्छ अनि ऊ जन्म, मृत्यु, बुढ्याइँ र दुःखहरूबाट छुटकारा पाएर शाश्वत अमृततत्त्व या मोक्ष प्राप्त गर्छ।

### भावबोधिनी व्याख्या

प्रकृतिका सत्त्व, रज र तम- यी तीन गुणहरू देह वा शरीर उत्पत्तिका कारण हुन्। त्यसैले मानिसको जुन गुणसँग अधिकतम सम्बन्ध हुन्छ, त्यसले त्यही गुणसँग सम्बन्धित उत्कृष्ट या निकृष्ट कर्महरू गर्ने गर्दछ र मृत्युपश्चात् सत्त्वगुणी भए उच्च स्वर्गादिलोकमा पुग्दछ, रजोगुणी भए पृथिवीलोकमा नै जन्मने मर्ने गर्दछ र तमोगुणी भए तलतिर खसेर निकृष्ट योनिमा जन्म लिन्छ।

जो यी तीनै गुणहरूलाई अतिक्रमण गरेर गुणातीत बन्न सक्छ, ऊ निःसङ्ग एवम् निर्गुण बन्दछ र अनि उसले जन्म, मृत्यु र बुढ्याइँ तथा दुःखकष्टजन्य अन्य विपत्तिहरूबाट छुटकारा पाएर शाश्वत अमृततत्त्व प्राप्त गर्दछ र परमात्मस्वरूपमा लीन हुन पुग्दछ।

## अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

### पदार्थ

अर्जुन = अर्जुनले
उवाच = बिन्ती गरे
प्रभो = हे प्रभु !
एतान् = यी
त्रीन् = तीनवटा
गुणान् = गुणहरूबाट
अतीतः = पार भएको पुरुष
कैः = कुन कुन, कस्ता कस्ता
लिङ्गैः = लक्षणहरूबाट
भवति = युक्त हुन्छ
च = र
किमाचारः = कस्तो आचरणवाला

| | | | |
|---|---|---|---|
| (भवति) | = हुन्छ | गुणान् | = गुणहरूलाई |
| कथम् | = कसरी, कुन उपायद्वारा | अतिवर्तते | = पार गर्छ, उल्लङ्घन गर्छ, अतीत हुन्छ |
| एतान् | = यी | | |
| त्रीन् | = तीन | | |

**भावार्थ**

अर्जुनले बिन्ती गरे- हे प्रभु ! यी तीनवटा गुणहरूबाट पार भएको पुरुष कस्ता कस्ता लक्षणहरूबाट युक्त हुन्छ र कस्तो आचरणवाला हुन्छ ? अनि ऊ कुन उपायद्वारा यी तीन गुणहरूलाई पार गरेर गुणातीत बन्छ ।

**भावबोधिनी व्याख्या**

यहाँ अर्जुन भगवान् श्रीकृष्णसँग प्रश्न गर्छन्, हे भगवन् ! जसले गुणहरूलाई अतिक्रमण गरेर गुणातीत बनेको छ, त्यस्ता पुरुषहरूको लक्षण के हो ? र उनीहरू कुन कुन चिन्हले युक्त हुन्छन् ? गुणातीत पुरुषहरूको खान-पान, रहन-सहन आदि आचरण एवम् व्यवहार र स्वभाव कस्तो हुन्छ ? अनि हे प्रभु ! उनीहरू कुन कुन साधन वा उपायहरू अवलम्बन गरेर सत्त्व, रज, तम यी तीनवटै गुणहरूलाई अतिक्रमण गरेर गुणातीत बन्न सक्तछन् र वर्तमान जीवनमा नै जीवनमुक्त भई पूर्णता प्राप्त गर्दछन् ।

**गुणातीत व्यक्तिको लक्षण र आचरण (प्रथम तथा द्वितीय प्रश्नको उत्तर)**

**श्रीभगवानुवाच**

**प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।**
**न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| (यः) | = जो | सम्प्रवृत्तानि | = प्रवृत्त भए पनि, उत्पन्न भए पनि, आए पनि |
| पाण्डव | = हे पाण्डुपुत्र अर्जुन ! | न द्वेष्टि | = न द्वेष गर्छ, न खराब ठान्छ |
| प्रकाशम् | = प्रकाश (सत्त्वगुणको कार्य) | च | = र |
| च | = र | निवृत्तानि | = निवृत्त भए पनि, गए पनि, हटे पनि |
| प्रवृत्तिम् | = प्रवृत्ति, आसक्ति, गतिविधि (रजोगुणको कार्य) | न काङ्क्षति | = न चाहना वा आकाङ्क्षा गर्छ |
| च | = र | | |
| मोहम् | = मोह, मूढता (तमोगुणको कार्य) | (सः) | = त्यो गुणातीत हुन्छ |
| एव | = नै | | |

**भावार्थ**

हे पाण्डुपुत्र अर्जुन ! जो पुरुष प्रकाश, प्रवृत्ति (गतिविधि) र मोह वा मूढभाव प्रवृत्त भए पनि (आए पनि) द्वेष गर्दैन अनि खराब पनि ठान्दैन र निवृत्त भए पनि (गए पनि) तिनको चाहना वा आकाङ्क्षा पनि गर्दैन, त्यो नै गुणातीत हुन्छ ।

## भावबोधिनी व्याख्या

प्रकाश सत्त्वगुणको कार्य हो, **"सर्वद्वारेषु देहेऽस्मिन् प्रकाश उपजायते"** जब यो समस्त शरीर, अन्तःकरण र इन्द्रियहरूमा प्रकाश फैलिन्छ, अनि अन्तःकरण स्वच्छ एवम् निर्मल हुन्छ। तर गुणातीत व्यक्ति यसप्रति पनि लालायित हुँदैन।

विभिन्न कर्ममा अभिप्रेरित भएर संलग्न हुने काम नै प्रवृत्ति हो। प्रवृत्ति रजोगुणको कार्य हो, **"लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा"**। प्रवृत्ति भएपछि लोभ हुन्छ, सङ्ग्रह बढ्छ, नयाँ कर्महरू आरम्भ गर्ने चाहना बढ्छ, विषयप्रति आसक्ति र अभिलाषा बढ्छ, अनि मानसिक द्वन्द्व र अशान्ति पनि बढ्छ, तर गुणातीत व्यक्तिहरूमा यी कुनै कुरा पनि हुँदैनन्।

मोह या अज्ञानता तमोगुणको कार्य हो- **"अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च"**। तमोगुण वृद्धि भएपछि शरीरमा प्रकाशको अभाव हुन्छ र अकर्मण्यता बढ्छ। मूढभाव, प्रमाद, निद्रा र आलस्यमा वृद्धि हुन्छ।

तर जो पुरुष यी प्रवृत्तिहरूप्रति बिल्कुलै तटस्थ या उदासीन रहन्छ। सत्त्व, रज र तमका यी कार्यहरू प्रवृत्त (प्राप्त) भए पनि तिनको द्वेष गर्दैन र निवृत्त (हटेपनि) तिनको चाहना गर्दैन, अनि तिनप्रति उदासीन नै रहन्छ। यस किसिमको उदासीन व्यक्ति गुणहरूको गति र प्रवाह चलि नै रहन्छन् भन्ने ठान्दछ र तिनबाट प्रभावित हुँदैन र प्रकाश, प्रवृत्ति र मोह जुनसुकै प्राप्त भए पनि तिनप्रति लिप्त नरहने पुरुष नै गुणातीत हुन्छ।

- **प्रवृत्ति–** यहाँ प्रयुक्त 'प्रवृत्ति' पदले कर्ममा संलग्न हुनु, क्रियाशील बन्नु, कर्मको आरम्भ गर्नु, व्यवहार गर्नु आदि अर्थ बुझाउँछ।
- **निवृत्ति–** यसैगरी यहाँ प्रयुक्त 'निवृत्ति' पदले कर्ममा संलग्न नहुनु, उदासीन रहनु, कार्य व्यापारबाट हट्नु, तटस्थ रहनु, तिरोहित हुनु, अस्त हुनु आदि अर्थ बुझाउँछ।

**उदासीनवदासीनो गुणैर्यो न विचाल्यते।**
**गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| यः | = जो | वर्तन्ते | = कार्य गरिरहन्छन्, अर्थात् गुणहरू स्वयम् नै परस्परमा व्यवहार गरिरहन्छन् |
| उदासीनवत् | = उदासीन जस्तै भई, साक्षीकै झैँ, तटस्थ जस्तै भई | इति | = यस्तो ठानेर |
| आसीनः | = रहिरहन्छ, बसिरहन्छ | यः | = जो |
| गुणैः | = गुणहरूद्वारा | अवतिष्ठति | = आफैँमा स्थित हुन्छ |
| नविचाल्यते | = विचलित पार्न सकिन्न, डगाउन सकिँदैन | न इङ्गते | = चल्दैन, विचलित हुँदैन, अविचलभावले अटल रहन्छ |
| गुणाः | = गुणहरू | | |
| एव | = नै | (सः) | = त्यो गुणातीत हुन्छ |

## भावार्थ

जो उदासीन वा तटस्थ जस्तै भई रहिरहन्छ, गुणहरूद्वारा विचलित पार्न वा डगाउन पनि सकिन्न, गुणहरू स्वयम् नै गुणहरूमा कर्म गरिरहन्छन्, आपसमा उनीहरूको व्यवहार भइ नै रहन्छ भन्ने यस्तो ठानेर जो आफैंमा स्थित हुन्छ, चल्दैन र अविचलभावले अटल रहन्छ, त्यो नै गुणातीत हुन्छ।

## भावबोधिनी व्याख्या

उदासीनता त्यस्तो क्रियाकलाप हो, न कसैको पक्ष लिइन्छ, न विपक्ष, न त मध्यस्थताकै भूमिमा निर्वाह गरिन्छ र न कसैसँग कुनै किसिमको सम्बन्ध नै राखिन्छ। गुणातीत व्यक्ति उदासीन जस्तै हुन्छ र ऊ यस जीवन र जगत्का विषयहरूलाई एउटा द्रष्टाको रूपमा तटस्थभैं गरी हेरिरहेको हुन्छ।

सत्त्व, रज र तम- यी तीनै गुणका कार्यहरूले तथा यसका परिवर्तनहरूले जसलाई विचलित पार्न सक्तैनन्। ज्ञान, प्रकाश, लोभ, आसक्ति, सङ्ग्रह, प्रमाद, मोह, निद्रा, आलस्य आदि तीनै गुणका कार्यहरूप्रति जो आसक्त हुँदैन, आकर्षित हुँदैन र प्रभावित पनि हुँदैन, सदा निर्लिप्त नै रहिरहन्छ र गुणहरू स्वयम् नै गुणहरूमा कार्य गरिरहन्छन्, उनीहरूको पारस्परिक व्यवहार, क्रियाकलाप चलिरहेको हुन्छ भन्ने यस्तो विचार गरेर जो आफैंमा स्थित हुन्छ, अलिकति पनि विचलित हुँदैन र अटल रहिरहन्छ, जसमा कुनै क्रिया र प्रतिक्रियाहरू उत्रदैनन्, त्यो गुणातीत हुन्छ। गुणातीत व्यक्तिमा न कसैप्रति राग, न द्वेष, न घृणा, न स्पृहा नै हुन्छ, ऊ कसैलाई दोष पनि दिँदैन र कसैका गुणहरूको बखान पनि गर्दैन, ऊ बिल्कुलै निरपेक्ष रहन्छ र तटस्थ रहन्छ।

**समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः।**
**तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥**

## पदार्थ

**(सः)** = जो

**समदुःखसुखः** (समे दुःखसुखे यस्य सः)
= दुःख र सुखलाई समान ठान्छ

**स्वस्थः** (स्वे आत्मनि तिष्ठतीति स्वस्थः)
= आफैंमा स्थित रहन्छ, आत्मस्वरूपमा नै स्थित हुन्छ

**समलोष्टाश्मकाञ्चनः** (लोष्टञ्च अश्म च काञ्चनञ्च तानि समानि यस्य सः)
= माटोको डल्लो, ढुङ्गो र सुनलाई समान उस्तै ठान्छ

**तुल्यप्रियाप्रियः** (प्रियञ्च अप्रियञ्च ते तुल्ये समे यस्य सः)
= प्रिय र अप्रिय दुवैलाई बराबर सम्झने

**धीरः** = धैर्ययुक्त, धीर, धैर्यवान्

**तुल्यनिन्दात्मसंस्तुतिः** (निन्दा च आत्मसंस्तुतिश्च ते तुल्ये समे यस्य सः)
= आफ्नो निन्दा र स्तुति या प्रशंसामा समान रहन्छ

(सः) = त्यो गुणातीत हुन्छ

### भावार्थ

जो दुःख र सुख दुवैलाई समान ठान्दछ, जो आफैंमा स्थित रहन्छ, जो माटाको डल्लो, ढुङ्गो र सुनलाई समान वा उस्तै ठान्छ र प्रिय र अप्रिय दुवैलाई बराबर सम्झन्छ, जो धीर वा धैर्ययुक्त छ र सदा स्थिर रहन्छ, जो आफ्नो निन्दा, स्तुति र प्रशंसामा समान रहन्छ, त्यो नै गुणातीत हुन्छ ।

### भावबोधिनी व्याख्या

जो स्वस्थ अर्थात् आफ्नै स्वरूपमा स्थित छ र निरन्तर आत्मचिन्तनमा क्रियाशील रहन्छ । त्यस्तो व्यक्ति सुख र दुःख दुवैलाई समान ठान्छ र अनुकूल वा प्रतिकूल जस्तोसुकै स्थितिमा पनि उस्तै रहन्छ । त्यस्तो व्यक्तिका लागि माटोको डल्लो, ढुङ्गो र सुन सबै समान हुन्छन् र यिनमा न उसको अनुराग हुन्छ, न त द्वेष नै ।

जो आफ्नो अनुकूल हुने र हित हुने वस्तुहरू छन्, ती प्रिय हुन्, जो प्रतिकूल वा अहित हने वस्तुहरू छन्, ती अप्रिय हुन् । जसले यी दुवैथरी वस्तुलाई समान ठान्दछ र तिनीहरूको प्राप्ति र अप्राप्ति समेतमा जो समान रहन्छ, जो धीर वा धैर्ययुक्त छ, जो आफ्नो निन्दा, द्वेष वा घृणामा र आफ्नो आदर वा सम्मान, स्तुति वा प्रशंसामा समान रहन्छ, त्यस्तो व्यक्ति नै गुणातीत हो ।

गुणातीत पुरुष आफूलाई दुःख वा सुख जे आइपरे पनि उस्तै रहन्छ, माटोको डल्लो वा सुनको ढिक्का जे पाए पनि उस्तै देख्तछ र आफ्नो निन्दा वा घृणा र स्तुति वा प्रशंसा जे सुनेपनि उस्तै निर्विकार रहन्छ र उसको मनमा क्षोभ वा विचलन पैदा हुदैन ।

**मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।**
**सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥**

### पदार्थ

यः = जो
मानापमानयोः (मानञ्च अपमानञ्च तयोः) = मानमा र अपमानमा
तुल्यः = उस्तै रहन्छ, बराबर हुन्छ
मित्रारिपक्षयोः (मित्रञ्च अरिपक्षश्च तयोः) = मित्रपक्ष र शत्रुपक्ष दुवैमा
तुल्यः = उस्तै रहन्छ, समान रहन्छ
सर्वारम्भपरित्यागी (सर्वान् आरम्भान् परित्यक्तुं शीलमस्य सः) = जो सबै आरम्भ कर्म परित्याग गर्छ
सः = त्यो
गुणातीतः (गुणानतीतः)= गुणातीत
उच्यते = भनिन्छ, कहिन्छ

### भावार्थ

जो मान र अपमानमा बराबर उस्तै रहन्छ, जो मित्रपक्ष र शत्रुपक्ष दुवैमा समान रहन्छ, जो सबै आरम्भ कर्म परित्याग गरेर कर्तापनको अभिमान पनि गर्दैन, त्यो नै गुणातीत कहिन्छ ।

### भावबोधिनी व्याख्या

जो पुरुष आफूलाई कसैले आदर वा सम्मान गरून्, स्तुति वा प्रशंसा गरून्, त्यसप्रति प्रसन्न वा खुसी वा हर्षित पनि हुँदैन । कसैले आफूलाई अनादर वा अपमान गरून् त्यसप्रति ऊ दुःखी पनि हुँदैन र खिन्न पनि हुँदैन, जो मान अपमान दुवैमा उस्तै रहन्छ । त्यसरी नै जो पुरुष यो मित्र वा यो शत्रु भन्ने भेदभाव राख्तैन र मित्रपक्ष र शत्रुपक्ष दुवैमा समान व्यवहार गर्दछ । साधारण मानिसमा आफ्नो मित्र वा हितैषीप्रति बढी स्नेह वा आत्मीयता हुन्छ र आफ्नो शत्रु वा भलो नचिताउनेप्रति दुष्मनी वा वैरभाव रहन्छ । तर गुणातीत व्यक्तिहरू भने त्यस किसिमको भेदभाव पूर्ण व्यवहार गर्दैनन् र शत्रुपक्ष र मित्रपक्ष दुवैमा समान रहन्छन् ।

जुन व्यक्तिमा अहङ्कार छैन, अभिमान पनि छैन, जो कर्तापनको घमण्ड पनि गर्दैन जुनै कर्मको उठान नै गर्दैन र सर्वारम्भको परित्यागी छ, त्यो नै गुणातीत हुन्छ । यसरी जसमा दुःख-सुखको भेदभाव छैन, जो प्रिय तथा अप्रियकुरामा, निन्दा एवम् स्तुतिमा तथा मान-अपमानमा र शत्रु-मित्र सबैमा समान रहन्छ, त्यो नै गुणातीत हो । त्यस्तो गुणातीत व्यक्तिमा हर्ष-शोक, राग-द्वेष, सुख-दुःखादि भौतिक द्वन्द्वहरू सबै हटिसकेका हुन्छन् र त्यस्तो व्यक्ति स्वच्छ, पवित्र, निर्मल एवम् निर्विकार बनिसकेको हुन्छ ।

### गुणातीत हुने उपाय (तीनगुणबाट कसरी पार पाउन सकिन्छ भन्ने तेस्रो प्रश्नको उत्तर)

**मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।**
**स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥**

#### शब्दार्थ

| | |
|---|---|
| यः = जो, जो पुरुष | सः = त्यो पुरुष |
| अव्यभिचारेण (न व्यभिचरतीति व्यभिचार-तेन) = अव्यभिचारी, अविचलित, अनन्य | च (एव) = नै |
| भक्तियोगेन (भक्तिरेव योगस्तेन) = भक्तिरूपयोगद्वारा, भक्तियोगद्वारा | एतान् = यी |
| माम् = म (परमात्मा परमेश्वर) लाई | गुणान् = गुणहरूलाई |
| सेवते = नित्य सेवा गर्छ, भज्छ | समतीत्य = पार गरेर, अतिक्रमण गरेर |
| | ब्रह्मभूयाय = ब्रह्मरूप हुनको निमित्त, परब्रह्ममा एकाकार भएर रहनको निमित्त |
| | कल्पते = समर्थ हुन्छ, सक्षम हुन्छ |

#### भावार्थ

जो पुरुष अविचलित अनन्य भक्तियोगद्वारा मेरो (म परमात्मा परमेश्वरको) नित्यसेवा गर्छ, त्यो पुरुष नै यी तीनैवटा गुणहरूलाई पार गरेर ब्रह्मरूप हुन वा परब्रह्ममा एकाकार भएर रहनको निमित्त समर्थ वा योग्य हुन्छ ।

### भावबोधिनी व्याख्या

जो पुरुष अरू कसैको आश्रय नलिई परमात्मा परमेश्वर बाहेक मेरो अर्को कोही सहारा छैन भन्ने यस किसिमको अवचलित अनन्य भक्तिरूपयोगद्वारा परमात्मा परमेश्वर वासुदेवको सेवा गर्छ र उहाँको शरणागत बन्दछ । त्यो पुरुष तीनै गुणहरूलाई पार गरेर ब्रह्मरूप हुनको निमित्त योग्य ठहर्छ र परब्रह्ममा एकाकार भएर रहनको निमित्त सक्षम हुन्छ । यही नै उसको ब्रह्मभावको प्राप्ति हो ।

जो परमेश्वर वासुदेवमा अनन्य भक्तिभाव प्रकट गर्दछ र अविचल स्नेह एवम प्रेमभावले उहाँकै शरणागत हुन्छ । जो पुरुष उत्साह, आगाध विश्वास र निश्चल सेवाभावले उहाँको आराधना गर्दछ, त्यो अवश्य नै गुणातीत भई परब्रह्ममा लीन हुन वा एकाकार हुन योग्य हुन्छ ।

### परमेश्वर वासुदेव नै अनश्वर ब्रह्मको र आत्यन्तिक सुखको आधार हुनुहुन्छ

**ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।**
**शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे गुणत्रयविभागयोगो नाम चतुर्दशोऽध्यायः ।**

### पदार्थ

**अहम्** = म (परमेश्वर वासुदेव)
**हि** = निश्चय नै
**अमृतस्य** = अविनाशी, अनश्वर
**च** = र
**अव्ययस्य** = अविकारी, अव्यय
**ब्रह्मण:** = बह्मको, निराकार परब्रह्मको
**च** = र
**शाश्वतस्य** = नित्य, सनातन
**धर्मस्य** = धर्मको
**च** = र
**ऐकान्तिकस्य** = निरन्तर रहिरहने
**सुखस्य** = परमसुखको वा आत्यन्तिक आनन्दको
**प्रतिष्ठा** (प्रतितिष्ठति अस्मिन् इति प्रतिष्ठा) = आश्रय हुँ, आधार हुँ

### भावार्थ

म (परमेश्वर वासुदेव) नै अनश्वर, अविनाशी एवम् अविकारी ब्रह्मको र नित्य, शाश्वत तथा सनातन धर्मको र निरन्तर रहिरहने परमसुख र आत्यन्तिक आनन्दको आधार र आश्रय हुँ ।

### भावबोधिनी व्याख्या

यहाँ 'अहम्' पदले सगुण एवम् साकार परमेश्वर वासुदेवलाई जनाउँछ र 'अव्यय' एवम् 'ब्रह्म' पदले निर्गुण तथा निराकार परब्रह्म परमात्मालाई जनाउँछ । यी

दुवैमा अभेद सम्बन्ध छ। उदाहरणार्थ एउटा बलिरहेको आगो (अग्नि) यसको साकार रूप हो र काठ वा दर्शन ढुङ्गामा रहेको अग्नि यसको निराकार रूप हो। वस्तुतः यी दुवै एकै हुन्, यिनमा केही फरक छैन।

त्यसैले भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- म परमेश्वर वासुदेव नै अविनाशी एवम् अविकारी निराकार परब्रह्म परमात्माको प्रतिष्ठा हुँ, आश्रय हुँ र आधार पनि हुँ। नित्य सनातन धर्मको पनि म आधार हुँ, सदा सर्वदा रहिरहने परमसुख र आत्यन्तिक आनन्दको पनि म नै आधार एवम् आश्रय हुँ। त्यसैले परमेश्वर वासुदेव नै उत्पत्ति, स्थिति र लयको कारणरूप ब्रह्म हुनुहन्छ र अखण्ड आनन्द र नित्य सनातन धर्मको स्वरूप पनि उहाँ नै हुनुहुन्छ।

परमेश्वर वासुदेव ब्रह्मको व्यक्त एवम् साकार रूप हो र परब्रह्म परमात्मा उहाँको निराकार एवम् अव्यक्त तत्त्व हो। यसरी एउटै परमात्मा आध्यात्मिक चिन्तन गर्ने ज्ञानीका लागि ब्रह्म हुनुहुन्छ र भक्तिभावले सेवा गर्ने भक्तका लागि उहाँ नै साकाररूपधारी परमेश्वर वासुदेव श्रीकृष्ण हुनुहुन्छ। यसरी दुवैमा ऐक्यभाव रहेको छ।

**श्रीमद्भगवद्गीताको गुणत्रयविभागयोगनामको चौधौँ अध्याय समाप्त।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ पञ्चदशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (पुरूषोत्तमयोगनामको अध्याय)

संसाररूप अश्वत्थवृक्षको वर्णन

### श्रीभगवानुवाच

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

**पदार्थ**

**ऊर्ध्वमूलम्** (ऊर्ध्वं मूलं यस्य सः, तम्) = उँभोतिर जरा भएको, जसको मूल माथितिर छ
**अधःशाखम्** (अधः अर्वाक् शाखा यस्य सः, तम्) = जसका हाँगा तलतिर फैलिएका छन्
**अश्वत्थम्** = संसाररूप अश्वत्थ वृक्षलाई
**अव्ययम्** = अविनाशी
**प्राहुः** = भन्दछन्
**छन्दांसि** = वेद र वैदिक मन्त्रहरू
**यस्य** = जसका
**पर्णानि** = पातहरू हुन्
**तम्** = त्यसलाई, त्यस संसारवृक्षलाई
**यः** = जसले, जुन पुरुषले
**वेद** = जान्दछ
**सः** = त्यो, त्यो पुरुष
**वेदवित्** (वेदं वेत्तीति सः) = वेदवेत्ता हो, वेदको यथार्थ रहस्य जान्नेवाला हो

**भावार्थ**

भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- एउटा संसाररूप अश्वत्थ वृक्ष छ, जसका जरा माथितिर गएका छन्, जसका हाँगा चाहिँ तलतिर फैलिएका छन्, वेद र वैदिक मन्त्रहरू जसका पातहरू हुन्, यस किसिमको संसाररूपी अश्वत्थ (पीपल) वृक्षलाई अविनाशी भन्दछन्, जुन पुरुषले यस संसारवृक्षलाई जान्दछ, त्यो वेद र वेदको यथार्थ रहस्य जान्नेवाला हो ।

**भावबोधिनी व्याख्या**

यहाँ संसाररूपी अश्वत्थ (पीपल) वृक्षको वर्णन गरिएको छ ।

अश्वत्थ भनेको पीपलको रूख हो । यो अश्वत्थवृक्ष **"न श्वः पर्यन्तमपि तिष्ठतीति, तम्"** भोलिपल्टसम्म पनि टिकिरहन्छ भन्ने पक्का नभएकाले यसलाई अश्वत्थ भनिएको हो । सामान्य पीपलको वृक्षको फेद तलतिर र हाँगाहरू माथितिर

फैलिएका हुन्छन्, तर यहाँ वर्णित संसार वृक्षरूप अश्वत्थ यसभन्दा भिन्न छ । यस वृक्षको फेद **'ऊर्ध्वमूल'** उँभोतिर गएको छ, जो सर्वेश्वर परब्रह्म परमात्माको प्रतीक मानिन्छ र यो मूल अक्षरतत्त्व हो । यो शाश्वत् र सनातन पनि छ ।

यस अश्वत्थ वृक्षका हाँगाहरू **'अधःशाखम्'** तलतिर फैलिएका छन्, जो समस्त जीव र जगत्को प्रतीक मानिन्छ । श्रुति भन्दछ- **ऊर्ध्वमूलोऽवाक्शाखः- कठ.उप. २/३/१** उँधोतिर शाखा हुने यो अश्वत्थवृक्ष यस संसारको पनि प्रतीक मानिन्छ ।

सामान्य पीपलको वृक्ष क्षणभङ्गुर हुन्छ तर संसारवृक्ष अनादिकालदेखि चल्दै आएकोले यो अव्यय, अविनाशी र अनश्वर पनि छ, यो परमात्माको प्रतीक भएकाले नित्य एवम् शाश्वत पनि छ ।

यस संसार वृक्षको मूल हाँगो स्वयम् चर्तुमुखी ब्रह्मा हुनुहुन्छ, जसले त्रिगुणात्मिका माया शक्तिको प्रभावबाट समस्त जीव र जगत्को उत्पत्ति गर्नुहुन्छ, यस संसारवृक्षका अन्य हाँगाहरू समग्र जीव र जगत्का प्रतीक हुन् र यिनीहरू चौरासी लाख योनिका पनि प्रतीक मानिन्छन् । मानव जीवन यसैको एउटा प्रमुख घटक हो ।

यस संसाररूप अश्वत्थ वृक्षका पातहरू नै वेदहरू हुन्, जो जीवनको कर्म प्रक्रिया र ज्ञानपक्षसित सम्बन्धित छन् र समस्त कर्म र ज्ञानका अनुष्ठानहरूको प्राप्तिका प्रतीक मानिन्छन् । जसरी वृक्षका पातहरूले वृक्षको शोभा बढाउँछन् र वृक्षको रक्षा र समृद्धि पनि गर्दछन्, त्यसरी नै वेदोक्त कर्महरू गर्नाले लोकको अभ्युदय हुन्छ, कल्याण तथा समृद्धि हुन्छ र अन्ततः सर्वेश्वर परमात्माको अनुभूति पनि हुन्छ ।

जसले यस मायामय संसार वृक्षका बारेमा साङ्गोपाङ्ग जान्दछ, त्यो वेदवेत्ता हो र सबै वेदका रहस्यहरूको यथार्थ ज्ञाता पनि हो ।

**संसाररूप अश्वत्थवृक्षका अवयवहरू**

**अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रवालाः ।**
**अधश्च मूलान्यनुसन्ततानि कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥**

**पदार्थ**

**गुणप्रवृद्धाः** (गुणैः प्रवृद्धाः) = तीन गुणहरूबाट बढेका
**विषयप्रवालाः** (विषया रसरूपादय एव प्रवालाः) = रसरूपादि विषयरूपी कोपिलाहरू भएका
**तस्य** = त्यसका, त्यस संसारवृक्षका
**शाखाः** = हाँगाहरू
**अधः** = तल, तलतिर
**च** = र
**ऊर्ध्वम्** = माथि, माथितिर
**प्रसृताः** = फैलिएका छन्
**कर्मानुबन्धीनि** = कर्मअनुसार पछि लाग्ने, कर्मअनुसार बन्धनमा पार्ने
**मूलानि** = वासनारूपी मूलहरू, जराहरू
**अधः** = तल, तलतिर
**मनुष्यलोके** = मनुष्यलोकमा, नरलोकमा
**च** = र
(ऊर्ध्वम्) = माथि
**अनुसन्ततानि** = फैलिएका छन्, व्याप्त भएर रहेका छन्

## भावार्थ

सत्त्व, रज र तम- यी तीन गुणबाट बढेका रूप, रस, शब्दादि विषयरूपी कोपिलाहरू भएका त्यस संसारवृक्षका हाँगाहरू तल र माथि सबैतिर फैलिएका छन् र कर्मअनुसार बन्धनमा पार्ने वासनारूपी मूल जरा पनि तल मनुष्यलोकमा र त्यसभन्दा माथि सर्वत्र व्याप्त भएर रहेका छन् ।

## भावबोधिनी व्याख्या

एउटा सामान्य पीपलको रूखलाई हेर्‍यौं भने यसका जरा र हाँगाहरू हुन्छन्, यसलाई जति मलजल गर्‍यो, पानी पटायो, उति उति हाँगाहरू फस्टाएर बढ्छन्, कोपिला लाग्छन् र रूख हेर्दै सुन्दर र आकर्षक देखिन्छ ।

संसाररूपी 'अश्वत्थ वृक्ष'का पनि हाँगाहरू छन् र यिनीहरू बढेर तल, माथि र अन्यत्र जतातते फैलिएर देव मनुष्यादि सबै लोकमा पुगेका छन् । माथि ब्रह्मलोकसम्म र तल पातालसम्म पनि यसैका हाँगा व्याप्त छन्, त्यसको मूल हाँगो नै स्वयम् ब्रह्माजी हुनुहुन्छ, उहाँबाट नै देव-मनुष्य, कीट-पतङ्गादि समग्र जीव र जगत्को उत्पत्ति भएको हो ।

यसका हाँगाहरू यसरी बढ्नुको मुख्य कारकतत्त्व- सत्त्व, रज र तम- प्रकृतिका यी तीन गुणहरू हुन् । यिनै गुणहरूबाट मल, जल र सिञ्चित भई परिपोषित हुने हुँदा यिनीहरू हलक्क बढेका हुन्छन् । रूप, रस, गन्ध, स्पर्शादि विषयको चिन्तन, यी विषयहरूको सेवन र यिनीहरूको उपभोगको कामना नै यस वृक्षका कोपिला हुन् । त्यसैले यो वृक्ष आकर्षक बनेको हुन्छ । मनुष्यलोकमा शुभ-अशुभ र पुण्य या पापमय कर्मअनुसार बन्धनमा पार्ने यसका वासनारूपी मूलजरा र अन्य जराहरू पनि छन् र यी जराहरू तल, माथि जतातते फैलिएका छन् । यसरी यो संसाररूपी अश्वत्थ वृक्ष रमणीय एवम् आकर्षक भएर पनि अन्ततः दुःखमय छ ।

**न रूपमस्येह तथोपलभ्यते नान्तो न चादिर्न च सम्प्रतिष्ठा ।**
**अश्वत्थमेनं सुविरूढमूलमसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥**

## पदार्थ

| | | |
|---|---|---|
| **अस्य** | = | यस संसारवृक्षको |
| **इह** | = | यहाँ |
| **न रूपम्** | = | न रूप, न यथार्थ स्वरूप नै |
| **उपलभ्यते** | = | पाइन्छ, देखिन्छ |
| **तथा** | = | त्यस्तै |
| **न अन्तः** | = | न यसको अन्त छ |
| **च** | = | र |
| **न आदिः** | = | न आदि छ |
| **च** | = | र |
| **न सम्प्रतिष्ठा** | = | न त स्थिति नै, न त आधार नै |
| **(उपलभ्यते)** | = | पाइन्छ, देखिन्छ |
| **सुविरूढमूलम्** (सुविरूढानि मूलानि यस्य तम्) | = | जसको मूल या जरा अत्यन्त दृढ भएका छन् |

| | | | |
|---|---|---|---|
| **एनम्** | = यो संसाररूप | | = अनासक्तरूप शस्त्रले |
| **अश्वत्थम्** | = पीपलको रूखलाई | **छित्वा** | = काटेर |
| **दृढेन** | = दृढ, बलियो | **(तत्पदम् परिमार्गितव्यम्)** | |
| **असङ्गशस्त्रेण** (असङ्गः एव शस्त्रम्, तेन) | | | = त्यो पदको खोजी गर्नुपर्छ |

**भावार्थ**

यस संसाररूप अश्वत्थवृक्षको यहाँ न यथार्थ रूप देख्न पाइन्छ, त्यस्तै न यसको अन्त छ, न आदि छ र न यसको कुनै स्थिति या आधार नै पाइन्छ, जसको वासनारूप मूल (जरा) अत्यन्त दृढ भएर फैलिएको छ, यस किसिमको यस संसाररूप अश्वत्थ (पीपल) वृक्षलाई अनासक्तरूप शस्त्रले काटेर त्यस परमपदको खोजी गर्नुपर्छ।

**भावबोधिनी व्याख्या**

यस संसाररूप अश्वत्थ वृक्ष बन्धनकारक छ । यसले सबैलाई विषय सेवन, विषयको उपभोग र वासनाका सङ्गमा फसाएर बन्धनमा पारिरहेको हुन्छ । यो अनादिकालदेखि नै आइरहेकाले न यसको आदि छ, न अन्त छ, न कुनै स्थिति वा आधार नै छ र न त यो कस्तो रूप वा रङ्गको छ र न यसको यथार्थस्वरूप नै देख्न सकिन्छ।

अहन्ता, ममता र वासनाले जकडिएका यसका जराहरू अत्यन्त दृढ र बलिया छन् । यिनीहरू अविद्याका प्रतीक हुन् र यिनीहरूलाई काट्न वा उखेल्न अत्यन्तै कठिन छ।

वासनारूप अत्यन्त दृढ मूल (जरो) भएको यस संसारवृक्षलाई काट्ने वा उखेलेर बन्धनलाई चुँडाल्ने एउटै मात्र बलियो अस्त्र हो- असङ्ग वा अनासक्ति । सांसारिक विषयवासनामा लटपटिँदा मानिसलाई जुन सुख, आनन्द, प्रेम र सौन्दर्यानुभूतिको आभास हुन्छ, त्यसप्रतिको आसक्तिलाई त्याग्नु नै असङ्ग या अनासक्ति हो । यही असङ्गरूप अस्त्रले ज्यादै दृढ वासनारूपी जरा गाडेको संसारवृक्षलाई काट्न सकियो भने मात्र परमपदको खोजी गर्न सकिन्छ।

> **ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः ।**
> **तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥**

**पदार्थ**

| | | | |
|---|---|---|---|
| ततः | = त्यसपछि, अनि | गताः | = गएका वा पुगेका पुरुषहरू |
| तत् | = त्यो, त्यस | भूयः | = फेरि |
| पदम् | = पद, परम परमात्मपदको | न निवर्तन्ति | = यस संसारमा फर्केर आउँदैनन् |
| परिमार्गितव्यम् | = खोजी गर्नुपर्छ | | |
| यस्मिन् | = जुन पदमा, जसमा | च | = र |

| | | | |
|---|---|---|---|
| यतः | = जसबाट, जुन परब्रह्म परमेश्वरबाट | तम् | = उनै |
| पुराणी | = पुरातन, पुरानो | एव | = नै |
| प्रवृत्तिः | = संसार वृक्षको प्रवृत्ति, संसारवृक्षरूप माया या शक्ति | आद्यम् | = आदि, आद्य |
| प्रसृता | = फैलिएको छ | पुरुषम् | = पुरुषको, परब्रह्म परमात्माको |
| | | प्रपद्ये | = शरणागत छु, परमेश्वरको शरण पर्दछु |

### भावार्थ

त्यसपछि त्यो परम परमात्मपदको खोजी गर्नुपर्दछ, जहाँ पुगेका पुरुषहरू फेरि यस संसारमा फर्केर आउँदैनन् । जुन परब्रह्म परमेश्वरबाट पुरातन संसावृक्षरूप मायाशक्ति फैलिएको छ, म उनै आद्यपुरुष परब्रह्म परमेश्वर (आदि नारायण)को शरणमा पर्दछु ।

### भावबोधिनी व्याख्या

जब असङ्ग या अनासक्तिरूप अस्त्रले वासनारूपी सुदृढ जराहरू हालेर फाँगिएको संसाररूपी वृक्षलाई काट्न सफल हुन सकिन्छ, अनि त्यसपछि त्यही परमपदको खोजी गर्नुपर्दछ । जब यस संसारसित कुनै सम्बन्ध रहदैन र पुरै विच्छेद हुन्छ, अनि त्यो परमपद प्राप्तिका लागि खोजी गर्न सकिन्छ र त्यो परमपद प्राप्त भएपछि फेरि यस संसारमा फर्केर आउनुपर्दैन ।

'परमपद' भनेको नै आद्यपुरुष आदिनारायण परब्रह्मको परमधाम हो । उनै परब्रह्मबाट नै पुरातन संसारवृक्षरूप मायाशक्ति फैलिएको छ । यो समग्र सृष्टि परब्रह्म परमात्माकै संरचना हो । यस संरचनामा आकर्षित भएको प्राणीले जब यससित सम्बन्धविच्छेद गरेर आद्यपुरुष नारायणको शरणमा पर्दछ, अनि ऊ उहामै लीन हुन पुग्दछ र उसले फेरि यस संसारमा जन्मनु मर्नु पर्दैन । यसैलाई मोक्ष या मुक्ति पनि भन्ने गरिन्छ ।

## परमपद प्राप्त गर्ने पुरुषहरूको लक्षण

**निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।**
**द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥**

### पदार्थ

**निर्मानमोहाः** (मानश्च मोहश्च तौ निर्गतौ येभ्यस्ते) = जसबाट अभिमान र मोह (अज्ञान) हटिसकेका छन्

**जितसङ्गदोषाः** (सङ्ग एव दोषः, जितः सङ्गदोषः यैस्ते) = जसले आसक्तिरूप दोष उपर विजय प्राप्त गरेका छन्

**अध्यात्मनित्याः** = जो अध्यात्म-चिन्तनमा लागेका छन्।

**विनिवृत्तकामाः** (विनिवृत्ताः कामाः येषां ते) = जसका कामना र वासना निवृत्त भएका छन्

**सुखदुःखसञ्ज्ञैः** = सुख र दुःख सञ्ज्ञक

| | | | | | |
|---|---|---|---|---|---|
| द्वन्द्वैः | = | द्वन्द्वहरूबाट | तत् | = | त्यो |
| विमुक्ताः | = | मुक्त भएका, छुटेका | अव्ययम् | = | अव्यय, अविनाशी |
| अमूढाः (न मूढाः) | | | पदम् | = | परमपद |
| | = | मोह नभएका ज्ञानिजनहरू | गच्छन्ति | = | प्राप्त गर्दछन् |

### भावार्थ

जो अभिमान र मोहबाट मुक्त भएका छन्, जसले आसक्तिरूप दोषप्रति विजय प्राप्त गरेका छन्, जो परमात्माको ध्यानमा नित्य लागिरहन्छन्, जसका कामना र वासनाहरू निवृत्त भएका छन् र जसको चित्त शान्त भएको छ, जो सुख र दुःखरूप द्वन्द्वहरूबाट मुक्त छन्, यस किसिमका मूढता नभएका ज्ञानिजनहरू त्यही अव्यय एवम् अविनाशी परमपद प्राप्त गर्दछन् ।

### भावबोधिनी व्याख्या

इज्जत, प्रतिष्ठा, मान-सम्मान र विषयवासनाप्रतिको मोह र मायाले जुनसुकै व्यक्तिलाई पनि बन्धनमा पार्दछ । तर परमपद प्राप्त गर्न चाहने महापुरुषहरू यी दोषहरूबाट मुक्त रहन्छन् । सांसारिक विषयवासनाप्रतिको आकर्षण र आसक्तिले प्राणीहरूलाई बन्धनमा पार्दछ र यो परमपद प्राप्तिमा बाधक बन्दछ । त्यसैले महापुरुषहरू आसक्तिरूप सङ्गदोषबाट पनि सदा मुक्त रहन्छन् ।

जो अहङ्कार, अभिमान र अविद्याजन्य मोहलाई त्यागेर परब्रह्म परमात्माको अनुशीलन र ध्यानमा नित्य लागिरहन्छन्, जसमा सांसारिक विषयवस्तु प्राप्तिप्रतिको इच्छा, आकाङ्क्षा र कामना छैन र यी सबैबाट निवृत्त भएका छन्, जो सुख-दुःख, मान-सम्मान, प्रिय-अप्रिय, हर्ष-शोकादि द्वन्द्वबाट मुक्त छन् र जस्तोसुकै परिस्थितिमा पनि जसका मनमा विक्षोभ पैदा हुँदैन र चित्त सदा स्थिर रहन्छ, जसमा मूढताजन्य भावहरू पाइँदैनन्, यस किसिमका ज्ञानी सन्त महापुरुषहरू नै अव्यय एवम् अविनाशी परमपद प्राप्तिका भागी हुन्छन् ।

### परमपदको गरिमा र महत्त्व

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

### पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| तत् | = | त्यो परमपदलाई | गत्वा | = | पाएपछि, पुगेपछि |
| न सूर्यः | = | न सूर्यले | न निवर्तन्ते | = | फर्केर आउँदैनन् |
| भासयते | = | प्रकाशित गर्दछन् | तत् | = | त्यही |
| न शशाङ्कः | = | न चन्द्रमाले | मम | = | मेरो |
| न पावकः | = | न त अग्निले नै | परमम् | = | परम |
| (भासयते) | = | प्रकाशित गर्छन् | धाम | = | धाम हो, दिव्य प्रकाशमय ज्योति हो |
| यत् | = | जुन परमपदलाई, परमपदमा | | | |

### भावार्थ

त्यो परमपदलाई न सूर्यले प्रकाशित गर्दछन्, न चन्द्रमाले, न त अग्निले नै प्रकाशित गर्दछन् । जुन ठाउँमा पुगेपछि फेरि फर्केर आउँदैनन्, त्यही मेरो परमधाम हो, जो दिव्य प्रकाशमय एवम् ज्योतिर्मय छ ।

### भावबोधिनी व्याख्या

परमात्मा परमेश्वर स्वयम् प्रकाशस्वरूप हुनुहुन्छ । उहाँलाई कसैले प्रकाशित गर्न सक्तैनन् र स्वयम् उहाँकै प्रकाशले सूर्य, चन्द्रमा र अग्नि आदि सबै प्रकाशित हुन्छन् । श्रुति भन्दछ-

**न तत्र सूर्यो भाति न चन्द्रतारकं नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ।**

**तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति ॥ कठ.उप. २/२/१५**

परब्रह्म परमात्मालाई न सूर्य, न चन्द्रमा, न तारागण, न बिजुलीले नै प्रकाशित गर्न सक्तछन्, अग्निको त झन् कुरै भएन, स्वयम् परब्रह्म परमात्मा प्रकाशित भएसम्म उहाँको प्रकाशले नै ती सबै प्रकाशित हुन्छन् ।

परमात्माको स्वरूप अतीन्द्रिय छ, अग्राह्य छ र अनुपम छ । उहाँको दिव्य धाममा मन, वचन, श्रोत्र, प्राण आदि इन्द्रियहरू पनि पुग्न सक्तैनन् । वाणीले जसको वर्णन गर्न सक्तैन, मनले जसलाई ठम्याउन र प्राप्त गर्न नसकेर हार खानुपर्दछ, त्यही नै परब्रह्म परमात्माको दिव्य प्रकाशस्वरूप ज्योतिर्मय धाम हो । जुन धाममा पुगेपछि फेरि फर्केर आउनुपर्दैन र जन्ममृत्युरूप भवचक्रमा पर्नुपर्दैन ।

जीवात्मा जबसम्म अन्धकारमय भौतिक जगत्मा रहन्छ, उसले जन्ममृत्युरूप बन्धनमा परिरहनुपर्दछ । तर जब ऊ विषयवासनालाई परित्याग गरेर निर्द्वन्द्व एवम् निरासक्त भई परमात्माको शरणमा पुग्दछ, अनि ऊ परब्रह्मको दिव्य ज्योतिर्मय धाममा पदार्पण गर्दछ, जहाँ पुगेपछि उसले त्यहाँबाट फेरि फर्केर आउनुपर्दैन ।

### जीवात्मा परमात्माकै अंश हो

**ममैवांशो जीवलोके जीवभूतः सनातनः ।**
**मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥**

### पदार्थ

**मम** = मेरो, म परमात्माको
**एव** = नै
**सनातनः** = सनातन, शाश्वत
**अंशः** = अंश
**जीवलोके** = जीवलोकमा, संसारमा
**जीवभूतः** = जीव भएको हो, जीवात्मा भएको हो
**प्रकृतिस्थानि** (प्रकृतौ स्थितानि) = प्रकृतिमा स्थित भएका
**मनःषष्ठानि** (मनः षष्ठं येषां तानि) = मनसहित छवटा, मन र अरू पाँचवटा
**इन्द्रियाणि** = इन्द्रियहरूलाई, श्रोत्रादि-इन्द्रियहरूलाई
**कर्षति** = खिच्छ, आकर्षित गर्छ

### भावार्थ

परमात्माकै सनातन शाश्वत अंश जीवलोकमा जीवात्मा भएको हो अर्थात् यस जगत्मा सबै जीवहरू परमात्माकै सनातन अंश हुन्, यस जीवात्माले प्रकृतिमा रहेका मन र अरू पाँचवटै श्रोत्रादि इन्द्रियहरूलाई आकर्षित गर्छ अर्थात् तिनीहरूलाई आफ्नै ठान्दछ ।

### भावबोधिनी व्याख्या

सम्पूर्ण लोक र जगत्मा जति जीवधारी प्राणीहरू छन्- चाहे मानिस होस्, चाहे अन्य पशुपन्छी, ती सबैमा जीवरूपले अवस्थित आत्मा परमात्माकै सनातन अंश हो । तर यसको तात्पर्य परमात्मा नै विभाजित भएर रहनु भएको हो भन्ने चाहिँ होइन । उहाँ न विभाजित हुनुहुन्छ, न त खण्डित नै । बरु परमेश्वरको समष्टिरूपकै एक अंशका रूपमा जीवात्मा रहेको हो ।

यस सन्दर्भमा शाङ्करभाष्यमा शङ्कराचार्यजी उल्लेख गर्नुहुन्छ- जसरी जलमा प्रतीत हुने सूर्यको अंश विखण्डित होइन र जल नाश भएपछि त्यो अंश सूर्यमै लीन हुन्छ, जसरी पानीको घडामा देखिने समष्टि आकाशको अंश घडा नासिएपछि आकाशमै मिल्दछ र फेरि फर्केर पनि आउँदैन । त्यसरी नै समष्टि परमात्माको अंशरूप जीवात्मा पनि बन्धनबाट मुक्त भएपछि परमात्मामै विलीन हुन्छ ।

यस सन्दर्भमा रामानुजाचार्यले भने "आत्मा परमात्माकै अंश हो, तर जीवलोकमा त्यो व्यष्टि आत्मा बन्दछ र इन्द्रियका विषयहरूप्रति आकर्षित भई बन्धनमा पर्दछ" भन्नुभएको छ ।

यसै प्रसङ्गमा 'द भगवद् गीता रोयल साइन्स आफ गौड रियलाइजेशन'मा परमहंस योगानन्दजी लेख्नुहुन्छ- "परमेश्वर महासागर हुन्, जीवात्मा सुमुद्रको छाल जस्तै परमात्माकै अंश हो, त्यसैले समुद्रबाट त्यसको छालझैं जीवात्मा पनि परमेश्वरबाट अलग भएर रहनै सक्तैन" ।

यस किसिमका प्रमाणहरूले जीवात्मा परमात्माकै अंश भएता पनि ऊ प्रकृति (माया) मा अवस्थित प्रकृतिकै अंशरूप मन र अन्य पाँचवटै ज्ञानेन्द्रियहरूसित सम्बन्धित हुन्छ र यी छवटै इन्द्रियहरूलाई आफूतिर आकर्षित गर्दछ, जसको कारण जीवात्मा सांसारिक विषयको उपभोगमा आसक्त हुन्छ र अन्ततः बन्धनमा पर्दछ ।

### जीवात्मा एक शरीरबाट अर्कोमा जाने क्रम

**शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।**
**गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥**

## पदार्थ

| | | | | |
|---|---|---|---|---|
| ईश्वर: | = जीवात्मा, देहादिको स्वामी आत्मा | | (तदा) | = त्यसबखत, त्यस समयमा |
| (यदा) | = जब | | वायु: | = वायु, हावा |
| यत् | = जुन भइरहेको, पहिलो | | आशयात् | = गन्ध आउने स्थानबाट, बास्ना चल्ने फूल आदिबाट |
| शरीरम् | = शरीरलाई, देहलाई | | गन्धान् | = सुगन्ध वा दुर्गन्धहरूलाई |
| उत्क्रामति | = त्याग्छ, छोड्छ | | इव | = झैँ |
| च | = र | | एतानि | = मनसहित यी इन्द्रियहरूलाई |
| यद् | = जुन | | अपि | = पनि |
| (शरीरम्) | = नवीन स्थूल शरीरलाई | | गृहीत्वा | = लिएर, ग्रहण गरेर |
| अवाप्नोति | = प्राप्त गर्छ | | संयाति | = जान्छ, आवतजावत गर्छ |

## भावार्थ

जीवात्माले जब आफू रहिरहेको शरीरलाई छोड्छ र जुन नयाँ स्थूलशरीरलाई ग्रहण गर्छ, त्यस बखत वायुले गन्ध आउने स्थानबाट सुगन्ध वा दुर्गन्धलाई झैं मनसहित यी इन्द्रियहरूलाई पनि लिएर जान्छ।

## भावबोधिनी व्याख्या

जीवात्मा परमात्माकै शाश्वत अंश हो, उसको उत्पत्ति र अवसान ईश्वरीय शक्तिबाटै भएको हो । जीवात्मा पनि शरीर इन्द्रियादिको स्वामी भएको र परमात्माकै अंश भएकाले यसलाई पनि ईश्वर भनिएको हो ।

जब जीवात्माले आफू रहेको स्थूलशरीर त्यागेर अर्को नयाँ स्थूलशरीर ग्रहण गर्न पुग्दछ, त्यसबखत वायुले फूल, चन्दन, अत्तर, आदि सुगन्ध आउने वा अन्य दुर्गन्ध आउने आशय (स्थान)बाट सुगन्ध वा दुर्गन्ध लिएर गएझैं जीवात्माले पनि आफूरहेको स्थूलशरीरबाट मन र इन्द्रियहरूको समूहरूप सूक्ष्मशरीरलाई नै लिएर जान्छ ।

यसको तात्पर्य हो- जीवात्मा जीवलोकमा घुमिरहेसम्म मन, बुद्धि सहितको अन्त:करण र इन्द्रियहरू पनि जीवात्मासँगै घुमिरहन्छन् । जब जीवात्मा शरीरबाट निस्कन्छ, त्यसबखत मनसहित उपर्युक्त छवटै इन्द्रियहरूलाई पनि सँगै लिएर जान्छ ।

### जीवात्माले मन र इन्द्रियहरूको सहाराबाट विषयको उपभोग गर्छ

**श्रोत्रं चक्षु: स्पर्शनं च रसनं घ्राणमेव च ।**
**अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥**

### अन्वयार्थ

| | | | |
|---|---|---|---|
| अयम् | = यो जीवात्मा | घ्राणम् | = घ्राण, नाक, घ्राणेन्द्रिय |
| श्रोत्रम् | = श्रोत्र, कान, श्रोत्रेन्द्रिय | च | = र |
| चक्षुः | = चक्षु, आँखा, चक्षुरिन्द्रिय | मनः | = मनलाई |
| च | = र | अधिष्ठाय | = आश्रय बनाएर |
| स्पर्शनम् | = स्पर्शेन्द्रिय, त्वचा, छाला | एव | = नै, निश्चय नै |
| रसनम् | = रसना, जिब्रो वा स्वादलिने रसनेन्द्रिय | विषयान् | = विषयहरूलाई, शब्दादिविषयहरूलाई |
| च | = र | उपसेवते | = उपभोग गर्छ |

### भावार्थ

यो जीवात्मा श्रोत्रेन्द्रिय (कान), चक्षुरिन्द्रिय (आँखा), स्पर्शेन्द्रिय (छाला), रसनेन्द्रिय (जिब्रो), घ्राणेन्द्रिय (नाक) र मनको आश्रय वा सहारा लिएर विषयहरूको उपभोग गर्दछ ।

### भावबोधिनी व्याख्या

आत्माको स्वरूप परमात्माकै समान हुने हुँदा वस्तुतः जीवात्माको स्वरूप पनि निर्विकार, नित्यतृप्त र निरासक्त छ । ऊ न कुनै कुराको कर्ता हो, न त कुनै विषयको भोक्ता नै, न त उसको विषयसित कुनै सम्बन्ध नै छ । तर पनि प्रकृतिसित उसको अनादि सम्बन्ध रहेको छ र प्रकृतिमै रहेर प्रकृतिजन्य विषयहरूको उपभोग पनि गर्दछ,- **"पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान्"** भ.गी.१३/२१

यसैकारण जीवात्मालाई कर्ता र भोक्ता पनि भन्ने गरिएको हो ।

जीवात्माले सांसारिक विषयहरूको उपभोग गर्दा मनलाई आश्रय बनाएर श्रोत्रेन्द्रिय (कान) ले सुन्ने, चक्षुरिन्द्रिय (आँखाले) हेर्ने, स्पर्शेन्द्रिय (छाला) ले स्पर्श गर्ने, रसनेन्द्रिय (जिब्रो) ले स्वाद लिने तथा मीठो नमीठो छुट्ट्याउने र घ्राणेन्द्रिय (नाक) ले सुगन्ध वा दुर्गन्ध छुट्ट्याउने काम गर्दछ । मानिसको सुख, सन्तुष्टि र आनन्दका लागि परमेश्वरले नानाभाँतिका पदार्थहरू सृजना गर्नुभएको छ र जीवात्माले तिनको उपभोग यिनै मनसहितका छवटै इन्द्रियहरूको माध्यमद्वारा गर्दछ ।

श्रुति भन्दछ- 'आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः' कठ.उप.१/३/४ । अर्थात् मन र इन्द्रिय सहितको आत्मा नै भोक्ता हो ।

### जीवात्मालाई कसले जान्दछ र कसले जान्दैन ?

**उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।**
**विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| उत्क्रामन्तम् | = शरीर छोडेर गइरहेको | विमूढाः | = विषयवासनामा निर्लिप्त भएका अज्ञानीजन |
| वा | = अथवा | | |
| स्थितम् | = शरीरमा नै स्थित भएको | | |
| भुञ्जानम् | = विषयहरूलाई भोग गरिरहेको | न अनुपश्यन्ति | = देख्तैनन्, जान्दैनन् |
| | | ज्ञानचक्षुषः (ज्ञानमेव चक्षुर्येषां ते) | = ज्ञान नै चक्षु भएका, ज्ञानीजन |
| वा | = अथवा | | |
| गुणान्वितम् | = तीनै गुणले युक्त भएकोलाई | पश्यन्ति | = तत्त्वपूर्वक जान्दछन्, देख्तछन् |
| अपि | = पनि | | |

### भावार्थ

जीवात्मा शरीर छोडेर गइरहेको छ, अथवा शरीरमा नै स्थित भएको छ, अथवा विषयहरूलाई भोग गरिरहेको छ या तीनै गुणले युक्त भएको छ । यी सबै कुरालाई विषयवासनामा चुर्लुम्म डुबेका अज्ञानीहरू जान्दैनन् र देख्तैनन् पनि, तर ज्ञान नै चक्षु भएका महात्माहरू भने यी कुरा जान्दछन् र देख्तछन् पनि ।

### भावबोधिनी व्याख्या

जीवात्मा कुनै समयमा प्रकृतिका मन, बुद्धि र अहङ्कारसहितको अन्तःकरण र सबै इन्द्रियहरूले युक्त भई शरीर धारण गर्दछ, कुनै बखत त्यहीं स्थित भई विषयहरूको सेवन गर्दछ र कहिले शरीरलाई छोडेर जान्छ । यी सबै कुरा विषयवासनामा लटपटिएका स्थूलदृष्टि भएका अज्ञानीहरू थाह पाउँदैनन् र देख्न पनि देख्तैनन्, तर ज्ञान नै आँखा भएका सूक्ष्मदर्शी विवेकशील महापुरुषहरू भने यी सबै कुरा थाह पाउँछन्, जान्दछन् र देख्तछन् पनि ।

सङ्क्षिप्तमा भन्नुपर्दा जीवात्मा कहिले प्रकृतिका गुणहरूले युक्त भई शरीर धारण गर्छ, कहिले शरीरमा स्थित भई विषयहरूको भोग गर्छ र अनि कहिले शरीर छोडेर जान्छ । यी कुरा अज्ञानीहरू जान्दैनन् तर ज्ञानीहरू भने जान्दछन् ।

### इन्द्रिय वश गर्न नसक्नेले आत्मसाक्षात्कार गर्न सक्तैन

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

### पदार्थ

| | | | |
|---|---|---|---|
| यतन्तः | = प्रयत्न गर्ने | अवस्थितम् | = स्थित भएको, झल्केको, प्रकाशित भएको |
| योगिनः | = योगिजन, योगीहरू | | |
| एनम् | = यस आत्मालाई | पश्यन्ति | = देख्छन् |
| आत्मनि | = आफ्नो हृदयमा, आफैंमा | च | = र |

यतन्तः = यत्न गरेर
अपि = पनि
अकृतात्मानः(न कृतः आत्मा अन्तःकरणं येषां ते) = जसका इन्द्रिय वशमा छैनन्, अन्तःकरण पवित्र नभएका
अचेतसः = चित्त ठेगानमा नभएकाहरूले भने
एनम् = यस आत्मालाई
न पश्यन्ति = देख्न सक्तैनन्, साक्षात्कार गर्न सक्तैनन्

**भावार्थ**

एकाग्रचित्तले प्रयत्न गर्ने योगीहरू यस आत्मालाई आफ्नै हृदयमा झल्किरहेको देख्दछन्, तर यत्न गरेर पनि इन्द्रिय वशमा नभएका र चित्त ठेगानमा नभएकाहरूले भने आफैँमा प्रकाशित भइरहेको यस आत्मालाई देख्न सक्तैनन् ।

**भावबोधिनी व्याख्या**

आत्मसाक्षात्कारको निम्ति चित्तको शुद्धीकरण र चित्तको एकाग्रता अतिमहत्त्वपूर्ण पक्ष हो । परब्रह्म परमात्मा सर्वव्यापक भएकाले समग्र प्राणीहरूको आत्मामा विराजमान हुनुहुन्छ । जसले परमात्मा सबै समयमा सबै ठाउँमा हुनुहुन्छ र ममा पनि हुनुहुन्छ भन्ने ठानेर दृढआस्था र दृढविश्वास लिई परमात्माको साक्षात्कारका निम्ति साधनारत रहन्छ, अनि परमात्मतत्त्वलाई बुझ्न सम्पूर्ण शक्ति लगाउँछ र सांसारिक वासना एवम् आसक्ति त्यागेर आफ्नो मन, बुद्धि परमात्मतत्त्वकै उपासनामा लगाउँछ, त्यस्तो प्रयत्नरत योगीले आफ्नै हृदयमा परमात्मतत्त्व झल्किरहेको पाउँछ ।

परन्तु जो अकृतात्मा छ, जसको अन्तःकरण शुद्ध छैन, भावनाहरू कलुषित छन्, चित्तवृत्ति सांसारिक विषयहरूको सुखभोगमा आसक्त छ, जसको चित्त ठेगानामा छैन र लोभ, लालसा र अज्ञानताले चित्त कुण्ठित भएको छ, विचारशक्ति र विवेकज्ञान हराएर जडवत् अचेत बनेको छ, यस किसिमका चित्तवृत्ति निरोध गर्न नसक्ने अचेत अज्ञानी व्यक्तिहरूले जतिसुकै प्रयत्न गरेपनि परम आत्मतत्त्वलाई आफ्नो हृदयमा प्रकाशित भएको देख्तैनन् । यस्ता व्यक्तिका लागि आत्मसाक्षात्कार अत्यन्त कठिन र दुष्करकर्म हो ।

**सूर्य, चन्द्रमा र अग्निमा पाइने तेज परमेश्वरकै तेज हो**

**यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।**
**यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥**

**पदार्थ**

आदित्यगतम् (आदित्ये गतम्) = सूर्यमा रहेको
यत् = जुन
तेजः = तेज, प्रकाश वा दीप्तिले
अखिलम् = सम्पूर्ण
जगत् = जगत्लाई, विश्वलाई
भासयते = प्रकाशित गर्छ
यत् = जुन तेज
चन्द्रमसि = चन्द्रमामा रहेको छ
च = र

| | | | |
|---|---|---|---|
| यत् | = जुन तेज, दीप्ति | तेजः | = तेजपुन्ज, ज्योतिर्मय प्रकाश |
| अग्नौ | = अग्निमा स्थित छ | मामकम् | = मेरै (म परमात्माकै) तेज |
| तत् | = त्यो | विद्धि | = जान |

### भावार्थ

सूर्यमा रहेको जुन तेज या प्रकाश छ, जसले सम्पूर्ण जगत्लाई नै प्रकाशित गर्दछ, जुन तेज चन्द्रमामा रहेको छ र जुन तेज या दीप्ति अग्निमा स्थित छ, त्यो तेजपुन्ज वा ज्योतिर्मय प्रकाश मेरै (म परमात्माकै) तेज हो भन्ने जान ।

### भावबोधिनी व्याख्या

परमात्मा परमेश्वर अखण्ड तेजपुन्जले परिपूर्ण, ज्योतिर्मय प्रकाशस्वरूप हुनुहुन्छ । यो समस्त जगत्मा– **यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा- भ.गी.१०/४१** अर्थात् जति विभूतियुक्त ऐश्वर्ययुक्त र शक्ति वा तेजयुक्त पदार्थ छन्, ती सबै परमेश्वरकै तेजोमय अंशबाट उद्भव भएका हुन् र तिनीहरू सबै परमात्माकै तेजबाट उद्भासित भएका हुन् । यिनीहरूभन्दा धेरै बढी सूर्यमा रहेको जुन महान् तेज छ **"तेजसां गोलकः सूर्यः"** अर्थात् तेजैतेजको पुन्ज नै सूर्य हुन्, जसबाट समस्त जगत् नै प्रकाशित हुन्छ र अखिल ब्रह्माण्ड नै उद्भासित हुन्छ, त्यो तेज परमात्माकै ज्योतिर्मय प्रकाश हो, देदीप्यमान शक्ति हो ।

यसैगरी चन्द्रमामा रहेको जुन स्वच्छ एवम् निर्मल प्रकाश छ, त्यो पनि परमात्माकै प्रकाश हो, जो रसमय बनेर समस्त औषधिहरूको पुष्टि गर्दछ ।

सूर्यमा जस्तै अग्निमा रहेको जुन तेज छ, जुन दीप्ति छ, जुन उष्णता वा दाह गर्ने शक्ति छ, त्यो पनि परमात्माकै तेज हो ।

हरेक प्राणीको आँखामा रहेको देख्नसक्ने दृष्टिशक्ति र मनमा रहेको सङ्कल्प-विकल्प आदि मनन चिन्तन गर्ने जुन शक्ति छ, त्यो पनि क्रमशः सूर्य र चन्द्रमाका माध्यमद्वारा परमात्माबाट नै प्राप्त तेजशक्ति हो । त्यसैले परमात्मा परमेश्वर तेजका पनि तेज परमतेज र परम प्रकाशस्वरूप हुनुहुन्छ, अणु, परमाणु, त्रसरेणु (इलेक्ट्रोन, प्रोटन) जस्ता पारमाणविक शक्ति पुन्जहरूको मूलस्रोत पनि परमात्मा नै हुनुहुन्छ ।

**गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।**
**पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| अहम् | = म | भूतानि | = सबै भूतहरूलाई, समग्र प्राणीहरूलाई |
| गाम् | = पृथिवीमा, पृथिवीभित्र | धारयामि | = धारण गर्छु |
| आविश्य | = पसेर, प्रवेश गरेर | च | = र |
| च | = पनि | रसात्मकः | = रसात्मक, रसस्वरूप |
| ओजसा | = बलले, शक्तिले | | |

| | | | |
|---|---|---|---|
| सोमः = चन्द्रमा, सोम | | औषधीः = लता वनस्पति, धान्यादि औषधिहरूलाई | |
| भूत्वा = भएर | | पुष्णामि = पुष्टि गर्दछु | |
| सर्वाः = सबै, सम्पूर्ण | | | |

**भावार्थ**

म पृथिवीभित्र पसेर आफ्नो शक्तिले समग्र प्राणीहरूलाई धारण गर्दछु र रसात्मक एवम् अमृतमय सोम भएर सम्पूर्ण लतावृक्ष र धान्यादि औषधिहरूलाई पुष्टि गर्दछु ।

**भावबोधिनी व्याख्या**

पृथिवी चराचर जगत्को आधारशिला हो र आश्रयशक्ति हो । यसमा समस्त स्थावर-जङ्गम र प्राणीहरूलाई धारण गर्ने जुन शक्ति छ, जुन सामर्थ्य छ, त्यो परमात्माबाट नै प्राप्त धारण शक्ति हो । परब्रह्म परमेश्वरको यही ईश्वरीय दिव्यशक्तिले समस्त जीव र जगत्लाई ऊर्जा शक्ति प्रदान गरेर जीवन्त पारेको छ, त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- म पृथिवीमा प्रविष्ट भई सम्पूर्ण भूतहरूलाई धारण गर्दछु । त्यसैले पृथिवीका धारण शक्तिको मुख्य केन्द्रविन्दु म नै हुँ ।

यसैगरी परमात्मा परमेश्वर रसमय तथा रसात्मक सोम (चन्द्रमा) बनेर लता, वृक्षादि वनस्पतिहरू र धान्यादि सम्पूर्ण औषधिहरूलाई पुष्टि गर्नुहुन्छ ।

चन्द्रमाको रसमय र प्रकाशमय दुईवटा स्वरूप र शक्ति छन् । यिनमा आफ्नो रसमय स्वरूपले चन्द्रमाले वनस्पति तथा धान्यादि औषधिहरूलाई पुष्टि गर्दछन् र प्रकाशमय स्वरूपले सम्पूर्ण जगत्लाई स्वच्छ, निर्मल एवम् शीतल प्रकाश प्रदान गर्दछन् । यसरी चन्द्रमामा पाइने यी दुवैथरी शक्तिहरू परमात्मा परमेश्वरबाटै प्राप्त भएका हुन् ।

**अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।**
**प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥**

**पदार्थ**

| | |
|---|---|
| अहम् = म नै | प्राणापानसमायुक्तः (प्राणश्च अपानश्च ताभ्यां समायुक्तः) = प्राण र अपानले संयुक्त भई |
| वैश्वानरः = वैश्वानर अग्नि, पेटमा रहने जठराग्नि | चतुर्विधम् = चार प्रकारका |
| भूत्वा = भएर | अन्नम् (भक्ष्य-भोज्य-चोष्य-लेह्यरूपम्- शा.भा.) = अन्न (चपाइने, खाइने, चुसिने र चाटिने) लाई |
| प्राणिनाम् = प्राणीहरूको | पचामि = पचाउँछु, परिपक्व बनाउँछु |
| देहम् = शरीरमा, देहमा | |
| आश्रितः = आश्रित भएर | |

**भावार्थ**

म नै प्राणीहरूको शरीरमा वैश्वानर अग्नि (पेटमा रहने जठराग्नि बनेर) प्राणीहरूको देहमा स्थित भई प्राण र अपानले युक्त (भित्र पस्ने र बाहिर निस्कने श्वासमा सम्मिलित) भएर चार प्रकारका (चपाइने, खाइने, चुसिने र चाटिने) अन्नलाई पचाउँछु ।

## भावबोधिनी व्याख्या

'वैश्वानर अग्नि' भनेको पेटमा रहने जठराग्नि हो, जसले खाएको अन्न पचाउँछ। श्रुति भन्दछ- **"अयमग्निर्वैश्वानरो योऽयमन्तः पुरुषे येनेदमन्नं पच्यते"** बृह. उप ५/९/१ अर्थात् वैश्वानर अग्नि यही हो, जो पुरुषको भित्र रहन्छ र जसले खाएको अन्न पचाउँछ। यसले शरीरमा उष्णता प्रदान गर्दछ र पाचनशक्ति प्रदान गर्दछ। परमात्मा परमेश्वर प्राणीहरूको देहमा वैश्वानर अग्निको रूपमा स्थित भई प्राण (भित्र प्रविष्ट हुने) र अपान (बाहिर निस्कने) श्वासले युक्त भई चार प्रकारका भक्ष्य, भोज्य, चोष्य र लेह्य, अर्थात् चपाइने, खाइने, चुसिने र चाटिने अन्नहरूलाई पचाउन पाचनशक्ति प्रदान गर्नुहुन्छ। जसले गर्दा खाएका चारै प्रकारका अन्नहरू पच्तछन्।

जठराग्नि कमजोर भयो भने खाएको अन्न पच्दैन र भोक पनि लाग्दैन। पेटमा वैश्वानर अग्नि मन्द भयो भने पाचनशक्ति पनि मन्द हुन्छ र बिरामी पर्न सकिन्छ।

## परमेश्वरको सर्वव्यापकत्व एवम् सर्वज्ञत्व

**सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च।**
**वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| अहम् | = म नै | सर्वैः | = सबै |
| सर्वस्य | = सबैको, सबै प्राणीहरूको | वेदैः | = वेदहरूद्वारा |
| हृदि | = हृदयमा | अहम् | = म |
| सन्निविष्टः | = रहेको छु, स्थित छु | एव | = नै |
| च | = र | वेद्यः | = बुझाइने, जान्नलायक |
| मत्तः | = मबाट नै | वेदान्तकृत् | = वेदान्तको रचना गर्ने |
| स्मृतिः | = स्मृति, स्मरण, सम्झना | च | = र |
| ज्ञानम् | = ज्ञान (पैदा हुन्छ) | वेदवित् | = वेदज्ञाता, वेदवेत्ता |
| च | = र | अहम् | = म |
| अपोहनम् | = लोप वा विनाश हुन्छ | एव | = नै (हुँ) |
| च | = र | | |

### भावार्थ

म नै सबै प्राणीहरूको हृदयमा रहेको छु, स्मृति र ज्ञान मबाट नै पैदा हुन्छन् र तिनको विनाश पनि मबाट नै हुन्छ। सबै वेदहरूले बुझाइने वा तिनीहरूद्वारा जान्नयोग्य पनि म नै हुँ र वेदान्तको रचयिता र वेदहरू जान्ने (वेदवेत्ता) पनि म नै हुँ।

### भावबोधिनी व्याख्या

परमात्मा परमेश्वर सर्वव्यापक हुनुहुन्छ र सबैको अन्तर्यामी पनि । त्यसैले उहाँ सबैको अन्तःकरण वा हृदयमा आत्मरूपले विराजमान हुनुहुन्छ । कुनै प्राणीले चाहे सुखको, चाहे आनन्दको, चाहे प्रेमको, चाहे अमृतत्व वा अमरत्वको कामना गरोस्, उसले ती कुरा आफ्नै हृदयमा स्थित परम आत्मतत्त्वबाट नै प्राप्त गर्न सक्तछ । भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- **'सदसच्चाहमर्जुन'**- भ.गी. ९/१९ । अर्थात् यस संसारमा सत्-असत् जति कुरा छन् त्यो म नै हुँ । **'मत्तः सर्वं प्रवर्तते'**- भ.गी. १०/८ । अर्थात् मबाट नै सबै कुरा भइरहन्छ ।

देखेका, सुनेका वा कार्यक्षेत्रमा अनुभव गरेका कुनै कुराको संस्मरण नै 'स्मृति' हो । कुनै वस्तुको यथार्थ जानकारीका साथै परमात्मतत्त्वको यथार्थबोध हुनु नै 'ज्ञान' हो । यसरी प्राप्त भएको ज्ञान र स्मृतिको लोप हुनु 'अपोहन' हो । त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- सबै वेदहरू र तिनमा निष्ठा राख्ने जति शास्त्रहरू छन्, तिनीहरूले जान्न योग्य परमात्मतत्त्व म नै हुँ, आत्म-परमात्मतत्त्वसित सम्बन्धित वेदान्तको रचना गर्ने वेदान्तकृत् या वेदान्तको प्रतिपादक म नै हुँ र वेदको यथार्थ रहस्य जान्ने वेदवेत्ता एवम् वेदज्ञाता पनि म नै हुँ ।

### क्षर तथा अक्षर पुरुष

**द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।**
**क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **लोके** | = लोकमा | **सर्वाणि** | = सम्पूर्ण, समस्त |
| **क्षरः** | = क्षर, नाशवान्, नश्वर | **भूतानि** | = प्राणीहरू, भूतहरू |
| **च** | = र | **क्षरः** | = क्षर, नाशवान् छन् |
| **अक्षरः** | = अक्षर, अविनाशी, अनश्वर | **च** | = र |
| **एव** | = नै, पनि | **कूटस्थः** | = निर्विकार, अपरिवर्तनशील, कूटस्थ, जीवात्मा |
| **इमौ** | = यी | | |
| **द्वौ** | = दुई, दुईप्रकारका | **अक्षरः** | = अक्षर, अविनाशी, पुरुष |
| **पुरुषौ** | = पुरुषहरू छन् | **उच्यते** | = कहिन्छ |

### भावार्थ

यस लोकमा क्षर (नश्वर) र अक्षर (अनश्वर) दुई प्रकारका पुरुषहरू छन् र यिनमा समस्त प्राणीहरू क्षर (नाशवान्) छन् र निर्विकार एवम् अपरिवर्तनशील कूटस्थ जीवात्मा पुरुष अक्षर एवम् अविनाशी कहिन्छ ।

## भावबोधिनी व्याख्या

यस जगत्मा पुरुषतत्त्व दुई वर्गमा विभाजित छ- एउटा हो क्षरपुरुष र अर्को अक्षरपुरुष । क्षरको अर्थ हो- नश्वर या विनाशशील पदार्थ । प्रकृतिबाट उत्पन्न समस्त भौतिक जगत् नाशवान् जड पदार्थ हो । त्यसैले समस्त प्राणीहरूको स्थूल तथा सूक्ष्म शरीर- जो पञ्चमहाभूत, दश इन्द्रिय र मन, बुद्धि एवम् पञ्च प्राणबाट बनेको छ, त्यो क्षर या नश्वर हो । सबै भूत प्राणी र मानवदेह क्षर नै हो, जो अनित्य एवम् विकारयुक्त छ ।

अक्षरपुरुष भनेको कहिल्यै विनाश वा क्षय नहुने जीवात्मा हो । जो कूटस्थ (सधैं एकै रूपमा रहिरहने) र अविनाशी, नित्य, निर्विकार र अनश्वर छ, जसलाई गीताको सातौँ अध्यायको पाँचौँ श्लोकमा 'पराप्रकृति' र तेह्रौँ अध्यायमा 'क्षेत्रज्ञ' भनिएको छ ।

## दुवैमा श्रेष्ठ 'उत्तमपुरुष' परमात्मा हुनुहुन्छ

**उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।**
**यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥**

### पदार्थ

| | | |
|---|---|---|
| **उत्तमः** | = | उत्तम, सबैभन्दा श्रेष्ठ |
| **पुरुषः** | = | पुरुष |
| **तु** | = | ता |
| **अन्यः** | = | अन्य, अर्कै छ |
| **यः** | = | जो |
| **परमात्मा** (परमश्चासौ आत्मा) | = | परमात्मा |
| **इति** | = | यस नामले |
| **उदाहृतः** | = | बताइएको छ, कहिएको छ, पुकारिन्छ |
| (एवंविधः) | = | यस किसिमको |
| **अव्ययः** | = | अविनाशी तथा निर्विकार |
| **ईश्वरः** | = | परमेश्वर |
| **लोकत्रयम्** | = | तीनै लोकमा |
| **आविश्य** | = | प्रवेश गरेर, प्रविष्ट भएर |
| **बिभर्ति** | = | धारण गर्नुहुन्छ, भरणपोषण गर्नुहुन्छ |

### भावार्थ

क्षर तथा अक्षर यी दुवैभन्दा श्रेष्ठ या उत्तम पुरुष ता अर्कै हुनुहुन्छ, जो 'परमात्मा' यस नामले कहिन्छ । यस किसिमका अविनाशी एवम् निर्विकार परमेश्वर तीनै लोकमा प्रविष्ट भएर सबैको भरणपोषण गर्नुहुन्छ ।

## भावबोधिनी व्याख्या

पूर्वश्लोकमा क्षरपुरुष र अक्षरपुरुषका बारेमा वर्णन गरियो । यहाँ ती दुवैभन्दा भिन्न, दुवैभन्दा परका सर्वश्रेष्ठ तथा सर्वोत्कृष्ट, उत्तमपुरुष 'पुरुषोत्तम'को वर्णन

गरिएको छ, जो सर्वव्यापक हुनुहुन्छ र तीनै लोकमा प्रवेश गरेर सबैको भरणपोषण गर्नुहुन्छ ।

यस किसिमका उत्तमपुरुष अक्षर जीवात्माभन्दा विलक्षण हुनुहुन्छ र नित्य, निर्विकार तथा सर्वशक्तिमान् पनि हुनुहुन्छ । यस किसिमका अव्यय एवम् अनश्वर उत्तमपुरुषलाई निर्गुण एवम् निराकाररूपमा परमात्मा र सगुणरूपमा ईश्वर या परमेश्वर भन्ने गरिन्छ । अक्षर जीवात्माले प्रकृतिमा रहेर प्रकृतिका गुणहरूको भोग गर्दछ, तर परमात्मतत्त्व त्यसभन्दा विलक्षण छ । त्यसैले श्रुति भन्दछ-

**क्षरः प्रधानममृताक्षरं हरः क्षरात्मानावीशते देव एकः- श्वेता. उप. १/१०**

प्रधान भनेको प्रकृति क्षर हो र प्रकृतिबाट उत्पन्न समस्त भौतिक जगत् पनि क्षर हो, जो क्षणिक एवम् नाशवान् छ, परिवर्तनशील छ । अमृतत्वले परिपूर्ण अव्यय एवम् अविनाशी जीवात्मा अक्षर हो । जो अपरिर्वतनीय पनि छ । क्षर र अक्षर अर्थात् प्रकृति र चेतन जीवात्मा दुवै उपर एकदेव अर्थात् पुरुषोत्तम परमेश्वरले शासन गर्नुहुन्छ ।

**यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।**
**अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| अहम् | = म | अतः | = यसैकारण, क्षर-अक्षर दुवैबाट उत्तम भएको कारण |
| यस्मात् | = जुन कारणबाट | लोके | = लोकमा, संसारमा |
| क्षरम् | = क्षर, नाशवान् (क्षेत्रभन्दा) | च | = र |
| अतीतः | = अतीत, पर छु | वेदे | = वेदमा |
| च | = र | पुरुषोत्तमः | = 'पुरुषोत्तम' नामले |
| अक्षराद् | = अविनाशी, क्षेत्रज्ञ (जीवात्मा) भन्दा | प्रथितः | = प्रख्यात, प्रसिद्ध |
| अपि | = पनि | अस्मि | = छु |
| उत्तमः | = उत्तम छु, उत्कृष्ट छु | | |

## भावार्थ

म जुन कारणबाट क्षर या नाशवान् क्षेत्रभन्दा अतीत (पर) छु र अविनाशी क्षेत्रज्ञ (जीवात्मा) भन्दा पनि उत्तम छु, यसैकारण लोकमा र वेदमा पनि 'पुरुषोत्तम' नामले प्रख्यात छु ।

## भावबोधिनी व्याख्या

परमात्मा परमेश्वर क्षर (नाशवान्) क्षेत्रभन्दा अतीत हुनुहुन्छ र अक्षर (जीवात्मा)भन्दा उत्तम हुनुहुन्छ, त्यसैले लोक, स्मृति, पुराणादिमा र वेद दुवैमा 'पुरुषोत्तम' नामले विख्यात हुनुहुन्छ ।

वास्तवमा पुरुषोत्तम भगवान् प्रकृतिबाट उत्पन्न क्षणिक एवम् नाशवान् जड शरीरत्व भावभन्दा सर्वथा अतीत हुनुहुन्छ र विकार एवम् उपाधिबाट पनि अतीत नै हुनुहुन्छ ।

तर उहाँ अक्षर (जीवात्मा) भन्दा चाहिँ अतीत नभएर उत्तम या उत्कृष्ट मात्र हुनुहुन्छ । जीवात्मा परमात्माको चेतन अंश हो, आत्मस्वरूप हो, त्यसैले यो क्षर (क्षेत्र) भन्दा नित्य छ, निर्विकार छ, अव्यय एवम् अनश्वर छ, तर पनि यो प्रकृतिस्थ छ र प्रकृतिको मायामा लटपटिन्छ र परमात्मतत्त्वमा जस्तो सर्वव्यापकता र पूर्णांश यसमा छैन ।

तर परमात्मा पुरुषोत्तम भने क्षर एवम् अक्षर दुवैबाट उत्तम एवम् उत्कृष्ट हुनुहुन्छ, त्यसैले उहाँ गुणातीत हुनुहुन्छ । प्रकृतिका गुणहरूले उहाँलाई छुन सक्तैनन्, अक्षरभन्दा पनि अझैं बढी सर्वव्यापक, सर्वेश्वर र सर्वशक्तिमान् पनि हुनुहुन्छ ।

## पुरुषोत्तमलाई बुझ्ने भक्तको महिमा

**यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।**
**स सर्वविद् भजति मां सर्वभावेन भारत ॥१९॥**

### पदार्थ

यः = जो
असम्मूढः (न सम्मूढः) = मोहित नभएको, ज्ञानी पुरुष
माम् = म
पुरुषोत्तमम् = पुरुषोत्तमलाई
एवम् = यसप्रकार
जानाति = जान्दछ
भारत = हे भरतवंशी अर्जुन !
सः = त्यो पुरुष
सर्वविद् (सर्वं वेत्तीति सः) = सबै कुरा जान्ने, सर्वज्ञ
सर्वभावेन = सबै प्रकारले, सबै भावले
माम् = म परमेश्वर वासुदेवलाई
भजति = भज्दछ, सेवा गर्छ

### भावार्थ

जो मोहरहित ज्ञानी पुरुष म पुरुषोत्तमलाई यसप्रकार जान्दछ, हे भरतवंशी अर्जुन ! त्यसैले सबै कुरा जान्नसकेको हुन्छ र त्यो पुरुष सबै प्रकारले र सबै भावले म परमेश्वर वासुदेवलाई भज्दछ ।

### भावबोधिनी व्याख्या

प्रकृतिबाट उत्पन्न स्थूल एवम् सूक्ष्मतत्त्वयुक्त शरीरमा रहेको प्रकृतिस्थ जीवात्मा (अक्षरपुरुष) सांसारिक विषयवासनाको आसक्तिमा फसेको हुन्छ र मोहपासमा बाँधिएको हुन्छ । त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- जो असम्मूढ छ, मोह या आसक्तिरहित छ, त्यसैले म क्षर (क्षेत्र) भन्दा अतीत र अक्षर (जीवात्मा) भन्दा उत्तम एवम् उत्कृष्ट पुरुषोत्तमलाई जान्दछ र मेरो यथार्थ रहस्य बुझ्दछ ।

यसप्रकार जसले पुरुषोत्तमलाई जान्दछ, त्यो सर्वविद् ठहर्छ । उसमा अज्ञानजनित संशयादि सबै दोषहरू हट्छन् र यस किसिमको अखण्ड एवम् अद्वितीय सर्वशक्तिमान् परमात्मतत्त्वको यथार्थ रहस्य थाह पाउने पुरुषले सर्वथा सम्पूर्णभावले पुरुषोत्तम वासुदेवको भजन गर्दछ ।

### गुह्यतम यो शास्त्र जान्नाले प्राप्त हुने प्रतिफल

**इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।**
**एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे पुरुषोत्तमयोगो नाम पञ्चदशोऽध्यायः ।**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **अनघ** | = हे निष्पाप अर्जुन ! | **एतत्** | = यसलाई |
| **इति** | = यसप्रकार | **बुद्ध्वा** | = जानेर, जानेबुझेपछि |
| **इदम्** | = यो | **बुद्धिमान्** | = बुद्धिमान् |
| **गुह्यतमम्** | = अतिरहस्यमय, सबभन्दा गोपनीय | **च** | = र |
| **शास्त्रम्** | = शास्त्र | **कृतकृत्यः** (कृतं कृत्यं येन सः) | = जसले गर्न योग्य सबै कुरा गरेको छ, कृतार्थ |
| **मया** | = मैले, मद्वारा | **स्यात्** | = हुनेछ |
| **उक्तम्** | = बताएँ, बताइयो | | |
| **भारत** | = हे भरतवंशी अर्जुन ! | | |

### भावार्थ

हे निष्पाप अर्जुन ! यसप्रकार यो अतिरहस्यमय एवम् अतिगोपनीय शास्त्र मैले तिमीलाई बताएँ, हे भरतवंशी अर्जुन ! यसलाई जानेबुझेपछि मानिस बुद्धिमान् तथा कृतकृत्य हुनेछ र उसका सबै कर्तव्य कर्म पूर्ण हुनेछन् ।

## भावबोधिनी व्याख्या

यस पन्ध्रौं अध्यायमा व्यक्त 'अश्वत्थ' वृक्षको रहस्यमयतत्त्व र क्षर एवम अक्षरपुरुष पुरुषोत्तम परमेश्वरको विषयमा बताइएको शास्त्र अतिरहस्यमय एवम अत्यन्त गोपनीय छ, जसलाई **"वेदैश्च सर्वैरहमेव वेद्यः"** भनी सबै वेदहरूबाट जान्न योग्य पनि म नै हुँ भनी व्यक्त गरिएको छ । त्यसैले यो वेद र अन्य सबै शास्त्रको पनि गोपनीय रहस्यमय सार हो । यो सुन्ने र बुझ्ने अधिकार सबैले पाउँदैनन र सबैलाई बताउन पनि मिल्दैन । जसको हृदय स्वच्छ छ, निर्मल छ, निष्कलङ्क छ, पापरहित छ, त्यस्तो व्यक्ति नै यस्तो शास्त्र सुन्न पाउने अधिकारी हुन्छ ।

त्यसैले भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ– हे अनघ ! तिमी 'अघ' भनेको पापबाट मुक्त छौ, तिम्रो अन्तरात्मा निर्मल एवम् स्वच्छ बनिसकेको छ । त्यसैले मैले तिमीलाई यो अत्यन्त गोपनीयशास्त्र बताएको हुँ ।

जसले यो रहस्यमय गुह्यतम विषय जान्दछ र बुझ्दछ, त्यो बुद्धिमान् हुन्छ र उसले सम्पूर्ण कुरा जानेको ठहर्छ र जान्नुपर्ने र प्राप्त गर्नुपर्ने केही शेष रहँदैन । त्यसैले ऊ सर्वविद् एवम् सर्वज्ञ हुन्छ अनि आफूले गर्नुपर्ने सम्पूर्ण कर्म पूरा गरेर यथार्थरूपमा कृतकृत्य एवम् पूर्णकाम बन्दछ ।

**श्रीमद्भगवद्गीताको पुरुषोत्तमयोगनामको पन्ध्रौं अध्याय समाप्त ।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ षोडशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (दैवासुरसम्पद्‌विभागयोगनामको अध्याय)

**दैवीसम्पद्‌युक्त पुरुषका लक्षणहरू**

**श्रीभगवानुवाच**

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

**पदार्थ**

**श्रीभगवान्** = भगवान् श्रीकृष्णबाट
**उवाच** = आज्ञा हुन्छ
**अभयम्** = अभय, भयरहित हुनु, निर्भयता
**सत्त्वसंशुद्धिः** (सत्त्वस्य अन्तःकरणस्य संशुद्धिः) = अन्तःकरणको स्वच्छता वा पवित्रता
**ज्ञानयोगव्यवस्थितिः** (ज्ञाने योगे च व्यवस्थितिःव्यवस्थानम्) = ज्ञान र योगमा निरन्तर लागिरहनु वा दृढस्थिति हुनु
**दानम्** = दान, अन्नादि दिने काम
**दमः** = इन्द्रिय निग्रह, इन्द्रियहरू वशमा राख्नु
**यज्ञः** = यज्ञ, अग्निहोत्रादि यज्ञ र देवपूजनादि यज्ञ
**स्वाध्यायः** = शास्त्रहरूको अध्ययन
**तपः** = तपस्या, कष्ट सहन गर्नु
**च** = र
**आर्जवम्** (ऋजोर्भावः) = सरलता तथा सीधा व्यवहार
**(भवन्ति सम्पदं दैवीम्)** = यी सबै दैवीसम्पद् हुन्

**भावार्थ**

निर्भयता, अन्तःकरणको निर्मलता एवम् पवित्रता, ज्ञान र योगमा निरन्तर लागिरहनु र दृढस्थिति हुनु, अन्नादि वस्तुहरू दिनु, अग्निहोत्रादि यज्ञ र देवपूजनादि कर्म गर्नु, इन्द्रियहरू वशमा राख्नु, वेदादिशास्त्रहरूको स्वाध्ययन, तपस्या, सरलता एवम् सीधा व्यवहार- यी सबै दैवीसम्पद् हुन् ।

**भावबोधिनी व्याख्या**

दैवीसम्पद्‌युक्त पुरुषहरूका २६ वटा लक्षणहरू दिइएका छन्, यी सबै आध्यात्मिक सम्पदा हुन् । यी सबैले अन्तरात्मामा ठूलो प्रभाव पार्दछन् । यी सबैको परिपालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो । यहाँ दिइएका २६ लक्षणहरूमध्ये प्रथमश्लोकमा निम्न ९ वटा लक्षणहरू देखाइएका छन् ।

- **अभयम्**- न भयम् (भय नहुनु)– 'भय' भनेको डर, त्रास र भीति हो, जहाँ रोग, व्याध, आतङ्क आदिको भय छैन, त्यो अभय हो । भय विभिन्न कारणबाट पैदा भइरहन्छ। भय शारीरिक, मानसिक र बौद्धिक कारणबाट पनि पैदा हुन्छ, तृष्णा पनि भयको कारण हो । जस्तो कि कसैसँग दूध खाने गाई भएन भने गाई किन्ने तृष्णा जाग्दछ, किनेर ल्याएपछि त्यसप्रति अनुराग वा आसक्ति बढ्दछ, त्यसपछि त्यो कहीँ हराउँला वा कसैले चोरेर लैजाला आदि भय पैदा हुन्छ । त्यसैले जीवन भय नै भयले व्याप्त छ । मानिसलाई सबभन्दा बढी भय मृत्युको हुन्छ । त्यसैले भयको सर्वथा अभाव हुनुरूप "अभय" दैवीसम्पदा मानिन्छ । आध्यात्मिक जीवन खडा गर्न यसको ज्यादै ठूलो महत्त्व छ ।
- **सत्त्वसंशुद्धिः**- 'सत्त्व' भनेको अन्तःकरण हो र सत्यको प्रस्फुरण पनि हो । जसको अन्तःकरण शुद्ध छ, मन पनि विशुद्ध छ, बुद्धि निर्मल छ, अहङ्कारको भावना छैन र चित्त शुद्ध छ । जसभित्र कुनै प्रकारका कलुषित भावनाहरू छैनन् । राग, द्वेष, हर्ष, शोकादि विकृतिहरूबाट जसको चित्तविक्षेप हुँदैन र स्वच्छ, निर्मल एवम् पवित्र नै रहन्छ र द्वन्द्वहरूबाट प्रभावित हुँदैन । त्यस किसिमको भाव नै सत्त्वसंशुद्धि हो । चित्त शुद्धीकरणका लागि इन्द्रियका विषयहरूप्रति आसक्ति हट्नुपर्दछ ।
- **ज्ञानयोगव्यवस्थितिः**- परमात्मतत्त्व-सम्बन्धी भावको प्राप्तिका निम्ति ज्ञान र योगमा व्यवस्थिति हुनु । सदा ज्ञानको अनुशीलनमा लागिरहनु र ध्यानमा निमग्न रहनु नै ज्ञानयोगव्यवस्थिति हो । यसमा स्थिति भएपछि अज्ञानता र विषयसुखमा लठ्ठिइरहने प्रवृत्ति स्वतः हट्तछ ।
- **दानम्**- "दान दिनै पर्छ" भन्ने भावले देश, काल र पात्रको विचार गरेर निःस्वार्थ एवम् निष्कामभावले अन्न, वस्त्र, भूमि, विद्या आदि अर्कोलाई दिनु नै दान हो । उदार-हृदयले दिएको दानमा परमेश्वरको उपस्थिति रहन्छ । दुःखी तथा दीनहीन असहाय व्यक्तिको सेवा र उनीहरूको उपकारार्थ दिएको दान अझ उच्च ठहर्छ ।
- **दमः**- 'दम्यते नियम्यते इन्द्रियग्राममिति दमः'– इन्द्रिय समुदायहरूलाई विषयहरूतिर प्रवृत्त हुनुबाट हटाएर नियन्त्रण गर्नु वा रोक्नु नै दम हो । जुन व्यक्ति आफ्ना इन्द्रियहरू नियन्त्रण गर्न सक्षम हुन्छ, त्यही नै उच्च ठहर्छ ।
- **यज्ञः**- सामान्यतया अग्निमा हवन गर्नु, आहुति दिनु आदि कर्म यज्ञ हो । देवता, ब्राह्मण, अतिथिको पूजन तथा स्वागत-सत्कार, पितृहरूको तर्पण, बलि, वैश्वदेव दुःखीहरूको सेवा आदि पञ्चमहायज्ञसम्बन्धी कर्म पनि यज्ञ नै हो । भगवद्गीताका अनुसार द्रव्यमय यज्ञका साथै तप, योग, स्वाध्याय र ज्ञानसम्बन्धी सबै कर्म यज्ञ नै हुन्, जसमा अहम्भाव छैन, कर्तापनको अभिमानबाट जो मुक्त छ, उसका सबै कर्म यज्ञमय बन्दछन् । भगवन्नाम सङ्कीर्तन पनि एउटा यज्ञ नै हो । प्रत्येक व्यक्तिले आफ्नो जीवनलाई पनि पवित्र यज्ञ सम्झेर यसलाई परमेश्वरको प्राप्तिका लागि हवन या आहुति दिन सक्नुपर्दछ ।

- **स्वाध्यायः**- वेद तथा वेदसित सम्बन्धित शास्त्रहरू र ज्ञानविज्ञानसम्बन्धी शास्त्रहरूको अध्ययन र परमात्मतत्त्वको चिन्तन, मनन र निदिध्यासनसम्बन्धी कर्महरू नै स्वाध्याय हुन् । स्वाध्यायले त्यागको भाव सिकाउँछ र मानसिक शान्ति र सन्तुष्टि प्रदान गर्दछ ।
- **तपः**- भोक, तिर्खा, जाडो, गर्मी आदि शारीरिक दुःखकष्ट र पीडाहरू सहन गर्ने शक्ति र क्षमता नै तप हो । इन्द्रियहरूको निग्रह र १७ औं अध्यायको १४ देखि १६ श्लोकसम्म बताइएका कायिक, वाचिक र मानसिक संयमहरू पनि तप नै हो । यसले आत्मानुशासनको भाव पैदा गर्दछ र मानसिक असन्तुष्टिको भावना हटाएर आत्मसाक्षात्कारको मार्ग खुला गर्दछ ।
- **आर्जवम्**- ऋजु भनेको सरलता वा सोझोपना हो । ऋजु (सरलता) को भाव नै आर्जव हो । क्रोध, द्वेष, ईर्ष्या आदि दुर्गुणहरूको अभाव र मनको प्रसन्नता एवम् छलकपटरहित भाव नै आर्जव हो । यसबाट इमान्दारिता र उदारताको भाव पैदा हुन्छ ।

**दैवीसम्पद्युक्त पुरुषका थप ११ वटा लक्षणहरू**

**अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।**
**दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥**

**पदार्थ**

| | | | | | |
|---|---|---|---|---|---|
| **अहिंसा** | = | प्राणीहरूको हिंसा नगर्नु | **भूतेषु** | = | भूतहरूमा, दुःखी प्राणीहरूमा |
| **सत्यम्** | = | साँचो बोल्नु, सत्य बोल्नु | **दया** | = | दया गर्नु, कृपा गर्नु, अनुग्रह गर्नु |
| **अक्रोधः** | = | क्रोध नगर्नु, कसैले कुभलो गरे पनि नरिसाउनु | **अलोलुप्त्वम्** | = | विषयभोगमा नलोभिनु |
| **त्यागः** | = | अभिमान र आसक्तिको त्याग गर्नु | **मार्दवम्** | = | कोमल हुनु |
| | | | **ह्रीः** | = | लजाउनु, सङ्कोच मान्नु |
| **शान्तिः** | = | शम, चित्तवृत्ति स्थिर हुनु | **अचापलम्** | = | चञ्चल नहुनु, व्यर्थ चेष्टा नगर्नु |
| **अपैशुनम्** | = | अर्काको चुक्ली नलगाउनु, अरूको छिद्र प्रकट नगर्नु | **(भवन्ति सम्पदं दैवीम्)** | = | यी सबै दैवीसम्पद् हुन् |

**भावार्थ**

प्राणीहरूको हिंसा नगर्नु र अरूलाई कष्ट वा पीडा नदिनु, सत्य बोल्नु, अरूले कुभलो गरे पनि क्रोध नगर्नु र नरिसाउनु, अभिमान तथा आसक्तिको त्याग गर्नु, चित्तवृत्ति स्थिर र शान्त हुनु, अरूको छिद्र नदेखाउनु र चुक्ली पनि नलगाउनु, प्राणीहरूमा दया गर्नु, विषयभोगमा नलोभिनु, मृदुस्वभावको कोमल बन्नु, लज्जा मान्नु र चञ्चल भई व्यर्थ चेष्टा नगर्नु- यी सबै दैवीसम्पद् हुन् ।

## भावबोधिनी व्याख्या

दैवी सम्पदयुक्त पुरुषका २६ लक्षणहरूमध्ये यस दोस्रो श्लोकमा थप ११ वटा निम्न लक्षणहरू देखाइएका छन् ।

- **अहिंसा-** ईश्वरीय सृजनाका कुनै पनि प्राणी मात्रलाई दुःख, कष्ट नदिनु र हानि या पीडा नपुऱ्याउनु, उनीहरूको हिंसा या वध नगर्नु अहिंसा हो । अहिंसा हृदयदेखि नै त्याग्नुपर्छ । मनले कसैप्रति कुभलो नचिताउनु र वचनले कसैप्रति नराम्रो नबोल्नु पनि अहिंसा नै हो । यदि अरूले आफ्नो हित र भलाइ गरून् भन्ने चाहने हो भने आफूले पनि अरूको अहित गर्नुहुँदैन । समस्त हिन्दुग्रन्थ र बाइबल समेतको मुख्य सार- परपीडा र प्राणीहिंसा महापाप हो ।
- **सत्यम्-** जगत्‌को मूलआधार नै सत्य हो, यसैमा ब्रह्माण्ड अडेर रहेको छ । त्यसैले झूटोपनको परित्याग र यथार्थ एवम् वास्तविक-तथ्यको अवलम्बन गर्नु नै सत्य हो । आफूले जानेका, सुनेका र अनुभव गरेका कुराहरू छलकपट नगरी निडर भएर यथार्थरूपमा व्यक्त गर्नु पनि सत्य नै हो । सत्य प्रिय पनि हुनुपर्छ, अप्रिय लाग्ने सत्य बोल्नु हुँदैन । नीति भन्दछ- **"न ब्रूयात् सत्यमप्रियम्"** ।
- **अक्रोधः-** क्रोध मानिसको सबभन्दा ठूलो शत्रु हो र अन्तःकरणको अपकारात्मक विक्षोभ पनि हो । त्यसैले अक्रोध मानसिक शान्तिको मूलआधार हो । क्रोधकै कारण रिस, राग, द्वेष, ईर्ष्यादि दुर्गुणहरू पैदा हुन्छन् र अक्रोधबाट यिनीहरूको शमन हुन्छ । आफ्ना इच्छा र चाहना पूरा नभएमा पनि क्रोध पैदा हुने हुँदा आकाङ्क्षाको परित्याग पनि अक्रोध नै हो । नित्यतृप्त र निराश्रय भएर रहने व्यक्तिमा क्रोध पैदा हुँदैन । सबैप्रति प्रेमभाव राखेर शान्तचित्तले रहनु सबभन्दा ठूलो अक्रोध हो ।
- **त्यागः-** निःस्वार्थभावले गरेका सबै कर्मका फलको परित्याग गर्नु नै त्याग हो- **"सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः- भ.गी.१८/२** । शाश्वत आनन्द प्राप्तिका लागि इन्द्रियजन्य विषयभोगको सुख र ममता, अहङ्कार, अभिमान तथा समस्त कामनाहरूको परित्याग र दम्भ, दर्प, क्रोध, ईर्ष्या, घमण्ड आदिको परित्याग नै यथार्थमा त्याग हो । सांसारिक विषयबन्धन र माया, मोह एवम् आसक्तिबाट अलगिएर रहनु साँच्चिकै त्याग हो र यसैबाट परमशान्ति प्राप्त हुन्छ ।
- **शान्तिः-** 'शान्ति' ईश्वरीय गुण हो । जुन व्यक्तिको मन स्थिर रहन्छ, चित्तमा विचलन हुँदैन र चञ्चलता हट्तछ अनि मन पनि विक्षोभरहित भई निर्विकार बन्दछ । यस अवस्थामा जुन किसिमको असीम आनन्द र परमसुखको अनुभूति हुन्छ, त्यही नै शान्ति हो ।

- **अपैशुनम्-** "पिशुनस्य भावः पैशुनम्, न पैशुनम्= अपैशुनम्" । 'पैशुन' भन्नाले अर्काको निन्दा गर्नु, एउटाको दोष अर्कोमा थुपार्नु, चुक्ली लगाउनु, होच्याउनु, अर्काको छिद्र देखाउनु र दोषारोपण गर्नु आदि कुरा बुझिन्छ । यस किसिमका दूषित क्रियाकलाप नहुनु नै अपैशुन हो ।
- **भूतेषु दया-** दुःख पाएका र विभिन्न पीडा एवम् कष्ट भोगिरहेका प्राणीहरूप्रति जब दया वा अनुकम्पाको भाव पैदा हुन्छ, उनीहरूप्रति करुणा जागेर आउँछ र तिनलाई कृपादृष्टिले हेरिन्छ, त्यही नै दया हो । अर्काको दुःखमा दुःखी हुनु र सुखमा सुखी हुनु सज्जनहरूको उदारता हो, दया हो र अनुकम्पा हो ।
- **अलोलुप्त्वम्-** इन्द्रियहरूको विषयहरूप्रति संयोग भएर पनि इन्द्रियमा विकृति पैदा नहुनु, विषय-वासनाप्रति लुब्ध नहुनु, इन्द्रियहरूलाई नियन्त्रण गर्न सक्नु, भौतिक पदार्थहरूप्रति अभिरुचि नहुनु र विषयको उपभोगमा सुखको अनुभूति नहुनु नै अलोलुप्त्व हो ।
- **मार्दवम्-** मृदोर्भावः= मार्दवम् । मृदु (कोमल) हुनाको भाव नै मार्दव हो । जसको हृदय कोमल छ, मृदु छ, बोली वचन र अन्य व्यवहारमा क्रूरता वा कठोरपना छैन, त्यही नै मृदुता वा मार्दव हो । मानिसको हृदय शिशुहरूको बोलीवचन जस्तै कोमल हुनुपर्दछ । उदारचरित्र भएका व्यक्तिहरूको हृदय कोमल, करुण र नरम हुन्छ ।
- **ह्री-**'ह्री' भनेको लज्जा या सङ्कोच हो । मानिसले जब आफ्ना कुकर्मको स्मरण गर्दछ, उसमा स्वतः लज्जा पैदा हुन्छ, यसैगरी शास्त्रीय मर्यादा र सामाजिक तथा लोकमर्यादा विपरीत कर्महरू गरिए भने एक किसिमको लज्जा वा सङ्कोच पैदा हुन्छ, यही नै 'ह्री' हो ।
- **अचापलम्-** चपलस्य भावः । चञ्चल हुनाको भाव नै चापल हो, चञ्चलता नहुनुलाई अचापल भनिन्छ । स्थिर भएर धैर्यपूर्वक कर्महरू गरिए भने चपलता स्वतः हट्छ। यस किसिमको भाव वा अवस्था नै अचापल हो ।

**दैवीसम्पद्युक्त पुरुषका बाँकी ६ वटा लक्षणहरू**

**तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।**
**भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥**

**पदार्थ**

**तेजः** = तेज, तेजस्विता, प्रभाव
**क्षमा** = क्षमा, कसैले नराम्रो गरेपनि चित्तमा विकृति पैदा नहुनु
**धृतिः** = धैर्य, उत्साह
**शौचम्** = शुद्धता, पवित्रता
**अद्रोहः** = कसैप्रति द्रोह वा शत्रुभाव नहुनु
**न अतिमानिता** = प्रतिष्ठा वा सम्मानप्रति अभिमान नहुनु
**भारत** = हे भरतपुत्र अर्जुन !
**दैवीम्** = दैवी
**सम्पदम्** = सम्पदालाई लिएर
**अभिजातस्य** = जन्मेकाहरूको
**भवन्ति** = हुन्छन्, उपर्युक्त लक्षणहरू हुन्छन्

## भावार्थ

तेज, क्षमा, धैर्य, शुद्धता वा पवित्रता, कसैप्रति द्रोह वा शत्रुभाव नहुनु, आफ्नो सम्मान र प्रतिष्ठाप्रति अभिमान नहुनु- यी सबै दैवी गुण वा लक्षणहरू हुन् । दैवीसम्पत्ति लिएर जन्मेका पुरुषहरूमा यी लक्षणहरू पाइन्छन् ।

## भावबोधिनी व्याख्या

दैवीसम्पदयुक्त पुरुषका २६ लक्षणहरूमध्ये यहाँ अन्तिम ६ वटा लक्षणहरू देखाइएका छन् ।

- **तेजः**- 'तेज' भनेको कसैभित्र रहेको तेजस्विता हो, शक्ति हो, प्रभाव वा सामर्थ्य हो र प्रकाश पनि हो । सूर्यको प्रचण्डताप, ज्ञानको ज्योति, तपस्याको प्रताप, प्रभाव र शक्ति पनि तेज नै हो । तेज ईश्वरीय देन हो । यो हरेक प्राणीमा रहेको हुन्छ ।
- **क्षमा**- कसैले गरेको अपराध वा कुकर्मप्रति बदलाको भाव नलिनु, दण्ड दिने इच्छा नगर्नु र अपराध सहन गर्नु अनि त्यसरी गल्ती गर्नेलाई माफ दिनु नै 'क्षमा' हो ।
- **धृतिः**- 'धृति' भनेको धैर्य हो । जस्तोसुकै आपत्-विपत्, दुःख-कष्ट र सङ्कटपूर्ण प्रतिकूल अवस्थामा पनि नआत्तिने र मानसिक सन्तुलन नगुमाउने शक्ति र क्षमता नै धृति हो । सुखमा नमात्तिनु र दुःखमा नआत्तिनु पनि धृतिकै उदाहरण हो । अर्काबाट भएका दुर्भाव र दुर्व्यवहारलाई सहन गर्ने क्षमता पनि धृति नै हो ।
- **शौचम्**- शुचेर्भावः शौचम् । शुद्धता वा पवित्रताको भाव नै 'शौच' हो । शौच भन्नाले शारीरिक, संशुद्धिका साथै मन, वचन र चित्तमा पनि शुद्धीकरण हुनुपर्छ । द्रव्योपार्जन, खानपिन, बसउठ र अन्य आचरणमा समेत शुद्धीकरण हुनु शौच हो । अन्तःकरणको पवित्रता र हृदयको स्वच्छता पनि शौच नै हो ।
- **अद्रोहः**- 'द्रोह' भनेको रिस, ईर्ष्या र शत्रुताको भाव हो । कसैप्रति द्रोह नहुनु नै अद्रोह हो । खासगरी आफूलाई उपकार वा हानि गर्ने र शत्रुतापूर्ण व्यवहार गर्नेप्रति ईर्ष्या, द्रोह, द्वेष वा बदलाको भाव नलिनु नै अद्रोह हो ।
- **नातिमानिता**- यस पदको अर्थ बुझ्न यसको व्युत्पत्ति थाह हुनुपर्दछ, जो यसप्रकार छ- अत्यर्थम् मानः अतिमानः, स अस्यास्तीति अतिमानिन्, तस्य भावः अतिमानिता, न अतिमानिता, नातिमानिता– ज्यादा मान, सम्मान र प्रतिष्ठा हुनु अतिमान हो, ज्यादै मान मनितो जसको छ, त्यो अतिमानी हो, अतिमानीको भाव र अवस्था अतिमानिता हुन्छ र यस किसिमको अति नै मान, सम्मान, प्रतिष्ठा, ख्याति, प्रसिद्धि र उत्कृष्टताको चाहना नहुनुलाई 'नातिमानिता' भनिन्छ । प्रत्येक व्यक्तिले आफूमा रहेको गर्व, दर्प र अहङ्कारको भाव परित्याग गर्न सक्नुपर्दछ । थोरै ज्ञान प्राप्त गरेको व्यक्तिमा बढी अहङ्कारको भाव पैदा हुन्छ । यस किसिमको गर्व र अहङ्कारको भाव नहुनु नै नातिमानिता हो ।

उपर्युक्त २६ वटा गुणहरू दैवीसम्पदा लिएर जन्मेका पुरुषहरूका उच्चतम लक्षण हुन् ।

**द्रष्टव्य-** दैवीसम्पद् प्रकाशको द्योतक हो र आसुरीसम्पद् अन्धकार एवम् तमको द्योतक हो, त्यसैले देवताहरू चम्किरहेको प्रकाशको प्रतीक हुन् र दैत्य, दानव र असुरहरू अन्धकारका प्रतीक हुन् ।

## आसुरीसम्पद्‌युक्त पुरुषका लक्षणहरू

**दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।**
**अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥४॥**

### पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| **दम्भः** | = | ढोंग, पाखण्डीपना, छल | **च** | = | र |
| **दर्पः** | = | रबाफ, धाक, सेखी | **अज्ञानम्** | = | अज्ञान |
| **अभिमानः** | = | अभिमान, घमण्ड गर्नु | **एव** | = | नै |
| **च** | = | र | **पार्थ** | = | हे पृथापुत्र अर्जुन ! |
| **क्रोधः** | = | क्रोध, रिसराग | **आसुरीम्** | = | आसुरी |
| **च** | = | र | **सम्पदम्** | = | सम्पदा लिएर |
| **पारुष्यम्** | = | रूखो बोली, कठोर वाणी, बिझाउनेखालको वचन, निठुरीपना | **अभिजातस्य** | = | जन्मेका पुरुषहरूको |
| | | | **(भवन्ति)** | = | हुन्छन् |

### भावार्थ

धार्मिक पाखण्डीपना तथा ढोंग, दर्प (घमण्ड, धाक), अभिमान, क्रोध तथा कठोर बोलीवचन, निठुरीपना र अज्ञान- यी सबै दुर्गुण हुन् । हे पृथापुत्र अर्जुन ! यी सबै आसुरी-सम्पदा लिएर जन्मेका पुरुषहरूका लक्षण हुन् ।

### भावबोधिनी व्याख्या

आसुरी सम्पद्‌युक्त व्यक्तिका लक्षणहरू यस प्रकार छन् ।

- **दम्भः-** 'दम्भ' भनेको देखावटी कृत्रिमपना र पाखण्डीपना हो । आफ्ना दुर्गुणहरू लुकाएर बाहिरी आडम्बर देखाउनु, सद्‌गुणी जस्तो बन्नु र आफ्नो प्रसिद्धि फैलाउन देखावटीपनको ठूलो साधु महात्मा र विद्वान् बनेर अरूलाई धोका दिनु दम्भ हो ।
- **दर्पः-** 'दर्प' भनेको फोस्रो धाक, रवाफ र मिथ्याभिमान एवम् घमण्ड हो । धन, ऐश्वर्यादि र आफ्नो कुलकुटुम्ब एवम् परिवारहरूप्रति घमण्ड गर्नु, अरूलाई तुच्छ एवम् निकृष्ट ठान्नु र आफूलाई उच्चस्तरीय प्रतिष्ठित व्यक्ति ठान्नु पनि दर्प हो ।
- **अभिमानः-** अभिमन्यते इति अभिमानः । अतिमान र सम्मानको भावना 'अभिमान' हो । आफूलाई अतिठूलो, ज्यादा प्रतिष्ठित र उच्चतहको कुलीन व्यक्ति ठान्नु पनि अभिमान हो । चाहे ज्यादै धनाढ्य होस्, चाहे ठूलो विद्वान् या साधु महात्मा, यदि उसमा अतिमान मनितोको भावना पैदा भयो भने ऊ अभिमानी बन्दछ र यसको परिणाम विनाशकारी हुन्छ ।

- **क्रोधः-** 'क्रोध' अन्तःकरणको उत्तेजनात्मक प्रवृत्ति हो । अर्कोले आफूप्रति गरेको तिरस्कार, घृणा र अपकारादि कार्यबाट अन्तरात्मामा जलन पैदा भई क्रोधको प्रस्फुटन हुन्छ । त्यसैले क्रोध मानिसको सबभन्दा ठूलो शत्रु हो । मानिसमा रिस, राग, द्वेष, ईर्ष्यादि क्रोधकै कारण पैदा हुन्छन् । **'क्रोधात्भवति सम्मोहः'** क्रोधबाट नै सम्मोह पैदा हुन्छ, त्यसपछि स्मृतिभ्रंश हुन्छ र त्यसपछि बुद्धिको विनाश हुन्छ अनि मानिसभित्रका विवेक, ज्ञान र सद्बुद्धि सबै लुप्त हुन्छन् ।
- **पारुष्यम्-** परुषस्य भावः पारुष्यम् । 'पारुष्य' भनेको बोलीवचन र अन्य व्यवहारमा पाइने कठोरपना या निष्ठुरी भाव हो । बोली वचनमा पाइने रूखोपना, अश्लीलता, दुर्वाच्यपन र क्रूरता, निर्दयता, अकारुण्य आदि कुराहरू मन र वचनका कठोरपना या पारुष्य हुन् ।
- **अज्ञानम्-** कुनै कुराको ज्ञान नहुनु 'अज्ञान' हो । अज्ञानताबाट राम्रो नराम्रो र कर्तव्य एवम् अकर्तव्य कर्म छुट्ट्याउन सक्ने सद्विवेक, ज्ञानशक्ति र सद्बुद्धि हराउँछ । ज्ञान नभएको व्यक्ति कर्तव्यविमूढ हुन्छ र कुकर्मतिर प्रवृत्त हुन्छ ।

अज्ञानी व्यक्तिहरूमा माथि उल्लिखित दुर्गुणहरूले साम्राज्य जमाएको हुन्छ । माथि उल्लिखित दम्भ, दर्प आदि दुर्गुणहरू आसुरीप्रवृत्ति वा आसुरी-सम्पदा लिएर जन्मेका व्यक्तिहरूमा रहेका हुन्छन् ।

## दैवी र आसुरी सम्पदाको प्रतिफल

**दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।**
**मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **दैवी** | = दैवी | **पाण्डव** | = हे पाण्डुपुत्र अर्जुन ! |
| **सम्पद्** | = सम्पदा, सम्पत्ति | **दैवीम्** | = दैवी |
| **विमोक्षाय** | = मोक्षका लागि (उपयोगी हुन्छ) | **सम्पदम्** | = सम्पदा लिएर |
| | | **अभिजातः** | = जन्मेका |
| **आसुरी** | = आसुरी-सम्पदा | **असि** | = छौ |
| **निबन्धाय** | = बन्धनका लागि कारकतत्त्व | **मा शुचः** | = शोक नगर, दुःखी नबन, शोकाकुल नहोऊ |
| **मता** | = मानिएको छ | | |

### भावार्थ

दैवीसम्पत्ति (सद्गुण) मोक्षका लागि उपयोगी हुन्छ तर आसुरीसम्पत्ति (दुर्गुण) भने बन्धनका लागि कारकतत्त्व मानिएको छ, हे पाण्डुपुत्र अर्जुन ! तिमी दैवीसम्पत्ति (गुण) लिएर जन्मेका छौ, त्यसैले शोक नगर र दुःखी पनि नबन ।

### भावबोधिनी व्याख्या

यसै अध्यायको श्लोक १ देखि ३ सम्म उल्लेख गरिएका २६ गुणहरू दैवी सम्पदा हुन् । यिनीहरू दिव्य ईश्वरीय गुण हुन्, यिनीहरूको परिपालना वा सेवनबाट प्राणीहरू जन्ममृत्युरूप भवबन्धनबाट छुटकारा पाउँछन्, कर्मबन्धनबाट विमुक्त हुन्छन् र परमशान्ति, परमश्रेय एवम् परमकल्याण प्राप्त गरेर अन्ततः मोक्षका भागी बन्दछन् । त्यसैले दैवी-सम्पदा मोक्षका लागि उपयोगी मानिन्छ ।

तर यसै अध्यायको ४ औं श्लोकमा उल्लेख गरिएका दम्भ, दर्प र अभिमान आदि आसुरी-सम्पदाहरू भने बन्धनकारक छन् । यिनीहरूको सेवनबाट प्राणीहरू सांसारिक विषयवासनामा आसक्त हुन्छन्, भोग र लालसामा लिप्त हुन्छन्, उनीहरूको चित्त शुद्ध हुँदैन र अहङ्कार तथा अभिमानको वशीभूत भई अनेकौं दुष्कर्महरू गर्दछन् । त्यसैले आसुरी-सम्पदा बन्धनकारक छन् र यिनले प्राणीलाई अधोगतिमा लैजान्छन् ।

भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- हे पाण्डुपुत्र अर्जुन ! तिमी दैवीगुण सम्पन्न छौ, अन्यायका लागि लड्नु तिम्रो कर्तव्यकर्म हो, त्यसैले तिमी शोक नगर, तिमी उत्तम कुलमा पैदा भएका छौ, तिमीमा आसरी दुर्गुणहरू छैनन्, त्यसैले तिमी मोक्षका भागी छौ ।

**द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।**
**दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥६॥**

### पदार्थ

| | | |
|---|---|---|
| **अस्मिन्** | = | यस |
| **लोके** | = | संसारमा, लोकमा |
| **दैवः** | = | दैवीस्वभाव भएका |
| **च** | = | र |
| **आसुरः** | = | आसुरीस्वभावका |
| **एव** | = | नै |
| **द्वौ** | = | दुई प्रकारका |
| **भूतसर्गौ** (सृज्येते इति सर्गौ, भूतानां सर्गौ) | = | प्राणीहरूका सृष्टि छन् |
| पार्थ | = | हे पृथापुत्र अर्जुन ! |
| दैवः | = | दैवीप्रकृति |
| विस्तरशः | = | विस्तृतरूपमा, विस्तारपूर्वक |
| प्रोक्तः | = | बताएँ, बताइसकेको छु |
| आसुरम् | = | आसुरीस्वभाव, असुरको जस्तो स्वभाव |
| मे | = | मबाट |
| श्रृणु | = | सुन |

### भावार्थ

यस संसारमा दैवीस्वभाव भएका र आसुरीस्वभाव भएका दुई प्रकारका प्राणीहरूका सृष्टि छन् । हे पृथापुत्र अर्जुन ! यिनमा दैवीप्रकृति विस्तृत रूपमा बताएँ, आसुरी स्वभाववालाहरूका बारेमा अब मबाट सुन ।

## भावबोधिनी व्याख्या

यस संसारमा प्राणीहरूको सृष्टि दुई प्रकारको छ- एउटा दैवीसृष्टि र अर्को आसुरीसृष्टि । माथि उल्लिखित दैवीस्वभाव भएका प्राणीहरू दैवीसृष्टिमा र आसुरी-प्रवृत्ति भएका प्राणीहरू आसुरी सृष्टिमा पर्दछन् । सद्गुण, सदाचार, सत्सङ्ग आदि सबै साधन दैवी-सम्पदा हुन्, यिनले प्राणीहरूलाई मोक्षका लागि उन्मुख गराउँछन् तर अहङ्कार, ममता र आसक्तिले भरिएको आसुरी-सम्पदा भने बन्धनकारक छ, यसले प्राणीहरूलाई अधोगतिमा धकेल्छ ।

भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- हे पृथापुत्र अर्जुन ! दैवी-सम्पदा विस्तृत रूपमा बताइयो, अब तिमी आसुरीस्वभाव भएका प्राणीहरू कस्ता हुन्छन्, तिनको बारेमा सुन ।

चारौँ अध्यायाको २१ औँ श्लोक **"निराशीर्यतचितात्मा"** देखि २२ औँ श्लोकसम्म बताइएका कर्मयोगीका लक्षणहरू, १२ औँ अध्यायको १३ औँ श्लोक **"अद्वेष्टा सर्वभूतानाम्"**- देखि १९ औँ श्लोकसम्म बताइएका भगवद्भक्त पुरुषहरूका लक्षणहरू, १३ औँ अध्यायाको ७ औँ श्लोक- **"अमानित्वमदम्भित्वम्"** देखि ११ औँ श्लोकसम्म बताइएका ज्ञानका लक्षणहरू, १४ औँ अध्यायको २२ औँ श्लोक **"प्रकाशञ्च प्रवृत्तिञ्च"** देखि २५ औँ श्लोकतक वर्णित गुणातीत पुरुषका लक्षणहरू र यसै अध्यायको १ देखि ३ श्लोकसम्म माथि बताइका दैवी-सम्पदाहरू सबै दैवी गुण हुन्, त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- यी दैवी गुणहरू विस्तारपूर्वक बताइए, अब तिमी आसुरीस्वभाव भएका प्राणीहरूका बारेमा सुन । हुन त मानिसमा प्रकाश र अन्धकार दुवै हुन्छन् तर अन्धकारलाई प्रकाशले ढाक्न सक्नु नै दैवी-सम्पदाको बाहुल्यता हो ।

## आसुरी स्वभाववालाहरूको लक्षण

**प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।**
**न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **आसुराः** | = आसुरीस्वभाव भएका, आसुरीप्रकृतिका | **च** | = पनि |
| **जनाः** | = मानिसहरू | **विदुः** | = जान्दछन् |
| **न प्रवृत्तिम्** | = न कर्तव्यकर्ममा लाग्नुपर्ने या प्रवृत्त हुने कुरा | **तेषु** | = तिनमा |
| | | **न शौचम्** | = न शुद्धता, न चोखीनीति |
| | | **च** | = र |
| | | **न आचारः** | = न आचार वा सदाचार |
| **च** | = र | **न सत्यम्** | = न सत्य, न सत्यवचन |
| **न निवृत्तिम्** | = गर्नु नहुने, अनर्थ कर्ममा लाग्नु नहुने (कुरा) | **अपि** | = पनि, नै |
| | | **विद्यते** | = हुन्छ, रहन्छ |

### भावार्थ

आसरी प्रकृत्तिका मानिसहरू न कर्तव्य कर्म (प्रवृत्ति)मा लाग्नुपर्ने कुरा जान्दछन्, न त गर्नु नहुने अनर्थकर्म (निवृत्ति) मा लाग्नु नहुने कुरा नै जान्दछन्, तिनमा न शुद्धता वा चोखीनीति हुन्छ, न सदाचार, न त सत्य नै हुन्छ ।

### भावबोधिनी व्याख्या

आसुरीस्वभावका व्यक्तिहरूले न शास्त्रसम्मत विधिविधान जानेका हुन्छन्, न त वैदिक कर्महरू नै । कुन कर्ममा प्रवृत्ति हुन या लाग्न उचित हुन्छ, कुन कर्ममा नलाग्न या निवृत्त हुन उपयुक्त हुन्छ, कुन कर्तव्यकर्म हो, कुन होइन, गर्नु पर्ने उचित कुरा के हो र गर्न नहुने अनर्थकर्म के हो, कुन काम गर्दा आफ्नो हित वा कल्याण हुन्छ र कुन कर्म गर्दा आफ्नो कल्याण हुँदैन इत्यादि कुरा केही जानेका हुँदैनन् । उनीहरूले प्रवृत्ति मार्ग के हो र निवृत्ति मार्ग के हो ? यो पनि जानेका हुँदैनन् । आसुरीप्रकृतिका व्यक्तिहरूले न शुद्धता जानेका हुन्छन्, न त पवित्रता नै, न उनीहरूले सदाचार वा सत्मार्गमा लाग्न नै जानेका हुन्छन्, न त उनीहरूलाई कोसित कस्तो व्यवहार वा आचरण गर्नुपर्छ, त्यो नै थाह हुन्छ, न उनीहरूले सत्य, तथ्य र यथार्थलाई नै अवलम्बन गरेका हुन्छन् ।

आसुरी प्रकृतिका व्यक्तिहरूमा अज्ञानताको बाहुल्यता रहेको हुन्छ, त्यसैले उनीहरू आफ्नो रुचि र इच्छाअनुसार कर्म गर्दछन्, उनीहरूमा अहङ्कार र अभिमानको प्राधान्यता रहने हुँदा 'म र मेरा लागि' भन्ने यही अहंभावको परिपूर्तिका लागि आसुरीप्रकृतिका कर्महरू गर्दछन् र सांसारिक भोगवासनामा लिप्त रहेका हुन्छन् ।

### आसुरी प्रकृतिवालाहरूमा पाइने नास्तिकभाव

**असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।**
**अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ॥८॥**

### पदार्थ

**ते** = ती आसुरी स्वभाववालाहरू
**जगत्** = सबै संसार, सारा लोक
**असत्यम्** = असत्य (छ), झूटो (छ), अवास्तविक (छ)
**अप्रतिष्ठम्** (न विद्यते प्रतिष्ठा यस्य तत्) = प्रतिष्ठारहित, निराधार, आश्रयहीन (छ)
**अनीश्वरम्** (नास्ति ईश्वरभावः यस्मिन् तत्) = ईश्वरहीन, सञ्चालन वा नियमन गर्ने स्वामी विनाको (छ)
**अपरस्परसम्भूतम्** (कामप्रयुक्तयोः स्त्रीपुरुषयो- रन्योन्यसंयोगात्सम्भूतम्) = कामासक्त स्त्री र पुरुषको पारस्परिक सम्योगबाट पैदा भएको हो
**कामहैतुकम्** (कामहैतुकमेव) = कामवासना नै जगत्‌को मुख्यहेतु वा कारण हो (भनी)
**आहुः** = भन्दछन्
**अन्यत्** = कामवासना बाहेक अर्को
**किम्** = के कारण छ र ?

## भावार्थ

आसुरीस्वभाव भएका व्यक्तिहरू- यो सारा जगत् असत्य छ, प्रतिष्ठारहित एवम् निराधार छ, ईश्वरहीन छ र यसको सञ्चालन गर्ने स्वामी विनाको छ, यो दुनियाँ स्वतः कामासक्त स्त्री-पुरुषहरूको सम्भोगबाट पैदा भएको हो र स्त्री-पुरुषको कामवासना नै जगत्को मुख्य हेतु वा कारण हो, यस बाहेक अर्को के कारण छ र ?

## भावबोधिनी व्याख्या

आसुरीप्रकृतिका व्यक्तिहरू ईश्वरको नित्य सत्ता वा अस्तित्व स्वीकार गर्दैनन्, सत्य, तथ्य र यथार्थप्रति उनीहरूको श्रद्धा हुँदैन, त्यसैले उनीहरू भन्ने गर्छन्- यो समस्त जगत् झुटो छ। असत्य छ। निराधार एवम् निराश्रय छ। यसको कुनै मर्यादा वा प्रतिष्ठा छैन र यसको कुनै कार्यकारण सम्बन्ध पनि छैन। ईश्वरद्वारा यस जगत्को नियन्त्रण, संरक्षण र परिपोषण केही भएको छैन। त्यसैले यो जगत् ईश्वरहीन छ र यसको सञ्चालन गर्ने स्वामी विनाको छ। यसको संरचना तथा नियन्त्रण गर्ने ईश्वर होइन। यो जगत् र यो दुनियाँ स्त्री र पुरुषको पारस्परिक सम्भोगबाट स्वतः पैदा भएको हो। स्त्री र पुरुषको कामवासना बाहेक जगत्का उत्पत्तिको अर्को हेतु वा कारण केही छैन। यस प्रसङ्गमा शाङ्करभाष्यमा लेखिएको छ- **"जगतः काम एव प्राणिनां कारणम्"- इति लोकायतिकदृष्टिः।**

चार्वाक वा लोकायतिकको दृष्टिमा संसार केवल सुखभोग र आनन्दको उपभोगका लागि बनेको हो र कामवासना नै प्राणीहरूको एकमात्र मुख्य कारण हो र मुख्य पुरुषार्थ पनि हो। त्यसैले संसारमा कुनै सुनिश्चित व्यवस्था र नियमित प्रक्रिया नै छैन र यो जगत् स्वतः सञ्चालित छ।

**एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः।**
**प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥**

## पदार्थ

**एताम्** = यस किसिमको
**दृष्टिम्** = दृष्टि, दृष्टिकोण
**अवष्टभ्य** = अवलम्बन गरेर, लिएर
**नष्टात्मानः** (नष्टः आत्मा येषां ते) = जसको चित्त वा मन नष्ट भएको छ, जसले आफ्नो स्वभाव गुमाएका छन्
**अल्पबुद्धयः** (अल्पा बुद्धिर्येषां ते) = जसको बुद्धि मन्द छ, अल्पबुद्धि भएका
**उग्रकर्माणः** (उग्राणि कर्माणि येषां ते) = जसका कर्महरू उग्र तथा कठोर छन्
**जगतः** = जगत्को, लोकको
**अहिताः** = अहित गर्ने, अपकार गर्ने
**जगतः** = लोकको, दुनियाँको
**क्षयाय** = विनाशका लागि नै
**प्रभवन्ति** = उत्पन्न हुन्छन्, जन्मन्छन्

### भावार्थ

यस किसिमको मिथ्याज्ञानको दृष्टिकोण अवलम्बन गरेर जसले आफ्नो स्वत्व गुमाएको छ र जसको चित्त भ्रष्ट भएको छ, यस्ता अल्पबुद्धि भएका उग्र एवम् कठोर कर्म गर्नेहरू जगत्कै अहित एवम् अपकार गर्ने हुन्छन् र तिनीहरू दुनियाँको विनाशकै लागि नै उत्पन्न भएका हुन्छन् ।

### भावबोधिनी व्याख्या

ईश्वरको अस्तित्व नमान्ने, सत्य, तथ्य एवम् यथार्थप्रति आस्था नभएका र शौच एवम् सदाचार गुमाइसकेका नास्तिक व्यक्तिहरूले मिथ्या ज्ञानलाई अवलम्बन गरेका हुन्छन् । उनीहरूको चित्त भ्रष्ट भएको हुन्छ र बुद्धि पनि अल्प तथा मन्द भएको हुन्छ । त्यसैले उनीहरूमा सद्भाव, सद्विवेक र सदविचार सबै लोप भएका हुन्छन् । उनीहरू आत्मा तथा परमात्माको सत्तालाई स्वीकार गर्दैनन् र धर्म, अधर्म, पाप, पुण्य आदि सत् तथा असत् कर्मको पनि विचार गर्दैनन् । त्यसैले उनीहरू देहवादी मात्र भएर आफ्नो कामना पूर्तिका लागि र कुटुम्ब भरणपोषणका लागि अतिक्रूर, अतिउग्र, अतिनिन्दनीय एवम् अतिकठोर भयावह जघन्यकर्महरू गर्न पनि प्रवृत्त भएका हुन्छन् । यसरी उनीहरू जगत्कै अहित एवम् अपकार गर्ने हुन्छन् र दुनियाँलाई नै दुःख-कष्ट दिन र उनीहरूको सत्यनाश गर्नकै लागि उत्पन्न भएका हुन्छन् ।

**काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।**
**मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥**

### पदार्थ

**दुष्पूरम्** = कहिल्यै पूरा नहुने, अपार
**कामम्** = कामनालाई, लालसालाई
**आश्रित्य** = आश्रय लिएर
**दम्भमानमदान्विताः** (दम्भश्च मानश्च मदश्च तैरन्विताः)
= घमण्ड, मान र मदले भरिएका
**अशुचिव्रताः** (अशुचीनि व्रतानि येषां ते)
= अपवित्र एवम् भ्रष्ट आचरणले युक्त व्यक्तिहरू
**मोहात्** = मोहबाट, अज्ञानबाट
**असद्ग्राहान्** = मिथ्या, हठ वा आग्रह, झूटो सिद्धान्त
**गृहीत्वा** = लिएर, ग्रहण गरेर
**प्रवर्तन्ते** = सांसारिक कर्ममा लागेका वा प्रवृत्त भएका हुन्छन्

### भावार्थ

कहिल्यै पूरा नहुने अपार कामनाको आश्रय लिएर भोगासक्त भई घमण्ड, मान र मदले भरिएका अपवित्र एवम् भ्रष्ट आचरण भएका व्यक्तिहरू मोह या अज्ञानबाट मिथ्या, हठ वा आग्रह लिएर सांसारिक कर्ममा प्रवृत्त भएका हुन्छन् ।

## भावबोधिनी व्याख्या

कामना वा लालसा एउटा अथाह महासागर हो। यो कहिल्यै तृप्त र सन्तुष्ट हुँदैन र पूर्ण पनि हुँदैन। कामना सदा स्थूल विषयासक्तिमा प्रवृत्त हुने हुँदा यसप्रतिको अभिरुचि कहिल्यै पूरा हुन सक्तैन। त्यसैले यस दुष्पूर एवम् क्षणभङ्गुर कामनाको आश्रय लिएर भोगासक्त बनेका आसुरी स्वभावका प्राणीहरू सदा दम्भ, मान र मदले भरिएका हुन्छन्। उनीहरूको आचरण अपवित्र एवम् भ्रष्ट बनेको हुन्छ र अज्ञानताले गर्दा उनीहरू सदा मोहरूपी अन्धकारमा रुमलिएका हुन्छन् अनि तामसी प्रवृत्तिलाई अवलम्बन गरेर दुराग्रही बनी भयावह सांसारिक कर्ममा प्रवृत्त भएका हुन्छन्।

द्रष्टव्य–

- **दम्भः-** 'दम्भ' के हो, यसै अध्यायको श्लोक चारमा उल्लेख गरिएको छ।
- **मानः-** अरूबाट प्राप्त आदर, सत्कार, प्रतिष्ठा र प्रसिद्धिप्रति गर्व वा अभिमान हुनु नै 'मान' हो। धन, ऐश्वर्य आदिको अभिमान पनि मान नै हो।
- **मदः-** धन, ऐश्वर्य, मान, सम्मान, प्रतिष्ठा आदिको अभिमानले सदा मत्त हुनु नै मद हो।
- **अशुचिव्रताः-** यस पदले खराब आचरण, नराम्रो आदत र अपवित्र कर्म गर्नेहरूप्रति सङ्केत गर्दछ, जसमा मद्यपान, धूम्रपान, परस्त्रीगमन, द्यूतक्रीडा आदि व्यभिचार र दूषित एवम् निन्दनीय कर्महरू पर्दछन्।

**चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः।**
**कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥**

### पदार्थ

**अपरिमेयाम्** = अपरिमेय,अपार, असङ्ख्य
**प्रलयान्ताम्** = मृत्युपर्यन्त रहने, मरुञ्जेलसम्म रहने
**चिन्ताम्** = चिन्ता
**उपाश्रिताः** = लिएका, धारण गरेका, चिन्ताग्रस्त
**कामोपभोगपरमाः** (काम्यन्ते इति कामास्तेषामुपभोगो परमाः परायणाः) = विषयवासनाको उपभोगमा तल्लीन भएका
**एतावत्** = यतिमात्र मुख्य कुरा हो भन्ने
**इति** = यस्तो
**निश्चिताः** = निश्चय लिएका व्यक्तिहरू
**(अन्यायेन अर्थसञ्चयान् ईहन्ते)** = अन्यायले धन कमाउन वा आर्जन गर्न चाहन्छन्

### भावार्थ

अपरिमेय तथा असङ्ख्य एवम् मरुञ्जेलसम्म रहिरहने चिन्ता बोकेका र विषयवासनाको उपभोगमा तल्लीन भएका व्यक्तिहरू यति मात्र नै मुख्य कुरा हो भन्ने यस्तो निश्चय लिएका हुन्छन् र अन्यायले धन आर्जन गर्न चाहन्छन्।

**भावबोधिनी व्याख्या**

आसुरीप्रकृतिका व्यक्तिहरू नित्य-निरन्तर विषयसुख र विषयउपभोगलाई नै जीवनको चरमलक्ष्य मानेर यसमा लागिरहेका हुन्छन् । तर उनीहरूको यो चाहना कहिल्यै पूरा हुँदैन र जीवन सदा अतृप्त तथा असन्तुष्ट नै रहिरहन्छ र घिउ थपेको आगो दन्केझैं झन् झन् उनीहरूका कामनाहरू बढ्दै जान्छन् ।

त्यसैले उनीहरू मृत्युपर्यन्तसम्म पनि रहिरहने असीम चिन्ताहरू बोकिरहेका हुन्छन् । उनीहरूलाई आफ्नो घर-परिवार, धन-सम्पत्ति, नोकर-चाकर, बन्धु-बान्धव, साथी-सङ्गी इत्यादिको चिन्ताले हरदम सताइरहन्छ र यस अपरिमेय चिन्ताबाट कदापि छुटकारा पाउन सक्तैनन् र सयकडौं लालसा र इच्छाहरूको जालमा जेलिएका हुन्छन् । त्यसैले उनीहरू आफ्ना असीमित कामनाहरू परिपूर्तिका लागि विषयभोगका नाना पदार्थहरूको सङ्ग्रहमा निरन्तर जुटिरहेका हुन्छन् र विषयको उपभोगलाई नै परम-आनन्द मानेर **"यावज्जीवेत् सुखं जीवेत्"**- भष्मीभूत भएको शरीर फेरि फर्केर आउँदैन, जति बाँचिन्छ, सुखपूर्वक बाँचौं, खाऔं, पिऔं, मोज गरौं यही नै मुख्य कुरा हो भन्ने यस किसिमको जडवादी सिद्धान्तलाई अवलम्बन गरेका हुन्छन् ।

**आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।**
**ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ॥१२॥**

**पदार्थ**

**आशापाशशतैः** (आशाः एव पाशाः तेषां शतैः) = सयौं आशारूपी पाशले

**बद्धाः** = बाँधिएका, जकडिएका

**कामक्रोधपरायणाः** (कामश्च क्रोधश्च तौ परम् अयनं येषां ते) = काम र क्रोध नै परम आश्रय छ जसका अर्थात् कामवासना एवं क्रोधको वशवर्ती भएका व्यक्तिहरू

**कामभोगार्थम्** (विषय-भोगाय) = आफ्नो कामना वा विषयभोगको तृप्तिका लागि

**अन्यायेन** = अन्यायपूर्वक

**अर्थसञ्चयान्** (अर्थस्य सञ्चयान्) = धनसम्पत्ति जम्मा गर्न

**ईहन्ते** = चेष्टा गर्छन्, लागेका छन्

**भावार्थ**

सयकडौं आशारूपी पाशले जकडिएका अनि कामवासना र क्रोधको वशवर्ती भएका व्यक्तिहरू आफ्नो कामना वा विषयभोगको तृप्तिका खातिर अन्यायपूर्वक धनसम्पत्ति जम्मा गर्न लागेका हुन्छन् ।

**भावबोधिनी व्याख्या**

आसुरी प्रकृतिका व्यक्तिहरूमा विषयवासनाको उपभोगका लागि नानाथरीका चाहनाहरू, इच्छाहरू र आकाङ्क्षाहरू हुन्छन् । उनीहरूमा धन, मान, प्रतिष्ठा, बुद्धि, बल, ऐश्वर्य, घरपरिवार, स्त्रीपुत्रादिको असङ्ख्य कामनाहरू पैदा हुन्छन् र

यिनै कामनाहरूको परिपूर्तिका निमित्त सयकडौं आशाको पासाले बाँधिएका हुन्छन् । यसरी आशाको फाँसीमा लट्केका व्यक्तिहरूको कामना एक पछि अर्को झन् प्रबल हुँदै जान्छ र यसको परिपूर्तिका लागि उनीहरूले काम, क्रोध, लोभ, ईर्ष्या, द्वेष, आदि दुर्गुणहरूकै सहारा लिएका हुन्छन् र काम क्रोधादिलाई नै अवलम्बन गरेर विषयभोगको तृप्तिका लागि नानाभाँतिका छलकपट, अर्काको धन अपहरण, लुटपाट, चोरी जस्ता जघन्य अपराधहरू गरेर अन्यायपूर्ण उपायहरूद्वारा थुप्रै धनसम्पत्ति जम्मा गर्नेतिर लागेका हुन्छन् ।

## आसुरीस्वभावका व्यक्तिहरूको प्रवृत्ति

**इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।**
**इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥**

## पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| अद्य | = | आज | अस्ति | = | छ |
| मया | = | मैले | पुनः | = | फेरि, (पछि फेरि) |
| इदम् | = | यो (वस्तु, कुरा) | इदम् | = | यो |
| लब्धम् | = | पाएँ, प्राप्त गरें | अपि | = | पनि |
| इमम् | = | यो | मे | = | मेरो, मेरै |
| मनोरथम् | = | चिताएको कुरा | धनम् | = | धन |
| प्राप्स्ये | = | पाउनेछु, पूरा गर्नेछु | भविष्यति | = | हुनेछ |
| इदम् | = | यो, यति | | | |

## भावार्थ

धनलोलुप व्यक्तिहरू विचार गर्छन्- आज मैले यो (पनि) प्राप्त गरें । यो चिताएको कुरा पनि पूरा गर्नेछु । यो (यति) मसँग छ र पछि फेरि यो पनि मेरै धन हुनेछ ।

## भावबोधिनी व्याख्या

आसुरी स्वभावका व्यक्तिहरू धनप्रति लालायित हुन्छन् र अत्यन्त लोभी पनि हुन्छन् । उनीहरू निरन्तर धनसम्पत्ति, मान प्रतिष्ठादिकै गणना गरिरहन्छन् र त्यसकै विचार र चिन्तन गरिरहन्छन् । अनि उनीहरू भन्ने गर्छन्- यति धनसम्पत्ति, इज्जत, प्रतिष्ठा, मान, यश, प्रशंसा, सम्मान, ओहदा आदि आज मैले पाएँ, भविष्यमा मैले चिताएका यति यति मनोवाञ्छित कुराहरू पाउनेछु । अहिले मसँग यति यति धनसम्पत्ति छ, पछि फेरि यी कुराहरूपनि मेरै हुनेछन् र म अधिक सम्पन्न हुनेछु । त्यसैले मेरो समान कोही हुनेछैन । म नै सर्वश्रेष्ठ र सबैभन्दा ठूलो बन्नेछु र सबैभन्दा धनाढ्य पनि हुनेछु ।

आसुरी स्वभावका व्यक्तिहरू निरन्तर अहङ्कार, अभिमान र व्यक्तिगत स्वार्थको दलदलमा फसिरहने हुँदा धर्म, अधर्म, पाप, पुण्य र कर्तव्य अकर्तव्यलाई छुट्याउन सक्दैनन् र सदा विषयासक्त बनेर सांसारिक बन्धनमा पर्दछन् ।

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥

**पदार्थ**

**असौ** = यो
**शत्रुः** = शत्रु
**मया** = मैले, मबाट
**हतः** = मारियो
**च** = र
**अपरान्** = अरूलाई
**अपि** = पनि
**हनिष्ये** = मार्नेछु, सिद्ध्याउनेछु
**अहम्** = म
**ईश्वरः** = स्वामी (हुँ), ईश्वर (हुँ), मालिक (हुँ)
**अहम्** = म
**भोगी** = भोगी (हुँ), उपभोग गर्नेवाला (हुँ)
**अहम्** = म
**सिद्धः** = सिद्ध (हुँ), सिद्धिले परिपूर्ण (छु)
**(अहम्)** = म
**बलवान्** = बलवान् (छु), शक्तिशाली (छु)
**सुखी** = सुखी (छु)

**भावार्थ**

त्यो शत्रु मबाट मारियो र म अरूलाई पनि सिद्ध्याउनेछु । म ईश्वर हुँ, म उपभोग गर्नेवाला हुँ र म सबै सिद्धिले परिपूर्ण छु । म बलवान् छु, शक्तिशाली छु र सुखी छु ।

**भावबोधिनी व्याख्या**

आसुरी प्रकृति भएको व्यक्ति आत्मश्लाघी हुन्छ । आफ्नो खुब प्रशंसा गर्छ र आफूलाई अत्यन्त शक्तिशाली र पराक्रमी ठान्दछ । आफैँलाई ईश्वर हुँ भन्ने घमण्ड गर्छ र भन्ने गर्छ- यो मेरो शत्रु हो, यो मेरो विरोध गरेर मेरो विरुद्ध काम गर्दथ्यो, त्यसैले यो मबाट मारियो । अरू पनि मेरो विरुद्ध काम गर्ने, मेरो कुभलो गर्ने र हानिनोक्सानी गर्नेलाई म बाँकी राख्नेछैन र सबैलाई सिध्याउनेछु । आसुरी-स्वभावको व्यक्ति यो पनि भन्ने गर्छ- म सबैको स्वामी हुँ, म सर्वसमर्थ ईश्वर हुँ, मभन्दा ठूलो अरू कोही छैन । म नै शासक पनि हुँ, नानाथरीका विषयसुख र पदार्थहरूको उपभोग गर्ने भोगी पनि म नै हुँ । जुनसुकै भोग्य-पदार्थ पनि मसँग कमी छैन । म सबै सिद्धिहरूले परिपूर्ण छु । म समस्त ऐश्वर्यले पनि पूर्ण छु, अणिमादि अष्टसिद्धिहरू मसँगै छन् र मसँग कुनै कुराको कमी छैन । म अत्यन्त बलवान् छु, शक्तिशाली छु र पराक्रमी पनि छु । मसँग कोही पनि टिक्न सक्तैन र सबैलाई जितेर छाड्छु । त्यसैले म सुखी छु, प्रसन्न छु र आनन्दले मग्न छु ।

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

## पदार्थ

| | |
|---|---|
| (अहम्) | = म |
| आढ्य: | = धेरै धनी, ज्यादै धनाढ्य |
| अभिजनवान् | = खुब घरानियाँ, ज्यादै कुलीन |
| अस्मि | = छु |
| मया | = म, मैले, मेरो |
| सदृश: | = जस्तो, बराबर, समान |
| अन्य: | = अर्को |
| क: | = को |
| अस्ति | = छ र |
| यक्ष्ये | = यज्ञ गर्छु |
| दास्यामि | = दान दिन्छु |
| मोदिष्ये | = खुसी हुन्छु, मोज गर्छु |
| इति | = यसप्रकार, यस्ता |
| अज्ञानविमोहिता: (अज्ञानेन विमोहिता:) | = अज्ञानले मोहित भएकाहरू |
| (पतन्ति नरकेऽशुचौ) | = घोर नरकमा पर्दछन् |

## भावार्थ

म धेरै धनी छु। ज्यादै घरानियाँ छु। म जस्तो वा मेरो बराबर अर्को को छ र? म नै यज्ञ गर्छु, दान दिन्छु, मोज गर्छु र खुसी हुन्छु। यसप्रकार अज्ञानले मोहित भएका व्यक्तिहरू घोर नरकमा पर्दछन्।

## भावबोधिनी व्याख्या

आसुरी स्वभाव भएका व्यक्तिहरू अभिमान, अहङ्कार र घमण्डले चुर भएका हुन्छन्, त्यसैले उनीहरू भन्ने गर्छन्- म धेरै धनी छु र परिजनले पनि सम्पन्न छु। म जस्तो महाधनी एवम् ऐश्वर्यशाली र कुलीन एवम् घरानियाँ अरू कोही हुनै सक्तैनन्। मेरो जस्तो कुल-कुटुम्ब, बन्धु-बान्धव अरू कसैका छैनन्। त्यसैले म सुख सम्पन्न छु, सर्वश्रेष्ठ छु र सबैबाट सम्मानित एवम् पूज्य पनि छु।

आसुरी सम्पदा भएका व्यक्तिहरू मिथ्याभिमान लिएर समाजमा प्रतिष्ठित कहलाउन, यश फैलाउन र बाह्य आडम्बर प्रदर्शनका लागि यज्ञ, दानादि कर्म पनि गर्दछन्। तर उनीहरूको यज्ञदानादि कर्म सात्त्विक प्रकृतिको नभएर तामसी प्रकृतिको हुन्छ। त्यसैले उनीहरू भन्दछन्- म नै ठूलो यज्ञ गर्छु र दान पनि दिन्छु, दान दिन र यज्ञादिकर्ममा मलाई जित्नसक्ने अरू कोही छैन। दर्प, दम्भ र घमण्डले निरन्तर उनीहरूलाई सताइरहेको हुन्छ। त्यसैले उनीहरू आफूलाई ज्यादै मोज गर्ने सुखी, सम्पन्न र आनन्दले परिपूर्ण व्यक्ति ठान्दछन्। यसरी आसुरी सम्पदायुक्त व्यक्तिहरू सदा अविवेक र अज्ञानले मोहित हुन्छन् र नाना कुकर्महरू गरेर घोर नरकमा पर्दछन्।

**अनेकचित्तविभ्रान्ता मोहजालसमावृता: ।**
**प्रसक्ता: कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **अनेकचित्तविभ्रान्ताः** (अनेकैश्चित्तैर्विभ्रान्ताः) | = अनेक प्रकारले चित्त भ्रमित भएका | **कामभोगेषु** | = विषयभोगमा |
| **मोहजालसमावृत्ताः** (मोहः एव जालं तेन समावृताः) | = मोहरूपी जालले ढाकेका, अज्ञानरूपी जालमा फसेका | **प्रसक्ताः** | = आसक्त भएकाहरू |
| | | **अशुचौ** | = अशुद्ध, अपवित्र |
| | | **नरके** | = नरकमा |
| | | **पतन्ति** | = खस्छन्, पर्दछन् |

### भावार्थ

अनेक प्रकारका विचारले चित्त भ्रमित भएका, मोहरूपी जालमा फसेका र विषयभोगमा लठ्ठ परेकाहरू अशुद्ध एवम् अपवित्र नरकमा पर्दछन् ।

### भावबोधिनी व्याख्या

आसुरी प्रकृतिका व्यक्तिहरू अनेक प्रकारका कामनाहरू गर्दछन् र तिनको परिपूर्तिका लागि अनेकौं चिन्ता र विचारहरूले उद्विग्न भइरहन्छन् । त्यसैले उनीहरूको चित्त स्थिर हुँदैन र भ्रमित भइरहेको हुन्छ । उनीहरू सत्य, यथार्थता र वास्तविकतालाई ठम्याउन नसकेर सदा विभ्रान्त बनेका हुन्छन् र विषयवासनारूपी कामनाको उपभोगमा समेत अत्यन्त आसक्त भएका हुन्छन् । त्यसैले उनीहरू काम क्रोधादिबाट ग्रस्त भई सयकडौं मोहरूपी जालमा फसेका हुन्छन् ।

यसरी आसुरी स्वभावका व्यक्तिहरू कामोपभोगलाई नै सर्वश्रेष्ठ ठान्दछन् र त्यही मोहान्धकारमा रुमलिएर नानाभाँतिका विषयवासनाको उपभोग गर्दै अन्ततः अशुद्ध एवम् अत्यन्त पीडादायी घोर नरकमा गिर्दछन् र असह्य यातना भोग्दछन् ।

### नाममात्रको यज्ञकर्म गर्नेहरू

**आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।**
**यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **आत्मसम्भाविताः** (आत्मना एव सम्भाविताः) | = आफूले आफैंलाई ठूलो मान्ने | **ते** | = तिनीहरू, ती व्यक्तिहरू |
| **स्तब्धाः** | = ठाडो स्वभावका, घमण्डी, नम्रता नभएका | **दम्भेन** | = पाखण्डीपनाले |
| **धनमानमदान्विताः** (धनमानयोर्मदेन अन्विताः) | = धन र मानको मदले मैंमत्त बनेका | **अविधिपूर्वकम्** | = शास्त्रीय विधिरहित वा विधि नपुऱ्याई |
| | | **नामयज्ञैः** | = नाममात्रको |
| | | **यजन्ते** | = यज्ञ गर्छन् |

### भावार्थ

आफूले आफैंलाई ठूलो ठान्ने, ठाडो स्वभावका घमण्डी व्यक्तिहरू धन र मानको मदले मैंमत्त भएर पाखण्डीपनाले शास्त्रीयविधि नपुऱ्याई नाममात्रको यज्ञ गर्छन् ।

### भावबोधिनी व्याख्या

आसुरी-प्रवृत्ति भएका व्यक्तिहरू आफूले आफैंलाई सर्वश्रेष्ठ ठान्ने स्वभावका हुन्छन र धन दौलत, यश, मान, प्रतिष्ठा, बल, बुद्धि सामर्थ्य आदिको मदले मैंमत्त बनेका ती व्यक्तिहरू ज्यादै घमण्डी र अभिमानी हुन्छन् । उनीहरूको स्वभाव ज्यादै ठाडो र रूखो हुन्छ । उनीहरूले विनय र नम्रताको व्यवहार जानेकै हुँदैनन् र प्रेम, करुणा र दयाको भाव पनि उनीहरूमा पाइँदैन । त्यसैले उनीहरू दम्भ या पाखण्डीपनाले परिपूर्ण हुन्छन् र आफ्नो गौरव, यश बढाउन र प्रतिष्ठा वा प्रसिद्धि फैलाउन अनि आफ्नो धाक, रवाफ लोकलाई देखाउन शास्त्रीय विधिविधानरहित नाममात्रको यज्ञ गर्दछन् । उनीहरूको शास्त्रसम्मत विधिविधानप्रति श्रद्धा नहुने हुँदा उनीहरूले केवल लोकाचारका लागि शास्त्रीय विधिविधान विपरीतका यज्ञादि कर्महरू गर्ने गर्दछन् ।

## आसुरीस्वभाव भएकाहरू परमेश्वरको द्वेष गर्दछन्

**अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।**
**मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥**

### पदार्थ

**अहङ्कारम्** = अहङ्कार
**बलम्** = बल
**दर्पम्** = घमण्ड
**कामम्** = काम, वासना
**च** = र
**क्रोधम्** = क्रोधलाई
**संश्रिताः** = अवलम्बन गरेका, अँगालेका
**अभ्यसूयकाः** = अर्काको निन्दा गर्ने व्यक्तिहरू, कुनै कुरा सहन नसक्नेहरू
**आत्मपरदेहेषु** (आत्मनि स्वदेहे परदेहेषु च) = आफ्नो र अरूको देहमा विराजमान
**माम्** = म (परमात्मा) लाई
**प्रद्विषन्तः** = द्वेष गर्नेवाला हुन्छन्

### भावार्थ

अहङ्कार, बल, घमण्ड, कामवासना र क्रोधलाई अँगालेका अर्काको निन्दा गर्ने व्यक्तिहरू आफ्नो र अरूको देहमा विराजमान म (परमात्मा) लाई द्वेषगर्नेवाला हुन्छन् ।

### भावबोधिनी व्याख्या

आसुरी-प्रवृत्ति भएका व्यक्तिहरू अहङ्कार र अभिमानको वशीभूत हुन्छन् । म नै सर्वश्रेष्ठ हुँ भन्ने यो अहम्भावले उनीहरूलाई सताइरहन्छ । यसैगरी उनीहरूमा आफूलाई महाबली, शक्तिशाली र पराक्रमी छु भन्ने घमण्ड चढ्छ । त्यसैले उनीहरू अरूलाई तृण बराबर गन्दैनन्, अनि काम र क्रोधलाई अवलम्बन गरेर

अरू निर्धा र निमुखाहरूप्रति नानाभाँतिका अन्याय र दुराचार गर्दछन्, अरूको निन्दा गर्दछन्, अरूलाई दोष दिन्छन् र अरूको द्वेष पनि गर्छन् । यसप्रकार अरूको अपमान गर्नु, तिरस्कार गर्नु र घृणा गर्नु, अरूलाई सताउनु र दुःख दिनु उनीहरूको सामान्य प्रक्रिया नै बनेका हुन्छन् ।

यसरी अहङ्कार, बल, दर्प र काम क्रोधलाई अवलम्बन गरेर अरूको निन्दा तथा द्वेष गर्ने, अरूको अहित एवम् कुभलो गर्ने व्यक्तिहरू आफ्नै कुभलो गरिरहेका हुन्छन् । यस्ता व्यक्तिहरू आफ्नो र अरू व्यक्तिहरूको अन्तरात्मामा विराजमान परमात्मा परमेश्वरकै द्वेष गर्ने, निन्दा गर्ने र वैरभाव गर्ने हुन्छन् र अन्ततः परमेश्वरकै आज्ञाको उल्लङ्घन गर्दछन् ।

## आसुरी स्वभाववालाहरूको दुर्गति

**तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।**
**क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| अहम् | = म (अन्तर्यामी परमेश्वर) | संसारेषु | = संसारमा |
| तान् | = ती | आसुरीषु | = आसुरी |
| द्विषतः | = आत्मद्वेष गर्ने, आत्मद्वेषी | योनिषु | = योनिहरूमा, जुनीहरूमा |
| क्रूरान् | = क्रूरकर्मी, क्रूरकर्म गर्ने | एव | = नै |
| अशुभान् | = अशुभ आचरण गर्ने, पापाचारी | अजस्रम् | = बारम्बार |
| नराधमान् | = अधम तथा निकृष्ट मानिसहरूलाई, नराधमलाई | क्षिपामि | = खसाइदिन्छु, फालिदिन्छु, फ्याँकिदिन्छु |

### भावार्थ

म अन्तर्यामी परमेश्वरप्रति द्वेष गर्ने ती क्रूरकर्मी एवम् पापाचारी नराधमहरूलाई संसारमा आसुरी योनिहरूमा नै बारम्बार फ्याँकिदिन्छु ।

### भावबोधिनी व्याख्या

आसुरी प्रकृतिका व्यक्तिहरू अन्तर्यामी परमेश्वर र अन्य सबै व्यक्तिहरूप्रति द्वेष गर्ने क्रूर स्वभावका हुन्छन् । उनीहरूको आचरण राम्रो हुँदैन, उनीहरू जिद्दी, घमण्डी एवम् दुराग्रही हुन्छन् र निरन्तर अशुभ कर्महरू गरेर समाजलाई नै पथभ्रष्ट बनाउँछन् ।

त्यसैले भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- यस किसिमले म अन्तर्यामी परमेश्वरको द्वेष गर्ने, ती क्रूर पापाचारी नराधमहरूलाई यस संसारमा बारम्बार आसुरी योनिहरूमा नै गिराइदिन्छु ।

वास्तवमा जो अरूलाई दुःख दिन्छन् र अरूप्रति नानाभाँतिका अन्याय र दुराचार गर्छन्, जो कृतघ्न बन्छन्, स्वार्थी छन् र अनेकौं छलकपट एवम् अन्यायहरू गरेर जीवन व्यतीत गर्दछन् । यस किसिमका नराधम व्यक्तिहरूले नित्य-निरन्तर कीट, पतङ्गादि आसुरी योनिहरूमा नै जन्मने र मर्ने गर्नुपर्छ ।

**आसुरी योनिमा जन्मेकाहरू परमेश्वरलाई प्राप्त गर्न नसकी अधमगतिमा प्राप्त हुन्छन्**

**आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।**
**मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| **कौन्तेय** | = हे कुन्तीपुत्र अर्जुन ! | **एव** | = नै, पनि |
| **आसुरीम्** | = आसुरी | **माम्** | = म (अन्तर्यामी परमेश्वर) लाई |
| **योनिम्** | = योनिमा, जुनीमा | **अप्राप्य** | = नपाएर |
| **आपन्नाः** | = प्राप्त भएका, पुगेका | **ततः** | = त्यसभन्दा पनि |
| **मूढाः** | = मूढ प्राणीहरू | **अधमाम्** | = झन् अधम, ज्यादै नीच |
| **जन्मनि जन्मनि** | = जन्म-जन्ममा, जन्म-जन्मान्तरमा | **गतिम्** | = गतिमा, घोर नारकीय गतिमा |
| | | **यान्ति** | = प्राप्त हुन्छन् |

## भावार्थ

हे कुन्तीपुत्र अर्जुन ! आसुरी योनिमा जन्मलिन पुगेका मूढ प्राणीहरू जन्म-जन्मान्तरमा पनि म (अन्तर्यामी परमेश्वर) लाई पाउन सक्तैनन् र तिनीहरू त्यसभन्दा पनि नीच एवम् अधमगतिमा प्राप्त हुन्छन् र घोर नारकीय यातना भोग्दछन् ।

## भावबोधिनी व्याख्या

अरूको द्वेष र ईर्ष्या गर्ने, क्रूरकर्मी, कामना-परायण, मिथ्याचारी एवम् पापी व्यक्तिहरूले बारम्बार आसुरी योनिहरूमा जन्मनु र मर्नुपर्छ । यसरी लगातार निकृष्ट आसुरी जुनीमा प्राप्त हुन पुगेका मूढ प्राणीहरूले अनेकौं जन्म-जन्मान्तरमा पनि अन्तर्यामी परब्रह्म परमात्मालाई पाउन सक्तैनन्, जसको परिणाम ती प्राणीहरूले त्यसभन्दा पनि झन् अधम, नीच एवम् निकृष्ट गतिमा प्राप्त हुनुपर्छ र कुम्भीपाकादि नरकमा अत्यन्त दुःखदायी घोर यातनामय पीडा उपभोग गर्नुपर्दछ ।

अनेकौं जुनीहरूमा जन्मनु, मर्नु आदि कठोर नारकीय यातना भोग गरिसकेपछि दैवसंयोग मनुष्य योनिमा जन्मन पुगे पनि यस्ता व्यक्तिहरूमा अहङ्कार, काम, क्रोधादि दुर्गुणहरू यथावत् रहिरहन्छन् । त्यसैले नीति भन्दछ–

**अत्यन्तकोपः कटुका च वाणी दरिद्रता च स्वजनेषु वैरम् ।**
**नीचप्रसङ्गः कुलहीनसेवा चिह्नानि देहे नरकस्थितानाम् ॥** चा.नी.द. ७/१७

अतिक्रोध, कटुवचन, दरिद्रता, स्वजनमा वैरभाव, नीचहरूको सङ्गत, कुलहीनहरूको सेवा- यी लक्षणहरू नरकबाट मनुष्य-योनिमा जन्मन पुगेका प्राणीहरूमा रहेका हुन्छन् र यस किसिमका दुर्गुणहरूले तिनलाई फेरि आसुरी योनितिरै धकेलिदिन्छन् । त्यसैले मानिसले आसुरीस्वभाव त्यागेर दैवीभाव अवलम्बन गरी मोक्ष प्राप्तिका लागि प्रयत्नरत रहनुपर्दछ ।

## नरकका तीन द्वार (ढोका) हरू

> **त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।**
> **कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **आत्मनः** | = आफ्नो, आत्माको | **क्रोधः** | = क्रोध |
| **नाशनम्** | = विनाश गर्ने, पतन गराउने | **तथा** | = तथा, र |
| **नरकस्य** | = नरकको | **लोभः** | = लोभ (हो) |
| **द्वारम्** | = ढोका, द्वार | **तस्मात्** | = त्यसैले, त्यसैकारण |
| **त्रिविधम्** | = तीन प्रकारको छ | **एतत्** | = यो |
| **इदम्** | = यो (ढोका) | **त्रयम्** | = तीनवटैलाई |
| **कामः** | = काम | **त्यजेत्** | = त्याग गरोस्, त्याग्नुपर्छ |

### भावार्थ

आत्मालाई विनाशतिर धकेल्ने नरकको ढोका तीन प्रकारको छ, यो ढोका हो- काम, क्रोध र लोभ । त्यसैले यी तीनवटैलाई त्याग गर्नुपर्छ ।

### भावबोधिनी व्याख्या

काम, क्रोध र लोभ यी तीनैवटा नरकका द्वार हुन् । विषय भोगप्रतिका अनुरागको मूल जड काम (कामना) हो, कामनाकै वशीभूत भएर मानिसले अनेकौं कुकृत्यहरू गर्दछ, क्रोधले कामनाको परिपूर्तिमा संलग्न चित्तलाई अझ बढी प्रभावित पार्दछ र बढी उत्तेजनात्मक बनाउँछ । त्यसैले काम र क्रोध रजोगुणबाट उत्पन्न भएका जीवात्माका महाशत्रु हुन् र महावैरी हुन्-

> **"काम एष क्रोध एष रजोगुणसमुद्भवः"-भ.गी.३/३०**

विषयवासनाको अत्यधिक कामना र लालसाबाट लोभ पैदा हुन्छ र लोभकै कारण मोह, मद, मात्सर्य, राग, द्वेषादि पैदा हुन्छन् । जसले मानिसलाई नानाथरीका दुष्कर्मतिर धकेल्छन् र लोभकै कारण मानिस अनेकौं कुकर्महरूबाट अर्थोपार्जन गर्ने कुचेष्टा गर्दछ ।

त्यसैले यी तीनवटै नरकका ढोका हुन् र जीवात्माका पतनका कारण पनि हुन् । काम, क्रोध र लोभकै कारण मानिसको बुद्धि भ्रष्ट हुन्छ, उसमा पाइने सद्विवेक र सद्भाव लोप हुन्छन्, विषय सङ्ग्रहको लालसा बढ्छ र जीवन दुःखमय बन्न पुग्दछ । त्यसैले काम, क्रोध र लोभ यी तीनवटै त्याग गर्नुपर्छ । यी तीनवटैप्रति आकर्षित हुनुहुँदैन किनभने यी तीनवटैले जीवात्मालाई आसुरी योनितिर धकेल्दछन् ।

## नरकका तीनवटा द्वारबाट छुटकारा पाएपछि परमगति प्राप्त हुन्छ

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

### पदार्थ

| | | |
|---|---|---|
| कौन्तेय | = | हे कुन्तीपुत्र अर्जुन ! |
| एतैः | = | यी |
| त्रिभिः | = | तीनवटा |
| तमोद्वारैः | = | (अन्धकारतिर धकेल्ने) नरकको द्वारबाट |
| विमुक्तः | = | मुक्त भएको |
| नरः | = | पुरुषले |
| आत्मनः | = | आफ्नो |
| श्रेयः | = | कल्याण हुने |
| आचरति | = | आचरण गर्छ, कामकुरा गर्छ |
| ततः | = | त्यसैबाट |
| पराम् | = | परम |
| गतिम् | = | गति |
| याति | = | प्राप्त गर्छ, पाउँछ |

### भावार्थ

हे कुन्तीपुत्र अर्जुन ! अन्धकारतिर धकेल्ने नरकका यी तीनवटा द्वारबाट मुक्त भएको पुरुषले आफ्नो कल्याण हुने कामकुरा गर्छ र त्यसैबाट ऊ परमगति प्राप्त गर्छ ।

### भावबोधिनी व्याख्या

'तमः' भनेको अन्धकार हो, अज्ञान हो र मोह पनि हो । 'तम' भनेको रौरवादि घोर नरक पनि हो । पूर्वश्लोकमा वर्णित काम, क्रोध र लोभ- यी तीनैवटै तमोद्वार हुन् र अन्धकारमय नरकका ढोका हुन् । तमोरूप अन्धकारले मानिसको सद्बुद्धि, सद्विवेक, सद्ज्ञान र सत्मार्गको ढोका बन्द गरिदिन्छ र बुद्धि भ्रष्ट गराई असत्मार्गतिर उन्मुख गराउँछ । 'तम' त्यस किसिमको आवरण पनि हो, जसले सत्य, सद्बुद्धि, सद्ज्ञान र सद्गुणलाई पनि ढाकिदिन्छ र मानिसमा मोह र अज्ञानता पैदा गर्दछ ।

त्यसैले मानिसलाई अन्धकारतिर धकेल्ने काम, क्रोध र लोभरूप तीनवटा तमोद्वारबाट जो मुक्त हुन्छ, त्यही पुरुष आफ्नो कल्याण हुने र यस लोक तथा परलोक दुवैमा भलाइ हुने काम कुरा गर्दछ र आफ्नो आचरण पनि शुद्ध पार्दछ । निष्कामभावले यस किसिमको 'सत्' आचरण गर्ने व्यक्ति अन्त्यमा पापमुक्त भई परमगति प्राप्त गर्छ ।

## शास्त्रसम्मत काम नगर्नेले पाउने गति

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

**पदार्थ**

| | | | |
|---|---|---|---|
| **यः** | = जो व्यक्ति | **सः** | = त्यसले |
| **शास्त्रविधिम्** | = शास्त्रको विधि वा नियमलाई, शास्त्रले बताएको विधिलाई | **न सिद्धिम्** | = न सिद्धि, न परिपूर्णता |
| | | **अवाप्नोति** | = पाउँछ |
| | | **न सुखम्** | = न सुख |
| **उत्सृज्य** | = छाडेर, त्यागेर | **न** | = न त |
| **कामकारतः** | = आफ्नो इच्छाअनुसार, मनोमानी ढङ्गले | **पराम्** | = परम, सर्वोच्च |
| | | **गतिम्** | = गति, लक्ष्य |
| **वर्तते** | = व्यवहार गर्छ, कार्य गर्छ | **(अवाप्नोति)** | = पाउँछ |

**भावार्थ**

जो व्यक्ति शास्त्रले बताएको विधि र नियमलाई छाडिदिन्छ र आफ्नो इच्छाअनुसार मनोमानी ढङ्गले कार्य गर्दछ, त्यसले न सिद्धि वा परिपूर्णता प्राप्त गर्छ, न सुख पाउँछ, न त परमलक्ष्य वा गति नै प्राप्त गर्दछ ।

**भावबोधिनी व्याख्या**

मानव जीवन यथार्थ ज्ञानको ढुकुटी हो । उसको अन्तरात्मामा अनेकौं क्रियाकलापहरू र अनन्तज्ञानका विषयहरू जम्मा भएर रहेका हुन्छन् । कुन कुरा गर्न उपयुक्त हुन्छ र कुन कुरा गर्न हुँदैन भन्ने कुरा उसको अन्तरात्माले नै पर्गेल्न सक्तछ । त्यसैले अन्तरात्मा स्वयम् एक महान् ग्रन्थ हो । यस बाहेक वेद र वेदसम्मत धर्मशास्त्र, स्मृति एवम् पुराणादि शास्त्रहरूले कुन कुन कुरा गर्नुहुन्छ र कुन कुन कुरा हुँदैन, यस किसिमको कर्तव्य, अकर्तव्य एवम् धर्माधर्मसम्बन्धी र विधि तथा निषेधसम्बन्धी विभिन्न नियमहरू निर्धारण गरेका छन् । जसले यस किसिमको विधि र नियम छाडिदिन्छ, उचित अनुचित एवम् सत् तथा असत् कर्महरूप्रति ध्यान दिँदैन र मनोमानी ढङ्गले आफ्नो इच्छा र कामना अनुरूप कर्महरू गर्दछ र शास्त्र निषेधित व्यवहार पनि गर्दछ । त्यस्तो व्यक्तिले आफूले गरेका कर्मको न कुनै सिद्धि प्राप्त गर्छ, न त त्यसको पूर्णता नै मिल्नसक्छ ।

शास्त्रीय विधानको उल्लङ्घन गर्ने व्यक्तिलाई यस लोक र परलोक दुवैमा न कुनै कल्याण हुन्छ, न कुनै प्रतिष्ठा मिल्छ, न त उसको समृद्धि नै हुन्छ । फलतः उसले गरेको कर्म दुर्गतिको कारण बन्दछ र यसबाट उसले न कुनै सुख, न सन्तोष, न त आनन्द नै पाउन सक्तछ र न जीवनको परमलक्ष्य वा सर्वोच्चगति (मोक्ष) नै प्राप्त गर्न सक्तछ ।

**शास्त्र नै प्रमाण हो, शास्त्र अनुरूप कर्म गर्नुपर्छ**

**तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।**
**ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥**

**ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे दैवासुरसम्पद्विभागयोगो नाम षोडशोऽध्यायः ।**

## पदार्थ

**तस्मात्** = त्यसैले
**ते** = तिम्रा लागि
**कार्याकार्यव्यवस्थितौ** (कार्यञ्च अकार्यञ्च तयोर्व्यवस्थितौ)= कर्तव्य र अकर्तव्य कुराको व्यवस्थामा अर्थात् गर्न योग्य र अयोग्य कुराको टुङ्गो लगाउन
**शास्त्रम्** = शास्त्र
**प्रमाणम्** = प्रमाण हो भन्ने
**ज्ञात्वा** = जानेर, बुझेर
**शास्त्रविधानोक्तम्** (शास्त्रस्य विधानेन उक्तम्) = शास्त्रविधानले निर्धारित गरेको
**कर्म** = कर्म
**कर्तुम्** = गर्न
**इह** = यहाँ
**अर्हसि** = योग्य छौ

## भावार्थ

त्यसैले तिम्रा लागि कुन कुरा गर्नुहुन्छ र कुन कुरा हुँदैन । यस किसिमको कर्तव्य र अकर्तव्य कुराको व्यवस्थामा टुङ्गो लगाउन शास्त्र नै प्रमाण हो भन्ने बुझ । अनि शास्त्रविधानले निर्धारित कर्तव्यको पालन गर । यही कर्म गर्न तिमी यहाँ योग्य छौ ।

## भावबोधिनी व्याख्या

मानिसको जीवनमा धर्म, अधर्म, कर्तव्य, अकर्तव्य, उचित, अनुचित र अनुकूल एवम् प्रतिकूल कर्महरू आइपरि नै रहन्छन् । यस किसिमको राम्रो नराम्रो, उचित अनुचित आदि काम कुराको व्यवस्थाका सम्बन्धमा टुङ्गो लगाउन र उपयुक्त निर्णय गर्न शास्त्रहरू नै मुख्य प्रमाण हुन् । शास्त्र विधानले निर्धारण गरेको कर्म गर्न नै उपयुक्त हुन्छ र मनोमानी ढङ्गले आफ्ना इच्छा अनुसारको शास्त्रले निषेध गरेका कर्महरू गर्न उपयुक्त हुँदैन । त्यसैले भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- हे अर्जुन ! तिमी शास्त्रोक्त-विधिले निर्धारित कर्म गर्न नै योग्य छौ र त्यसैको अनुसरण गर, शास्त्रीय मर्यादा विपरीत कर्महरू गर्न उपयुक्त हुँदैन ।

सत्यको रक्षा, धर्मको संरक्षण र न्यायका निम्ति आफ्ना बन्धुबान्धवसँग युद्ध गर्नु पनि धर्मसङ्गत नै हुन्छ र शास्त्रविरुद्ध ठहर्दैन ।

**श्रीमद्भगवद्गीताको दैवासुरसम्पद्विभागयोगनामको सोह्रौं अध्याय समाप्त ।**

❖ ❖ ❖

# ॐ श्रीपरमात्मने नमः
# अथ सप्तदशोऽध्यायः
## नेपालीमा पदार्थ तथा भावार्थ र भावबोधिनी व्याख्या
## (श्रद्धात्रयविभागयोगनामको अध्याय)

### अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

### पदार्थ

| | | | |
|---|---|---|---|
| **अर्जुन** | = अर्जुनले | **कृष्ण** | = हे कृष्ण ! |
| **उवाच** | = बिन्ती गरे | **तेषाम्** | = तिनीहरूको |
| **ये** | = जो व्यक्ति | **निष्ठा** | = निष्ठा, स्थिति, श्रद्धा |
| **शास्त्रविधिम्** (शास्त्रस्य विधिम्) | = शास्त्रको विधिविधानलाई | **तु** | = चाहिँ, त |
| | | **का** | = कस्तो (हुन्छ) ? |
| **उत्सृज्य** | = छोडेर, त्यागेर | **सत्त्वम्** | = सत्त्वयुक्त, सात्त्विकी |
| **श्रद्धया** | = श्रद्धाले, भक्तिभावले | **आहो** | = वा, अथवा |
| **अन्विताः** | = युक्त भई | **रजः** | = रजोयुक्त, राजसी |
| **यजन्ते** | = यज्ञपूजनादि कर्म गर्दछन् | **तमः** | = तमोयुक्त, तामसी (हुन्छ ?) |

### भावार्थ

अर्जुनले बिन्ती गरे- जो व्यक्ति शास्त्रको विधिविधानलाई छोडेर श्रद्धाभक्तिले युक्त भई यज्ञपूजनादि कर्म गर्दछन्, हे कृष्ण ! तिनीहरूको निष्ठाचाहिँ कस्तो हुन्छ? सात्त्विकी हुन्छ कि राजसी अथवा तामसी हुन्छ ?

### भावबोधिनी व्याख्या

मानव जीवनका उच्चतम अनुभूति, व्यवहारजन्य ज्ञान र बौद्धिक क्षमताको सङ्ग्रह पनि शास्त्र हो, विभिन्न धर्मशास्त्र र नीतिशास्त्रसम्बन्धी ग्रन्थहरू पनि विभिन्न ऋषिमुनिहरू र विद्वान् विशेषज्ञ महापुरुषहरूको अनुभूतिजन्य ज्ञानकै सङ्ग्रह हुन् । वेद, स्मृतिग्रन्थहरू, धर्मशास्त्र, नीतिशास्त्र, दर्शन तथा अन्य पुराणादि ग्रन्थहरू नै शास्त्र हुन् । प्रस्तुत श्लोकमा मानिसले गर्नुहुने र गर्नु नहुने कर्तव्य एवम् अकर्तव्यसम्बन्धी कुरामा शास्त्र नै प्रमाण छ र शास्त्रले विधान गरेका कुरा नै गर्न योग्य छ भनी उल्लेख गरिएको छ ।

यसै पृष्ठभूमिको आधारमा अर्जुन यहाँ प्रश्न गर्छन्- जो व्यक्ति शास्त्रीय विधिविधान जान्दैन । शास्त्रमा बताए बमोजिम कर्म गर्न अनभिज्ञ छ । त्यसैले ऊ शास्त्रोक्त विधान छाडेर श्रद्धा र भक्तिले युक्त भई कुनै देवीदेवताको यज्ञपूजनादि

कर्म गर्दछ वा ब्रह्मको तप, उपासना र ध्यान गर्दछ, तर शास्त्र अनुकूलचाहिँ छैन भने उसको यो श्रद्धा, भक्ति र निष्ठाको स्थिति कस्तो हुन्छ? सात्त्विकी हुन्छ कि? राजसी या तामसी हुन्छ ?

यस सम्बन्धमा रामानुजाचार्यले अनभिज्ञताको कारणले होस् वा जानेबुझेरै होस्, जसले शास्त्रीय विधान र मर्यादाको उल्लङ्घन गर्दछ, ऊ श्रद्धायुक्त नै भए पनि निन्दनीय नै हुन्छ- भन्नुभएको छ । भगवद्गीता- राधाकृष्णन् अ. १७ । १ को व्याख्या ।

त्यसैले कर्मबाट उपलब्ध हुने सिद्धिका लागि यज्ञपूजनादि कर्म शास्त्रोक्त विधान अनुरूप नै गर्नुपर्दछ ।

### श्रद्धाका प्रकार

## श्रीभगवानुवाच

**त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।**
**सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥**

### पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| श्रीभगवान् | = | श्रीभगवान्बाट | राजसी | = | राजस |
| उवाच | = | आज्ञा भयो | च | = | तथा |
| देहिनाम् | = | समग्र देहीहरूको, देहधारीहरूको | तामसी | = | तामस |
| | | | इति | = | यस्तो |
| स्वभावजा | = | स्वभावबाट उत्पन्न हुने | त्रिविधा | = | तीन प्रकारको |
| सा | = | त्यो | एव | = | नै |
| श्रद्धा | = | श्रद्धा, निष्ठा | भवति | = | हुन्छ |
| सात्त्विकी | = | सात्त्विक | ताम् | = | त्यसलाई |
| च | = | र | शृणु | = | सुन |

### भावार्थ

भगवान् श्रीकृष्णबाट आज्ञा भयो- समग्र देहधारीहरूको स्वभावबाट उत्पन्न हुने श्रद्धा सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको नै हुन्छ, त्यस विषयमा तिमी सुन ।

### भावबोधिनी व्याख्या

देहधारी प्राणीहरूको स्वभावबाट उत्पन्न जुन श्रद्धा छ, त्यो तीन प्रकारको हुन्छ । प्राणीहरूको जन्म-जन्मान्तरको संस्कारजन्य स्वाभाविक प्रकृतिबाट स्वतः उत्पन्न भएको जुन श्रद्धा छ, त्यो स्वभावजा श्रद्धा हो । यस बाहेक सत्सङ्गबाट र शास्त्रको अध्ययन एवम् अनुशीलनबाट पनि मानिसमा श्रद्धा र भक्ति पैदा हुन्छ ।

तर यहाँ स्वभावले उत्पन्न श्रद्धालाई लिइएको छ र यस्तो श्रद्धा तीन प्रकारको हुन्छ- सात्त्विकी, राजसी र तामसी । भगवान् श्रीकृष्ण आज्ञा हुन्छ- अब तिमी त्यसबारेमा मबाट सुन ।

**सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।**
**श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥**

### पदार्थ

**भारत** = हे भरतपुत्र अर्जुन !
**सर्वस्य** = सबै प्राणीको
**श्रद्धा** = श्रद्धा
**सत्त्वानुरूपा** (सत्त्वस्य अनुरूपा) = अन्तःकरणको स्वभाव अनुरूप
**भवति** = हुन्छ
**अयम्** = यो
**पुरुषः** = पुरुष
**श्रद्धामयः** = श्रद्धामय (छ)
**यः** = जो
**यच्छ्रद्धः** (या श्रद्धा यस्य भवति, स यच्छ्रद्धः) = जसको जस्तो श्रद्धा छ या जो जुन किसिमको श्रद्धावाला छ
**सः** = त्यो स्वयम्, ऊ
**एव** = पनि, नै
**सः** = त्यही हुन्छ

### भावार्थ

हे भरतपुत्र अर्जुन ! सबै प्राणीको श्रद्धा तिनका अन्तःकरणको स्वभाव अनुरूप हुन्छ, यो पुरुष श्रद्धामय छ, त्यसैकारण जसको जस्तो श्रद्धा छ या जो जुन किसिमको श्रद्धावाला छ, ऊ स्वयम् पनि त्यही नै हुन्छ ।

### भावबोधिनी व्याख्या

'सत्त्व' भन्नाले स्वभाव, प्रकृति वा अन्तःकरण भन्ने बुझिन्छ । देहधारी समस्त प्राणीहरूको जस्तो स्वभाव वा प्रकृति छ, त्यसै अनुरूप तिनको श्रद्धा हुन्छ । यदि सात्त्विकी प्रकृतिको मानिस छ भने उसको कर्म पनि सात्त्विकी नै हुन्छ, राजसी र तामसी प्रकृतिको छ भने उसको कर्म पनि राजसी र तामसी नै हुन्छ ।

मानिसले पूर्वजन्ममा गरेका कर्महरू उसको अन्तःकरणमा रहन्छन् र जन्मान्तरमा तिनैले उसको स्वभाव निर्धारण गर्दछन् । यसरी मानिसको कर्म-संस्कारले नै उसको स्वभाव वा प्रकृति वा अन्तःकरण निर्धारण गर्दछ र आ-आफ्नो स्वभाव वा प्रकृति तथा अन्तःकरण अनुरूप नै ऊ कर्महरू गर्दछ र उसको श्रद्धा पनि त्यसैं अनुरूप हुन्छ ।

मानिस श्रद्धामय छ । उसको अन्तःकरणमा जुन किसिमको संस्कार छ, उसको श्रद्धा पनि त्यसै अनुरूप हुन्छ । उसको जस्तो श्रद्धा छ, ऊ स्वयम् पनि त्यस्तै निष्ठा, श्रद्धा वा आस्था भएको हुन्छ । त्यसैले जस्तो श्रद्धा वा भाव लिएर देवी-देवताको उपासना गर्दछ, त्यसको सिद्धि पनि त्यसै अनुरूप हुन्छ, भनिएको छ-

"यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी"।

## कसको कसप्रति कस्तो श्रद्धा वा आराधना हुन्छ ?

**यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः ।**
**प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥**

### पदार्थ

| | | | | | |
|---|---|---|---|---|---|
| सात्त्विकाः | = | सात्त्विक, सत्त्वगुणसम्पन्न | अन्ये | = | अरू, अन्य |
| जनाः | = | पुरुषहरू | तामसाः | = | तामस |
| देवान् | = | देवताहरूको | जनाः | = | जनहरू, मानिसहरू |
| यजन्ते | = | पूजा-आराधना गर्छन् | प्रेतान् | = | प्रेतगणहरूको |
| राजसाः | = | राजसी | च | = | र |
| (जनाः) | = | जनहरू | भूतगणान् | = | भूतगणहरूको |
| यक्षरक्षांसि | = | यक्ष र राक्षसहरूको | यजन्ते | = | पूजा गर्दछन्, उपासना गर्छन्, आराधना गर्दछन् |
| (यजन्ते) | = | उपासना गर्छन् | | | |

### भावार्थ

जो सात्त्विक पुरुषहरू छन्, तिनीहरू देवताहरूको पूजा-आराधना गर्दछन्, राजसी जनहरू यक्ष र राक्षसहरूलाई पूज्दछन् र अन्य तामसी जनहरू प्रेत तथा भूतगणहरूको पूजा र उपासना गर्दछन् ।

### भावबोधिनी व्याख्या

जो सात्त्विक निष्ठा भएका असल व्यक्तिहरू छन्, तिनीहरू आध्यात्मिक भावले युक्त देवताहरूको पूजा गर्दछन् । राजसगुण सम्पन्न व्यक्तिहरू धनका अधिपति यक्ष तथा राक्षसको उपासना गर्दछन् र अन्य तामसगुणयुक्त मूढ तथा अज्ञानी जति व्यक्तिहरू छन्, तिनीहरू प्रेत तथा भूतगणहरूको आराधना गर्दछन् ।

सात्त्विक पुरुषहरू दैवीगुण सम्पन्न हुन्छन्, त्यसैले उनीहरू शिव, विष्णु, देवी, सूर्य, गणेश- यी पाँच देवताहरूका साथै इन्द्रादि दश दिक्पालहरू र अन्य देवताहरूको पनि पूजा अर्चना गर्दछन्, जसको प्रतिफल धर्म, अर्थ, काम प्राप्तिका साथै देवलोक प्राप्ति र मोक्ष प्रदान गर्ने हुन्छ ।

राजसी निष्ठा भएका व्यक्तिहरू लालसा, तृष्णा, आसक्ति र कामना बढी भएका र अहङ्कार, अभिमान एवम् घमण्डले चूर भएका हुन्छन्, त्यसैले उनीहरू आसुरीसम्पद् युक्त यक्ष एवम् राक्षसहरूको पूजा र उपासना गर्दछन् र उनीहरूकै गति प्राप्त गर्दछन् ।

यसैगरी तमोगुणी व्यक्तिहरू प्रमाद, मोह र आलस्यले लट्ठ परेका हुन्छन्, उनीहरूमा कर्तव्य एवम् अकर्तव्यको पहिचान गर्ने क्षमता हुँदैन र उनीहरूको कर्म

पनि विधिहीन र मन्त्रहीन हुन्छ, त्यसैले उनीहरू भूत, प्रेत र पिशाचहरूको साधना र पूजा एवम् आराधना गर्ने गर्दछन् र भूतप्रेत-समुदायकै योनि प्राप्त गर्दछन् ।

**शास्त्रविधि त्यागेर तप आदि गर्नेहरू कस्ता हुन्छन् ?**

> **अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।**
> **दम्भाहङ्कारसंयुक्ताः कामरागबलान्विताः ॥५॥**

**पदार्थ**

**ये** = जो
**जनाः** = मानिसहरू
**अशास्त्रविहितम्** (न शास्त्रेण विहितम्) = शास्त्रले नबताएको, शास्त्रविधिबाट रहित
**घोरम्** = घोर, उग्र
**तपः** = तपस्या, तप
**तप्यन्ते** = गर्दछन्
(ते) = तिनीहरू

**दम्भाहङ्कारसंयुक्ताः** (दम्भश्च अहङ्कारश्च ताभ्यां संयुक्ताः)= दम्भ र अहङ्कारले युक्त भएका हुन्छन्
**कामरागबलान्विताः** (कामश्च रागश्च तत्कृतं बलं तेन संयुक्ताः शा.भा.) अथवा कामस्य रागस्य च बलेन अन्विताः) = काम र आसक्तिजन्य मूढे बलले युक्त भएका हुन्छन्

**भावार्थ**

जो मानिसहरू शास्त्रविधिबाट रहित उग्र तपस्या गर्दछन्, तिनीहरू दम्भ एवम् अहङ्कारले युक्त भएका हुन्छन् र कामना तथा आसक्तिजन्य मूढे बलले पनि युक्त भएका हुन्छन् ।

**भावबोधिनी व्याख्या**

भगवद्गीताले शरीर र इन्द्रियहरूलाई अतिकष्ट दिएर साधना गरिने तपलाई प्रोत्साहन दिएको देखिँदैन । जुन तप गर्दा शरीर र इन्द्रियहरूलाई त्यति कष्ट हुँदैन, जो सहज ढङ्गको हुन्छ, जसले चित्तवृत्ति निरोधमा सहयोग पुऱ्याएर सत्यको अन्वेषण गर्दछ, जसबाट मन प्रसन्न रहन्छ र भावनामा शुद्धीकरण हुन्छ, त्यो उत्कृष्ट तप हो । यस्तो तपबाट नै आत्मोत्थानका साथै आत्मशान्ति प्राप्त गर्न र आत्मसाक्षात्कारका लागि मार्ग सहज बन्न सक्तछ ।

तर जो व्यक्तिहरू शास्त्रसम्मत नभएको र शास्त्रीय विधिविधानबाट रहित डरलाग्दो, घोर एवम् उग्र तपस्या गर्दछन्, तिनीहरू मूढ हुन् । त्यस्ता व्यक्ति दम्भ तथा अहङ्कार र कामवासनाले युक्त भएका हुन्छन् र पाखण्डी, अभिमानी, आडम्बरी एवम् दुराग्रही पनि हुन्छन् अनि यिनले आफ्नो हठलाई कहिल्यै छाड्दैनन् । यसैगरी यिनीहरू भोग र वासनामा निर्लिप्त रहन्छन्, मिथ्याभिमान एवम् मूढे बल लिएर जिद्दी गरिरहन्छन् र यिनीहरू आसुरी प्रकृतिका हुन्छन् ।

**कर्शयन्तः शरीरस्थं भूतग्राममचेतसः ।**
**मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥**

## पदार्थ

| | | | |
|---|---|---|---|
| **शरीरस्थम्** | = शरीरमा रहेका | **एव** | = नै |
| **भूतग्रामम्** | = भूतसमुदायलाई | **कर्शयन्तः** | = सुकाउने, सताउने, दुःख दिने |
| **च** | = र | **तान्** | = ती |
| **अन्तःशरीरस्थम्** | = शरीरभित्र वा अन्तःकरणमा रहने | **अचेतसः** | = अज्ञानी वा मूर्खहरूलाई |
| | | **आसुरनिश्चयान्** (आसुरः निश्चयो येषां ते, तान्) | = आसुरी-प्रकृति भएका |
| **माम्** | = मलाई, म अन्तर्यामी परमेश्वरलाई | **विद्धि** | = जान |

## भावार्थ

शरीरमा रहेका भूतसमुदायलाई र शरीरभित्र अन्तःकरणमा रहने म अन्तर्यामी परमेश्वरलाई नै सताउने, सुकाउने र दुःख दिने ती अज्ञानी मूर्खहरूलाई आसुरी प्रकृति भएका जान ।

## भावबोधिनी व्याख्या

यस किसिमका मोहग्रस्त, अज्ञानी एवम् विवेकहीन व्यक्तिहरूले आफ्ना शरीरमा रहेका पञ्च महाभूत, पञ्चप्राण र मन, बुद्धि तथा इन्द्रियादि समग्र भूतसमुदायहरूलाई क्षीण एवम् दुर्बल बनाउनुका साथै आफ्नो आत्मा र अन्तः शरीर अर्थात् हृदयरूपी गुहामा रहेका परमात्मा परमेश्वरलाई पनि कृश बनाएर कष्ट पुऱ्याइरहेका हुन्छन् ।
शरीर सुकाएर क्षीण पार्नु, प्रचण्ड गर्मीमा र अतिठण्डा पानीभित्र खडा हुनु, जिब्रोमा फलामे काँटी रोप्नु, हात खुट्टा सुकाएर कर्मेन्द्रियहरूलाई क्षतिग्रस्त बनाई निष्क्रिय पार्नु आदि सबै कार्य शारीरिक कष्ट र पीडाका उदाहरण हुन् । यस्ता क्रियाकलापबाट बुद्धिभ्रष्ट हुन सक्तछ, शुद्धि वा चेतना हराउन सक्तछ र शरीर अपाङ्ग बन्न सक्तछ ।

यस किसिमको शास्त्रीयविधि विपरीतको अतिकष्टकर घोर एवम् उग्र तपस्या गर्ने व्यक्तिहरू निश्चय नै आसुरी प्रकृतिका हुन् भन्ने बुझ्नुपर्छ । यसरी श्रीमद्भगवद्गीताले तपको नाममा शारीरिक पीडा र कष्ट दिने कार्यको भर्त्सना गर्दछ । मानिसको शत्रु बाहिरी शरीर र कर्मेन्द्रियहरू होइनन्, बरु मन हो, आन्तरिक लालसा, इच्छा, आकाङ्क्षा, काम, क्रोध, मोह आदि नै जीवात्मालाई अन्धकारमा धकेल्ने महाशत्रु हुन् । त्यसैले यिनीहरूलाई वशमा राख्न सक्नुपर्छ ।

## आहार, यज्ञ, तप र दानका भेद

**आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।**
**यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥**

### पदार्थ

| | | | |
|---|---|---|---|
| **सर्वस्य** = सबैको, सबै प्रकृतिका मानिसको | | **तथा** = त्यस्तै | |
| **प्रियः** = प्रिय, प्यारो | | **यज्ञः** = यज्ञ | |
| **आहारः** = भोजन, आहार, खाना | | **तपः** = तपस्या | |
| **अपि** = पनि | | **दानम्** = दान, पनि (हुन्छ) | |
| **तु** = त | | **तेषाम्** = तिनीहरूको | |
| **त्रिविधः** = तीन किसिमको | | **इमम्** = यो | |
| **भवति** = हुन्छ | | **भेदम्** = भेद, प्रकार | |
| | | **श्रृणु** = सुन | |

### भावार्थ

सबै प्रकृतिका मानिसलाई प्रिय लाग्ने भोजन पनि तीन किसिमको हुन्छ । त्यसैगरी यज्ञ, तपस्या र दान पनि तीन तीन प्रकारकै हुन्छन् । तिनीहरूको यो भेद तिमी सुन ।

### भावबोधिनी व्याख्या

मानिस विभिन्न प्रकृति र स्वभावका हुन्छन्, स्वभावकै कारण उनीहरू तीन वर्गमा विभाजित छन्- सात्त्विक, राजस र तामस ।

मानिस जुनसुकै प्रकृतिको भए पनि भोजन सबैका लागि आवश्यक हुन्छ र प्रिय पनि हुन्छ । यसरी सबैका लागि आवश्यक पर्ने र अभिरुचि पनि लाग्ने भोजन सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ ।

यसरी नै मानिसको श्रद्धा र निष्ठा अनुसार यज्ञ, तप र दान पनि सात्त्विक, राजस र तामस भेदले तीन तीन प्रकारकै हुन्छन् । भगवान् श्रीकृष्ण अर्जुनलाई आज्ञा हुन्छ- अब तिमी कस्तो प्रकृति वा निष्ठा भएका मानिसहरूलाई सात्त्विक, राजस र तामसमध्ये कुन कुन प्रकारको आहार, यज्ञ, तप र दान मनपर्ने हुन्छ, त्यो मबाट सुन ।

## सात्त्विक आहार

**आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।**
**रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥८॥**

### पदार्थ

**आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः**
**आयुः** = आयु, जीवनकाल

**सत्त्वम्** = बुद्धि (क्षमता), प्राणशक्ति, अन्तःकरण शक्ति
**बलम्** = बल, सामर्थ्य
**आरोग्यम्** = आरोग्य, निरामय, सुस्वास्थ्य

सुखम् = सुख, आनन्द
प्रीतिः = प्रीति, तृप्ति, सन्तुष्टि
(तासां) विवर्धनाः= ती सबैलाई बढाउने
रस्याः = रसले परिपूर्ण, रसिला, मीठा
स्निग्धाः= स्नेहयुक्त, चिल्लो भएका
स्थिराः = शरीरमा रहिरहने, आड भएका
हृद्याः = हृदय प्रसन्न हुने खालका
आहाराः= आहार, खानेकुरा
सात्त्विकप्रियाः (सात्त्विकानां प्रियाः)
= सात्त्विक व्यक्तिलाई प्रिय लाग्दछ

## भावार्थ

जुन भोजनले आयु बढाउँछ, प्राणशक्ति भरिदिन्छ, बल, सामर्थ्य र सुस्वास्थ्य बढाउँछ, सुख, आनन्द र तृप्ति प्रदान गर्दछ । जुन आहार रसिला, मीठा र चिल्ला (स्नेहयुक्त) छन् । जो शरीरमा रहिरहने अडिला र हृद्य अर्थात् चित्त प्रसन्न हुने खालका छन्, त्यस्ता आहार वा खानेकुरा शुद्ध अन्तःकरण भएका सात्त्विक व्यक्तिलाई प्रिय लाग्ने खालका हुन्छन् ।

## भावबोधिनी व्याख्या

आधुनिक वैज्ञानिकहरूले भोजनका लागि उपयोग गरिने पदार्थहरूको वैज्ञानिक ढङ्ले विश्लेषण गरेका छन्- जसमा पोषणतत्त्वयुक्त खाना, बढी शक्तिवर्द्धक खाना, चिल्लो पदार्थ भएको खाना, गह्रकिला तथा हल्का प्रकारका खाना, स्वास्थ्यवर्द्धक तथा स्वास्थ्यलाई हानिकारक खाना र सन्तुलित आहार आदि पर्दछन् । तर परम्परागत मान्यता अनुसार भोजनलाई सात्त्विक, राजस र तामस तीन प्रकारमा वर्गीकरण गरिएको छ ।

मानिसको शारीरिक, मानसिक र बौद्धिक शक्ति प्रवर्धनका लागि भोजन अपरिहार्य कुरा हो । भोजनले आयु बढाउँछ र मस्तिष्कमा स्मरण शक्ति बढाउँछ । भोजनबाट नै मानिसको स्थूलशरीर, सूक्ष्म इन्द्रियहरू र स्नायु-तन्तुहरूको विकास र प्रवर्द्धन हुन्छ । भगवद्गीताले मानिसको प्रकृति र स्वभाव अनुरूप नै भोजनको वर्गीकरण गरेको छ ।

जुन व्यक्तिको अन्तःकरण शुद्ध छ, स्वच्छ एवम् निर्मल छ, त्यस्ता सात्त्विक प्रकृति भएका व्यक्तिलाई सात्त्विक प्रकारकै त्यस्तो भोजन मनपर्ने हुन्छ- जसले आयु वृद्धि गर्छ, दीर्घजीवन व्यतीत गर्न सहयोग गर्छ, सत्त्व अर्थात् प्राणशक्ति भरिदिन्छ, बल, बुद्धि, सामर्थ्य र आरोग्यता बढाउँछ, सुखमय जीवन बिताउन मद्दत गर्छ र जीवनमा आनन्द एवम् सन्तुष्टि प्रदान गर्दछ ।

यसैगरी जुन भोजन रसिला, स्वादिला, पोसिला, मीठा र स्नेहयुक्त छन्, जो खाएको धेरै समयसम्म रहिरहने आडिला छन् र हेर्दै खाउँ, खाउँ लाग्ने र चित्त प्रसन्न हुने खालका छन्, त्यस किसिमको खाना वा आहार सात्त्विक व्यक्तिहरूलाई निकै मनपर्ने हुन्छ । आधुनिक वैज्ञानिकहरूले वर्गीकरण गरेको शाकाहारी पोषणतत्त्वयुक्त सन्तुलित आहार प्रायः सात्त्विक खाना अन्तर्गत नै पर्दछ ।

## राजस आहार

**कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।**
**आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥**

### पदार्थ

| | |
|---|---|
| **कटुः** = पिरो | **दुःखशोकामयप्रदाः** (दुःखञ्च शोकञ्च आमयञ्च प्रयच्छन्तीति दुःखशोकामयप्रदाः) = दुःख, शोक र रोग उत्पन्न गर्ने |
| **अम्लः** = अमिलो | |
| **लवणः** = नुनिलो | |
| **अत्युष्णः** = ज्यादा तातो, पोल्ने | |
| **तीक्ष्णः** = तीखो, तिख्खर | **आहाराः** = आहार, खाना |
| **रूक्षः** = रूखो, सुख्खा | **राजसस्य** = राजसजनलाई |
| **विदाहिनः** = दाह वा छटपटी बढाउने | **इष्टाः** = इष्ट छन्, मनपर्ने हुन्छन् |

### भावार्थ

जुन भोजन पिरो, अमिलो, नुनिलो, ज्यादा तातो वा पोल्ने छ । जो तीखो (ज्यादा तिख्खर), रूखो (सुख्खा) र दाह वा छटपटी पैदा गर्ने खालको छ । जसले दुःख, शोक र रोग उत्पन्न गर्दछ । यस किसिमका आहार राजसजनलाई मनपर्ने खालका हुन्छन् ।

### भावबोधिनी व्याख्या

शरीर, मन र इन्द्रियहरूमा उत्तेजना पैदा गर्ने खालका र स्वास्थ्यका लागि त्यति उपयुक्त नहुने खालका खाना राजसवर्गमा पर्दछन् । रजोगुणी व्यक्तिहरू ज्यादा पिरो, तीतो, अमिलो, बढी नुनिलो र ज्यादा पोल्ने तात्तातो खाना मन पराउँछन् । यसैगरी जुन भोजन तीक्ष्ण (तिख्खर) रूखो र दाह वा छटपटी पैदा गर्ने खालको छ, त्यस्तो खाना पनि राजस पुरुषलाई खुब मनपर्ने हुन्छ ।

यस किसिमका भोजनको परिणाम भने राम्रो हुँदैन र यस्तो खानाबाट वायु, र पित्तको विकार पैदा हुन्छ । यस्तो भोजनले रुघा, खोकी, दम आदि बढाउँछ' । यसबाट तालु र नाक मुख सुक्छ, घाँटी कोरिन्छ, अलि निल्न कठिन हुन्छ, यस किसिमको खानाले दाँत पनि कुँडिन्छ र आँखा, नाक र मुखबाट पानी आउँछ । त्यसैले यस्ता खानाहरू- दुःखशोकामयप्रदाः अर्थात् दुःख, शोक र रोग बढाउने खालका हुन्छन् र काम, क्रोध, रिस, राग, अहङ्कार एवम् अभिमानको वृद्धि गर्ने र उत्तेजना पैदा गर्ने खालका हुन्छन् ।

## तामस आहार

**यातयामं गतरसं पूति पर्युषितं च यत् ।**
**उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥**

### पदार्थ

| | |
|---|---|
| **यत्** = जुन | **भोजनम्** = भोजन |

यातयामम् (यातः यामः यस्य, तत्)
= अगाडि नै पकाएको चिसो वा बेस्वादिलो
गतरसम् (गतः रसः यस्य तत्)
= रस नभएको, सारहीन
पूति = गन्हाउने, दुर्गन्धयुक्त, बिग्रेको
च = र
पर्युषितम् = बासी, अगिल्लो दिनको, सडिएको
उच्छिष्टम् = खाएर बाँकीरहेको, जुठो
च = र
अमेध्यम् = अपवित्र, बिटुलो, अशुद्ध
अपि = पनि (छ)
(तद्भोजनम्) = त्यो खाना, त्यस्तो भोजन
तामसप्रियम् (तामसानां प्रियम्)
= तामस व्यक्तिलाई मनपर्छ

## भावार्थ

जुन भोजन अगाडि नै पकाएको चिसो, दुर्गन्धयुक्त र बासी एवम् सडेगलेको छ, जुन खाना खाएर शेष रहेको जुठो, बिटुलो र अशुद्ध पनि छ, त्यस्तो खाना तामस-व्यक्तिलाई मनपर्छ।

## भावबोधिनी व्याख्या

आसुरीभावले परिपूर्ण तामसी व्यक्तिहरूलाई अगाडि नै पकाएको, आधापाकेको र निरस खाना बढी मनपर्छ। यस्ता व्यक्तिहरू चिसो, बासी, सडेगलेको, उसिनेको र दुर्गन्धयुक्त जाँड, रक्सी जस्ता मादकपदार्थ र प्याज, लसुन आदि उत्तेजनात्मक वस्तुहरू खान खूब मन पराउँछन्। यसैगरी जुन भोजन खाएर शेष रहेको जुठो, बिटुलो, विकृत र अशुद्ध छ, जसमा भोजनको सत्त्व (रस) वा अन्य पौष्टिकतत्त्व पाईंदैन, त्यस्तो खाना पनि तामस व्यक्तिलाई ज्यादा मन पर्छ। तामसी खाना स्वास्थ्यका लागि ज्यादै हानिकारक मानिन्छन् र यस्ता खानाले स्वास्थ्यमा प्रतिकूल असर पार्दछन्।

तामसी खानाले निद्रा र आलस्य बढाउँछ, मोह, अज्ञानता र प्रमाद पैदा गर्छ र मानिसलाई कर्तव्य विमुख पार्दछ। त्यसैले मानिसको खाना शुद्ध, पवित्र र शक्तिवर्द्धक हुनुपर्छ। श्रुति भन्दछ- **"आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः"**-छा.उप. ७/२६/२

भोजनको स्वच्छता, पवित्रता र शुद्धीकरणले नै अन्तःकरण शुद्ध हुन्छ तर माथिको तामस प्रकारको खानाबाट न अन्तःकरण शुद्ध हुन्छ, न त आत्मसन्तुष्टि नै मिल्दछ, बरु यस्तो खानाले काम, क्रोध, राग, द्वेष र अहङ्कार बढाउँछ र उत्तेजना पनि पैदा गर्छ।

## सात्त्विक यज्ञ

**अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते।**
**यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥**